अ०दु०अ० आयोग पुस्तकालय
प्रयोजनकालागी।
(9)





अख्तियार दुरुपयोग अनुसन्धान आयोग

नवौं वार्षिक प्रतिवेदन

२०५५/५६

(9)





अख्तियार दुरुपयोग अनुसन्धान आयोग
काठमाडौं, नेपाल ।
भाद्र, २०५६

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

नवौं वार्षिक प्रतिवेदन

तिनिधि सभामा भदौं २३ मा प्रस्तुत भएको।
२०५५/५६



अख्तियार दुरुपयोग अनुसन्धान आयोग
पुस्तकालय

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
काठमाडौं, नेपाल ।

भाद्र, २०५६

फोन २६२८४२
२६२५१५
फ्याक्स नं. २६२९३०

अख्तियार दुरूपयोग अनुसन्धान आयोग

बबरमहल

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-

महाशाखा — — — —

मिति — — — — — —

४ भाद्र, २०५६

विषय :-

श्री ५ महाराजाधिराज सरकारका हजुरमा
राजदरवार, काठमाडौं ।

सरकार,

नेपाल अधिराज्यको संविधान,२०४७ को धारा ९८को उपधारा (६) अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०५५/५६ (२०५५ श्रावण १ गतेदेखि २०५६ आषाढ मसान्तसम्म) को नवौं वार्षिक प्रतिवेदन चढाएका छौं ।
सरकार, जो हुकुम ।

सेवकहरु,

(मधुसूदन प्रसाद गोर्खाली)
प्रमुख आयुक्त

(माधव दत्त भट्ट)
आयुक्त

(इन्द्र बहादुर शेरचन)
आयुक्त

(कृष्ण बल्लभ शर्मा काफ्ले)
आयुक्त



अख्तियार दुरुपयोग अनुसन्धान आयोग

नवौं वार्षिक प्रतिवेदन

आ.व. २०५५/५६

अनुक्रमणिका

क्र.सं.	विषय	पृष्ठ
१.	प्रारम्भिक	१
	प्रस्तावना	१
	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन	१
	आयोगको संक्षिप्त परिचय	२
२.	आयोगको कार्य प्रगति	५
	प्रारम्भिक छानवीनको विवरण	५
	क) प्रारम्भिक छानवीन भइरहेको मन्त्रालयगतसंख्या	५
	ख) विशेष प्रहरी विभाग वा जिल्ला प्रशासन कार्यालयहरुमा आयोगबाट सौंपिएको अधिकार बमोजिम वा आवश्यक कारबाईको लागि अन्य निकायमा प्रेषित उजूरी संख्या	६
	ग) प्रारम्भिक छानवीनको क्रममा विभागीय वा अन्य कारबाईको लागि लेखिएको विवरण	८
	च) प्रारम्भिक छानवीनको क्रममा ध्यानाकर्षण वा सुझाव पठाइएको विवरण	९
	अनुसन्धान तहकिकातको विवरण	
	क) पुनरावेदन अदालतसमक्ष मुद्दा दायर भएको विवरण	१५
	ख) सर्वोच्च अदालत समक्ष पुनरावेदन दर्ता गरिएको विवरण	२३
	ग) विभागीय वा अन्य कारबाईको लागि लेखी पठाएको विवरण	२८
	घ) प्रचलित कानून वा अन्य विषयमा सुधार गर्न दिइएका सुझाव वा ध्यानाकर्षणको विवरण	४१
	ङ) आयोगबाटै फर्छ्यौट भएको तथा अन्य विविध निर्णयको विवरण	४८
	च) अनुसन्धान कार्य जारी रहेका उजूरी निवेदनहरुको विवरण	५६
३.	कार्य प्रगतिको सारसंक्षेप	६३
४.	कार्यगत समस्याको पहिचान तथा निराकरणका उपायहरुको विवरण	६७
५.	उपसंहार	७३
६	अनुसूचीहरु	

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
नवौं वार्षिक प्रतिवेदन
आ.व. २०५५/०५६

१. प्रारम्भिक

प्रस्तावना

नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १२ अन्तरगत व्यवस्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सार्वजनिक पद धारण गरेका व्यक्तिहरुबाट *अनुचित कार्य* वा *भ्रष्टाचार* गरी अख्तियारीको दुरुपयोग भएको सम्बन्धमा भए गरेको अनुसन्धान, तहकिकात एवं कामहरुको वार्षिक प्रतिवेदन संविधानको धारा ९८(६) बमोजिम प्रस्तुत गरेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन

नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १२ बमोजिम यस आयोगको गठन विधि यसप्रकार रहेको छ :-

आयोग

श्री मधुसूदन प्रसाद गोर्खाली प्रमुख आयुक्त,	२०५४।१२।२७ मा प्रमुख आयुक्त पदमा नियुक्त ।
श्री माधव दत्त भट्ट आयुक्त,	२०५४।५।११ मा आयुक्त पदमा नियुक्त ।
श्री इन्द्र बहादुर शेरचन आयुक्त,	२०५४।५।११ मा आयुक्त पदमा नियुक्त ।
श्री कृष्ण बल्लभ शर्मा काफ्ले आयुक्त,	२०५४।५।११ मा आयुक्त पदमा नियुक्त ।

सचिव

श्री कर्ण बहादुर चन्द	२०५५।३।२२ देखि कार्यरत ।

आयोगको संक्षिप्त परिचय

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९७ बमोजिम सार्वजनिक पदधारण गरेको व्यक्ति (*संविधान वा अन्य प्रचलित कानून वा सम्बन्धित निकाय को निर्णय वा आदेश बमोजिम कुनै अधिकार प्रयोग गर्न पाउने वा कुनै दायित्व वा कर्तव्यको पालना गर्नु पर्ने पदमा रहेको व्यक्ति*) ले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन एक संवैधानिक निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना भएको छ । यस आयोगको प्रमुख काम, कर्तव्य र अधिकारहरुमा संविधानको धारा ९८ को उपधारा (४) बमोजिम निम्न काम कारवाईहरु पर्दछन् :

(क) सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले *अनुचित कार्य* गरी अख्तियारको दुरुपयोग गरेको पाइएमा त्यस्ता व्यक्तिलाई सचेत गराउन वा विभागीय वा अन्य आवश्यक कारवाई गर्न अख्तियारवाला समक्ष लेखी पठाउने ।

(ख) सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम *भ्रष्टाचार* मानिने कुनै कार्य गरेको देखिएमा त्यस्तो कार्य गर्ने व्यक्ति तथा सो अपराधमा संलग्न अन्य व्यक्तिहरुउपर समेत कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने वा गराउने ।

(ग) श्री ५ समक्ष आफूले गरेको कामको वार्षिक प्रतिवेदन चढाउने ।

नेपाल अधिराज्यको संविधान, २०४७ को अधिनमा रही आयोगको अन्य काम, कर्तव्य र अधिकारहरुको व्यवस्था अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०४८ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधी, २०५५ समेतमा गरिएका छन् । यिनै कानूनद्वारा निर्देशित व्यवस्थाको अधीनमा रही आयोगले आफ्नो अख्तियारीको प्रयोग गर्दछ ।

परिभाषा :-

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ अनुसार *भ्रष्टाचार* भन्नाले भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम सजाय हुने आपराधिक कार्य तथा *अनुचित कार्य* भन्नाले सार्वजनिक पदधारण गर्ने कुनै व्यक्तिले जानी जानी वा लापरवाहीपूर्वक गरेको देहायको कुनै कार्यलाई मान्नु पर्ने व्यवस्था छ :-

क) आफ्नो अधिकारभित्रको कुनै काम गर्न इन्कार गरेको वा आफ्नो अधिकार नभएको कुनै काम गरेको,
ख) कुनै निर्णय वा आदेश गर्दा बाध्यात्मक रुपले अपनाउनु पर्ने कार्यविधीको पालना नगरेको,
ग) आफूलाई प्राप्त तजविजी अधिकार बदनियतसाथ वा स्वेच्छाचारी रुपमा प्रयोग गरेको,
घ) अन्य कार्यालय, अधिकारी वा कर्मचारीको कार्यमा अनाधिकार बाधा उत्पन्न गरेको वा त्यस्तो कार्यालय, अधिकारी वा कर्मचारीलाई दवाब दिई कुनै अनधिकृत कार्य गराएको,
ङ) आफूलाई प्राप्त अधिकार सम्बन्धित कानून, निर्णय वा आदेश बिपरित अर्कै उद्देश्यले वा कार्यमा प्रयोग गरेको,
च) आफूले गर्नु पर्ने कुनै काम नगरी अन्य कार्यालय वा अन्य अधिकारीकहां पठाई आफ्नो उत्तरदायित्व पन्छाएको,
छ) आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने कुनै पदीय कर्तव्य पालन नगरेको ।

अधिकारक्षेत्र :-

नेपाल अधिराज्यको संविधान, २०४७ द्वारा कारबाईको छुट्टै व्यवस्था गरिएका तथा सैनिक ऐन बमोजिम करिबाई हुने पदाधिकारीहरुका सम्बन्धमा वा संसदको कुनै सदन वा समितिको बैठकमा भएको काम कारबाई वा निर्णय वा त्यस्तो बैठकमा कुनै सदस्यले बोलेको वा गरेको कुनै काम कुराको सम्बन्धमा वा मन्त्रीपरिषद् वा त्यसको कुनै समितिले सामूहिक रुपमा गरेको कुनै नीतिगत निर्णयको सम्बन्धमा वा अदालतको न्यायिक काम कारबाईको सम्बन्धमा पनि कुनै कारबाई चलाउन यस आयोगलाई कानूनी अधिकार प्राप्त छैन ।

माथि उल्लेखित विषय र पदाधिकारी बाहेकका सार्वजनिक पदधारण गरेका व्यक्तिहरुबाट भ्रष्टाचार वा अनुचित कार्य भएमा आयोगले तत्सम्बन्धमा अनुसन्धान तहकिकात गर्न वा गराउन सक्दछ ।

उजुरी सम्बन्धी व्यवस्था :-

कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०४८ को अनुसूची १ को ढांचामा त्यस्तो अनुचित कार्यबाट प्रतिकूल असर पर्ने व्यक्तिले उजूरी दिनु पर्ने व्यवस्था छ । त्यस्तै भ्रष्टाचार सम्बन्धी विषयमा भए भ्रष्टाचार गर्ने सार्वजनिक पदधारण गरेको व्यक्तिको नाम, दर्जा र कार्यालयको साथै भ्रष्टाचार गरेको कामको पूरा विवरण, भ्रष्टाचार गरेको र उजूरवालाले थाहा पाएको मिति, उजूरीको व्यहोरालाई पुष्ट्याई गर्ने प्रमाणहरुको विवरण र आफ्नो नाम गोप्य राख्न चाहेको भए त्यसको कारणसमेत खुलाई उजूरी दिनु पर्ने कानूनी प्रावधान रहेको छ ।

प्रारम्भिक छानवीन :-

उल्लेखित कानूनी व्यवस्था बमोजिम आयोगमा पर्न आएको उजूरीमा प्रारम्भिक छानवीन गर्ने क्रममा सो उजूरी देहाय बमोजिमको देखिन आएमा त्यसमा कुनै कारबाई नगरी तामेलीमा राख्न सकिने व्यवस्था रहेको छ :-

क) सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र वाहेक अन्य कानूनी उपचार भएकोमा त्यसको अवलम्बन नगरी दिएको अनुचित कार्य सम्बन्धी उजूरी भएमा,
ख) ऐनको हदम्याद नाघेको उजूरी भएमा,
ग) आयोगको अधिकार र कार्यक्षेत्रभित्र को विषय नभएको उजूरी भएमा,
घ) अदालतमा मुद्दा परिरहेको विषयको उजूरी भएमा,
ङ) तथ्ययुक्त आधार नभएको उजूरी भएमा,
च) खिचोला वा टण्टा दिने मनसायको उजूरी भएमा, र
छ) मामूली कुरासम्बन्धी उजूरी भएमा ।

तामेलीमा राख्नु पर्ने उपरोक्त आधार सन्निहित नभएको र रीतपूर्वक आयोगमा दर्ता हुन आएको उजूरीमा प्रारम्भिक छानवीनको क्रममा आवश्यक अध्ययन, निरीक्षण तथा परीक्षण आदि गरी तथ्यको विश्लेषण गर्दा अख्तियारको दुरुपयोग भएको देखिन आएमा विस्तृत अनुसन्धान तहकिकात गर्नको निमित्त सम्बन्धित आयुक्तले अनुसन्धान अधिकृत नियुक्त गर्ने गरिन्छ ।

अनुसन्धान तथा तहकिकात :-

प्रारम्भिक छानवीनबाट विस्तृत अनुसन्धान तहकिकात गर्नु पर्ने देखिई अनुसन्धान अधिकृत नियुक्त भएमा त्यस्तो अनुसन्धान अधिकृतले सम्बन्धित आयुक्तको प्रत्यक्ष रेखदेख र सुझावमा आरोपित विषयहरुका बारेमा सम्बन्धित व्यक्तिहरुको बयान वा लिखित जवाफ लिने, त्यस्ता व्यक्तिलाई आवश्यकता अनुसार तारेखमा राख्ने, अन्य थप प्रमाणहरु संकलन गर्ने लगायत अनुसन्धान तहकिकातको क्रममा आवश्यक देखिएका सबै कार्यहरु सम्पन्न गरी त्यसको प्रतिवेदन आयोगमा पेश गर्न सम्बन्धित आयुक्तसमक्ष प्रस्तुत गर्दछ । सम्बन्धित आयुक्तबाट त्यस्तो प्रतिवेदनसहित को मिसिल अध्ययनपश्चात् अनुसन्धान पूरा नभएमा तत्सम्बन्धमा उपयुक्त आदेश हुन्छ । अनुसन्धान पूरा भई आएको प्रतिवेदनमा सम्बन्धित आयुक्तबाट आयोगसमक्ष पेश गर्ने आदेश गरिन्छ । यसरी विस्तृत अनुसन्धात तहकिकात गरी आयोगसमक्ष पेश हुन आएको प्रतिवेदनमा आयोगले आरोपित कसूरको मात्रा, विवादको गाम्भीर्य, प्रकृति एवं संकलित प्रमाणको प्रामाणिकता समेतलाई दृष्टिगत गरी छलफल पश्चात् मुद्दा दायर गर्ने वा विभागीय वा अन्य कारबाईको सिफारीश गर्ने वा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने वा सुझाव दिने वा केही कारबाई गरिरहन नपर्ने गरी उजूरी तामेलीमा राख्ने निर्णय गरिन्छ । आयोगको निर्णयको कार्यान्वयन आयोगको सचिवबाट गर्न वा गराउन लगाइन्छ ।

आयोगको बैठक :-

आयोगको महाशाखा वा अनुसन्धान अधिकृतले तोकिएको कार्य सम्पन्न गरी सचिवमार्फत् सम्बन्धित आयुक्तसमक्ष पेश गरेको कुनै विषयमा सम्बन्धित आयुक्तबाट आयोगमा पेश गर्ने आदेश भएका विषयहरु वा अन्य नीतिगत निर्णय हुनु पर्ने विषयहरुको कार्यक्रम प्रमुख आयुक्तको आदेशमा सचिवबाट तय गरिन्छ । यसरी कार्यक्रम तय भएपछि सामान्यतया प्रत्येक मंगलबार आयोगको बैठक बस्ने गर्दछ । विषयको जटिलता वा शीघ्रता हेरी प्रमुख आयुक्तको आदेशले अन्य कुनै समयमा पनि आयोगको बैठक बस्न सक्दछ । आ.व. २०५५/५६ को अवधीमा आयोगको बैठक जम्मा ६४ दिन बसेको थियो । यी बैठकहरुबाट कूल १७८ वटा निर्णयहरु भएका थिए ।

प्रशासनिक संगठन :-

केन्द्रीय स्तरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको साथै आयोगको सचिवालय रहने र सो सचिवालयमा श्री ५ को सरकारद्वारा नियुक्त सचिव सचिवालयको प्रमुखको रुपमा रहेको छ । सचिवालयमा श्री ५ को सरकारव्दारा स्वीकृत दरबन्दी रहने व्यवस्था छ । आयोगको कार्य प्रकृति र त्यसमा गर्नु पर्ने अनुसन्धानको कारवाईमा तत्सम्बन्धी विषयमा दक्ष जनशक्तिको आवश्यकता पर्ने हुंदा कानून, प्रशासन, लेखा, प्रविधि एवं प्रहरी आदि विषयमा अनुभवी व्यक्तिहरुबाट सो पदहरु पूर्ति गर्ने व्यवस्था छ । आवश्यकता अनुरुप सम्बन्धित विषयमा अनुभवी एवं दक्ष जनशक्तिलाई पनि अल्पकालीन रुपमा आयोगमा काजमा ल्याई काम गराउने व्यवस्था छ ।

आयोगको परिवर्तित क्षेत्राधिकारको सन्दर्भमा आयोगको प्रशासनिक संगठनलाई स्थानीय तहमा समेत विस्तार गर्नु पर्ने आवश्यकता रहेको र तत्कालको लागि यस प्रयोजनार्थ काठमाडौं उपत्यकाभित्र विशेष प्रहरी विभागलाई तथा अन्य जिल्लाहरुमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई तोकिएको शर्त बमोजिम आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार सौंपेर कार्य सम्पादन गर्ने व्यवस्था मिलाइएको छ । यस व्यवस्था अनुरुप विशेष प्रहरी विभागका मुख्य अधिकृत तथा जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारीहरुले अख्तियारको दुरुपयोग सम्बन्धी उजूरीमा अनुसन्धान तहकिकात गर्ने तथा सम्बन्धित पुनरावेदन सरकारी अधिवक्ताले आयोगको तर्फबाट मुद्दा चलाउने अधिकार सौंपिएको छ ।

बजेट व्यवस्था :-

आ.व. २०५५/०५६ मा आयोगको कूल बजेट रु. ८८,९०,४१६/९० मध्ये रु. ८३,२९,७९८/३२ निकासा भई रु. ८३,२९,७९८/३२ खर्च भएको छ । आयोगको विनियोजन, निकासा, खर्च, राजस्व आम्दानी तथा धरौटीको विवरण अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

२. आयोगको कार्य प्रगति

प्रारम्भिक छानवीनको विवरण

आयोगसमक्ष परेका उजूरी निवेदनहरुउपर प्रारम्भिक छानवीनको क्रममा सो विषयमा कारवाई गर्नु पर्ने नपर्ने निर्क्यौल गर्न मूलतः निम्न तथ्यहरुको निरुपण गरिन्छ :

क) उजूरी निवेदनको प्रकृति के कस्तो छ ?
ख) उजूरी आयोगको क्षेत्राधिकार भित्र पर्छ, पर्दैन ?
ग) उजूरीमा उल्लेखित विषयका सम्बन्धमा के कसो भएको हो ?
घ) उजूरीको आरोप तथ्यपूर्ण देखिन आएमा त्यसमा कुन कुन निकायका कुन कुन पदाधिकारीको संलग्नता रहेको छ ?
ङ) विवादास्पद कार्य वा निर्णयबाट कसलाई के कति हानी नोक्सानी हुन गएको छ ?
च) विवादित कार्यबारे कुनै अड्डा अदालतमा मुद्दा मामिला चलिरहेको वा चली निर्णय भएको वा तत्सम्बन्धमा कुनै विभागीय वा अन्य कारवाई भएको छ, छैन ?
छ) विवादित कार्य भए गरेको मितिका आधारमा उजूरीको हदम्याद बांकी छ छैन ?

प्रारम्भिक छानविनको सिलसिलामा कारवाई पनि प्रारम्भिक अवस्थामै रहने तथा छानवीन गरिने प्रमाण नष्ट हुन सक्ने सम्भावनालाई समेत दृष्टिगत गरी सो कारवाई गोप्य रहने कानूनी व्यवस्था रहेको छ।

क) प्रारम्भिक छानवीन भइरहेको मन्त्रालयगत संख्या :-

विभिन्न मन्त्रालय र अन्तर्गतका विभाग, कार्यालय, संस्थान एवं अन्य निकायहरुमा समेत गरी अनुचित कार्य वा भ्रष्टाचारका सम्बन्धमा परेका उजूरीहरुउपर वर्तमान अवस्थामा आयोगबाट प्रारम्भिक छानवीनको कार्य भइरहेको उजूरीको विषयगत संख्या तालिका नं .१ मा प्रस्तुत गरिएको छ।

एउटै विषयमा विभिन्न निकायमा उजूरी दिने र ती निकायहरुबाट समेत पुनः आयोगमै सो निवेदनहरु प्राप्त हुन आउने हुंदा दर्ता भएको उजूरी संख्या र कारवाई भएको उजूरी संख्या फरक रहने गरेको छ।

तालिका १

प्रारम्भिक छानवीनको विवरण

क्र.सं.	सम्बन्धित मन्त्रालय / निकाय	उजूरी संख्या
१	अर्थ मन्त्रालय र अन्तरगत :-	१२
२	आपूर्ति मन्त्रालय र अन्तरगत :-	३०
३	आवास तथा भौतिक योजना मन्त्रालय र अन्तरगत :-	३
४	उद्योग मन्त्रालय र अन्तरगत :-	२०
५	कानून तथा न्याय मन्त्रालय र अन्तरगत :-	२
६	कृषि मन्त्रालय र अन्तरगत :-	६
७	गृह मन्त्रालय र अन्तरगत :-	२९

८	जलस्रोत मन्त्रालय र अन्तरगत :-	११
९	निर्माण तथा यातायात मन्त्रालय र अन्तरगत :-	३१
१०	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र अन्तरगत :-	८
११	परराष्ट्र मन्त्रालय र अन्तरगत :-	०
१२	भूमिसुधार तथा व्यवस्था मन्त्रालय र अन्तरगत :-	३५
१३	मन्त्री परिषद् सचिवालय र अन्तरगत :-	२
१४	महिला तथा समाज कल्याण मन्त्रालय र अन्तरगत :-	१
१५	युवा, खेलकूद तथा संस्कृति मन्त्रालय र अन्तरगत :-	४
१६	रक्षा मन्त्रालय र अन्तरगत :-	०
१७	वन तथा भू-संरक्षण मन्त्रालय र अन्तरगत :-	२६
१८	वाणिज्य मन्त्रालय र अन्तरगत :-	५
१९	विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तरगत :-	०
२०	शिक्षा मन्त्रालय र अन्तरगत :-	४५
२१	श्रम मन्त्रालय र अन्तरगत :-	७
२२	सामान्य प्रशासन मन्त्रालय र अन्तरगत :-	२
२३	सूचना तथा सञ्चार मन्त्रालय र अन्तरगत :-	७
२४	संसदीय व्यवस्था मन्त्रालय र अन्तरगत :-	१
२५	स्थानीय विकास मन्त्रालय र अन्तरगत :-	१४
२६	स्वास्थ्य मन्त्रालय र अन्तरगत :-	३७

जम्मा:-३३८
(तीनशय अठ्तीस)

ख) विशेष प्रहरी विभाग वा जिल्ला प्रशासन कार्यालयहरुमा आयोगबाट सौंपिएको अधिकार बमोजिम वा आवश्यक कारबाईको लागि अन्य निकायहरुमा प्रेषित उजूरी संख्या :-

आयोगमा दर्ता हुन आएका उजूरी निवेदनहरुमध्ये आयोगको अधिकार क्षेत्र बाहिरको भएकोले वा अख्तियारवाला वा अन्य निकायबाट कारवाई हुन उपयुक्त हुने देखिएकाले त्यस्तो निकायहरुमा पठाइएको निवेदनहरुको संख्यागत विवरण तालिका २ मा प्रस्तुत गरिएको छ। यसमा आयोगबाट प्रत्यायोजित अधिकार अनुसार बिशेष प्रहरी विभाग वा जिल्ला प्रशासन कार्यालयहरुमा आन्तरिक स्मृतिपत्रबाट सीधै पठाइएका (उजूरी निवेदनको रुपमा आयोगमा दर्ता नै नभएका) निवेदनहरुको संख्यासमेत समावेश गरिएको छ।

तालिका २

अन्य निकायमा कारवाईको लागि पठाईएको विवरण

क्रम संख्या	सम्बन्धित निकाय	उजूरी संख्या
१.	अर्थ मन्त्रालय	६
२	आपूर्ति मन्त्रालय	४
३..	आवास तथा भौतिक योजना मन्त्रालय	३४
४.	उद्योग मन्त्रालय	१६
५.	काठमाडौं उपत्यका नगर विकास समितिको कार्यालय	५
६.	कृषि मन्त्रालय	४
७.	कृषि विकास बैंक	१
८	केन्द्रीय तथ्यांक विभाग	१

९.	खानेपानी तथा ढल निकास विभाग	४
१०.	गुठी संस्थान	७
११.	गृह मन्त्रालय	४०
१२.	जलस्रोत मन्त्रालय	९
१३.	जिल्ला अदालत	१
१४.	जिल्ला प्रहरी कार्यालयहरु	२
१५.	जिल्ला प्रशासन कार्यालयहरु	२५०
१६.	जिल्ला वन कार्यालय	१
१७.	जिल्ला विकास समितिहरु	५
१८.	जिल्ला शिक्षा कार्यालय	१
१९.	निर्माण तथा यातायात मन्त्रालय	५
२०	नेपाल कोल लिमिटेड	१
२१	नेपाल दूर सञ्चार संस्थान	४
२२.	नेपाल विद्युत प्राधिकरण	१६
२३.	न्याय सेवा आयोग	१
२४	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	२
२५	प्रधानमन्त्रीको कार्यालय	१
२६.	प्रहरी प्रधान कार्यालय	५
२७.	भक्तपुर नगरपालिका	१
२८.	भवन विभाग	१
२९.	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	२८
३०	महालेखा परीक्षकको विभाग	२
३१.	मालपोत विभाग	५
३२.	मूल्य अभिवृद्धि कर विभाग	१
३३	यातायात व्यवस्था कार्यालय	२
३४	युवा, खेलकूद तथा संस्कृति मन्त्रालय	२
३५.	रक्षा मन्त्रालय	१
३६	राजस्व अनुसन्धान विभाग	४
३७.	राष्ट्रिय अनुसन्धान विभाग	१
३८.	राष्ट्रिय योजना आयोगको सचिवालय	२
३९.	रोजगार प्रबर्द्धन समिति	१
४०.	लोक सेवा आयोग	६
४१.	वन तथा भू-संरक्षण मन्त्रालय	८
४२.	विशेष प्रहरी विभाग	४१
४३.	वीमा समिति	१
४४	शिक्षा मन्त्रालय	२२
४५.	श्रम मन्त्रालय	१
४६.	सडक विभाग	२
४७.	समाज कल्याण परिषद्	१
४८.	सहकारी विभाग	१
४९.	सामान्य प्रशासन मन्त्रालय	२
५०.	सूचना तथा संस्कृति मन्त्रालय	७
५१	स्थानीय विकास मन्त्रालय	१२
५२.	स्वास्थ्य मन्त्रालय	१६
५३.	हुलाक सेवा विभाग	१
५४.	क्षेत्रीय वन निर्देशनालय	१

५५.	क्षेत्रीय स्वास्थ्य सेवा निर्देशनालय	२
५६	त्रिभुवन विश्वविद्यालय, रजिष्ट्रारको कार्यालय	४

जम्मा ६०५
(छ शय पांच)

यस आ.व.को निवेदन लगत, फछ्यौंट र बांकी विवरण अनुसूची ४ मा प्रस्तुत गरिएको छ ।

ग) प्रारम्भिक छानवीनको क्रममा विभागीय वा अन्य कारबाईको लागि लेखिएको विवरण :-

१. विदुर नगरपालिका वा.नं. ४ बट्टार नुवाकोट बस्ने रामराज श्रेष्ठले विदुर न.पा. वा.नं. ३ मा वनदेवी चलचित्र भवन निर्माण गरी चलाउन इजाजत पत्र पाउं भनी सूचना तथा संचार मन्त्रालयमा दिएको दरखास्त साथ पेश गरेको नक्सा र उक्त मन्त्रालयमा कबूलियत कागज अनुसार चलचित्र भवन नबनाएकोमा निज रामराज श्रेष्ठसमेत संग मिलेमतो गरी गलत जांचपासको सिफारीश गर्ने निर्णय गरेको भन्नेसमेत विषयमा छानवीन हुंदा नक्सा बमोजिम बनाउदै नबनाएको भवन र भौतिक साधनसमेत नभएको वनदेवी चलचित्र मन्दिर भवन रामराज श्रेष्ठबाट निर्माण भइरहेकोमा सो चलचित्र भवनको सम्पूर्ण भौतिक सुधारहरु उपलव्ध भएकोले जांचपास गरी सिफारिश गरी पाउं भनी सम्बन्धित निकायमा दिएको निवेदनउपर कारवाई हुंदा चलचित्र नियमावली, २०४६ मा चलचित्र घरमा हुनु पर्ने भौतिक सुविधा लगायतका कुराहरु एवं नक्सा अनुसारको भवन निर्माण हो वा होइन भन्नेतर्फ ध्यानै नपुऱ्याई नुवाकोटका प्र.जि.अ. देवनारायण यादव, नुवाकोटका का.मु. स्थानीय विकास अधिकारी चतुर्भुजप्रसाद शर्मा (हाल नवलपरासी), नुवाकोटका जिल्ला आवास तथा शहरी विकास कार्यालयका ओभरसियर प्रकाशजंग शाहसमेत ले जांचपास सम्बन्धी वैठक बसी गलत निर्णय गरी सूचना तथा संचार मन्त्रालयमा सिफारीश गरी पठाएको एवं नक्सा बमोजिम बनाउदै नबनाएको भवन र भौतिक साधनसमेत नभएकोमा *हल मालिक रामराज श्रेष्ठले मिति २०५४।८।४ मा दिएको निवेदन अनुसार नक्सा बमोजिमको हल निर्माण गरी तयार समेत भई सकेकोले यस कार्यालयबाट निर्माण इजाजत स्वीकृत लिई नक्सा पास समेत भएको हुंदा सो नक्सा अनुसार निर्माण भएको हल जांचपासको लागि सम्बन्धित कार्यालयमा आवश्यक कारवाईको लागि सिफारीश गरी दिनु हुन सिफारीश गरिन्छ* भन्ने समेत व्यहोराको गलत सिफारीश पत्र आफैले दस्तखत गरी जिल्ला प्रशासन कार्यालयमा विदुर नगरपालिकाका प्रमुख ठाकुर प्रसाद गजुरेलले पठाएकोसमेत बाट निजहरुले अनुचित तरिकाबाट सिफारीश गरेको देखिंदा निजहरुलाई सचेत गराउन क्रमशः गृह मन्त्रालय, स्थानीय विकास मन्त्रालय, आवास तथा भौतिक योजना मन्त्रालयमा लेखिएको ।

२. उदयपुर सिमेन्ट उद्योगको नियमावली अनुसार औषधी उपचार खर्च वापत अधिकृत स्तरले रु. ७५,०००।- पाउनेमा बढी खर्च गरेको र संचालक समितिको निर्णय विपरित ५ लाख सम्पूर्ण कर्मचारीलाई पुरस्कार वितरण गरी उद्योगलाई नोक्सानी पुऱ्याएको भन्ने सम्बन्धमा छानवीन हुंदा आ.व. २०५२।५३ को वार्षिकोत्सव मनाउन कर्मचारीलाई वितरण गरिएको रु. ५ लाखको सम्बन्धमा अझसम्म पनि संचालक समितिबाट अनुमोदन नभई कानूनी सल्लाहकारको राय लिन लागिएको देखिंदा सो राय पश्चात् तुरुन्त यस आयोगलाई जानकारी दिन र औषधी उपचारको हकमा उद्योगको चिकित्सकको सिफारीश विना सगरमाथा अञ्चल अस्पतालसमेत को Discharge Slip को आधारमा लेखिएको औषधी खरीद गरेको बील बमोजिम टिप्पणी सदर गरी उपचार खर्च दिएको देखिंदा त्यो हदसम्म नियमको बर्खिलाफ भएको एवं रु. १० लाखको बजेटलाई वेवास्ता गरी थप रु. ४०,००,०००।- खर्च गरेको सम्बन्धमा उद्योगलाई सचेत गराइएको । अब उप्रान्त उद्योगको नियमावली अक्षरशः पालना गर्न उद्योगलाई नै लेखिएको र कुमार उमा प्रसाद मुवारक मेमोरियल अस्पताल, लाहान, जनकपुर अञ्चल अस्पताल, उदयपुर जिल्ला अस्पताल, सगरमाथा अंचल अस्पतालबाट विरामी नै नभएका र अस्पतालमा भर्ना नै नभएका उदयपुर सिमेन्ट उद्योगका कर्मचारीहरुलाई Discharge गरेकोसमेत देखिंदा आइन्दा यस प्रकारको कार्य नदोहोरिनेतर्फ आवश्यक व्यवस्था हुन र उक्त अनुसार कार्य गर्न सम्बन्धित अस्पतालका चिकित्सकहरुसमेत लाई सचेत गराउन सम्बन्धित अस्पतालहरुलाई लेखिएको ।

३. सिंहदरवार वैद्यखाना विकास समितिमा कार्यरत डा. श्याममणी अधिकारीले BAMS कोर्ष अध्ययन गर्न भारतमा २०३९ सालमा जांदा पहिलो पल्ट ३ वर्ष र दोश्रो पल्ट २ वर्ष गरी ५ वर्ष अध्ययन विदा लिई पुनः २०५०।५१ मा MD

(AY) भारत कै BHV मा अध्ययन गर्न जांदा पहिलो पल्ट पूरा ५ वर्ष अध्ययन विदा नलिएको भन्ने झुठ्ठो व्यहोरा पेश गरी पुनः ३ वर्ष विदा लिई विभिन्न जिल्लाबाट उक्त विदा अवधिको तलब भत्ता लिएको भन्ने सम्बन्धमा छानवीन हुंदा निज श्याममणी अधिकारीले २०४२।५।७ देखि २०४४।१०।७ सम्म २ वर्ष ५ महिना असाधारण बिदा बसेको रेकर्डबाट देखिएको र उक्त अवधिमा निजले तलव भत्ता खाएको देखिन आएको, तर असाधारण विदामा बसेको अवधिमा कुनै कर्मचारीले तलव, भत्ता नपाउने भन्ने कानूनी व्यवस्था रहेको हुंदा नियम विपरित लिनु खानु गरेको तलव भत्ता तथा बडा दशैं खर्च निजबाट असूलउपर गरी आवश्यक विभागीय कारवाईसमेत गर्न स्वास्थ्य मन्त्रालयलाई लेखिएको ।

४. सिंहदवार वैद्यखाना विकास समितिको भवन निर्माणको लागि माग गरेको टेण्डरहरुमध्ये ताम्राकार ब्रदर्स प्रा.लि.ले कवोल गरेको अंक तथा अक्षर सच्याई रकम बढाएको र भीम ज्योति निर्माण सेवाले कवोल गरेको अंक तथा अक्षरहरुमा टिपेक्स प्रयोग गरी रकम बढाई तेश्रो पक्षको टेण्डर अनियमित तवरवाट स्वीकृत गरेको भन्नेसमेत विषयमा छानवीन हुंदा ताम्राकार एण्ड ब्रदर्श प्रा.लि. को टेण्डर फारामको पेज नं २ को पि.सि.सि. फर आर सि.सि.मा अंकमा 105 र अक्षरमा One Hundred Five Rupee only लेखेकोमा Five लाई सच्याई Fifty वनाएको र भीम ज्योति निर्माण सेवाको टेण्डर फाराममा कवोल गरेको अंक तथा अक्षरमा टिपेक्स प्रयोग गरेको पाइएकोले विधिविज्ञान प्रयोगशालामा परीक्षण गराउंदा अक्षर सच्याइएको मसी फरक नभएको, तर अक्षरहरु थोरै भएकोले लेखन शैली तुलना गर्न नसकिएको व्यहोरा उल्लेख भई आएकोले यसमा टेण्डर जांच गरी मुचुल्का तयार गर्ने कार्यमा खटिएका कर्मचारीद्वय लेखा अधिकृत दिनेशकुमार चेम्जोङ्ग र लेखापाल शैवनाथ सुवेदीको कार्यबाट टेण्डरसम्बन्धी विवाद सृजना हुन गएको हुंदा भविष्यमा यसप्रकारको लापरवाहीपूर्ण कार्य निजहरुवाट पुनः दोहरिन नदिनका लागि सचेत गराउन स्वास्थ्य मन्त्रालयमा लेखिएको ।

घ) प्रारम्भिक छानवीनको क्रममा ध्यानाकर्षण वा सुझाव पठाइएको विवरण :-

१. गृह मन्त्रालयलाई आर्थिक सहायता, चन्दा, पुरस्कार शीर्षकमा निकासा भएको बजेट रकमको व्यापक दुरुपयोग भएको भन्ने सम्बन्धमा छानवीन हुंदा बिभिन्न परिस्थितिमा तोकिए बमोजिम र असहाय दीन दुःखी अनाथ बेखर्चीहरुलाई अवस्था हेरी उपचार खर्च र उत्सव समारोह एवं चाडपर्व मनाउने क्रममा अनुदानको रुपमा आर्थिक सहायता प्रदान गर्ने गरिएको र एक व्यक्तिलाई एक पटकमा र एक आर्थिक वर्षमा यतिसम्म आर्थिक सहायता दिने भन्ने कुनै निश्चित नभएको भनी गृह मन्त्रालयबाट लेखिआएको र आर्थिक सहायता उपलव्ध गराइएको विवरणहरु अध्ययन गर्दा सहायता माग गर्नेबाट पनि माग गर्नु परेको उपयुक्त कारण र आधार दर्शाइएको नपाइएको, सहायता पाउने व्यक्तिको वैयक्तिक विवरण केही पनि उल्लेख गर्ने गरेको नपाइएको र आफैले निर्धारण गरेको आर्थिक सहायता वितरणको मापदण्ड विपरित हुचुवा प्रणाली अपनाइएकोसमेत देखिन आयो ।

प्रतिनिधि सभा सार्वजनिक लेखा समितिको मिति २०५२।९।१७ को वैठकवाट गृह मन्त्रालयद्वारा उपलव्ध गराउदै आएको आर्थिक सहायता तथा चन्दा पुरस्कार खास पीडित पक्षले नपाई दुरुपयोगसमेत हुदै आएकोले यस्तो रकम उपलव्ध गराउने कार्यलाई नियन्त्रण गर्न निश्चित मापदण्ड बनाई रकम दिने भनी गृह मन्त्रालयलाई निर्देशन भए पश्चात् सो मन्त्रालयले आर्थिक सहायता चन्दा पुरस्कार वितरण सम्बन्धमा निम्न मापदण्ड स्वीकृत गरेको पाइन्छ :-

(क) संघ संस्थाहरुलाई रु. ५ हजार सम्म दिने र व्यक्तिलाई औषधी उपचारवापत प्रेश्क्रिप्सन अनुसार बढीमा रु. १ हजारसम्म दिने ।
(ख) बेखर्ची असहाय व्यक्तिहरुलाई औचित्यको आधारमा रु.५००।- सम्म दिने ।
(ग) दिनको दशजना भन्दा बढीलाई आर्थिक सहायता नदिने ।
(घ) वार्षिक बजेटको आधारमा मासिक कोटा तोकी कोटाभित्र रहेर दिने ।
(ङ) अशक्त, विरामी, गरीवगुरुवाहरुलाई मात्र आर्थिक सहायता दिने परिपाटी वसाल्ने ।
(च) आर्थिक सहायता सकभर निरुत्साहित गर्न प्रयास गर्ने ।
(छ) विशेष परिस्थिति परेमा निर्णय गरी आर्थिक सहायता दिने ।

नेपाल अधिराज्यका महालेखा परीक्षकको बिभागको पैतीसौं वार्षिक प्रतिवेदन, २०५५ मा पनि आर्थिक सहायता, चन्दा पुरस्कार खर्च गर्दा गृह मन्त्रालय आफैले निर्धारण गरेको मापदण्ड अनुसरण नगरेको उचित भएन भनी कैफियत जनाएको पाइयो ।

यसरी गृह मन्त्रालय आफैले निर्धारण गरेको मापदण्ड र महालेखा परीक्षकको बिभागवाट भएको लेखा परीक्षण कैफियतको प्रतिकूल आर्थिक सहायता वितरण गरेको देखिएकोले सहायता दिनु पर्ने औचित्यपूर्ण आधार र कारणहरु भएमा मात्र निर्धारित मापदण्ड बमोजिम आर्थिक सहायता रकम खर्च गर्ने गर्न गृह मन्त्रालयको ध्यानाकर्षण गराई मन्त्रिपरिषद सचिवालयलाई जानकारी पठाएको ।

२. आपूर्ति मन्त्रालयका तत्कालीन सचिव शम्भुशरणप्रसाद कायस्थले उमेर ढांटी निजामती सेवामा नोकरी गरेको भन्ने विषयमा छानवीन हुंदा निजले विकासतर्फ को रा.प.तृतीय श्रेणीको पदमा सेवा प्रवेश गरी साधारणतर्फ को पदमा परिणत भएपछि पेश गरेको सिटरोल फाराममा सेवा प्रवेशको उमेर २१ वर्ष २ महिना उल्लेख भएको र सोही वखत पेश भएको शैक्षिक योग्यताको प्रमाणपत्रको उमेरवाट २१ वर्ष नपुगेको स्पष्ट देखिएकोमा मिति २०५४।७।४ मा निजामती किताव खानाले निज कायस्थको प्रवेशिका परीक्षाको प्रमाणपत्रमा उल्लेख भएको उमेरलाई आधार वनाई जन्म मिति २०००।५।१७ अभिलेखमा राखेकोमा सेवा प्रवेश गरेको ३३ वर्ष भन्दा बढी व्यतीत भएपछि हाल आएर सेवा प्रवेशको लागि न्यूनतम उमेर नै नपुग्ने गरी उमेर यकीन गर्ने गरेको कार्य युक्तिसंगत देखिएन । तसर्थ कुनै पनि व्यक्तिलाई श्री ५ को सरकारको सेवामा प्रवेश गर्न दिंदा निजको उमेरबारे सोही वखत यकीन नगरी लामो समयपछि उमेर निर्धारण गर्ने कारवाही गर्ने गरेकोमा सेवा प्रवेशकै समयमा यकीन गर्ने ठोस नीति वनाई लागू गर्ने व्यवस्था हुन सामान्य प्रशासन मन्त्रालयलाई लेखिएको ।

३. राष्ट्रिय अनुसन्धान बिभागका तत्कालीन उपरीक्षक अमरवहादुर क्षेत्रीले Matriculation परीक्षाको प्रमाणपत्रमा उल्लेख भएको जन्म मिति २००३।४।१७ कायम गराउन माग गरे अनुसार गृह मन्त्रालयको सम्बन्धित शाखाबाट कारवाही हुंदा उमेर सच्याउन नमिल्ने भनी प्रहरी किताबखानामा लेखी पठाएकोमा पुनः सोही शाखावाट Matriculation को शैक्षिक प्रमाणपत्रमा उल्लेखित उमेरलाई कायम गर्न प्रहरी किताबखानालाई लेखेको देखिएबाट एकै विषयमा अलग अलग निर्देशन पठाई निर्देशनमा एकरुपता नभएकोले यसमा गृह मन्त्रालयको ध्यानाकर्षण गराइएको ।

४. नेपालमा रेशम धागो उत्पादन बढाउने उद्देश्यले संचालित रेशम वाली विकास आयोजना अन्तरगत काभ्रे, चितवन, धादिङ्ग, नुवाकोट लगायत अधिराज्यको ४१ जिल्लामा रेशम कीराको आहाराको रुपमा किम्वुको बोट विकास गर्ने अभिप्रायले १ जिल्लामा २०४२।५६ आषाढ सम्ममा सरदर २०० हेक्टर जग्गामा किम्बु खेती गरिएको भनी कृषि मन्त्रालयले प्रगति देखाएको, यथार्थमा ५०० हेक्टरमा पनि किम्बु खेती नगरी करोडौं रकम झुट्टा वील भौचर वनाई दुरुपयोग गरेको भन्ने सम्बन्धमा छानवीन हुंदा देखिन आएको वस्तुस्थितिको आधारमा कृषि मन्त्रालयलाई निम्न सुझाव पठाइएको :-

(क) रेशम खेती प्रसार कार्यक्रम जिल्ला कृषि विकास कार्यालय तथा रेशम खेती विकास कार्यक्रम अन्तरगत पनि हुने गरेकोले यसरी एउटै कार्यक्रमलाई आयोजना अन्तरगत गरिएमा बढी उपलब्धिमूलक हुने,

(ख) किम्बु खेती छरिएर रहेको हुंदा यस्तो कार्यक्रमवाट नगदे वालीको उपलब्धी खासै हासिल हुन नसक्ने हुंदा पकेट वा ब्लकको रुपमा कार्यक्रम संचालन गर्नेतर्फ सोचिनु पर्ने,

(ग) किम्बु खेतीको क्षेत्रफल तथा खर्च सम्बन्धमा यकीन तथ्यांक नभएको हुंदा मन्त्रालयले तथ्यांक अध्यावधिक गर्ने ।

(घ) वितरण गरिएको किम्बु विरुवा रोपिए नरोपिएको तथा प्राविधिक सल्लाह आदिको लागि अनुगमन प्रणाली सुदृढ हुनु पर्ने ।

(ङ) रेशम खेतीमा तालीमको व्यवस्था गर्ने तथा तालीम प्राप्त प्राविधिकलाई थलोमा कार्यरत गराउने व्यवस्था मिलाउनु पर्ने ।

५. आ.व. २०५२।५३ मा अदुवा प्रतिकिलो रु १५।- मा खरीद गरी प्रतिकिलो रु. ४२।- देखि रु ४५।- सम्मको नक्कली बील वनाएको, सुपारी विरुवा खरीद गर्न पेश्की लिई विरुवा नै नल्याई नक्कली वील वनाएको, मत्स्य विकास कार्यालय, तरहरा नेपाल कृषि अनुसन्धान परिषदमा हस्तान्तरण हुंदा बुझाएको जाल बुन्ने धागोबाट जाल बुन्न लगाई वाहिरवाट जाल खरीद गरेको वील वनाएको, आ.व. २०५३।५४ मा माछाको हार्मन एल. आर. एम. नल्याई वील मात्र

बनाएको, माछाको दानाका लागि ३ क्विन्टल भटमास खरीद गरी ८०/९० किलो पिसानी गरी अरु आफ्नो घरमा लगेको, आ.व. २०५३।५४ मा उत्पादन भएको भैंसीको दूध कुपनवाट विक्री गरी करिव ५७,०००।- राजस्व हीनामिना गरेको, मर्मत तथा निर्माणको कार्यमा थोरै काम गरे पनि बढी काम गरेको देखाई वील बनाएको भन्नेसमेत विषयमा छानवीनको क्रममा सम्बन्धित अधिकारीहरुबाट लिइएको प्रतिक्रिया तथा आयोगबाट भएको स्थलगत निरीक्षण प्रतिवेदन समेतबाट यसमा भ्रष्टाचार ठहर हुने स्थिति रहेको देखिएन । तथापि यसप्रकारका वस्तुस्थितिका कुराहरुमा आन्तरिक नियन्त्रणबाटै व्यवस्थित गर्नु पर्ने देखिएकोले तदनुसार गर्ने सुझाव कृषि मन्त्रालयमा पठाइएको ।

६. क्षेत्रीय कृषि तालीम केन्द्र, झुम्कामा अधिकृत स्तरको ३ जना दरवन्दी भएकोमा दरवन्दी अनुसार पदपूर्ति नगरी काममा लगाउने गरेको, पदस्थापना नभएको प्रशिक्षकलाई तालीममा प्रति कक्षा रु ४००।- दिनु पर्दा श्री ५ को सरकारलाई रु २००।- का दरले दिने व्यवस्था भएकोमा नयां ह्याण्डआउट तयार नगरी विगत सालमै काटिएको स्टेन्सीलवाट लिथो तयार गरी प्रशिक्षकहरुको नाम परिवर्तन गरी अनियमित तवरले रकम भुक्तानी लिने गरेको, सहभागी नै नभएका प्रशिक्षार्थीहरुलाई हाजीर गराई भत्ता, भ्रमण भत्ता र प्रमाणपत्र दिने गरेको, बढी तालीम सञ्चालन गरेको देखाई रकम भुक्तानी लिने गरेको भन्नेसमेत विषयमा छानवीन हुंदा यसमा भ्रष्टाचारजन्य तथ्यगत प्रमाणको पुष्टी हुने अवस्था नदेखिए ता पनि यस्ता विषयहरुमा कानून बमोजिम आन्तरिक नियन्त्रणवाट व्यवस्थित गर्नु पर्ने तथा सुपरीवेक्षण कार्यमा निरन्तरता दिनु पर्ने भन्ने सुझाव कृषि मन्त्रालयमा पठाइएको ।

७. नेपाल कृषि अनुसन्धान परिषद, खुमलटारमा कार्यरत बाली तथा बागवानी निर्देशकले क्षेत्रीय कृषि अनुसन्धान केन्द्र परवानीपरको क्षेत्रीय निर्देशक पदमा कार्यरत रहंदा रु. १२ लाखको प्रयोगशाला सम्बन्धी रासायनिक एवं यान्त्रिक सामानहरु ४०० प्रतिशत सम्म मूल्य बढाई खरीद गरेको भन्ने सम्बन्धमा छानवीन हुंदा प्रयोगशाला सम्बन्धी सामान खरीद गर्दा बोलपत्र नगरी कोटेशनवाट खरीद गरेको कार्य अनुचित भएको देखिएकोले विद्यमान कानूनको गलत अर्थ गरी कोटेशनबाट खरीद गरेकोमा यस किसिमको अनियमितता नदोहोरिने गरी कार्य गर्न र दोहरिन गएमा कडा कारवाही गर्न तथा यस्तो कार्यको कानूनतः अनुगमन गरी अव आइन्दा यस्ता कार्य दोहोरिन नपाउनेतर्फ सम्बन्धित सवै कार्यालयमा निर्देशन दिई अनुगमनसमेत गर्न एवं बोलपत्र आव्हान गरी सामान खरीद गर्नु पर्नेमा कोटेशन माग गरी सामान खरीद गरेको देखिएको सम्बन्धमा पनि कृषि मन्त्रालयको ध्यानाकर्षण गराइएको ।

८. खानेपानी तथा ढल निकास विभागका अ.ई. नवीन प्रधान, अ.ई फत्तेवहादुर थापा र अ.ई प्रकाशराज लम्साल समेतलाई आफ्नो निजी प्रयासमा अध्ययन गर्न विदा स्वीकृत गर्दा नि.से.नि. २०५० को नियम ६१.(५) अनुसार तलवी विदा दिन नमिल्नेमा सचिवस्तरको निर्णयवाट तलवी विदा स्वीकृत गरेको भन्ने विषयमा छानवीन हुंदा आवास तथा भौतिक योजना मन्त्रालयको प.सं.४.१(३) च.नं.१२६८ को पत्रबाट निजहरुको तलवी अध्ययन विदाको व्यवस्था पूर्व निर्णयले भए ता पनि नि.से.नि., २०५० ले सो स्वीकृति नदिने हुनाले सम्पूर्ण उम्मेदवारहरुको वेतलवी अध्ययन विदा नै कायम गरिएको भन्ने व्यहोरा उल्लेख भएकोले यसमा दिन नहुने तलवी विदा स्वीकृत गरेकोमा सो तलव सम्बन्धित व्यक्तिसंग असूल गर्ने, असूल हुन नसकेमा अनियमित निर्णय गर्नेवाट असूलउपर गर्न आवास तथा भौतिक योजना मन्त्रालयलाई लेखिएको ।

९. बनेपा नगरपालिकाको वहुउद्देश्यीय भवनको विस्तृत डिजाईन एवं सुपरभिजन गर्न प्राविधिक सल्लाहकार नियुक्त गर्न नगर विकास कोष समितिको लगानीमा आर्थिक तथा प्राविधिक प्रस्ताव माग हुंदा प्राप्त प्रस्तावहरुमध्ये स्याकोन प्रा.लि.को प्राविधिक प्रस्तावमा जम्मा निर्माण वजेट ८ करोड मानिने गरी २ % को दरले हुने आर्थिक प्रस्ताव स्वीकृत भएकोमा स्यास्कोन प्रा.लि.ले भवनको डिजाईन रिपोर्ट पेश गरिसकेपछि रु. ४,८०,०००।- भुक्तानी लिएकोमा नगरपालिकाको मिति २०५१।११।१५ को वैठकवाट ८ करोडको पूर्व इष्टिमेटको बदला ३ देखि ३.५ करोडमा नबढने गरी इष्टिमेट गर्न कन्सल्टेण्टलाई निर्देशन दिएपछि कन्सल्टेण्टले पूर्व सम्झौता अनुसार डिजाईन मस्यौदासमेत तयार भइसकेको व्यहोरा दर्शाई उक्त न.पा.को अन्तिम पटकको निर्णयानुसार काम गर्न नसक्ने जवाफ दिई बीचमै काम छाडेकोले सो काम अधूरो रहेको देखिन आयो ।

यसमा बनेपा नगरपालिकाले समयमा नै वजेट यकीन गरी सम्झौता गरेको भए रु. ४,८०,०००।- नोक्सानी नहुनेमा सम्झौता भइसकेपछि वजेट ८ करोडबाट ३ देखि ३.५ करोडमा गर्न सूचना गर्दा सम्झौता अनुसार काम गर्न कन्सल्टेण्ट वाध्य नहुने हुंदा यसमा बनेपा नगरपालिकाको गल्ती देखिन आएकोले सो नगरपालिकाको ध्यानाकर्षण गराउन स्थानीय विकास मन्त्रालयलाई लेखिएको ।

१०. दुर्गम क्षेत्र विकास समिति र गुम्वा व्यवस्था तथा विकास समितिको कार्यालय भवन निर्माणको क्रममा भएको ठेक्का सम्झौता अनुसार ठेकेदार नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लि.ले. २०५३ श्रावण २ मा निर्माण कार्य शुरु गरी १ वर्षभित्र कार्य सम्पन्न गरी सक्नु पर्नेमा नगरेको र त्यसरी कार्य सम्पन्न हुन नसक्नुमा कम्पनीले पेश गरेको पांचौ बील समयमा भुक्तानी हुन नसकेको र स्थानीय विकास मन्त्रालयमा २०५५।५।१२ मा पेश भएको म्याद थप सम्बन्धी फाईलमा २०५५।१२।५ मा मात्र निर्णय भएकोसमेत देखिंदा यसरी म्याद थप नहुंदा ठेकेदारबाट हर्जाना असूलउपर गर्नु पर्ने विषयको कार्यमा लामो समयसम्म अनिर्णयको स्थिति रहिरहेको कार्य र बीलको भुक्तानी नहुँदैमा करार बमोजिम कार्य सम्पन्न नगरेको कार्यलाईसमेत उचित मान्न सकिने देखिएन ।

तसर्थ आयन्दा यस प्रकारको ढीलाई हुन नपाउने गरी सचेत रहन स्थानीय विकास मन्त्रालय, दुर्गम क्षेत्र विकास समिति र नेशनल कन्स्ट्रक्शन कम्पनी नेपाल लि. लाईसमेत लेखिएको ।

११. नेपाल इन्जिनियरीङ्ग कन्सल्टेन्सी सेवा केन्द्रमा निर्माण तथा यातायात मन्त्रालयबाट मत्स्येन्द्रलाल श्रेष्ठलाई पांचौ तहमा काजमा ल्याई निजलाई काजमा नै कार्यरत रहेको स्थितिमा सातौं तहमा बढुवा गरेको र २०५०।९।१ मा अवकाश प्राप्त निजलाई २०५१ ।७।२१ मा २ वर्षको लागि करारमा नियुक्त गर्ने सचिवस्तरीय निर्णय भएको, तर हाल निज विवादित व्यक्तिले अवकाश पाइसकेको देखिंदा यसरी नियम विपरित करारमा नियुक्ति गर्ने र प्रकृया नपुऱ्याई पदोन्नती गर्ने प्रवृत्तिलाई रोक्न जरुरी भएकोले निर्माण तथा यातायात मन्त्रालयको ध्यानाकर्षण गराइएको ।

१२. धनुषाका तत्कालीन जिल्ला शिक्षा अधिकारी योगेन्द्र ठाकुरले विना रमाना हाजीर भएकोमा मध्यमाञ्चल क्षेत्रीय निर्देशनालयका निर्देशक र उपनिर्देशकले निजलाई खाता सञ्चालन गर्न सिफारीस गरेको भन्ने सम्बन्धमा छानवीन हुंदा निज जि.शि.अ. कार्यालयमा हाजिर भई सकेको अवस्थामा अन्य व्यक्तिको नाममा खाता खोल्न नमिल्ने र खाता नखोल्दा जिल्लामा शिक्षकको तलब भत्ता तथा अन्य रकम रोकिनाले अशान्ति हुने र शैक्षिक कार्यक्रमहरु बन्द हुने भएकोले सिफारीस गरेको देखिएकोवाट भ्रष्टाचार नै भएको भन्न नसकिए ता पनि रमाना लिई कार्यालयमा हाजीर हुनुपर्ने व्यवस्थाको पालना गराउनेतर्फ विचार पुऱ्याएको नदेखिएकोले आइन्दा यस्तो कार्य दोहरिन नदिन सतर्क रहन सम्बन्धित निकायमार्फत् लेखिएको ।

१३. सूचना तथा सञ्चार मन्त्रालयले राष्ट्रिय प्रसारण ऐन नियम बमोजिम एफ. एम. प्रसारणको इजाजतको लागि निवेदन माग गरे अनुसार विभिन्न संस्थाले निवेदन दर्ता गराएको र प्राप्त निवेदनउपर कारवाही हुंदा कान्तिपुर एफ.एम. प्रा.लि. र ईमेज च्यानल प्रा.लि समेत चारवटा कम्पनीले १०० अंक प्राप्त गरेकोमा फ्रिक्वेन्सी महाशाखाले व्यापारिक रुपमा प्रसारण गर्न दुईवटा फ्रिक्वेन्सी सिफारीश गरे अनुसार उक्त दुईवटा फर्मले इजाजत पाएको थियो । सो निर्णयमा भविष्यमा एफ. एम. इजाजत दिंदा सार्वजनिक सूचना गर्ने निर्णय गरेकोमा हाल सो निर्णय विपरित सार्वजनिक सूचना नै नगरी अन्य निवेदकलाई गैर कानूनी रुपमा एफ. एम. लाईसेन्स दिन लागेको भन्ने विषयमा छानवीन हुंदा इजाजत प्राप्त गर्नका लागि पेश भएका प्रस्तावहरुको मूल्यांकन गरी योग्यता क्रम तयार पारेको र २०५४।११।४ मा योग्यता क्रममा रहेका कान्तिपुर एफ.एम. र इमेज च्यानललाई प्रसारण इजाजत दिएको साथै पछि मिति २०५५।५।५ मा हिट्स नेपाल र हिमालयन ब्रोड्काष्टिङ्ग कं.लाई इजाजत दिने निर्णय गरेको देखिंदा पहिले तयार पारेको योग्यताक्रम अनुसारका प्रस्तावलाई इजाजत नदिई योग्यता क्रममा तल परेको प्रस्तावलाई इजाजत दिएको देखिएको र दुवै निर्णय गर्दा सार्वजनिक सूचना प्रकाशित गरी उचित मूल्यांकनका आधारमा इजाजत दिने भन्ने उल्लेख भए ता पनि सार्वजनिक सूचना प्रकाशित नगरी समाचारमूलक जानकारी मात्र गोरखापत्रमा प्रकाशित गरेको देखिंदा सार्वजनिक खुल्ला रुपमा प्रतिस्पर्धा भएको नदेखिएको र पहिले कायम गरेको योगताक्रमसमेत पालना भएको नदेखिएको सम्बन्धमा सूचना तथा सञ्चार मन्त्रालयमा ध्यानाकर्षण गराई थप इजाजत दिंदा सार्वजनिक सूचनावाट प्रस्ताव आव्हान गरी बढी प्रतिस्पर्धा हुनसक्ने गरी उपयुक्त मूल्यांकन गराई उपयुक्त प्रस्तावकलाई इजाजत दिने पारदर्शी व्यवस्था मिलाउन समेत लेखिएको ।

१४. उदयपुर सिमेन्ट उद्योगका चार्टर्ड एकाउण्टेण्ट वीरेन्द्रकुमार यादवले करार सम्झौता विपरित आफ् मुनिका कर्मचारीहरुलाई दवावमा पारी ६ महिनाको रु ६०,०००।- सामाजिक सापटी स्वरुप अनियमित तरिकाले भुक्तानी लिएको, तलव भत्ता भुक्तानी लिंदा आयकर कट्टी नगरी राजस्वसमेत छलेको भन्ने सम्बन्धमा छानवीन हुंदा निज यादवले रु ६० हजार सामाजिक ऋण सापटी लिएको र पारिश्रमिक वापत मासिक रु १०,०००।- तलवको आयकर आ.व. २०५४।५५ भरी कट्टा नभएको तर २०५५।५६ देखि मासिक तलव भत्ताबाट आयकर कट्टा भइरहेको देखिंदा उक्त सामाजिक ऋण सापटी करारमा नियुक्त कर्मचारीलाई उपलव्ध गराउन सकिने हो, होइन सोतर्फ उद्योगको

ध्यानाकर्षण गराई आयकर कट्टा गर्नेतर्फ विद्यमान नियमावलीको कडाईका साथ अवलम्बन गर्न गराउन उदयपुर सिमेन्ट उद्योगलाई लेखिएको ।

१५. नेपाल दूर संचार संस्थान, क्षेत्रीय कार्यालय, काठमाडौंका क्षेत्रीय प्रवन्धक समेतको मिलोमतोमा ग्राहकवाट वांकी वक्यौता असूल गर्दा नियम विपरित किस्ता वन्दीमा महसूल भुक्तानी गर्ने सुविधा दिई भ्रष्टाचार गरेको तथा प्याकेज स्विचिङ्गको सुविधा लिएको ग्राहकसंग ५०/६० लाख महसूल वांकी हुंदासमेत कुनै कारवाही नगरेको भन्ने विषयमा छानवीन हुंदा दूर संचार संस्थानलाई ग्राहकहरुले तिर्नु बुझाउनु पर्ने महसूल रकम वढी नै देखिएको र संस्थान र ग्राहकबीच प्राविधिक कारण देखाई लेनदेन खिचलो विवाद भई रहेकोले विवादको यथाशीघ्र टुंङ्गो लगाई वांकी वक्यौता असूलउपर गर्न गराउन तथा अधिराज्यका अन्य ग्राहकसमेत वाट ठूलो रकम असूल हुनुपर्ने अभिलेखवाट देखिंदा सोको असूलीतर्फ समेत आवश्यक सक्रीय व्यवस्था हुन सूचना तथा सञ्चार मन्त्रालयको ध्यानाकर्षण गराइएको ।

१६. नेपाल दूर सञ्चार संस्थानको कर्मचारी सेवा शर्त सम्बन्धी विनियममा ३० वर्ष सेवा अवधी पुगेका वा ५८ वर्ष उमेर पुगेका कर्मचारीहरुलाई अनिवार्य अवकास दिनु पर्ने व्यवस्था भएको, संस्थानमा प्रवेश गर्नुपूर्व श्री ५ को सरकार तर्फको नोकरी जोडी ३० वर्षको हिसाव गरी अवकास नदिइयोस् भनी अदालत गएका कर्मचारीहरुलाई मुद्दा टुंगो नलागेसम्मको लागि अन्तरिम आदेश जारी भएकोले उक्त अन्तरिम आदेश प्राप्त गर्ने ३६ जना कर्मचारी वाहेक ३० वर्ष सेवा अवधी पुगेका अन्य कर्मचारीलाई अवकाश दिनु पर्नेमा सो अन्तरिम आदेशको गलत अर्थ लगाई आफ्नो मान्छेलाई ३० वर्ष सेवा पुगेपनि हालसम्म अवकास नदिएको भन्ने विषयमा छानवीन हुंदा अदालतवाट बदर घोषित भइसकेपछि कानूनसम्मत नियम विनियम वनाई लागू गर्नेतर्फ ध्यान आकर्षित नगरेको देखिएकोले त्यस तर्फ २०५४ साल असारसम्ममा आवश्यक व्यवस्था गर्न भनी यस आयोगबाट मिति २०५४।२।१ को निर्णयानुसार सूचना तथा सञ्चार मन्त्रालयलाई लेखिएकोमा उक्त संस्थानबाट सो फैसला आदेशले कर्मचारीलाई अवकाश दिने विनियम १०१ को उप विनियम (६) को परिपत्रवाट भएको व्यवस्थासम्म विवादास्पद रहेकोमा पछि संशोधन भई श्री ५ को सरकारको स्वीकृति प्राप्त गरी कार्यान्वयन हुंदै रहेको र हाल २०३३ को उक्त विनियमावलीको सट्टा २०५४ तयार भई २०५४।२।३१ मा श्री ५ को सरकारवाट स्वीकृत भइसकेको जानकारी प्राप्त हुन आएको र कर्मचारी सेवा शर्त सम्बन्धमा उक्त ऐनको दफा ३५ बमोजिम नियम वनी तोकिनु पर्नेमा पहिले र हाल पनि दफा ३६ बमोजिम विनियम मात्र वनाई व्यवस्थित गरेको देखिन आयो ।

कुनैपनि सञ्चार संस्थानहरुमा सञ्चार संस्थान ऐन, २०२८ लागू हुन्छ । सो ऐनको दफा १६ मा संस्थानको महाप्रवन्धक लगायतका कर्मचारीहरुको नियुक्ति, सेवाका शर्त, कार्य अवधी र पारिश्रमिक सम्बन्धी कुरा उल्लेख भएको र तोकिए बमोजिम हुने भन्नाले सो ऐन अन्तर्गत बनेका नियमहरुमा तोकिए बमोजिम हुने भन्ने संझनु पर्ने एवं सोही ऐनको दफा ३५ मा नियमहरु वनाउने अधिकार श्री ५ को सरकारलाई मात्र रहेको कुरासमेत उल्लेख भएको छ । तर नेपाल दूर सञ्चार संस्थानले भने विनियमबाट संस्थानको कर्मचारीको सेवा शर्त आदि व्यवस्थित गरेको देखिएकोमा ऐन बमोजिम त्यस्तो विनियम संस्थानका काम कुराहरुको उचित संपादनको निमित्तसम्म मात्र वन्न सकिने देखिएको, कर्मचारीको सेवा शर्त आदि वारेमा भने नियमबाट नै तोकिनु पर्ने र त्यसपछि ऐन र नियममा वाधा नपर्ने गरी संस्थानले विनियम बनाई श्री ५ को सरकारको स्वीकृति प्राप्त भएपछि लागू गर्नुपर्ने देखिएकोले सवै सञ्चार संस्थानहरुको निमित्त सञ्चार संस्थान ऐन, २०२८ बने जस्तै सो ऐन अन्तर्गत सञ्चार संस्थान नियमावली श्री ५ को सरकारले बनाउनु पर्ने र ती ऐन नियममा वाधा विरोध नपर्ने गरी संस्थानले विनियम वनाई श्री ५ को सरकारबाट स्वीकृति प्राप्त गरी लागू गर्नु गराउनु पर्ने भएकोले आवश्यक तर्जुमा, संशोधन एवं परिवर्तनसमेत को लागि कारवाही गर्न सूचना तथा सञ्चार मन्त्रालयलाई लेख्ने यस आयोगवाट विगतमा निर्णय भएको थियो ।

यसमा उपरोक्त निर्णय बमोजिमको नियमावली हालसम्म पनि वनी नसकेकोले यथाशीघ्र निर्णय कार्यान्वयन गर्नेतर्फ व्यवस्था हुन भनी यस आयोगवाट मिति २०५५।१२।१२ मा पुनः लेखिपठाउंदा सूचना तथा सञ्चार मन्त्रालयवाट सञ्चार संस्थान ऐन, २०२८ मा भएको दोश्रो संशोधन अनुसार विनियमबाट पनि कर्मचारीको सेवा शर्तसमेत तोकिने प्रावधान भएको भन्ने नेपाल राजपत्रमा मिति २०५३।८।२३ मा प्रकाशित सूचनाको फोटोकपी संलग्न गरी प्राप्त हुन आएको देखियो । यसमा नियमावली नबनेको अवस्थामा विनियमावली बन्न नसक्ने र सूचना तथा सञ्चार मन्त्रालयबाट प्रेषित राजपत्रको फोटोकपीमा समेत नियमावली पछि विनियमावली बन्न सक्ने स्पष्ट व्यवस्था भएकोले आयोगको पूर्व निर्णयानुसार अविलम्ब नियमावली तयार पार्ने आवश्यक व्यवस्थाको लागि सूचना तथा सञ्चार मन्त्रालयको ध्यानाकर्षण गराइएको ।

१७. हिमाल सिमेन्ट कम्पनीबाट कम्पनीलाई आवश्यक पर्ने कोइला लगायतका कच्चा पदार्थ आपूर्ति गर्दा अनियमितता भएको भन्ने सम्बन्धमा छानवीन हुंदा हिमाल सिमेन्ट कम्पनी लि.बाट प्राप्त सम्बन्धित कागजात एवं जवाफ जानकारी र कम्पनीको कार्यविधि समेतका आधारमा भ्रष्टाचार भएको भन्ने कुरा खुल्न नआएको, तर कम्पनीमा सिमेन्ट

उत्पादनको लागि अति आवश्यक कच्चा पदार्थको आपूर्ति एउटै मात्र श्रोतमा निर्भर रहेको जस्तो देखिंदा ब्रिजकोकको आपूर्ति हुन नसक्ने र उत्पादनमा पनि प्रतिकूल असर पर्ने भएकोले वैकल्पिक श्रोतको रुपमा कार्यविधि र नियमावलीमा व्यवस्था भए अनुसार भारत सरकारको दुर्गापुर स्टील प्लान्ट र दि इण्डियन आइरन एण्ड स्टील कं.लि. बाट सोझै खरीद गर्ने गरिएको जानकारी प्राप्त हुन आएको सन्दर्भमा यसरी सोझै खरीद गर्नका लागि पनि विविध शर्त तथा अवस्थाहरु (Terms and Conditions) विद्यमान भएको खण्डमा मात्र खरीद गर्न सक्ने प्रावधान राखिनु उचित हुने हुंदा कम्पनीको कार्यविधि, २०४५ को परिच्छेद २१ को सम्बन्धित दफाहरुमा (Related clause and sub clause) उचित संशोधन गर्न कम्पनीलाई सुझाव पठाइएको ।

१८. गोरखापत्र संस्थानमा संस्थानलाई आवश्यक पर्ने विभिन्न सामान, उपकरणहरु संस्थानको आर्थिक विनियमावली बिपरित खरीद गरेको भन्ने सम्बन्धमा छानवीन हुंदा संस्थानको विनियमावली अनुसार रु. ५०,०००/- भन्दा बढी मूल्य पर्ने सामानहरु बोलपत्रको प्रकृयाबाट प्रतिस्पर्धाको आधारमा खरीद गर्नु पर्नेमा सीधै बिक्रेता तथा कारखानाहरुबाट कोटेशन लिई खरीद गरेको र यस सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयबाट ती सामानहरुलाई प्रोप्राइटरी सामान भन्न नमिल्ने रायसमेत प्राप्त भएकोले गोरखापत्र संस्थानलाई आर्थिक ऐन, नियमहरुको पालना गर्न सचेत रहन तथा अब उप्रान्त आर्थिक ऐन, नियमहरुको परिधिभित्र रहेर मात्र खरीद सम्बन्धी कार्य गर्न सूचना तथा सञ्चार मन्त्रालयमार्फत् लेखिएको ।

अनुसन्धान तहकिकातको विवरण

क) पुनरावेदन अदालतसमक्ष मुद्दा दायर भएको विवरण :-

शाही नेपाल वायुसेवा निगमका बिभिन्न पदाधिकारीहरुले अनधिकृत र गैर कानूनी रुपले अमेरिकी चेज एयर कम्पनीसंग ६ महिनाको लागि विमान भाडामा लिने संझौता गरी पेश्की उपलब्ध गराएको र विमान नै नआई पेश्कीको सो ठूलो रकम नोक्सानी परेको भन्नेसमेत विषयमा अनुसन्धान हुंदा निम्नानुसार गरी मुद्दा दायर गरिएको :-

१. शाही नेपाल वायुसेवा निगम र अमेरिकी चेज एयर कम्पनीबीच विमान भाडामा लिने दिने संझौता गर्दा र रकम अग्रिम भुक्तानी पठाउंदा अधिकार प्राप्त सञ्चालक समितिले अधिकार सुम्पेभन्दा वाहिर गई सप्लायर लिष्टमा नपरेको कम्पनीसंग विमान भाडामा लिने संझौता गरेको, संझौता गर्नु पूर्व पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सहमति लिनु पर्नेमा सो सहमति प्राप्त नभएपछि तथ्य कुरा सञ्चालक समितिमा प्रस्तुत गरी निर्णयानुसार गर्नु पर्नेमा सो नगरेको र बैङ्क ग्यारेण्टी लिई मात्र रकम अग्रिम भुक्तानी दिनु पर्नेमा स्वयं आफैले गरेको, संझौताको शर्त एवं शाही नेपाल वायुसेवा निगम ऐन, नियम र विनियम विपरित बैक ग्यारेन्टी नै नलिई रकम अग्रीम भुक्तानी पठाउने कार्य गर्नुका साथै आफूद्वारा नियोजित वदनियतपूर्ण काम गराउन कर्मचारीहरुलाई समेत डिक्टेट गराई पत्र लेखाउने काममा संलग्न रही चेज एयर कम्पनी र आफूलाई गैरकानूनी लाभ पुऱ्याउने वदनियत राखी कार्य गर्ने शाही नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्ष हङ्गकङ्ग राना मगरलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (२) को कसूरमा सोही दफा अनुसार कैद र जरिवानाका अतिरिक्त ऐनको दफा १४ (क) अनुसार थप सजाय गरी विगो भराई पाउनसमेत माग दावी लिइएको ।

उक्त कार्यमा शुरुदेखि नै सहभागी रही उल्लेखित प्रकृतिको संझौता गर्ने अधिकार प्रत्यायोजन गर्न सहमती दिने र सो सिलसिलामा बसेको विभागीय प्रमुखहरुको बैठकमा अनावश्यक रुपमा उपस्थित भै उल्लेखित विमान भाडामा लिई रकम पठाउन दवाव दिने र आफूद्वारा नियोजित वदनियतपूर्ण काम गराउन कर्मचारीहरुलाई समेत डिक्टेट गराई पत्र लेखाउने काममा संलग्न रहने सञ्चालक सदस्यद्वय अच्युतराज गौतम र गजेन्द्रराज श्रेष्ठको हकमा भ्र.नि.ऐन, २०१७ को दफा ७ (२) को कसूरमा सोही दफा अनुसार सजायको माग दावीको साथै दामासाहीले विगोसमेत भराई पाउने दावी लिइएको ।

शाही नेपाल वायुसेवा निगमलाई विमान भाडामा दिने वहाना गरी माथि उल्लेखित व्यक्तिहरुसमेत संगको आपसी मिलेमतोमा संझौताको नाटक गरी पेश्की रकम पठाउन लगाई आफू र उल्लेखित व्यक्तिहरुबीच रकम बांडीचुडी खाने वदनियतपूर्ण कार्यमा संलग्न देखिएका चेज एयरका प्रेसीडेण्ट तथा चीफ एक्जेक्यूटीभ अफिसर सेसील विन्टर्सउपर भ्र.नि.ऐन, २०१७ को दफा ८ को कसूरमा सोही दफा अनुसार सजाय हुन दावी लिइएको ।

उल्लेखित व्यक्तिहरु कार्यकारी अध्यक्ष हङ्गकङ्ग राना, सञ्चालक अच्युतराज गौतम र गजेन्द्रराज श्रेष्ठ एवं सेसील विन्टर्ससमेत वाट गैर कानूनी एवं वदनियतपूर्ण कार्य गरी निगमलाई नोक्सानी पुऱ्याएको अमेरिकी डलर ७,८३,७५० (सात लाख त्रीयासी हजार सात शय पचास) वरावरको तत्कालको सटही दर ६८।२५ का दरले हुने नेपाली रुपैया ५,३४,९०,९३७।५० (पांच करोड चौतीस लाख नव्वे हजार नौसय सैतीस र पैसा पचास) निजहरुले सो रकम भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (२) तथा ८ को कसूर गरी हानी नोक्सानी पुऱ्याएकाले सोही दफा अनुसार कारवाही भई कैद तथा विगो बमोजिमको रु. ५,३४,९०,९३७।५० जनही जरिवाना हुन र विगोको हकमा निगमले कानूनी कारवाही गरी ३,१६,३९६.२२ (तीन लाख सोह हजार तीनसय छ्यानव्वे र वाइस सेन्ट) अमेरिकी डलरको तत्कालको सटही दर ६८।२५ ले हुने ने.रु. २,१५,९४,०४२।०२ (दुई करोड पन्द्र लाख चौरानव्वे हजार वयालीस रुपैया र पैसा दुई) फिर्ता प्राप्त गरेको भन्ने निगमको पत्रबाट देखिएको हुंदा वांकी रकम भ्र.नि.ऐन, २०१७ को दफा २९ अनुसार अमेरिकी डलर ४,६७,३५३.७८ (चार लाख सतसठ्ठी हजार तीनसय त्रीपन्न र अठहत्तर सेन्ट) को तत्कालको सटही दर ६८।२५ का दरले हुने नेपाली रुपैया ३,१८,९६,८९५।४८ (तीन करोड अठार लाख छ्यानव्वे हजार आठसय पन्चानव्वे र पैसा अठचालीस) को दामासाहीले हुने रु. ७९,७४,२२३।८७ (उनासी लाख चौहत्तर हजार दुईसय तेइस र पैसा सतासी) उपरोक्त

उल्लेखित जवान ४ (चार) बाट जनही विगो भराई पाउन माग दावी लिई पुनरावेदन अदालत, पाटनमा अभियोग पत्र दायर गरिएको ।

शाही नेपाल वायुसेवा निगमको सञ्चालक सदस्य मनोनयन गर्दा कानून बमोजिम योग्यता पुगेका व्यक्तिलाई मनोनयन गर्नु पर्नेमा विमान सेवाको कुनै अनुभव नभएका व्यक्तिलाई मनोनयन गरिएको र वैङ्क ग्यारेण्टी विना नै रकम पठाइदैछ भन्ने जानकारी हुंदा हुंदै निगमबाट भएको वदनियतपूर्ण काम कारवाहीमा कुनै नियन्त्रण गरेकोसम्म पनि नदेखिंदा तत्कालीन माननीय पर्यटन तथा नागरिक उड्डयन मन्त्री यामलाल कडेलले सार्वजनिक जवाफदेही निर्वाह गरेको भन्न सकिने अवस्था देखिन नआएकोले अब आइन्दा यस्तो कार्य हुन नपाउने व्यवस्था मिलाउन मन्त्रिपरिषद् सचिवालयमार्फत् लेखिएको ।

प्रत्येक पटक जहाज भाडामा लिंदा व्यापक विवाद एवं जनचर्चा रहने गरेको सन्दर्भमा तालुक मन्त्रालयको सचिवको हैसियतले निगममा यस किसिमको गैर कानूनी कारवाही भइरहेको तथा भएकोमा कुनै कारवाही गरेको नदेखिंदा पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सचिव दीपेन्द्रपुरुष ढकालले पदीय कर्तव्य निर्वाह गरेको देखिन आएन । निगममा यस किसिमको अख्तियार दुरुपयोग हुनेतर्फ सजग रही नियन्त्रण गर्नु पर्नेमा निगमले पत्रद्वारा सहमति माग गरेकोमा निगमकै अधिकार भनी पन्छिने किसिमले गरेको निजको कार्यलाई जिम्मेवारी वहन गरेको भन्न सकिदैन । तसर्थ आगामी दिनहरुमा मन्त्रालयले आवश्यक निर्देशन तथा नियन्त्रण गर्न पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई लेखिएको ।

सञ्चालक समितिको बैठकमा उपस्थित भई चेज एयर र निगमबीच को संझौतालाई अनुमोदन हुने किसिमले सञ्चालक सदस्य (महानिर्देशक, पर्यटन तथा नागरिक उड्डयन प्राधिकरण, तत्कालीन हवाई बिभाग) नगेन्द्रप्रसाद घिमिरेले सहमति दिइएको सबै कुरा बुझेर मात्र संझौताको कारवाहीलाई सहमति दिनु पर्नेमा सो नगरी जिम्मेवारी पूरा गर्दा सतर्कता अपनाएको नदेखिएकोले निजलाई सचेत गराइएको ।

शाही नेपाल वायुसेवा निगम, अर्थ बिभागको विभागीय प्रमुखको हैसियतले काम गर्दा संझौता अनुसारको रकम पठाउन पत्र लेख्दा रकम पठाउने शर्तहरु के कस्ता छन् त्यसलाई हेरी प्रतिरोध गर्नु पर्ने भए सो गर्नु पर्नेमा गरेको नदेखिएकोले अर्थ बिभागका तत्कालीन नि. प्रमुख जनककुमार अर्याललाई सचेत गराइएको ।

यसका साथै सञ्चालक सदस्यहरु शंकरप्रसाद कोइराला, लोकमानसिं कार्की, तत्कालीन सञ्चालक सदस्य हरिभक्त श्रेष्ठ, निगमका नायव महाप्रवन्धक आर. आर. श्रेष्ठ, कर्पोरेट बिभागका तत्कालीन नि. निर्देशक तुलसीप्रसाद चापागाई, अर्थ बिभागका उपेन्द्रप्रसाद उपाध्याय, कवीन्द्र अमात्य र माणिकमान बज्राचार्य तथा नेपाल राष्ट्र बैङ्कका डेपुटी गभर्नर भरतकृष्ण शर्मा तथा मुरारीप्रसाद भेटवालका हकमा निजहरुबाट प्रस्तुत विवादका सन्दर्भमा कुनै किसिमको गैर कानूनी वा त्रुटीपूर्ण कार्य भए गरेको नदेखिएको ।

उदयपुर सिमेन्ट उद्योगले उद्योगलाई आवश्यक पर्ने बोराहरु गत वर्ष ९।- रुपैया प्रति गोटाका दरले खरीद गरेकोमा यस वर्ष टेण्डर नगरी गोल्छा अर्गनाइजेशनबाट प्रति बोरा १५।- रुपैयाका दरले १५ लाख बोरा कोटेशनबाट खरीद गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान हुंदा निम्नानुसार गरी मुद्दा दायर गरिएको :-

२. यसमा उद्योगका लागि आवश्यक पर्ने सागरनाथ ट्रेडर्सले बोलपत्रद्वारा उपलब्ध गराएको ६ लाख ९१ हजार बोराहरुमध्ये प्रयोग हुन सक्ने जति प्रयोग गर्नु पर्नेमा नगरी स्टोरमा नै सडाई राखी उदयपुर सिमेन्ट उद्योगका तत्कालीन कार्यकारी अध्यक्ष कृष्णबहादुर राउतले हुंदै नभएको संकटको स्थिति देखाई थप बोराहरु खरीद गरेको देखियो । त्यसै गरी १० लाख बोरा बजारबाट सोझै खरीद गरेको समेत देखिन आयो ।

मौज्दातमा रहेको बोरा प्रयोग गर्ने र खराब बोराको सट्टा सोधभर्ना गर्ने तथा सप्लाई हुन बांकी ३ लाख ९ हजार बोरा कारखानामा सप्लाई गरी उद्योगलाई स्वीकार भएपछि मात्र भुक्तानी लिने जस्तो उद्योगको हितमा सप्लायरसंग भएको पूर्व संझौतालाई वास्तै नगरी सो विषय संचालक समितिमा पेश पनि नगरी दबाएको र मौज्दातमा रहेको बोराले बिक्री वितरणको लागि असर नपर्ने एवं सिमेन्ट सुरक्षणका लागि भकारीको क्षमता पर्याप्त हुंदा हुंदै बोराको संकट देखाई टेण्डर प्रकृया अपनाउन समयाभाव रहेको भन्ने काल्पनिक स्थिति सृजना गरी नयां बोरा ऐन नियम विपरित

खरीद गरी कमिशन लिने र कारखानालाई नोक्सान पुऱ्याई आफूलाई फाइदा पुऱ्याउने कामसमेत अध्यक्ष कृष्णबहादुर राउतबाट भएको देखियो ।

सागरनाथ ट्रेडर्सबाट पूर्व सम्झौता अनुसार प्राप्त हुन बांकी ३ लाख ९१ हजार थान बोरा उपलब्ध गराउन उक्त ट्रेडर्सले रु. ८।५६ प्रति व्याग मूल्यमा दिने कबोल गर्दा गर्दै रु. १५।- मा विना बोलपत्र रु. ६।४४ बढी मूल्य तिरी ५ लाख ११ हजार ५ सय थान बोरा खरीद गरेको कार्य बदनियतपूर्ण देखिएकोले उद्योगको आर्थिक प्रशासन नियमावली, २०४८ को नियम ४.२(३) विपरित उद्योगलाई रु. ३२,९४,०६०।- हानी र आफूलाई गैर कानूनी फाइदा पुऱ्याएको देखिन आएकोले उदयपुर सिमेन्ट उद्योगका अध्यक्ष निज कृष्णबहादुर राउतलाई भ्र.नि.ऐन, २०१७ को दफा ७(२) बमोजिम सजाय गरी ऐनको दफा २९ बमोजिम विगो भराई पाउन माग दावी लिई पुनरावेदन अदालत, राजविराजमा मुद्दा दायर गरिएको ।

प्रस्तुत विवादका सम्बन्धमा उदयपुर सिमेन्ट उद्योगमा सिमेन्ट प्याकिंग गर्न व्यागको अभाव भई उत्पादित सिमेन्ट बिक्री गर्न कठिनाई परी मल्टी फाइवर्ससंग २० हजार थान जूट व्याग खरीद गरी काम चलाएकोमा समर्थन गरेको र आगामी दिनहरुको लागि पनि उद्योगमा सिमेन्ट भर्ने व्यागहरुको कमी नै भई रहेकोले खरीद गरी सकेको २० हजार थान भित्र पर्ने गरी ५ लाख थान बोरा खरीद गर्ने भन्ने संचालक समितिको मिति २०५३।३।९ को निर्णय भएको देखिंदा उक्त निर्णय गर्ने संचालक समितिका अन्य सदस्यहरु रामानन्द मिश्र, तीर्थराज शर्मा, निमित्त महाप्रवन्धक किरणराज पौडेलसमेत ले उक्त उद्योगको भण्डारमा बोराको मौज्दात स्थिति के कस्तो छ सोतर्फ ध्यानै नदिई कार्यकारी अध्यक्षले देखाएको बोराको अभावलाई यथार्थमा कार्यान्वयन हुने गरी मौखिक अर्डर दिई खरीद भएको जूट बोरा २० हजार थानको समर्थन तथा ५ लाख थान जूट बोरा प्रतिस्पर्धा नै नगराई खरीद गर्ने स्वीकृति दिई उद्योगलाई बढी आर्थिक भार पुग्ने कार्यमा मद्दत गरेको देखिंदा निजहरुलाई सचेत गराउन उद्योग मन्त्रालयलाई लेखिएको ।

यस अतिरिक्त उद्योग मन्त्रालयलाई यसै सन्दर्भमा निम्न बमोजिमको व्यवस्था हुनु पर्ने व्यहोराको सुझाव समेत पठाइएको :-

(क) वर्ष भरिमा के कति परिमाण सिमेन्ट उत्पादन हुन्छ, प्याकिङ्गको लागि के कति बोरा आवश्यक पर्दछ भन्ने विषयमा २०४९ सालदेखि उत्पादन शुरु भएको उद्योगमा हालसम्म पनि कुनै लेखाजोखा नै नगरी बोलपत्रद्वारा खरीद गर्न भनिएको बोरा उद्योगमा उपलब्ध हुनु अघि बोलपत्रबाट माग गरिएभन्दा झण्डै दोब्बर परिमाणमा एकवर्ष भित्र अरु बोराहरु सोझै खरीद गरेकोसमेत देखिएकोले योजना र कार्यक्रमका आधारमा कति परिमाणमा सामाग्री आवश्यक पर्छ, विगत वर्षको उत्पादनको आधारमा यकीन गरी उद्योगको संरक्षण र विकासमा उद्योगको लागि आवश्यक सामाग्रीहरु बोलपत्रद्वारा समयमै व्यवस्थित तवरले खरीद गर्ने व्यवस्था हुन र दरभाउ पत्र वा सोझै बजारबाट खरीद गर्ने प्रकृयालाई निरुत्साहित गर्नेतर्फ व्यवस्था मिलाउन ।

(ख) प्राप्त भएका बोराहरु उद्योगको जिन्सी रजिष्टरमा आम्दानी बांध्नु अगावै खर्च हुने र पछि मात्र आम्दानी बांध्ने गरेको तथा कुन आ.व.मा कति बोरा उद्योगमा प्राप्त भयो, कति बोरा खर्च भै मौज्दात कति छ भन्ने तथ्यगत विवरण नियमानुसार स्पष्ट देखिने गरी रेकर्ड राख्ने गर्नु पर्नेमा नगदी स्टोरका कर्मचारीले संझनाका लागि टिपेको टिपोटकै भरमा बोराहरुको आम्दानी र खर्चको हिसाव निकाल्नु पर्ने स्थितिसमेत रहेको देखिएकोले उद्योगमा हुने आर्थिक काम कारवाईमा पारदर्शिता, व्यवस्थित र नियमितसमेत गर्नका लागि खरीद, स्टोर दाखिला र खर्चको नियमानुसारको अवस्था देखिने गरी अभिलेख राख्ने व्यवस्था तत्काल लागू गर्न ।

(ग) निश्चित नीति र कार्यक्रमको अभावमा व्यवस्थापनमा पदाधिकारीको परिवर्तनका साथै उद्योगमा हुने काम कारवाईको प्रकृयामा समेत परिवर्तन हुने गरेको पाइएको र यसबाट अन्यौलको स्थिति सृजना हुने गरेकोले उद्योगमा स्पष्ट नीति र कार्यक्रम तय गरी उद्योग संचालन गर्ने व्यवस्था हुन ।

(घ) प्रशासनिक खर्च, उत्पादनका लागि कच्चा पदार्थ आपूर्तिको खर्च, मेशीनरी साधनहरुको घिसावट (डेप्रिसिएशन) लागत आदि वार्षिक बजेट तर्जुमा लगायत नाफा नोक्सानको मूल्यांकन गरी सोको आधारमा उद्योगमा काम कारवाई हुने गरेको नदेखिएकोले व्यवसायिकताको दृष्टिले उद्योगको संरक्षण र विकासको खातिर पनि मूल्यांकन गरी उद्योग संचालन गर्न आवश्यक भएकोले सोको व्यवस्था तत्काल हुन ।

(ङ) उद्योगको काम कारवाई लापरवाहीपूर्ण तरिकाले हुने गरेको तथ्य सागरनाथ ट्रेडर्सको बोलपत्र साथ पेश भएको परफरमेन्स वण्ड (बैंक जमानी पत्र) समयमै जफत हुन नसकी उक्त ट्रेडर्सले फुकुवा गरी लान सफल भएबाट पनि स्पष्ट हुन आएको हुंदा यसरी औद्योगिक व्यवस्थापन संचालन गर्ने पदाधिकारीबाट यस्तो गल्ती नदोहोऱ्याउनेतर्फ आवश्यक व्यवस्था मिलाउन ।

(च) सागरनाथ ट्रेडर्सले सम्झौता अनुसार बुझाएको ६,४९,००० थान वोराको छानवीन गरी प्रयोग गर्ने सम्बन्धी भएको द्विपक्षीय सम्झौता र बुझाउन बांकी वोराहरुको सम्बन्धमा उद्योगलाई नै हीत हुने प्रस्ताव पेश गरेकोमा सो प्रस्ताव कार्यान्वयन गर्ने सम्बन्धमा संचालक समितिको बैठकमा पेशसमेत नगरेबाट पूर्व व्यवस्थापनबाट भए गरेका काम कारवाईलाई निरन्तरता दिने परिपाटी नभएको स्पष्ट देखिएकोले उद्योगलाई हीत हुने सवालमा पूर्व व्यवस्थापनबाट भए गरेका काम कारवाईलाई अनिवार्य रुपमा निरन्तरता दिने परिपाटी बसाल्ने व्यवस्था मिलाउने ।

मन्त्रालयस्तरबाट यस्तो विषयमा निरीक्षण, नियन्त्रण, र स्याहार, सम्बर्द्धनतर्फ कुनै प्रकारको प्रयास भएको नदेखिनु अत्यन्तै चिन्ताजनक भएको व्यहोरासमेत सो सुझावमा उल्लेख गरिएको ।

जनकपुर चुरोट कारखाना लि.बाट बाली वर्ष १९९५ (२०५२।५३) का लागि आवश्यक पर्ने सूर्ति खरीद गर्ने क्रममा टेण्डरमा उल्लेखित प्राइस भ्यालिडिटी डेट नघाई संकटको स्थिति सृजना गरी कोटेशनबाट सूर्ति खरीद गरी कारखानालाई नोक्सान पुऱ्याएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा निम्नानुसार गरी मुद्दा दायर गरिएको :-

३. टेण्डरको अन्तिम मिति २०५२।३।१८ देखि १२० दिन सम्म प्राइस भ्यालिडिटी डेट रहने र सो अवधिभित्र टेण्डरसम्बन्धी सबै प्रक्रिया पूरा गरी टेण्डर स्वीकृत गरिने पार्टीसंग सम्झौता भइसक्नु पर्नेमा २०५२।३।१८ बाट २०५२।७।१२ मा नै १२० दिनको प्राइस भ्यालिडिटी डेट पूरा हुनेमा २०५२।७।१७ सम्म प्राइस भ्यालिडिटी डेट रहने देखाएको, २०५२।३।१९ मा टेण्डर खोलिएपछि यथासमय व्यवस्थापनले आवश्यक प्रक्रिया पूरा गरी संचालक समितिको बैठकमा पेश गर्नु पर्नेमा ३ महिनापछि मात्र मिति २०५२।७।६ मा टेण्डर स्वीकृतिका लागि पेश गरेको र बैठकले केही अस्पष्ट कुराहरु स्पष्ट गरी पेश गर्न उपसमिति बनाई उपसमितिमार्फत् पुनः पेश गराउन महाप्रवन्धक डा. गोपालप्रसाद श्रेष्ठलाई निर्देशन दिएकोमा प्राइस भ्यालिडिटी डेटको सीमालाई उपेक्षा गरी सो अवधि नाघेपछि २०५२।७।३० मा मात्र उपसमितिले राय प्रतिवेदन पेश गरेको देखियो । प्राइस भ्यालिडिटी डेट नाघी टेण्डरदाताले प्राइस भ्यालिडिटी डेट वढाउन सहमत नभएपछि कारखानाको उत्पादनमा संकटको स्थिति सृजना हुन नदिन तत्काल नभई नहुने एक डेढ महिना जतिको लागि केही परिमाण सूर्ति कोटेशनमा खरीद गर्न स्वीकृतीको लागि पेश गरी वांकी परिमाणको लागि पुनः टेण्डर प्रक्रिया शुरु गर्नु पर्नेमा त्यसतर्फ ध्यान नदिई त्यसवेलादेखि २०५३ जेष्ठसम्म झण्डै ७ महिना जति संकटको नाममा कोटेशन प्रक्रियावाट विभिन्न ग्रेडको ३६४ मे.टन सूर्ति भारतको गन्टुर समेतमा गई टेण्डरमा प्रस्तावित दर भन्दा झण्डै दोव्वर बढी दरमा खरीद गरी कारखानालाई रु १,१५,०५,२९६।- नोक्सान पुऱ्याई सप्लायर्सहरुसंगको मिलेमतोमा आफू र सप्लायर्सहरुलाई फाइदा पुऱ्याएको देखियो । यो नोक्सान पुऱ्याउने कार्यमा टेण्डरसम्बन्धी आन्तरिक प्रक्रियाहरु समयमै पूरा गराई टेण्डर स्वीकृतिका लागि संचालक समितिसमक्ष पेश नगर्ने साथै संचालक समितिको सदस्य सचिव पनि रहेको महाप्रवन्धक गोपालप्रसाद श्रेष्ठले भानु आचार्यको संयोजकत्वमा कल्याणवहादुर प्रधानसमेत सदस्य रहेको छानवीन समितिमा २०५२।७।३० मा मात्र फायल पेश गराएको र प्राईस भ्यालिडिटी डेटवारे समयमा जानकारीसमेत नदिएको कारणवाट समयमा सूर्ति खरीद प्रक्रियाको टुंगो लाग्न नसक्ने गरी दुराशयपूर्वक कमिसनको कारणले संकट सृजना गरेकोले तत्कालीन महाप्रवन्धक डा. गोपालप्रसाद श्रेष्ठ नै पूर्ण जिम्मेवार देखिएको हुंदा निजको बदनियतपूर्ण कार्यले जनकपुर चुरोट कारखानालाई हुन गएको उक्त नोक्सानी भ्र.नि.ऐन, २०१७ को दफा २९ अनुसार निजवाट असूलउपर गराई पाउन सोही ऐनको दफा ७(२) अनुसार सजायको माग दावी लिई पुनरावेदन अदालत, जनकपुरमा अभियोग पत्र दायर गरिएको ।

प्रस्तुत टेण्डरसम्बन्धमा प्राइस भ्यालिडिटी डेट अवधि २०५२।७।१२ भित्र टेण्डरसम्बन्धी सम्पूर्ण प्रक्रिया पूरा गरी सक्नुपर्ने अनिवार्यता भएको अवस्थामा २०५२।७।६ को संचालक समितिको बैठकले अस्पष्ट भएका कुरा वारे स्पष्ट हुन प्रतिवेदन लिन उपसमिति वनाई सकेपछि सो उपसमितिवाट तत्काल अध्ययन गराई प्रतिवेदन लिनु पर्नेमा सो नगरी प्राइस भ्यालिडिटी अवधिको सीमालाई गम्भीरतापूर्वक नलिई प्राइस भ्यालिडिटी डेट नाघेपछि २०५२।७।३० मा मात्र प्रतिवेदन दिएको कुरालाई संचालक समितिले सामान्य रुपमा लिएको र पुनः टेण्डर प्रक्रिया अपनाउन व्यवस्थापनलाई निर्देशन नदिई जनकपुर चुरोट कारखानाको आर्थिक प्रशासन सम्बन्धी नियमहरु, २०४२ विपरित हुने गरी करीव ७ महिनाको

अवधिसम्म कोटेशन प्रक्रियावाट सूर्ति खरीद गर्न स्वीकृत गरी खरीद कार्यको अनुमोदनसमेत लापरवाहीपूर्वक गरी व्यवस्थापनको गैरकानूनी कार्यलाई अझै प्रोत्साहन पुऱ्याएको कारणबाट कारखानालाई नोक्सान पुगन गएको हुंदा संचालक समितिका तत्कालीन अध्यक्ष लगायतका सदस्यहरु र सह सचिव कल्याणबहादुर प्रधानलाई निजहरुको क्रियाकलाप जनकपुर चुरोट कारखानाको उल्लेखित कामको सन्दर्भमा सन्तोषजनक नदेखिएकोले सचेत गराउन मन्त्रिपरिषद् सचिवालयलाई लेखिएको ।

दुग्ध विकास संस्थान अन्तर्गत पशुपतिनगर चीज कारखानाको क्षमता बृद्धि गर्ने सिलसिलामा उक्त संस्थानले चीज भ्याट (चीज उत्पादनसम्बन्धी उपकरण) खरीद गर्ने क्रममा सप्लायर्स र संस्थानको व्यवस्थापनका जिम्मेवार पदाधिकारीहरुको मिलेमतोमा संस्थानको स्वीकृत स्पेशिफिकेशन विपरितको, पुरानो र प्रयोगमा ल्याउन नमिल्ने चीज भ्याट खरीद गरी संस्थानलाई भा.रु. २३,२०,०००।- घाटा र संस्थानका अध्यक्ष देवेन्द्र झा र सप्लायर्सको एजेण्टको रुपमा प्रस्तुत भएको व्यक्ति सुनीत माथुरलाई फाइदा पुऱ्याई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा निम्नानुसार गरी मुद्दा दायर गरिएको :-

४. पूर्व स्वीकृत टेण्डर अनुसार चीज भ्याट सप्लाई भई नआएको कारण देखाई मिति २०५३।८।९ को संचालक समितिको बैठकले आवश्यक परेमा भारतसमेत गई उत्पादक कम्पनीहरुबाट वार्तालापद्वारा खरीद गर्न अध्यक्ष देवेन्द्र झा संयोजक तथा संचालक ध्रुवकुमार सुब्बा लिम्बु र चीफ टेक्निकल अफिसर अरुण श्रेष्ठ सदस्य रहने समिति गठन गरी सोको भोलिपल्ट पूर्व सम्पर्कमा आएका निजका परिचित भारतस्थित प्रोजेक्ट इन्जिनियरिंग सर्भिसेज, नयां दिल्लीका स्थानीय एजेन्ट भनी देखाइएका पावर इन्जिनियरिंग प्रा.लि. काठमाडौंका कथित मुख्य कार्यकारी सुनीत माथुरसंग मिलेमतो गरी निज माथुरबाट प्राप्त पावर इन्जिनियरिंग प्रा.लि.को नाम रहेको लेटर प्याडमा २५।११।१९९६ तद्नुसार मिति २०५३।८।१० को पत्रसाथ संलग्न इन्भ्वाइस अनुसार सक्कल स्पेसिफिकेशन देखाई चीज भ्याट खरीद गर्ने भनी लेखिएको निर्णयमा आफूले र अन्य सदस्यद्वयलाई दस्तखत गराएको, ३।१२।१९९६ (२०५३।८।१८) मा सम्झौता गर्दा आफूलाई अधिकार प्राप्त हुनु अगावै सप्लायर्सबाट लिइरहेको १५।११।१९९६ (२०५३।७।३०) को कोटेशनको आधारमा एसेप्टेन्स लेटर पठाई सो अनुसार सम्झौता गरी एल.सी. खोली थर्ड पार्टी इन्स्पेक्शन सर्टिफिकेट प्राप्त भएकोमा सम्झौता भएको ५ दिन पछि ८।१२।१९९६ मा सुनीत माथुरले सम्झौता संशोधन गर्न माग गरेको, सम्झौता पत्रको अङ्ग भनिएको दफा ६ (ए) को १५।११।१९९६ को पत्रको सट्टा २५।११।१९९६ को पत्र समावेश गर्ने गरी विना मिति, विना दर्ता र दि.ा साक्षी गोप्य रुपमा गरिएको संशोधित सम्झौतामा सप्लायर्स तर्फबाट सुनीत माथुर र संस्थानका तर्फबाट अध्यक्ष देवेन्द्र झाले दस्तखत गरेको, सम्झौतामा मेशीन जडान परीक्षण र वारेन्टीको कुनै व्यवस्था नगरेको र चीज उपकरणको डकुमेन्ट प्राप्त भएपछि ८०% र उपकरण जडान भएपछि बांकी २०% भुक्तानी दिनु पर्ने प्रचलित व्यवस्था विपरित देवेन्द्र झाले सुनीत माथुरको अनुरोधमा आफूलाई समेत फाइदा पुऱ्याउने उद्देश्यबाट शत प्रतिशत भुक्तानी दिने गरी एल.सी. खोल्न लगाई बदनियतपूर्ण कार्य गरेको देखियो ।

सप्लायर्सले सही गरेको स्पेसिफिकेशनसहित को कोटेशनको आधारमा भएको सम्झौताको ठाउंमा एजेण्ट नै नियुक्ति नभएको अनाधिकार व्यक्ति सुनीत माथुरले सही गरेको प्रोफर्मा इन्भ्वाइसलाई बदनियतपूर्वक कसैलाई थाहा नदिई सम्झौता फाइलमा समावेश गरी अध्यक्ष आफू र सुनीत माथुरको मिलेमतोमा संस्थानले दिएको अधिकार अनुसार उत्पादक कम्पनीहरुसंग वार्ता गर्नु पर्नेमा नगरी पावर इन्जिनियरिंग कम्पनीबाट पुरानो काम नलाग्ने सामान लिई भ्रष्टाचार गरेकोले भा.रु. २३,२०,०००।- बराबरको हुने नेपाली रुपैया ३७,१२,०००।- (सैतीस लाख बाह्र हजार) संस्थानलाई हानी नोक्सानी र आफूहरुलाई फाइदा पुऱ्याएको देखिन आयो ।

यसरी दुग्ध विकास संस्थानका तत्कालीन अध्यक्ष देवेन्द्र झालाई भ्र.नि.ऐन, २०१७ को दफा ७(२) र सुनित माथुरलाई ऐ ऐनको दफा ८ तथा दफा २९ बमोजिम दुवैबाट दामासाहीले विगो भराई जनही विगो बमोजिम जरिवाना तथा हदैसम्म को कैद सजाय हुन र व्यापार व्यवस्थापन प्रमुख राघवकिशोर भट्टराईले पशुपतिनगरमा नक्कली सामान आएपछि बुझ्ने क्रममा पेश भएको टिप्पणी अनुसार संस्थानका महाप्रवन्धकले संस्थानको स्पेसिफिकेशन बमोजिम सामान भएको नभएको हेरी स्पेसिफिकेशन बमोजिमको सामान बुझ्न आदेश गरेकोमा सो बमोजिम हेरी बुझी बुझ्न पठाउनु पर्नेमा सो बमोजिम नगरी नक्कली स्पेशिफिकेशन पठाई, पठाउन लगाई नक्कली सामान बुझ्ने कार्यमा अध्यक्षसंग को गैर कानूनी मिलोमतोमा रहे भएको भन्ने कुरा निजले नक्कली स्पेसिफिकेशनको पछाडी प्राइस ब्रेक डाउन लेखी लेखाई सही गरेको, सम्झौता तयार गर्दा एल.सी. रकमको शत प्रतिशत नै भुक्तानी दिने गरी सम्झौता तयार गरेको भन्ने निज राघव किशोर भट्टराई तथा देवेन्द्र झाको बयान समेतबाट प्रष्ट भएको हुंदा निज राघवकिशोर भट्टराईउपर भ्र.नि.ऐन, २०१७ को दफा १६(क) बमोजिम सजायको माग दावी लिई पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

यस वाहेक तत्कालीन प्राविधिक अधिकृत अरुणकुमार श्रेष्ठ, एल.सी. खोल्ने आर्थिक प्रवन्धक नारायणबहादुर श्रेष्ठ, पत्र लेख्ने शाखा अधिकृत खेमराज ओलीसमेत लाई निजहरुले आफ्नो काम कर्तव्यमा लापरवाही गरेको देखिएकोले सतर्क रहन सचेत गराइएको ।

ध्रुवकुमार सुव्वा लिम्बुलाई संचालक समितिको सदस्यमा नियुक्ति गरेको सम्बन्धमा हेर्दा निज शिक्षण पेशामा लागेको र सम्बन्धित क्षेत्रमा अनुभव नभएको हुंदा त्यस्तो व्यक्तिलाई संचालक समिति एवं खरीद समितिको सदस्यको रुपमा नियुक्ति गर्दा संस्थानलाई यस किसिमको हानी नोक्सानी पुग्ने पुऱ्याउने काम हुन जाने भएकोले आइन्दा संस्थानहरुको संचालक समितिको अध्यक्ष तथा सदस्यहरु नियुक्त गर्दा सम्बन्धित क्षेत्रको ज्ञान भएका व्यक्तिलाई मात्र नियुक्ति गर्न कृषि मन्त्रालय एवं मन्त्रीपरिषद्मा ध्यानाकर्षणको लागि लेखिएको ।

कोहलपुर नगर विकास समितिमा टेण्डरबाट गराउनु पर्ने कार्य टुक्रा टुक्रा गरी प्रति ठेक्का ५० हजारदेखि १ लाखसम्म लिई कोटेशनबाट काम गराएको र अन्य निर्माण कार्यहरुमा पनि व्यापक अनियमितता भएको भन्नेसमेत विषयमा अनुसन्धान हुंदा निम्नानुसार छुट्टा छुट्टै तीनवटा मुद्दा दायर गरिएको :-

५. कोहलपुर नगर विकास समितिका तत्कालीन अध्यक्ष चेतबहादुर थापाले एउटै कामलाई खण्ड खण्ड गरी आर्थिक प्रशासन सम्बन्धी नियमहरु, २०४२ (संशोधनसहित) को नियम २२ को उपनियमहरुको प्रावधान विपरित एक तहमाथि अर्थात् समितिसमक्ष पनि नलगी टेण्डरबाट गराउनु पर्ने कामलाई कोटेशनमा गराउने गरी आफूलाई अधिकार नै नभएको निर्णय गरेकोबाट निजले प्रचलित नेपाल कानूनको जानी जानी पालना नगरेको स्पष्ट हुन आएको, निजले विगतमा पनि कोटेशनबाट काम गराउंदा आफ्ना मानिसलाई कोटेशनको काम मिलाई दिने भनी पत्र नै लेख्ने गरेको प्रमाण प्राप्त भएको र निजले आफूले नै सो पत्रहरु लेखेको हो भन्ने सनाखतसमेत गरेकै हुंदा निजले आफ्ना मानिसलाई काम दिने बदनियत राखेको प्रष्ट भएको, टेण्डरबाट काम गराउंदा ल.इ. भन्दा करीब ४१ प्रतिशतसम्म घटीमा पनि सन्तोषजनक रुपमा कार्य सम्पन्न भएको उदाहरण सोही नगर विकास समितिमा हुंदा हुंदै पनि टुक्रा टुक्रा गरी कोटेशनबाट काम गराउने निर्णय गरेकोले निजले सो समितिलाई हानी नोक्सानी पुऱ्याउने बदनियत राखी आफ्नो बदनियतपूर्ण कार्य सम्पन्न गर्न आफ्नो पद प्रतिष्ठाको आडमा मातहतका कर्मचारीलाई दवावपूर्वक कानून विपरित हुने टिप्पणी पेश गर्न लगाएको र २०५३।१।२६ मा कोहलपुर नगर विकास समितिको बैठकले अब उप्रान्त ठेक्का पट्टा गराउंदा समितिको बैठकबाट निर्णय गराई कार्यान्वयन गराउने भन्ने निर्णय विपरित निज तत्कालीन अध्यक्ष चेतबहादुर थापाले आफैले कोटेशनबाट काम गराउने निर्णय गरेकोसमेत हुंदा निज चेतबहादुर थापाउपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) बमोजिम कैद र जरिवाना समेत गरिपाउन, तथा कोटेशनबाट काम गराउने गैर कानूनी निर्णयपश्चात् एउटै कामलाई टुक्रा टुक्रा गरी विभिन्न कम्पनीहरुलाई अगाडि पारी नियमले तोकेको संख्या पुऱ्याउन आवश्यक हुने सबै कोटेशन फाराम र खामहरुमा समेत आफ्नै हस्ताक्षरले लेखी भुक्तानी लिंदा पनि आफैले बैंकबाट रकम बुझिलिने कार्य गर्ने सतीशकुमार अग्रवालले समेत आफू राजनैतिक कार्यकर्ता भएकोले आफ्नै पार्टीद्वारा नियुक्त अध्यक्षसंग गैरकानूनी मिलेमतो गरी राजनैतिक पद प्रतिष्ठाको आडमा समितिलाई गैर कानूनी हानी र आफूलाई गैर कानूनी लाभ पुऱ्याउने बदनियतले फर्जी कागजात तयार गरी नेपाल कानून जानी जानी पालना नगरेको हुंदा निज सतीशकुमार अग्रवालउपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ बमोजिम कैद र जरिवानासमेत गरी पाउन पुनरावेदन अदालत, नेपालगञ्जमा मुद्दा दायर गरिएको ।

६. कोहलपुर नगर विकास समितिबाट भएको सी१-सी१३ सडक र ढल निर्माण कार्यको यस आयोगबाट भएको स्थलगत निरीक्षण तथा नापी मुचुल्कासमेत बाट साइट क्लियरेन्स र सब-ग्रेड तयारीको काम हुंदै नभएको भन्ने देखिएको र नरम माटो काटेको कामलाई कडा माटोमा वर्गीकृत गरी बढी दरमा भुक्तानी गरेको एवं नापी मुचुल्का अनुसार कम परिमाण काम भएकोलाई बढी परिमाण देखाई भुक्तानी गरेको समेतवाट यस निर्माण कार्यमा निम्न बमोजिम समितिलाई हानी नोक्सानी पुग्न गएको स्पष्ट हुन आयो :-

क) साइट क्लियरेन्सको कामै नभएकोमा भुक्तानी भएको रु. ३,०४,६८२।१०
ख) सबग्रेड तयारीको कामै नभएकोमा भुक्तानी भएको रु. ६०,९३६।४२
ग) मुचुल्का भन्दा टर्फिगको काममा बढी भुक्तानी भएको रु. १२,०७७।७०
घ) चौथो रनिंग बीलको नापी किताबको व्यहोरा अनुसार नरम माटो कटान गरिएकोमा अन्तिम बीलमा कडा माटो जनाई बढी भुक्तानी भएको, रु. २५,९२०।९०

ङ) नापी मुचुल्का भन्दा बढी परिमाण देखाई बढी भुक्तानी भएको, रु. १६,२१५।-

यथार्थ काम भन्दा बढी भुक्तानी भएको जम्मा रु. ४,१९,८३२।१२ पै.

यसरी नापी मुचुल्काभन्दा वढी भुक्तानीवाट समितिलाई हानी नोक्सानी पुग्न गएको सम्वन्धमा इन्जिनीयर तीर्थप्रसाद श्रेष्ठ, ओभरसीयर रामप्रसाद पाण्डे र ठे. किस्मत सिंहसमेत तीन जनाले नै अन्तिम बीलको नापी कितावमा सही दस्तखत गरेको देखिंदा निजहरु तीन जनाले मिलेमतो गरी कोहलपुर नगर विकास समितिलाई गैर कानूनी हानी पुऱ्याउने वदनियतले जानी जानी हुँदै नभएको कामलाई भएको भनी सिफारीश गर्ने र भुक्तानी लिने कार्य गरेको हुंदा निजहरु इन्जिनीयर तीर्थ प्रसाद श्रेष्ठ र ओभरसीयर राम प्रसाद पाण्डेलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) बमोजिम तथा ठेकेदार किस्मत सिंहलाई ऐ. ऐनको दफा ८ बमोजिम कैद र रु. ४,१९,८३२।१२ (अक्षेरेपी रुपैयां चार लाख उन्नाइस हजार आठशय बत्तीस र पैसा बाह्र) जनही जरिवाना गरी ऐ ऐनको दफा २९ बमोजिम भ्रष्टाचार गरेको बिगोसमेत भराई पाउन पुनरावेदन अदालत, नेपालगञ्जमा मुद्दा दायर गरिएको ।

७. कोहलपुर नगर विकास समितिबाट भएको ए१-ए१० सडक र ढल निर्माण कार्यको यस आयोगबाट भएको स्थलगत निरीक्षण तथा नापी मुचुल्कासमेत बाट साइट क्लियरेन्स र सब-ग्रेड तयारीको काम हुँदै नभएको भन्ने देखिएकोवाट साइट क्लियरेन्सको कामको रु.१,३०,६०८।८० र सब-ग्रेड तयारीको रु. १३,०६०।८० समेत जम्मा रु १,४३,६६८।८० पैसा हुँदै नभएको कामको भुक्तानी भएबाट समितिलाई हानी नोक्सानी पुग्न गएको र उक्त कार्यमा इन्जिनीयर आङ निमा शेर्पा, ओभरसीयर मंगलबहादुर बम र ठे. गजानन्द अग्रवालसमेत ले मिलेमतो गरी नापी कितावमा हुँदै नभएको कामलाई भएको भनी सिफारीस गर्ने र भुक्तानी लिने कार्य गरेको हुंदा निजहरु इन्जिनीयर आङ् निमा शेर्पा र ओभरसीयर मंगल बहादुर बमलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) बमोजिम तथा ठेकेदार गजानन्द अग्रबाललाई ऐ ऐनको दफा ८ बमोजिम कैद र रु १,४३,६६८।८० (अक्षेरेपी एक लाख त्रिचालीस हजार छसय अठसठ्ठी र पैसा असी) जनही जरिवाना गरी ऐ. ऐनको दफा २९ बमोजिम भ्रष्टाचार गरेको बिगोसमेत भराई पाउन पुनरावेदन अदालत, नेपालगञ्जमा मुद्दा दायर गरिएको ।

शाही नेपाल वायुसेवा निगमको भियना,अष्ट्रियास्थित ट्राभल्स एजेण्ट वि.टि.आर अर्नेष्ट ब्राउनले निगमको टिकट विक्री गरेबापत बुझाउनु पर्ने सन् १९९५ को डिसेम्वर महिनादेखि अक्टोवर १९९६ सम्मको ८ लाख ३३ हजार यु.एस.डलर नबुझाई दिवालीया हुने स्थितिमा पुगेको सो एजेण्टले उक्त अवधिमा विक्री रकम दाखिला गरेको भनी देखाएको नक्कली बैंङ्क भौचरमा महाप्रवन्धक उदयवीर गुरुङ्ग तथा का.मु. अर्थ निर्देशक रविन प्रधानले कुनै कारवाही नचलाई निगमको बैंङ्क खातामा रकम प्राप्त भए नभएकोसमेत वास्ता नगरी उक्त एजेण्टसंग मिलेमतो गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा निम्नानुसार गरी मुद्दा दायर गरिएको :-

८. सेल्स एजेण्ट ब्राउनसंग भएको संझौता मुताविक बैङ्क ड्राफ्ट लिनु पर्नेमा बैङ्क ट्रान्सफर भौचर स्वीकार गरेको, शाही नेपाल वायुसेवा निगमको न्यूयोर्क सिटी बैङ्कको गलत खाता नं. सम्म पनि नभिडाएको, टिकट डांक वा मानिस हस्ते सेल्स एजेन्टलाई दिइने व्यवस्था भएपछि सो माध्यमबाट सक्कल बैङ्क भौचर बुझ्ने व्यवस्थासम्म पनि नगरी फ्याक्सबाट पठाएको नक्कली भौचरको आधारमा एजेण्टलाई टिकट दिने गरेबाट फ्रैंकफर्टस्थित अर्थ प्रवन्धक माणिकमान वज्राचार्य, वर्षदिन भन्दा पनि बढी अवधिसम्म बैंक भौचर पोष्टिङ्ग नगर्ने र बैङ्ग स्टेटमेण्टसंग सेल्स रिपोर्ट नभिडाउने, भिडाउन नलगाउने अर्थ बिभागका निर्देशक रविन प्रधान, उपनिर्देशक जनककुमार अर्याल, बैङ्ग युनिट इञ्चार्ज राजेन्द्र ढुंगाना र एजेन्सी युनिट इन्चार्ज उत्तमराज जोशीसमेत ले निगमसंगको सम्झौताको शर्त तथा निगमको नियम, विनियम कानूनहरु बिपरित एजेण्टको मिलोमतोमा निगमलाई घाटा पुऱ्याई आफूहरुलाई गैर कानूनी फाइदा र शाही नेपाल वायुसेवा निगमसमेत लाई गैर कानूनी हानी पुऱ्याएकोले निजहरुउपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) बमोजिम र सेल्स एजेण्ट अर्नेष्ट ब्राउन उपर ऐ. ऐनको दफा ८ बमोजिम सजायको माग दावी र दफा २९ बमोजिम विगो ९,६०,०००. यु.एस.डलर वरावरको रकम दामासाहीले भराई पाउनसमेत दावी लिई पुरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

यसै विषयमा फ्रैन्कफर्टस्थित क्षेत्रीय निर्देशक गौतमदास श्रेष्ठ, निगमको केन्द्रीय कार्यालय, एजेन्सी युनिटका अर्थ प्रवन्धक श्रीमती सत्यभामा माथेमा (भट्टराई) र बैङ्ग युनिटका अर्थ प्रवन्धक देवप्रसाद ताम्राकारका हकमा निजहरुको

भ्रष्टाचारजन्य कार्यमा प्रत्यक्ष संलग्नता नदेखिए ता पनि निजहरुले आफूलाई तोकिएको अनुगमनसमेत को काम नगरी पद अनुसारको कर्तव्य पालन गरेको देखिन नआएकोले निजहरुलाई निगमको नियम अनुसार बिभागीय कारवाही गर्न लेखिएको ।

सेल्स एजेण्टको काम कारवाहीको सुपरिवेक्षण एवं अनुगमन गर्ने, समयमै हिसाव मिलान गर्ने, एक अर्का बिभागको काममा समन्वय गर्ने तथा आन्तरिक नियन्त्रण र सन्तुलनको व्यवस्थालाई प्रभावकारी वनाई एजेन्टसंगको मिलेमतोमा दूषित मनसायले कर्मचारीबाट निगमलाई हानी नोक्सानी पुऱ्याउने घटना दोहोरिन नदिनेसमेत आवश्यक व्यवस्था मिलाउन एवं यसै परिप्रेक्षमा हालको मौजूदा व्यवस्थामा के कस्तो सुधार गर्न सकिन्छ, आफ्नै कार्यालयमार्फत् टिकट बिक्री गर्दा सेल्स बढेको सन्दर्भमा निगमले आफ्नै कार्यालयबाट टिकट बिक्री वितरण गर्न सक्छ, सक्दैन भन्नेतर्फ पनि विचार गर्न र एजेन्ट नियुक्ति गर्दा पर्याप्त प्रतिस्पर्धा गराई एजेन्टको काम कारवाहीको प्रत्याभूति गर्न के कस्तो सुरक्षण वा जमानत आवश्यक पर्छ, सोतर्फ समेत शीघ्र व्यवस्था गर्न निगमलाई लेखिएको ।

धादिङ्ग जिल्ला सल्यानटार गा.वि.स.मा श्री ५ को सरकारको नाममा दर्ता भई जग्गा धनीदर्ता श्रेस्ता कायम रहेका विभिन्न सरकारी बन बुट्यान जग्गाको गलत फील्डवूक तयार गरी गराई गैरकानूनी तरीकाले व्यक्तिको नाममा नामसारी गरेको भन्ने विषयमा अनुसन्धान हुंदा निम्नानुसार छुट्टा छुट्टै मुद्दा दायर गरिएको :-

९. श्री ५ को सरकारको नाममा दर्ता भई जग्गा धनी दर्ता श्रेस्ता कायम रहेको धादिङ्ग जिल्ला सल्यानटार गा.वि.स. वडा नं. ८ (घ) को कित्ता नम्वर २ को क्षेत्रफल १०-०-०-१ सरकारी बन बुट्यान जग्गा हरिवहादुर हमालको देखाई दर्ता गरी गराई लिने उद्देश्यले सक्कल फील्डवूकबाट उक्त कित्ता नम्वरसमेतको जग्गाको सक्कल पाना झिकी च्याती नष्ट गरी निज हरिवहादुर हमालको तिनपुस्ते सहितको नाम, थर, ठेगानाको गलत फील्डवूक तयार गरी गराई साविकमा नापी अधिकृतसमेतले गरेको सही जस्तै कृत्रिम सही गरी कृत्रिम फील्डवूक वनाई सक्कलमा समावेश गरी गैरकानूनी तरिकाले हरिवहादुर हमालको नाम राखी आफूहरुलाई गैरकानूनी फाइदा पुऱ्याई पुऱ्याउने दुष्प्रयाससमेत गरी अख्तियारको दुरुपयोग गरी भ्रष्टाचारपूर्ण कसूर गरेको देखिंदा सो अभियोगमा साविक नापी शाखा धादिङ्ग, हाल महालेखा नियन्त्रकको कार्यालयका सह लेखापाल तोमप्रसाद भट्टराईउपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३ र दफा ७(१) बमोजिम र सल्यानटार हेल्थपोष्ट, जिल्ला धादिङ्गको पियन हरिवहादुर हमालउपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ५ र दफा ७(१) बमोजिम र लेखन्दास नारायण श्रेष्ठउपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ४ र दफा ८ बमोजिम कारवाही भई सजाय हुन र दफा २९ अन्तर्गत विगो रु. ९०००।- मध्ये सह लेखापाल तोमप्रसाद भट्टराई र लेखन्दास नारायण श्रेष्ठबाट दामासाहीले असूल हुन माग दावीसहित पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

धादिङ्ग जिल्ला सल्यानटार गा.वि.स. वडा नं. ८(घ) को कित्ता नम्वर १ देखि कित्ता नम्वर ७ सम्मको सक्कल फील्डवूक च्याती नष्ट गरी सोको बदला कित्ता नम्वर २ मा साविकमा लेखिएको विवरण वदली हरिवहादुर हमालको तीन पुस्तेसहितको नाम, उमेर, ठेगाना राखी कृत्रिम फील्डवूक तयार गरी सरकारी कर्मचारीको दस्तखतसमेत कीर्ते गरेतर्फ सह लेखापाल तोमप्रसाद भट्टराईसमेत उपर सरकारी मुद्दा सम्बन्धी ऐन अन्तरगत आवश्यक कारवाही गर्न सान्दर्भिक कागजातको फोटोकपीसमेत राखी जिल्ला प्रहरी कार्यालय, धादिङ्गमा पठाइएको । साथै यसरी तयार गरेको दूषित फील्डवूक आदि श्रेस्ता वदर गरी साविक बमोजिम श्रेस्ता कायम गरिराख्न नापी बिभाग र मालपोत बिभागलाई लेखिएको ।

श्री ५ को सरकारको र अन्य व्यक्तिहरुको घर जग्गाको नक्सा फील्डवूकसमेत जग्गाको प्रमाण कागज नापी शाखामा रहने र त्यस्ता श्रेस्ता कागजातहरु ठीकसंग नराखी कर्मचारीले केही गल्ती गरे श्री ५ को सरकार र अन्य व्यक्तिहरुको अचल सम्पत्ति घर जग्गाको प्रमाण लोप हुने यत्र तत्र सम्भावना रहेको हुंदा त्यस्तो निकायमा नापी बिभागसमेत वाट श्रेस्ता कागज प्रमाण ठीक राखेको छ छैन, विभिन्न समयमा चेक जांच गरी ठीक दुरुस्त राख्न लगाउनु पर्नेमा सो केही नगर्नाले श्री ५ को सरकारको नाममा दर्ता भएको जग्गा व्यक्तिको नामको भएको देखाउने समेतको कार्य भए गरेको देखिंदा वेला वेलामा आफ्ना विभाग र मातहतका नापी शाखाहरु निरीक्षण गर्ने, श्रेस्ता कागजात चेक जांच र प्लट रजिष्टरको नक्कल बिभागमा सुरक्षित राख्नेतर्फ आवश्यक कारवाही गर्न नापी बिभागलाई लेखी भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई समेत जानकारी गराइएको ।

१०. श्री ५ को सरकारको नाममा दर्ता भई जग्गा धनी दर्ता श्रेस्ता कायम रहेको धादिङ्ग जिल्ला सल्यानटार गा.वि.स. वडा नं. ९ (ग) को कित्ता नम्बर १२ को क्षेत्रफल १२-१५-३-२ सरकारी जंगल जग्गा हरिगोपाल अधिकारीको देखाई दर्ता गराई लिने उद्देश्यले सक्कल फील्डवूकबाट उक्त कित्ता नम्बरको जग्गाको समेत सक्कल पाना च्याती झिकी नष्ट गरी निज हरिगोपाल अधिकारीको तीन पुस्तेसहितको नाम, थर ठेगानाको गलत फील्डवूक तयार गरी गराई त्यसमा साविकमा नापी अधिकृतसमेत ले गरेको सही जस्तो कृत्रिम सही गरी गलत फील्डवूक बनाई सक्कलमा समावेश गरी गैर कानूनी तरिकाले हरिगोपाल अधिकारीको नाम राखी आफूहरुलाई गैरकानूनी फाइदा र श्री ५ को सरकारलाई गैरकानूनी हानी नोक्सानी पुऱ्याउने दुष्प्रयास गरी भ्रष्टाचारपूर्ण कार्य गरेको देखिंदा सो अभियोगमा साविक नापी शाखा धादिङ्ग, हाल महालेखा नियन्त्रकको कार्यालयका सह लेखापाल तोमप्रसाद भट्टराईउपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३ र दफा ७(१) बमोजिम र श्री सरस्वती प्रा.वि. मभुवा जिल्ला धादिङ्गका प्रा.वि. शिक्षक हरिगोपाल अधिकारीउपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ५ र दफा ७(२) बमोजिम र लेखन्दास नारायण श्रेष्ठउपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ४ र दफा ८ बमोजिम कारवाही भई हदैसम्म सजाय हुन र उक्त ऐनको दफा २९ बमोजिम दिनु लिनु गरेको गैरकानूनी रकम रु. १२,०००।-मध्ये तोमप्रसाद भट्टराईबाट रु. ३,०००।- र नारायण श्रेष्ठबाट रु. ९,०००।- असूलउपर गर्ने दावीसहित पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

धादिङ्ग जिल्ला सल्यानटार गा.वि.स. वडा .नं. ९(ग) का कि.नं. ६ देखि कि.नं. १४ सम्मको सक्कल फील्डवूक च्याती नष्ट गरी सोको वदला कि.नं. १२ मा साविकमा लेखिएको विवरण वदली हरिगोपाल अधिकारीको तीन पुस्तेसहितको नाम, उमेर, ठेगाना राखी कृत्रिम फील्डवूक तयार गरी सरकारी कर्मचारीको दस्तखतसमेत कीर्ते गरेतर्फ सह लेखापाल तोमप्रसाद भट्टराईसमेत उपर सरकारी मुद्दा सम्बन्धी ऐन अन्तर्गत आवश्यक कारवाही गर्न सान्दर्भिक कागजातको फोटोकपीसमेत राखी जिल्ला प्रहरी कार्यालय, धादिङ्गमा पठाइएको । साथै यसरी तयार गरेको दूषित फील्डवूक आदि श्रेस्ता वदर गरी साविक बमोजिम श्रेस्ता कायम गरी राख्न नापी बिभाग र मालपोत बिभागमा लेखिएको ।

ख) सर्वोच्च अदालतसमक्ष पुनरावेदन दर्ता गरिएका विषयहरु :-

यस आयोगबाट वा आयोगले सौंपेको अख्तियारी बमोजिम आयोगको तर्फबाट सम्बन्धित पुनरावेदन अदालतमा मुद्दा दायर भई त्यस अदालतबाट भएको फैसलामा चित्त नबुझी प्रचलित ऐन कानूनले तोकेको म्याद अवधिभित्र सर्वोच्च अदालतसमक्ष पुनरावेदन दर्ता गरिएका विषयहरु निम्नानुसार छन् :-

१. काठमाडौं जिल्ला का.म.न.पा.वडा.नं. १४ वस्ने डुननाथ पाठकको उजूरी निवेदनले श्री ५ को सरकार वादी र भक्तपुर जिल्ला मध्यपुर ठिमी न.पा.वडा नं. १४ नयांबाछो ठिमी घर भई नेपाल आद्योगिक विकास निगमको कृषि प्रशोधन तथा कपडा विकास शाखाका तत्काल कार्यरत शाखा अधिकृत रामभक्त श्रेष्ठ प्रतिवादी भएको जय गणेश डेरी प्रा.लि.को स्वीकृत ऋण रकम भुक्तानी दिने आदेश सम्बन्धी काम कारवाही गरी दिए वापत उक्त प्रा.लि.का डुननाथ पाठकसंग प्रतिवादी रामभक्त श्रेष्ठले घूस रिसवत माग गरी रु. १०,०००।- लिएको देखिन आएकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३ बमोजिमको कसूर अपराध गरेको अभियोगमा सोही दफा बमोजिम सजाय गरी पाउने माग दावी लिई पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएकोमा पुनरावेदन अदालत, पाटनबाट निम्न फैसला भएको :-

दूध चिस्याउने मेसिनको लागि ऋण माग गर्दा संभाव्यता अध्ययन (Feasibility Study) गर्नका लागि नेपाल औद्योगिक विकास निगमले यो प्रतिवादीलाई खटाएको, स्वीकृत भएको रकम सम्पूर्ण भुक्तानी भएको भन्ने जाहेरी दरखास्तवाटै उल्लेख भएको अवस्थामा सो स्वीकृत रकम भुक्तानी गर्न आलटाल, ढीलाई गरेको र रकम भुक्तानी भइसकेको कार्यको हेतु पैसा दिएको भन्ने पत्यार लायक देखिन नआएको । वरामद भएको रकमका लागि निज प्रतिवादी मार्फत भुक्तानी दिएको होइन रहेछ भनेर इन्कार गर्न सक्ने होइन, जाहेरी दरखास्तमा ३% रकम माग गरेको भन्ने उल्लेख छ । यी प्रतिवादी ऋण स्वीकृत गर्ने अन्तिम अधिकारी वा भुक्तानी दिने अन्तिम अधिकारीसमेत नभएको स्थितिमा निजले तिर्नु पर्ने काम नगरी दिएको र रिसवत माग गरेको भन्ने कुरा अनुमान मात्र हुन जाने देखिन्छ । विशेष प्रहरीमा बयान गर्दा घूस लिएको र मागेको व्यहोरामा सावित भएको नदेखिएकोले प्रतिवादीले घूस रिसवत लिएको तथ्ययुक्त र शंकारहित सवूदको अभावमा वादी दावी नपुग्ने ठहर्छ ।

यस फैसलामा प्रतिवादीको पदीय काम कर्तव्यको प्रकृति सवै क्षेत्रलाई सफाइको आधार वनाइएको, न्यायकर्ताले आत्मनिष्ठ तर्क लगाई "पैसा दिएको भन्ने पत्यार लायक देखिएन" भन्ने जस्ता कथनहरु फैसलामा प्रयोग गरिएको, फैसला तथ्य र कानून अनुरुप नभएको, प्रतिवादीवाट वरामद भएको रु. दश हजार रिसवत नगद रकमलाई अन्यथा संज्ञा (परामर्श शुल्क) दिइनुवाट फैसला सरासर त्रुटिपूर्ण हुंदा सो वदरभागी छ । असान्दर्भिक कथनको आधारमा सफाई दिएको फैसला त्रुटिपूर्ण हुंदा शुरु अभियोग पत्रवाट माग दावी लिए अनुसारको दण्ड सजाय गरी पाउन सर्वोच्च अदालतमा पुनरावेदन गरिएको ।

२. ल.पु.जि. ललितपुर उप-महानगरपालिका वडा .नं.२० नः ढोका वस्ने सुप्रिम ट्रेड लिंकका प्रोप्राइटर किरण डंगोलको उजूरीले श्री ५ को सरकार वादी र का.जि. मूलपानी गा.वि.स.वडा नं. २ घर भई रा.अ.वि.मा पहरेदार उद्धव कार्की प्रतिवादी भएको विशेष प्रहरी बिभागको अधिकृत हूं भनी नपाएको ओहदा पाएं भनी कृत्रिम उजुरीको प्रतिलिपि वनाई निवेदकसंग उजुरी पत्र रद्द गरी केश मिलाई दिन्छु भनी कानूनले लिन खान नहुने घूस रिसवत वापत रु दश हजार लिएको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३ र ११ को कसूर अपराध गरेको अभियोगमा सोही दफा बमोजिम हदै सम्मको दण्ड सजाय गरी पाउन पुनरावेदन अदालत, पाटनमा विशेष प्रहरी विभागवाट मुद्दा दायर भएकोमा सो अदालतबाट निम्न फैसला भएको :-

प्रतिवादीहरु अदालतमा कसूरमा इन्कार रहेको, रकम माग गर्ने भनिएका जाहेरवाला किरण डंगोल उक्त कार्य गर्ने व्यक्ति हुन् होइनन् भन्ने कुरा अभियोगपत्रमा खुलाउन नसकेको, रकम वरामद भएपछि प्रमाणित गरिदिने स्थानीय स्वतन्त्र व्यक्तिहरुले रकम वरामद भएको भन्ने कुरा अदालतमा आई समर्थन गरि दिएको नदेखिएको, प्रतिवादी राष्ट्रसेवक हुन् भन्ने कुरा वादी पक्षवाट पुष्टि हुन नआएकोले प्रतिवादीलाई कसूरदार ठहऱ्याउने अवस्था रहेन । तसर्थ प्रतिवादीले ठोस र आधारयुक्त प्रमाणको अभावमा अभियोग माग दावी वाट सफाई पाउने ठहर्छ ।

यसमा पुनरावेदन सरकारी वकील कार्यालयवाट पुनरावेदनको लागि यस आयोगमा मिसिल प्राप्त भएको । यसमा प्रतिवादी सावित रहेको र सो उपर कतै उजूर नगरेको, मुचुल्काका मानिसले अदालतमा आई समर्थन गरिदिएको, प्रतिवादी राष्ट्रसेवक नभएको भनी अनावश्यक तर्क गरिएको, रकम वरामद भएको कुरामा अदालत स्वयं पनि सहमत भएको र विशेष प्रहरी बिभागवाट नम्बर टिपी अभियुक्तलाई दिइएको रकम निजबाट वरामद भएको अवस्थामा वस्तुनिष्ठ प्रमाणले नै पुष्टी गरेको कुरामा स्वतन्त्र व्यक्तिको वकपत्र नभएको भनी प्रतिवादीलाई सफाई दिई गरिएको पुनरावेदन अदालत पाटनको फैसला त्रुटीपूर्ण हुंदा शुरु अभियोगपत्रबाट माग दावी गरिए अनुसारको दण्ड जरिवाना गरी पाउन सर्वोच्च अदालतमा पुनरावेदन गरिएको ।

३. यस आयोगका तर्फबाट श्री ५को सरकार वादी र का.जि. वानेश्वर वडा नं. ३४ घर भई नेपाल आयल निगममा नायव कार्यकारी निर्देशकमा तत्काल कार्यरत मदनराज शर्मासमेत प्रतिवादी भएको नेपाल आयल निगमको लागि आवश्यक पर्ने जग्गा खरीद गर्न टेण्डर सूचना प्रकाशित गरी सो सूचनाको क्राइटेरीया र नियम बमोजिम परेका टेण्डरमा कम कवोल अंकको टेण्डर स्वीकृत नगरी बढी कवोल अंकको स्वीकृत गरी भ्रष्टाचारको कसूर गरेको अभियोगमा प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,७(२) तथा ५,८,१६ (क) र २९ को माग दावी गरी पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएकोमा निम्न फैसला भएको :-

सञ्चालक समितिको निर्णय अनियमित भन्न नसकेको, मूल्य वृद्धिलाई विचार गरेर संस्थाको हित चिताई टेण्डर आव्हान गरेको निर्णय समयसापेक्ष भएको, नेपाल आयल निगमको सूचनामा स्वयं जग्गाधनीले टेण्डर हाल्नु पर्छ भन्ने नदेखिएको, टेण्डर ऐन नियम विपरित भएको भनिएको कुन कानून विपरित भएको खुल्न नआएको, विचमा लेनदेन भएको कुराको खुलाई पुष्टि नगरेको, सो कार्य वदनियतपूर्ण थियो भन्ने प्रमाणबाट पुष्टी हुन नसकेको देखिंदा प्रतिवादीहरुले ठोस र आधारभूत प्रमाणको अभावमा अभियोग दावीवाट सफाई पाउने ठहर्छ ।

यसमा सञ्चालक समितिले आफूसमक्ष पेशै नभएको उप-समितिलाई प्रत्यायोजित भएको अधिकारको सम्बन्धमा उप-समितिको निर्णयलाई अनियमित भनी प्रश्न उठाई निर्णयमा पुग्नु असान्दर्भिक भएको, टेण्डर सूचनाको शर्त विपरितको भएको, आर्थिक व्यय भारको वास्ता नै नगरी टेण्डर सूचनामा जग्गाको प्रकृति समेतको उल्लेखित सवै शर्त उल्लंघन हुने गरी खरीद गर्ने निर्णय गरेको, टेण्डर स्वीकृत गर्न ९ महिनाको अवधि लगाएको, मूल्य बृद्धिको कुरालाई विषयगत अवधारणाले फैसला गरेको, संस्थाको हीत चिताई समयसापेक्ष निर्णय गरेको हो भनी निष्कर्षमा पुगी फैसला गर्नु तथ्य र

कानून विपरित देखिएको, टेण्डर हाल्ने भीष्म विमलीले २०५२ आश्विन मा गरिदिएका करार कागज र आयोगमा गरेको बयान र अदालतमा गरेको बयान समेतलाई अदालतले फैसलामा ध्यान नदिएको, प्रतिवादीहरुवाट वांडीचुडी खाई भ्रष्टाचार गरेको भन्ने तथ्य स्पष्ट रुपमा उजागर हुंदा हुंदै त्यसतर्फ फैसलामा ध्यान नदिएको र सम्पूर्ण कार्य गैर कानूनी भएको स्वतः देख्दा देख्दै प्रतिवादीहरुलाई सफाइ दिने गरी गरिएको फैसला त्रुटीपूर्ण हुंदा शुरु अभियोगपत्रवाट माग दावी लिइए अनुसारको दण्ड सजाय गरी पाउन सर्वोच्च अदालतमा पुनरावेदन गरिएको ।

४. यस आयोगको तर्फवाट श्री ५ को सरकार वादी, कृष्ण प्रसाद वास्कोटासमेत ६ जना प्रतिवादी रहेको तत्कालीन जिल्ला पंचायत सचिवालय, पांचथरवाट अधूरा आयोजना पूरा गराउन जापानिज चेरी वा स्वान कंपनिको २६ गेजको हुलासको कर्कटपाता खरीदको लागि बोलपत्र आव्हान भई सम्झौतासमेत गरी सकेकोमा गुणस्तर कम भएको सम्झौता बिपरित कम मूल्यको २८ गेजको कर्कट पाता बुझी लिई वदनियतपूर्ण कार्यगरी फिदिम रीले केन्द्रमा रु. ३१,१८५।-, दमक रीले केन्द्रमा रु. १६२०६।६७, ईलाम रीले केन्द्रमा रु.७३५००।- रांके भन्ज्याङ्ग रीले केन्द्रमा रु. ५१४७६।- वरावरको विगो श्री ५ को सरकारलाई हानी नोक्सानी पुऱ्याई आफूसमेतलाई गैर कानूनी फाइदा पुऱ्याई भ्रष्टाचारको कसूर गरेको अभियोगमा भ्रष्टाचार निवारण ऐन २०१७ को विभिन्न दफा अनुसारको सजाय एवं विगोको दावी लिई पुनरावेदन अदालत, इलाममा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट निम्न फैसला भएको :-

अभियोगपत्रमा ढुवानी खर्च जोडेको नदेखिने, विभिन्न आयोजनामा हस्तान्तरित कर्कट पाताको जिल्ला पंचायतको वैठकवाट अनुमोदन भई सकेको, फर्स्यौट हुन वांकी पेश्की रकम ले.प.वाट रुजु वेरुजु नियमित, अनियमित नऔल्याएका रकमलाई भ्रष्टाचार भन्न नमिल्ने, ठेक्का वन्दोवस्त अन्तर्गत लिनु दिनु गरेको रकम भ्रष्टाचार भनी नामाकरण गर्न कानूनसम्मत नदेखिने, २६ गेजको जस्तापाता वजारमा नभएकोले २८ गेजको जस्तापाता ल्याएका हौं, मोल निर्धारण गरी फर्स्यौट गरी पाउं भनी निवेदन दिएकोलाई नोक्सानी पुऱ्याउने नियतले लिएको भन्न नमिल्ने ।

सो फैसलामा २६ गेजको असल कर्कटपाता ढुवानी गर्ने ठेक्का र सम्झौता भएकोमा कमसल खालको २८ गेजको हुलास जस्तापाता बुझी लिएकोलाई जि.पं. वैठकले समर्थन अनुमोदन नगरेकोले निर्माण कार्य कमजोर वनाउने मनसायले विपक्षीहरुको कार्य ठेक्का वन्दोवस्त आर्थिक ऐन, नियम विपरित भएको, लेखापरीक्षणवाट वेरुजु औल्याएपछि मात्र भ्रष्टाचार हुन्छ भन्नु फौज्दारी न्यायसिद्धान्तसम्मत निर्णय हुन नसक्ने, २६ गेजको कर्कट पाता नपाएकोले २८ गेजको ल्याएको भनी निवेदन दिएको र हिसाव मिलान गरेको कुरा निराधार भएको साथै २६ गेजको सट्टा २८ गेजको कर्कट पाता बुझी तोकिएको गुणस्तर बमोजिमको सामान हो, होइन नहेरी कार्य गरेवाट भ्रष्टाचार गर्ने नियत रहेको भन्ने स्पष्ट हुने हुंदा उपरोक्त फैसला त्रुटिपूर्ण भएकोले शुरु अभियोग पत्रवाट माग दावी लिइए अनुसारको दण्ड सजाय समेत गरी पाउन सर्वोच्च अदालतमा पुनरावेदन गरिएको ।

५. माउण्ट भ्याली आवासीय मा.वि. ललितपुरको जाहेरीले श्री ५ को सरकार वादी र सोही स्कूलका तत्कालीन वडा लेखापाल दिलवहादुर चन्दसमेत प्रतिवादी भएको विद्यालयको रकम बदनियतपूर्वक हिनामिना गरी भ्रष्टाचार गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ अनुसार हदै सम्मको सजाय र विगो भराई पाउन जिल्ला प्रशासन कार्यालय, ललितपुरले वागमती विशेष अदालतमा मुद्दा दायर गरेकोमा प्रतिवादी उपर भ्र.नि.ऐन २०१७ को दफा १३ अनुसारको कसूर गरेको मात्र दावी रहेको, विद्यालय निजी श्रोतवाट सञ्चालित भएको कुरामा विवाद नरहेकोले निजी विद्यालयमा कार्यरत कर्मचारीले गरेको विद्यालयको रकम हिनामिनामा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ अनुसार कार्यवाही गर्ने उक्त ऐनमा व्यवस्था नदेखिंदा सो अनुसारको कसूर गरेको भन्न सकिने अवस्था नदेखिएको र प्रतिवादीले हिनामिना गरेको भनिएको निम्न रकम ६ महिना भित्र बुझाउनेछु भनी कागज गरीसकेपछि भ्रष्टाचार गरेको भनी कारवाही चलाएको कानूनसम्मत नदेखिंदा दावी इन्साफ दिनु पर्ने नदेखिएकाले अ.वं. ८२ नं बमोजिम खारेज हुने ठहर गरी पुनरावेदन अदालत, पाटनवाट भएको फैसलाउपर पुनरावेदन सरकारी वकील कार्यालय, पाटनबाट पुनरावेदनको लागि यस आयोगमा मिसिल प्राप्त भएको ।

यसमा निजी विद्यालयमा भएको आर्थिक हिनामिना भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १३ अनुसारको भ्रष्टाचार नहुने भन्ने फैसलामा लिइएको आधार त्रुटिपूर्ण भएको, भ्रष्टाचार निवारण ऐन २०१७ को दफा २ अनुसार उक्त वोर्डिङ स्कूल स्वशासित संस्था भएको हुंदा सोही ऐनको दफा १३ अन्तर्गतको कसूर गरेको उक्त मागमा कारवाही हुन कानूनी वाधा नरहेको साथै निजले हिनामिना गरेको रकम ६ महिना भित्र बुझाउने भनी गरेको कागजको कुनै कानूनी अस्तित्व नभएको र त्यसलाई जमानत लिएको भन्न नमिल्नुका साथै फैसलामा अ.वं. ८२ नं अनुसार हकदैया हुन नसक्ने कारण

नऔल्याइएवाट सो फैसला कानूनसम्मत नभई गम्भीर त्रुटी रहेकोले शुरु अभियोगपत्रवाट मागदावी लिइए अनुसारको दण्ड सजायसमेत गरी पाउन सर्वोच्च अदालतमा पुनरावेदन गरिएको ।

६. राम कुइंकेलको जाहेरीले श्री ५ को सरकार वादी र का.जि. मुलपानी गा.वि.स.वडा नं. ९ वस्ने कमल प्रसाद खनालसमेत प्रतिवादी भएको अटो वर्कसप दर्ता गर्नका लागि यातायात व्यवस्था विभागको ना.सु. कमल प्रसाद खनालसमेतले रु. २०००।- घूस लिई भ्रष्टाचारको कसूर गरेको अभियोगमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३ अनुसार सजायसमेत गरी पाउन माग दावी लिई पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएकोमा प्रस्तुत विवादमा अनुमति प्राप्त गर्ने कारवाईमा ना.सु. कमल प्रसादको कुनै संलग्नता नभई अर्का अभियुक्त टीकारामले टिप्पणी उठाई शाखा अधिकृतले अनुमती प्राप्त गर्ने गरी टिप्पणी सदर भएको पाइएकोले ना.सु. कमल प्रसादले काम गर्न वा नगर्न घूस लिएको भन्ने कुरा नमिली टीकारामले काम गरी दिए वापत निजको लागि लिइदिएको भन्ने कुरा जाहेरवालाले अदालतमा उपस्थित भै पुष्टी गराउन सकेको नदेखिंदा कमल प्रसादलाई रिसइवीको कारणले खल्तीमा जवर्जस्ती रुपैया हाली दिएको कुरा अन्य प्रमाणबाट खण्डित नभएको र टीकाराम ले आफ्नो लागि घूस लिइदिएको भन्ने कुरा अन्य प्रमाणबाट पुष्टी नभएको देखिएकोले सफाइ दिने फैसला भएको ।

यसमा निज प्रतिवादी आरोपित कसूरमा साविती रहेको, वि.प्र.वि.वाट टिपिएको नम्बर नै भएको वरामदी मुचुल्का भएको हुंदा उक्त अर्थमा कमलप्रसादले रकम माग गरेको नै देखिन्छ । अभियुक्तले रीसइवीको कारणले मलाई पोलेको भन्ने कारणको पुष्ट्याई दिन सकेको देखिदैन । आफूले नगरेको काममा काम गराई दिएर रकम लिएकोलाई भ्रष्टाचार नमान्दा भ्रष्टाचार निवारण ऐन, २०१७ को सम्बन्धित दफा निष्कृय प्रायः हुन सक्ने हुंदा प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भएकोले शुरु अभियोगपत्रवाट मागदावी लिइए अनुसारको दण्ड सजायसमेत गरी पाउन सर्वोच्च अदालतमा पुनरावेदन गरिएको ।

७. यस आयोगको अनुसन्धान अधिकृतको प्रतिवेदनले श्री ५ को सरकार वादी, गण्डकी अञ्चल, स्याङ्जा फापरथुङ्ग गा.वि.स. वडा नं. ९ एवं का.म.न.पा.वडा नं.४ विशालनगर घर भएका राष्ट्रिय वाणिज्य बैंक, काठमाडौं शाखाका तत्कालीन प्रवन्धक बुद्धिसागर उपाध्यायसमेत प्रतिवादी भएको त्रिकोण प्रा.लि.को नामवाट राष्ट्रिय वाणिज्य बैङ्क, काठमाडौं शाखावाट कर्जा लिंदा कवूलियत अनुसारको शर्त जानी जानी पालना नगरेको, राष्ट्रिय वाणिज्य बैङ्क, काठमाडौं शाखाका प्रवन्धक बुद्धिसागर ढकाल उपाध्यायसमेत का कर्मचारीले मिलेमतो गरी धितो राखीएको गोदामको सामानसमेत गायव भएको प्रपञ्च मिलाई ऋण लिंदा गरेको संभौताको उल्लंघन गरी नियमानुसार असूलउपर गराउनु पर्नेमा नगरी सरकारी हानी नोक्सानी गरे गराएको हुंदा प्रवन्धक बुद्धिसागर ढकाल, तत्कालीन एकाउण्टेण्ट नरेन्द्रवहादुर प्रधान, कर्जा इन्चार्ज रामरत्न शाक्य, कर्जा अधिकृत रामवावु काफ्ले, लेखा अधिकृत रामप्रसाद भण्डारी र गोदाम रक्षक शिवहरी अर्याल समेतले भ्रष्टाचारको कसूर गरेको अभियोगमा भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ७(२) अन्तर्गत निजहरुलाई हदैसम्मको सजाय र सोही ऐनको दफा २९(१) र (२) विगो अनुसार जरीवानासमेत गरी पाउन पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट निम्न फैसला भएको :-

कर्जा लगानी गर्दा अवलम्वन गर्नु पर्ने प्रक्रियामा समेत गंभीर त्रुटी भएको भनी औल्याएको देखिंदैन, लगानीको समयमा सो धितोबाट कर्जा असूल हुन नसक्ने स्थिति नदेखिने अवस्थामा लगानीको कर्जा सुरक्षित नभएको भन्ने आरोप सत्य देखिन आउंदैन । असूल गर्ने प्रक्रिया प्रारम्भ भएको छ र सो प्रक्रिया माथिल्लो निकायवाट स्थगित हुन्छ भने त्यस्तो अवस्थामा प्रतिवादीको आशय दुराशययुक्त छ भनी अनुमान गर्न सकिदैन । नेपाल राष्ट्र बैंक र राष्ट्रिय वाणिज्य बैंकको केन्द्रीय कार्यालयवाट भएको निरीक्षण प्रतिवेदनमा ऋण प्रदान गर्दा प्रतिवादीहरुको नीयतउपर शंका उठाइएको पाइदैन । प्रतिवादीहरुको वदनियत अभियोग पत्रमा किटान नगरी समग्रतालाई अभियोगको विषय वनाएको समग्र कुराहरु अपराधको दायरा भित्र नपर्ने र प्रशासनिक त्रुटी गरेको कारणबाट मात्र वदनियत नदेखिएसम्म आरोप मिल्दो नदेखिएकोले प्रतिवादीहरुले सफाइ पाउने ठहर्छ ।

यसमा कर्जा प्रवाह गर्दा सुरक्षण वा धितोवारे लगानी पूर्व नै सचेतता र सावधानी अपनाउनु पर्ने, कर्जा असूल नभएका वखत कर्जा निरीक्षण गरी निर्णयमा पुग्नु पर्नेमा सो गरेको देखिदैन । पार्टीको तर्फबाट बैङ्कप्रति जवाफदेही नभएको कर्जा लगानी गर्ने अवस्थामा नै ऋण नतिर्ने ऋणीलाई ऋण पटक पटक प्रदान गरी बैंकलाई डुवाई आफूहरुलाई फाइदा पुऱ्याएको, कर्जा सुरक्षणतर्फ कुनै क्रियाशीलता नदेखिएको, वैकमा सुरक्षित राखिएको सुरक्षण बैङ्कका कर्मचारीसमेत मिली हिनामिना गरेको, ऋण असूल नहुने धितो राखेको, निरीक्षण प्रतिवेदनमा औल्याइएको त्रुटी नै विपक्षीहरुको वदनियतको प्रमाण हुंदा हुंदै फैसलाले त्यसतर्फ ध्यान नदिएको, राष्ट्रिय बैङ्क म्यानुअल, २०३२ ले निर्दिष्ट

गरेको कार्यविधि पालना नगरी कानूनको मर्म बिपरित हुनुवा रुपमा निर्णय भएकोले पुनरावेदन अदालतको फैसला त्रुटीपूर्ण भएको भनी शुरु माग दावी अनुसार सजाय गरी पाउन सर्वोच्च अदालतमा पुनरावेदन गरिएको ।

८. यस आयोगका अनुसन्धान अधिकृतको प्रतिवेदनले श्री ५ को सरकार वादी र राष्ट्रिय वाणिज्य बैङ्क, मुख्य शाखा कार्यालय, काठमाडौंका तत्कालीन प्रवन्धक बुद्धिसागर ढकालसमेत प्रतिवादी भएको राधाकृष्ण दुंगानाले सूटिङ्ग शर्टिङ्ग कपडा उद्योग खोल्न भनी राष्ट्रिय वाणिज्य बैंङ्क, काठमाडौं शाखाबाट कर्जा लिन काठमाडौं महानगरपालिका वडा नं. ८ ख कि.नं. १२ को क्षेत्रफल ४ आना जग्गा र सो जग्गामा हुदै नभएको घर छ भनी बैंङ्क म्यानेजरसमेत कर्मचारीको मिलेमतोमा ८ लाख मूल्यांकन गरी वदनियतपूर्वक ऋण दिई भ्रष्टाचार गरेको कसूर र अभियोगमा सजाय गरी पाउन पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएकोमा विवेक प्रयोग गर्नेले वदनियतपूर्ण विवेक प्रयोग गरेको प्रमाणित हुन नसकेमा सो विवेक प्रयोग गरेकोलाई अन्यथा भन्न नमिल्ने, बुद्धिसागरले कर्जा प्रवाह गर्न स्वीकृती दिएकोमा वदनियत थियो भन्ने अभियोगमा नलेखिएको, मूल्याङ्कनको विषय कानूनतः पुनः विचार गर्नु पर्ने वाध्यात्मक अवस्थामा सो मूल्याङ्कन मान्नु पर्ने अवस्था रहेकोमा वाहेक शंका गर्नु पर्ने स्थिति नरहने हुंदा उक्त कार्यका संलग्नता नदेखिएकोले प्रतिवादीले सफाई पाउने ठहर्छ भनी बुद्धिसागर, नरेन्द्र प्रधान, रामवावु काफ्लेको हकमा फैसला भएको र कृष्णप्रसाद भुजुको हकमा निज प्रतिवादी साम्राज्यप्रताप राणाको सहयोगी भएकोवाट निजको कर्तव्य किटान छैन, निजको मूल्यांङ्कन कर्जा प्रवाहको विषय वनाउन नसकिने, निज बैङ्कप्रति जवाफदेही हुने व्यक्ति नभएवाट अभियोगमा दावी पुग्न नसक्ने भन्नेसमेत फैसला भएको ।

यसमा कर्जा प्रवाह गर्दा सुरक्षण वा धितोवारे लगानी पूर्व नै सचेतता र सावधानी अपनाउनु पर्ने, कर्जा असूल नभएको वखत कर्जा वापतको रकम धितोले खाम्न सक्छ, सक्दैन हेरी स्थलगत निरीक्षण गरी निर्णयमा पुग्नुपर्नेमा सो गरेको देखिदैन । पार्टीको तर्फवाट बैङ्कप्रति जवाफदेही नभएको इञ्जिनीयरले गरेको मूल्यांकन प्रतिवेदनका आधारमा कर्जा प्रवाह गरेवाट निज प्रतिवादीको हालको वदनियतपूर्ण कार्यमा संलग्नता नभएको भनी अदालतले गरेको फैसला वदरभागी छ । बैङ्किङ्ग सिद्धान्त र परीपत्रसमेत को उपेक्षा गरी सर्जमिन मुचुल्का खडासमेत नगरी, निरीक्षण नगरी कर्जा प्रवाह गरेवाट वदनियत थिएन भन्ने वा मिलेमतो गरी बैङ्कलाई हानी नोक्सानी पुऱ्याएकोमा कसूर ठहर हुनुपर्नेमा आत्मनिष्ठ रुपमा तर्क प्रयोगबाट दिइएको सफाई वदरभागी छ । साथै बैङ्कले दिएको मुद्दामा बैङ्कवाट तारीख गुजारेकोले मिलेमतो भएको भन्ने ठहर्नु पर्नेमा निजको नियन्त्रण वाहिरको कारण तारेख गुज्रेका भन्ने फैसला पनि मिलेको छैन, यी नै आधारमा अदालतले सफाइ दिने गरी गरेको फैसला वदरभागी भएको हुंदा शुरु माग दावी अनुसारको कारवाही गरिपाउन सर्वोच्च अदालतमा पुनरावेदन गरिएको ।

९. कालिकोट जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी मोहमद हसरत अलीसमेतले जिल्ला प्रहरी कार्यालय कालिकोटका प्रहरी कर्मचारीको लागि आ.व. २०५२।५३ को रासन वन्दोवस्त गर्ने क्रममा जिल्लाको प्रचलित दररेट भन्दा ५ खण्ड बढी दरभाउमा टेण्डर हाल्ने व्यक्तिको टेण्डर स्वीकृत गरी भ्रष्टाचार गरेको भन्नेसम्बन्धमा रासन बोर्डका पदाधिकारीहरुले राशन ठेक्का वन्दोवस्त गर्दा वजार भाउ नबुझी निर्णय गर्नु, उद्योग वाणिज्य संघ जिल्ला कार्य समितिको रसीद कीर्ते गर्नु, वजारभाउ भन्दा माथिल्लो दररेट कायम गर्न लगाई उद्योग वाणिज्य संघको पत्रमा दररेट वढाउन लगाई त्यसैलाई आधार मानी टेण्डर स्वीकृत गरी रासन वन्दोवस्त गर्नु जस्ता कार्य गरी निर्णयमा संलग्न जिल्ला दररेट कमिटिका पदाधिकारी तत्कालीन प्र.जि.अ. मोहमद हसरत अली, तत्कालीन प्र.ना.उ. वीर वहादुर राना, तत्कालीन का.मु. कोष तथा लेखा नियन्त्रक माधवराज गिरीसमेत ले श्री ५ को सरकारलाई हानी नोक्सानी र आफूलाई फाइदा हुने गरी गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०१७ को परिच्छेद २ अनुसारको कसूर भएकोले सोही ऐनको दफा ७(१) अनुसारको कसूरमा सोही दफा बमोजिम तिनैजना प्रतिवादीलाई सजाय हुन र रासन ठेकेदार विष्णुवहादुर शाही तथा पालुवहादुर शाहीसमेत प्रस्तुत अभियोगमा संलग्न रहेकोले सोही ऐन बमोजिम सजाय हुन साथै प्रचलित दररेट अनुसार १३८ जवानलाई लाग्ने रकम रु. २९,७८,४८४।८५ हुनुपर्नेमा तत्कालीन जिल्ला दररेट समितिका पदाधिकारी तीनै जना र रासन ठेकेदार विष्णुवहादुर शाही र रासन दररेट दिने अनाधिकार व्यक्ति पालुवहादुर शाही समेतको मिलेमतोमा रु. ५७,८४,३७०।८६ कायम गरेवाट श्री ५ को सरकारलाई हानी नोक्सानी पुगेको रकम रु. २७,९५,८८६।११ विगो कायम गरी भ्र.नि.ऐन २०१७ को दफा २९(१)(२) अनुसार पांचै जना प्रतिवादीवाट दामासाहीले विगो असूल गरी विगो बमोजिम जरीवाना गरी पाउन पुनरावेदन अदालत, जुम्लामा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट निम्न फैसला भएको :-

उद्योग वाणिज्य संघ, जिल्ला कार्य समिति कालीकोटलाई विधिवत दरभाउ वारे पत्र पठाएको र पालु शाही उद्योग वाणिज्य संघको पदाधिकारी भएको देखिएको, उद्योग वाणिज्य संघको २०५३।१०।१५ मा पठाएको २०५२।५३ को दररेटले

प्रति व्यक्ति रु. ५५/- ले रासन खुवाउनु पर्ने देखिन्छ, जुन ज्यादै न्यून दर रेट देखिन्छ । सदरमुकामको दर रेट भन्दा केही अंश बढी टेण्डरमा हुनु त्यति अस्वभाविक होइन, पछि उद्योग वाणिज्य संघले दिएको दररेट भर पर्दो र सफा हातले दिएको भन्न नसकिने, स्वीकृत दररेट २०५१।५२ को भन्दा १०% मात्र बढी भएकोले अधिकार भित्र रही स्वीकृत गरेको देखिन्छ ।

यसमा २०५२।६।२९ मा विधिवत दर्ता भएको कालीकोट उद्योग वाणिज्य संघको तदर्थ कार्य समितिको कुनै पनि सदस्य नभएको पालु शाहीले कार्यवाहक अध्यक्ष भनी २०५२।५३ का लागि दिएको वजारभाउ, दिने अधिकार नभएको उद्योग वाणिज्य संघको लेटर प्याडमा दरभाउ पठाउँदैमा सोलाई विधानसम्मत मान्न न्याय संगत नहुने, टेण्डरमा परेको दररेट भन्दा उद्योग वाणिज्य संघले २०५३।१०।१५ मा दिएको दररेट ज्यादै न्यून भएको भनी फैसलामा लिएको आधार न्यायसंगत छैन, उद्योग वाणिय संघको आधिकारिक दरभाउलाई आधार मान्नु पर्नेमा नमानिएकोले उक्त तर्क न्यायसंगत छैन । सदरमुकाम भन्दा टाढाको चेकपोष्टमा समेत रासन ढुवानी गर्नु पर्ने हुंदा सदरमुकामको भन्दा केही वढी हुनु अस्वाभावीक होइन भनी लिइएको निर्णयाधारको तर्क प्रतिवादीउपर उदार हुनु सिवाय अरु आधार नभएकोले फैसला त्रुटीपूर्ण छ । वजार भाउ भन्दा दोव्वरको उद्योग वाणिज्य संघबाट दर रेट वनाई त्यसैलाई गतवर्षको दरमा १० प्रतिशत मात्र बृद्धी भएको छ भनी उक्त १० प्रतिशत वृद्धी गरी स्वीकृत गर्ने अधिकार जिल्ला दररेट समितिलाई छ भनी चलेको वजार भाउ भन्दा दोव्वर दररेटलाई स्वीकृत गर्नु ऐनले अख्तियार दिएको भन्नु न्यायिक मन प्रयोग भै फैसला भएको नदेखिएकोले उक्त फैसला त्रुटीपूर्ण हुंदा शुरु माग दावी अनुसार कारवाही गरिपाउन सर्वोच्च अदालतमा पुनरावेदन दायर गरिएको ।

ग) विभागीय वा अन्य कारवाईको लागि लेखी पठाएको विवरण :-

१. परीक्षा नियन्त्रण कार्यालय, सानो ठिमी, भक्तपुरका शाखा अधिकृत आनन्द पौडेलसमेत ले रु. २० हजार लिई विना आधार रेकर्ड परिवर्तन गरी नीलम पौडेलको नाममा S.L.C को प्रमाणपत्र दिई भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान हुंदा २०४६ सालको रेगुलर तर्फको सि.नं. ०३९८८० "V" र २०४७ सालको कम्पार्टमेण्टतर्फको सि.नं. ३१२२३० "V" बाट अनिताकुमारी नेपालले S.L.C परीक्षा पास गरेकोमा शा.अ. आनन्द पौडेलले विना आधार S.L.C मार्क लेजरमा अनिताकुमारी नेपालको नाम काटी नीलम पौडेल वनाएको र छानवीनबाट नीलम पौडेल शा.अ. आनन्द पौडेलकै श्रीमती भएको पुष्टी हुन आएकोले श्रीमतीबाटै रकम लिई भ्रष्टाचार गरेको भन्ने कुरा औचित्यपूर्ण देखिएन । तथापि निजउपर शिक्षा मन्त्रालयको मिति २०५४।११।११ को निर्णय अनुसार प्रारम्भ भएको बिभागीय कारवाही सम्पन्न गर्न र लापरवाहीपूर्ण तवरले स्कूलको मार्क लेजर परिवर्तन गर्ने श्री ३ चन्द्र मा.वि. कलैया, बाराका तत्कालीन निमित्त प्रधानाध्यापक रामदास सुवेदीलाई सचेत गराइएको ।

२. स्वास्थ्य सेवा बिभाग अन्तरगत आपूर्ति व्यवस्था महाशाखा प्रमुख तथा लेखा प्रमुखसमेत को मिलेमतोमा सामान खरीद गर्दा सामान स्टोर दाखिला नगरी नक्कली वील वनाई भुक्तानी दिने गरेको, कार्यालय तथा अस्पतालहरुमा आवश्यक पर्ने सामान तथा छपाईमा आर्थिक प्रशासन सम्बन्धी नियमावली विपरित खरीद गर्ने गरेको भन्नेसमेत विषयमा अनुसन्धान हुंदा उक्त बिभाग अन्तरगतका बिभिन्न कार्यालय तथा अस्पतालहरुमा प्रयोग हुने स्टेशनरी सामान छपाईका लागि निकासा भएको रकमबाट रु. १६,४७,४२५।- वरावरको सामान खरीद भएको र वर्षभरीका लागि चाहिने सामानको अनुमानित लगत तयार गरी आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०४२ को दफा १९(१) अनुसार टेण्डर प्रकृया अपनाई खरीद गर्नु पर्नेमा सो विपरित स्टोरकिपर नयांवर्ण राईले टिप्पणी पेश गर्ने, लेखा प्रमुख शिवबहादुर रायमाझी तथा लेखा अधिकृतद्वय रत्नवहादुर नेपाली र अमरराज मिश्रसमेत ले कोटेशनवाट खरीद गर्नका लागि गलत मनसायको राय दिने एवं आपूर्ति व्यवस्था महाशाखा प्रमुख डा. के.वी. सिंह कार्कीवाट टिप्पणी सदर गर्ने कार्य गरी ६ महिना भित्र ३६ पटक कोटेशन स्वीकृत गरी रु. १६,४७,४२५।- वरावरको सामानहरु कोटेशनवाट खरीद गर्नुका साथै कोटेशन स्वीकृत गर्दा एउटै कामका लागि एकै प्रकृतिका सामानहरु एउटै मितिमा एउटै छापाखानाको २/२ वटा कोटेशन र टि.टि र डि.वि.टि खोप कार्य र लेटरप्याड छपाईको ३/३ वटा कोटेशन एउटै मितिमा स्वीकृत गरी भुक्तानी दिएको देखिनुका अतिरिक्त खरीद भएका सामानहरु जिन्सी खातामा आम्दानी बांधे अनुरुप खर्च भई वांकी स्टोर मौज्दात

हुन पर्नेमा स्टोर जांच गर्दा हेलमेट ५७ थान, ब्रिफकेश ८ थान, चार्जेवल लाईट ६ थान र क्यालकुलेटर १ थान मौज्दातमा नपाईएकोले निम्नानुसार गर्न गराउन लेखिएको :-

(क) निर्देशक डा. के.वी. सिंह कार्की, लेखा प्रमुख शिवबहादुर रायमाझी र लेखा अधिकृतद्वय रत्नबहादुर नेपाली तथा अमरराज मिश्रलाई विभागीय कारवाहीका लागि अख्तियारवालासमक्ष लेखिएको ।

(ख) स्टोरकिपर नयांवर्ण राईको हकमा निज विकास समितितर्फ को कर्मचारी भएकोले श्री ५ को सरकारको मिति २०५५।३।२२ को निर्णयले निजले अवकास पाइसकेको हुंदा उल्लेखित जिन्सी खातामा आम्दानी बांधे अनुरुपका नपुग सामान स्टोर बरबुझारथ गर्दा बुझाउन नसके निजबाट सरकारी बांकी सरह असूलउपर गराउन स्वास्थ्य मन्त्रालयलाई लेखिएको ।

(ग) तत्काल मौज्दातमा नभई नहुने परिमाणसम्म कोटेशनद्वारा पूर्ति गरी बांकी सामानको हकमा वार्षिक कार्यक्रम बनाई टेण्डर प्रथाद्वारा सामान आपूर्ति गर्नेतर्फ समुचित व्यवस्था गर्नका लागि स्वास्थ्य मन्त्रालयको ध्यानाकर्षण गराइएको ।

(घ) अन्य मन्त्रालयहरुमा समेत यस प्रकारको आर्थिक अनियमितता हुन नदिनेतर्फ निर्देशन हुन मन्त्रीपरिषद सचिवालयलाई समेत लेखिएको ।

३. दुग्ध विकास संस्थानका वरिष्ठ अधिकृत पन्नादास श्रेष्ठले संस्थानको नियम विपरित जिम्मेवार पदमा रहेका बखत आफ्नो एकाघरका श्रीमतीका नाममा एभरेष्ट डेरी खोली आफूलाई नाफा गर्ने नीयतले संस्थानको होलमिल्क उपलब्ध गराएको भन्ने विषयमा अनुसन्धान हुंदा दुग्ध विकास संस्थान कर्मचारी सेवा शर्त विनियमावली २०५२ को विनियम ११.३ बमोजिम व्यापार व्यवसाय गर्न सञ्चालक समितिको पूर्व स्वीकृती लिनु पर्नेमा निजले स्वीकृती नलिई आफ्नो श्रीमतीको नाममा दर्ता गराएको एभरेष्ट डेरीमा अप्रत्यक्षरुपमा संलग्न भएको कुराको तथ्य ब्लु स्टार लि.को मिति जून २७, १९९६ को फ्याक्स तथा रोस थर्मल सिष्टम प्रा.लि. को मिति १६।०६।१९९५ को पत्रहरुले पुष्टी गरेको हुंदा निज पन्नादास श्रेष्ठलाई सचेत गराउन दुग्ध विकास संस्थानलाई लेखिएको ।

दुग्ध विकास संस्थानको सञ्चालक समितिले मिति २०५३।१२।२२ गते को ६७५ औं बैठकद्वारा श्री ५ को सरकारमा दर्ता भएका निजी डेरी उद्योगहरुलाई मात्र होलमिल्क बिक्री वितरण गर्ने भनी निर्णय गरेकोमा सो विपरित दर्ता नै नभएको कालीमाटी डेरीलाई एभरेष्ट डेरी नै हो भनी होलमिल्क बिक्री गरेको देखिंदा नियम, विनियम तथा सञ्चालक समितिको निर्णयानुसार मात्र काम कारबाई गर्न लेखिएको ।

४. त्रिभुवन विश्व विद्यालय, परीक्षा नियन्त्रण कार्यालयबाट सञ्चालित वि.वि.एस. कार्यक्रमको कष्ट एण्ड मैनेजमेन्ट एकाउण्ट विषयको मिति २०५४।४।२७ को परीक्षाको प्रश्नपत्र आउट भएको भन्ने विषयमा अनुसन्धान हुंदा छापिएको सक्कल प्रश्न-पत्र दुई प्रति, हस्तलिखित एक प्रति र फोटोकपी एक प्रति सरस्वती ट्यूसन सेन्टर, बागबजारबाट बरामद भएको देखिएको । त्यसैगरी मिति २०५४।४।२० का दिन सञ्चालित व्यवस्थापन ब्याचलर्स लेभलको अनिवार्य अंग्रेजी विषयको छापिएको प्रश्न-पत्र एक प्रति पनि सोही ट्यूसन सेन्टरका सोहासकुमारको आफ्नो ट्यूसन सेन्टर तथा डेरावाट बरामद भएको, सो प्रश्न-पत्रहरु जुद्धोदय मा.वि.का शिक्षक भरतप्रसाद घिमिरेबाट प्राप्त गरेको भनी बयान गरेको र सहायक प्रशासक नारायणप्रसाद पोखरेल तथा हेड असिष्टेण्ट रामहरी फुयाल्ले पद्म कन्या क्याम्पस केन्द्रमा प्रश्नपत्रको पोकावाट ती प्रश्न पत्रहरु निकाली पूर्ववत् स्टीच गरी स्वयम् भरतप्रसाद घिमिरेले नै लगेका हुन् भनी बयान कागज गरेको देखिंदा यी तीनै जना व्यक्तिको मिलोमतोमा प्रश्नपत्र आउट गर्ने कार्य भएको देखिन आएकोले यस्तो गैर जिम्मेवारीपूर्ण र कानून विपरित कार्य गर्ने व्यक्तिलाई सम्बन्धित संस्थाको नियम, विनियम, सेवाशर्त बमोजिम बिभागीय कारवाइ गर्न लेखिएको ।

प्रश्नपत्रको पोकामा लागेको स्टीच, लाहाछाप, आदि दुरुस्त छ वा छैन रामरी हेरी प्याकेट खोली प्रश्न पत्र वितरण गर्नु पर्ने दायित्व केन्द्राध्यक्ष तथा निमित्त क्याम्पस प्रमुख श्रीमती चिरीकशोभा ताम्राकार, सहायक केन्द्राध्यक्षहरु सह प्रा. मृदुला सिंह, उप प्रा. श्यामा रेग्मी, उप प्रा. माधवप्रसाद घिमिरे र उप प्रा. श्रीराम आचार्य समेतउपर रहेकोमा सो दायित्वप्रति वेवास्ता गरी पहिला नै कसैले खोली प्रश्नपत्र झीकी स्टीच गरेको प्याकेटबाट प्रश्न-पत्र वितरण गरेको तथा

प्रश्नपत्र सबैको रोहवरमा नखोलिएको भन्नेसमेत देखिंदा निजहरुले आफ्नो जिम्मेवारी इमान्दारीसाथ पालना गरेको नदेखिएकोले आगामी दिनहरुमा यस्तो कार्य नगर्न र सावधानीपूर्वक कार्य गर्न सचेत गराउन लेखिएको ।

प्रस्तुत विषयका सम्बन्धमा प्रश्न-पत्र आउट भएको कार्य पुनः दोहोरिन नदिन निम्नानुसारको सुझाव त्रिभुवन विश्व विद्यालयलाई पठाएको :-

(क) प्रश्नपत्र पठाउंदा परीक्षार्थी संख्या र सो संख्याको एउटा निश्चित प्रतिशत यकीन गरी यति संख्यामा पठाएको भन्ने रेकर्ड राख्ने र प्याकेटको वाहिर पनि सो उल्लेख गर्ने ।

(ख) प्रश्नपत्रको प्याकेट खोल्ने अधिकारीहरुले कति प्रश्न पत्र छ, वाहिर पहिला नै हेरी स्टीच लाहाछापहरु दुरुस्त छन् वा छैनन्, यकीन गरी सहिछाप गरी खोली प्रश्न-पत्र गन्ती गरेर मात्र वितरण गर्ने ।

(ग) प्रश्नपत्र राखी पठाएको खाम र वांकी प्रश्नपत्रहरु लिफाफावन्द गरी कैफियत जनाई परीक्षा नियन्त्रण कार्यालयमा फिर्ता पठाउने परिपाटी कायम गर्ने ।

५. नेशनल ट्रेडिङ लि. केन्द्रीय कार्यालयवाट अधिकृतस्तर पद संख्या ६ (आन्तरिक लिखित प्रतियोगिता)का लागि मिति २०५३।१०।२० मा परीक्षा लिंदा आफ्ना केही कर्मचारी (पार्टी विशेष)हरुलाई वढुवा गर्ने नीयतले एक दिन अगाडी नै प्रश्नपत्र फोटोकपी गरी ६ जना कर्मचारीलाई वितरण गरेको र सो परीक्षा रद्द गरी भोलिपल्ट सारिएको, द्वितीय पत्रको परीक्षा मिति २०५३।१०।२३ गते विहान सम्पन्न भएको १० मिनेटपछि पदपूर्ति समितिका सदस्यसंग दुई जना सम्बन्धित नातेदारले कुरा गरी चमेना गृह जांदा वितरण भएको प्रश्नपत्रको उत्तरसहित को फोटोकपी खसालेकोमा सो प्रश्नपत्र एक जना कर्मचारीले फेला पारी तत्कालै महाप्रवन्धक तथा पदपूर्ति समितिका सम्पूर्ण सदस्यलाई घेरा वन्द गरी परीक्षा रद्द गर्न अनुरोध गरेपछि परीक्षा रद्द भएको, परीक्षाको नीति, नियम र मर्यादालाई वेवास्ता गरी आफन्तहरुलाई अनाधिकृत रुपमा उत्तीर्ण गराई संस्थानको मानमर्यादामा आंच पुऱ्याउने काम भएको भन्नेसमेत विषयमा अनुसन्धान हुंदा पदपूर्ति समितिले प्रश्नपत्र तयार गर्न दिएको विज्ञहरुवाट प्रश्नहरु प्राप्त गरी प्रश्नपत्र तयार गरेर मात्र परीक्षा सञ्चालन गर्नु पर्नेमा प्रश्न प्राप्त हुनासाथ उत्तरसमेत अंकित भएका प्रश्नहरुलाई रुजु नै नगरी जस्ताको तस्तै फोटोकपी गरी वितरण गरेकोले मिति २०५३।१०।२० गते संचालन भएको प्रथम पत्रको परीक्षा रद्द गर्नु परेको तथा मिति २०५३।१०।२१ का दिन परीक्षा सम्पन्न भई सके पश्चात् कार्यालय हाताभित्र उत्तरसमेत समावेश भएको हस्तलिखित प्रश्नपत्र फेला परेको कारण सो परीक्षा पनि रद्द गरी उक्त परीक्षाहरु मिति २०५३।१०।२३ र २४ गते पुनः लिनु पर्ने अवस्था सृजना भएको देखियो । यस्तो अवस्था सृजना गर्ने प्रमुख जिम्मेदार व्यक्तिहरुमध्ये पदपूर्ति समितिका अध्यक्ष तथा का.मु. महाप्रवन्धक तीर्थनारायण माली, सदस्य सचिव विमलप्रसाद पौडेल र मिति २०५३।१०।२१ गते सञ्चालित दोश्रो पत्रको प्रश्नपत्र तर्जुमाकार तथा पदपूर्ति समितिका सदस्य अवल्लैशले पुनः परीक्षा लिंदाका वखत विभिन्न विशेषज्ञहरुलाई प्रश्नपत्र तर्जुमा गर्न लगाई सोवाट मोडरेशन गरी परीक्षा सञ्चालन गर्नु पर्नेमा नगरी आउट भइसकेका प्रथमपत्र र द्वितीय पत्रका तिनै प्रश्नपत्रहरु मध्येवाट नै एक आपसमा तल र माथि पारी समावेश गरी परीक्षा सञ्चालन गरेको देखिंदा विभिन्न प्रश्न कर्ताहरुलाई मोडरेशन गर्नु पर्नेमा एकजनावाट मात्र आएको उत्तर समेत अंकित भएको प्रश्नपत्रलाई हेर्दै नहेरी वितरण गर्ने कार्यलाई सावधानिपूर्वक गरेको भन्न नमिलेको र पुनः परीक्षा सञ्चालन गर्दा अपनाउनु पर्ने पद्धती (मोडरेशन प्रणाली) भनी आफैले २२ गते विहान वसेको वैठकवाट गरेको निर्णय विपरित पहिले आउट भएका दुवै प्रश्नपत्रका अधिकांश प्रश्नहरुलाई समावेश गरी लापरवाहीपूर्ण तरिकाले परीक्षा सञ्चालन गरेकोसमेत हुंदा का.मु. महाप्रवन्धक तीर्थनारायण माली, सदस्य सचिव विमलप्रसाद पौडेल, सदस्य अवल्लैशलाई तथा पदपूर्ति समितिका अन्य सदस्यहरु माधवजंग राणा, सुरेन्द्रप्रसाद अर्याल, विशेष आमन्त्रित केशवकृष्ण अधिकारीलाई मिति २०५३।१०।२३ र २४ गते सञ्चालित परीक्षामा पहिले आउट भैसकेका प्रश्नपत्रहरु मध्येवाट नै मोडरेशन गरी परीक्षा सञ्चालन गर्ने निर्णय गरेको आधारमा परीक्षाको मर्यादा कायम गर्न नसकेको देखिदा सचेत गराउन लेखिएको । प्रस्तुत सन्दर्भमा यस्तो अवस्था सृजना हुन नदिने एवं निस्पक्ष ढंगले सतर्कताका साथ परीक्षा सञ्चालन गर्न नेशनल ट्रेडिङ लिमिटेडलाई लेखिएको ।

६. नवलपरासी जिल्लाको दाउन्ने देवी गा.वि.स. वडा नं. २,६ र ७ को परस्यौनी वन इकाई अन्तरगत पर्ने बरुवा जंगलमा आ.व. २०४२।४३ मा अवैध तरिकाले जंगल फडानी गरी ९५३६९ क्यूबिक फीट काठ चोरी गरिसकेको र २९३६४.९९ क्यू.फिट गोलिया काठ जंगलमा नै रहेको पाइएको भन्ने विषयमा अनुसन्धान हुंदा बन जंगलको अवैध रुपले ठूलो क्षती भएको भन्ने कुरा प्रष्ट हुन आएको देखिएकोले आफ्नो जिम्माको सरकारी वन जंगलको ठूलो क्षती भएकोमा आफ्नो क्षेत्रभित्र पर्ने सरकारी बन जंगलको रेखदेख नियन्त्रण गरी संरक्षण गर्नु गराउन पर्ने कर्तव्य भएका व्यक्तिहरु

तत्कालीन का.मु. जिल्ला बन नियन्त्रक कन्हैयाराज श्रेष्ठ, तत्कालीन इ.व.स. रविलाल भुसाल, तत्कालीन इ.स नथुनी मण्डल, तत्कालीन बनपाले देवशरण यादवसमेतले आ-आफ्नो कर्तव्यको पालना नगरी सरकारी बन जंगलमा ठूलो परिमाणमा क्षती पुऱ्याएको देखिन आएकोले बिभागीय कारवाई गर्न वन तथा भू-संरक्षण मन्त्रालयलाई लेखिएको ।

७. परीक्षा नियन्त्रण कार्यालय, सानो ठिमीका तत्कालीन नियन्त्रक चन्द्रवहादुर खड्कासमेतले २०५१ सालको S.L.C परीक्षामा प्रश्नपत्र एवं उत्तर पुस्तिका छपाई गर्दा परीक्षामा सम्मिलित कूल विद्यार्थीलाई चाहिने भन्दा दोव्वर संख्यामा छपाई गरी रकम हिनामिना गरेको, ओभरटाईम तथा जलपान खर्चको नाममा रकम हिनामिना गरेको, प्रश्नपत्र तथा उत्तर पुस्तिका विभिन्न जिल्लामा पठाउंदा ढुवानी खर्चसमेत अनियमित तवरवाट गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा निम्नानुसार गरिएको :-

२०५१ सालको एस.एल.सी.परीक्षाको प्रश्नपत्रहरु छपाउंदा परीक्षामा सम्मिलित परीक्षार्थीहरुका लागि आवश्यक प्रश्नपत्रहरु चाहिने संख्या भन्दा बढी छपाई गरी आर्थिक भार बढी पर्ने कार्य भएको, २०५१ साल श्रावण महिनामा हाजीर भएको लेखा अधिकृत जीवनलाल वज्राचार्यलाई २०५० सालको एल.एल.सी परीक्षाको टेवुलेसन कार्यमा सहयोग गरे वापत भनी रु. ३०००।- थप पारिश्रमिक भुक्तानी दिएको, ओभरटायम काम लगाउंदा कामको विवरण, अनुमानित खर्च, हाजीरी, काम सम्पन्न भएको विवरण आदि संलग्न नगरी भुक्तानी दिएको, उत्तर पुस्तिका परीक्षकलाई भुक्तानी दिंदा नियुक्ति पत्र, रकम बुझेको भरपाई आदि संलग्न गरी भुक्तानी दिनु पर्नेमा आवश्यक कागजात विना नै भुक्तानी दिएको, ठोस आधार वेगर अत्यधिक मात्रमा नियम विपरित जलपान खर्च गरेको र पुस्तिका ढुवानीका लागि रु. ४,७७,५७६।- वरावरको ढुवानी गराउंदा आर्थिक प्रशासन सम्बन्धी नियमावली विपरित टेण्डर नगरी कोटेशनद्वारा ढुवानी गरेको गराएको देखिन आएकोले तत्कालीन परीक्षा नियन्त्रक चन्द्रवहादुर खड्का, उप-नियन्त्रक शंकर मिश्र तथा लेखा अधिकृत जीवनलाल वज्राचार्यसमेतले आफ्नो पदीय कर्तव्य पालना नगरेको पाइएकोले निजहरुलाई पुनः यस प्रकारका काम कारवाही नदोहरिनेतर्फ सचेत गराउन सम्बन्धित शिक्षा मन्त्रालयलाई लेखिएको साथै मितव्ययितालाई मद्देनजर राखी आवश्यक व्यवस्था मिलाउन र आ.व. २०५१।५२ को प्रारम्भिक लेखा परीक्षण प्रतिवेदनमा उल्लेखित वेरुजुहरु तदारुकताकासाथ फछ्यौंट गर्न गराउनको साथै उक्त प्रतिवेदनमा औल्याइएका अन्य विषयहरुका सम्बन्धमा समेत आवश्यक नियन्त्रण गर्न शिक्षा मन्त्रालयको ध्यानाकर्षण गराइएको ।

८. आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाका प्रमुख अर्जुनवहादुर विष्टसमेतले श्रोत केन्द्र सवलीकरणका लागि डानिडाबाट प्राप्त नगद एवं वस्तुगत सहयोग वितरण एवं सामान खरीद गर्दा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा निम्नानुसार गरिएको :-

(क) श्रोत केन्द्र सवलीकरणका लागि डानिडावाट प्राप्त नगद एवं वस्तुगत सहयोग वितरण गर्दा दातृ संस्थावाट सीधै जिल्ला शिक्षा कार्यालयमार्फत् वितरण गरी सोको भरपाई दातृ राष्ट्रमा पठाउने गरेको र उल्लेखित नगद एवं वस्तुगत सहयोग वितरण कार्यमा परियोजनाले सहयोग प्रदान गर्ने कार्यमात्र गरेको देखिन आएको । आ.व. २०५३।५४ मा ७७ वटा श्रोत केन्द्र सवलीकरणका लागि डानिडावाट प्राप्त सहयोग रकमवाट सामान खरीद गर्दा आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०४२ अनुसार साझा प्रकाशन, रत्न पुस्तक भण्डार तथा सहकारी संस्थावाट सामान खरीद गरेको देखिन आएको ।

(ख) श्रोत केन्द्र विकास एकाईमा मिति २०५३।१२।२९ देखि २०५४ मंसीरसम्म कार्यरत तत्कालीन प्रमुख शोभितराम विष्ट तथा लेखा प्रमुख राममणी ढुंगेल समेतले ७७ वटा श्रोत केन्द्र सवलीकरणका लागि प्रदर्शनी वोर्ड, फलाटीन वोर्ड, सूचना पाटी, ब्लाकवोर्ड, तथा ब्लक सेटहरु खरीद गर्दा आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०४२ को परिच्छेद ५ कोनियम १९(१) अनुसार दरभाउ पत्रमा बोलपत्र छल्ने उद्देश्यले कोषको अवस्था अनुसार एकै पटक खरीद गरे हुनेमा पटक पटक गरी खरीद गर्नु हुँदैन भन्ने स्पष्ट व्यवस्था हुंदा हुँदै सो नगरी टेण्डर प्रकृया नै निष्कृय हुने गरी एकै प्रकृतिका सामान एकै मिति २०५४।२।२३ मा बिभिन्न फर्महरुसंग रु १,०९,१००।- वरावरको ४/४ वटा कोटेशन स्वीकृत गरी खरीद गर्नुका साथै आ.प्र.नियमावली विपरित एउटै कामलाई टुक्रा टुक्रा गरी जम्मा रु ३,५५,४५१ ।- वरावरको सामान ११ पटक कोटेशनद्वारा खरीद गरेको देखिन आएकोले तत्कालीन एकाई प्रमुख शोभितराम विष्ट तथा लेखा प्रमुख राममणी ढुंगेललाई बिभागीय कारवाहीका लागि लेखिएको ।

(ग) टेण्डर प्रकृयाद्वारा एकैपटक खरीद गरे हुनेमा सो विपरित एउटै कामलाई टुक्रा गरी पटक पटक कोटेशनवाट खरीद गर्ने यस्तो पद्धती मन्त्रालय अन्तरगतका कार्यालयहरुमा समेत पुनः दोहरिन नदिनका साथै आर्थिक प्रशासन

सम्बन्धी नियमावलीको पूर्ण रुपमा परिपालना गर्न गराउनका निमित्त समुचित व्यवस्था गर्न शिक्षा मन्त्रालयको ध्यानाकर्षण गराइएको ।

(घ) सबै मन्त्रालयहरुमा समेत यस प्रकारका आर्थिक अनियमितता हुन नदिनका लागि आवश्यक व्यवस्था हुन मन्त्रीपरिषद सचिवालयलाई लेखी सोको जानकारी महालेखा नियन्त्रकको कार्यालयलाई दिइएको ।

९. मध्यमाञ्चल क्षेत्रीय हुलाक निर्देशनालयले मेल सेन्टरमा प्राप्त हुने चिठ्ठी पत्र र उजूरीपत्रहरु खोली गायव गर्ने गरेको, अवैध रुपमा विदेशी मुद्रा विदेश पठाउने गरेको भन्ने समेत विषयमा अनुसन्धान हुंदा मध्यमाञ्चल क्षेत्रीय हुलाक निर्देशनालयबाट मिति २०५२।८।८ मा हङ्गकङ्ग डिस्प्याचका लागि दर्ता हुन आएको र.नं. ९८, ९९, १००, १०१ र १०२ का ५ थान रजिष्ट्रिहरु भा.रु. ४,९५,५००।- र ने.रु. १,४९,७१,८७३।८३ बराबरको बिभिन्न विदेशी मुद्राहरु समेत सुराकीको आधारमा बरामद भएकोमा उक्त रकम नियमानुसार राजस्व अनुसन्धान बिभागको खातामा जम्मा भएको देखिएको । यसरी अवैध रुपमा विदेशी मुद्राहरु खामिएका रजिष्ट्रिहरु दर्ता हुन आएका समयमा त्यहां कार्यरत खरीदार भीमप्रसाद दाहालले आफूले प्रयोग गर्नुपर्ने ग्रूप संकत प्रयोग नगरेको र हातले समेत चिन्ह नलेखको, त्यस्तै अन्तराष्ट्रिय हवाई डांक फांटमा काम गर्ने खरीदार मोहनप्रसाद उपाध्यायले ग्रूप संकेत प्रयोग नगरेको र रजिष्ट्रिहरु विना कैफियत सहजै बुझेको तथा सी-१२ फर्म भर्दा ग्रूप चिन्ह, दर्ता गर्ने हुलाकको नाम आदि महल अनुसार विवरण भर्नु पर्नेमा अस्थायी ना.सु. नवराज गुरुङ्गलेसमेत उक्त प्रकृया अवलम्बन गरेको पाइएन । हुलाक सम्बन्धी निर्धारित प्रकृया नअपनाउने अस्थायी ना.सु. नवराज गुरुङ्गले हाल अवकास पाइसकेको जानकारी प्राप्त भएको हुंदा खरीदार भीमप्रसाद दहाल र खरीदार मोहनप्रसाद उपाध्यायलाई भविष्यमा त्यस प्रकारका त्रुटीहरु नदोहऱ्याउने गरी सचेत गराउन हुलाक सेवा बिभाग मार्फत् लेखिएको । २० नोभेम्वर, १९९४ मा रुपन्देही पठाइएको २० थान बीमा व्याग हराएको सम्बन्धमा मध्यमान्चल क्षेत्रीय हुलाक निर्देशनालयले मिति २०५४।१०।९ मा जिल्ला प्रहरी कार्यालय हनुमान ढोकामा जाहेरी दरखास्त दिई कारवाहीको प्रकृया अघि बढाइएको देखिएको ।

जनतासंग प्रत्यक्ष सरोकार राख्ने हुलाक सेवामा समय समयमा विदेशी मुद्रा तथा नशालु पदार्थको अवैध ओसार पसार हुने, चिठ्ठी पत्र तथा बीमा लगायतका हुलाक वस्तुहरु हराउने र हुलाक कार्यालयमा रहनु पर्ने कागजपत्र तथा अभिलेख सुरक्षित एवं जिम्मेवारीपूर्वक रहने नगरेको सन्दर्भमा सोको प्रभावकारी नियन्त्रणका लागि आवश्यक व्यवस्था हुनु पर्ने देखिएकोले समयसापेक्ष वैज्ञानिक उपकरणहरुको प्रयोग लगायत अन्य भरपर्दो व्यवस्था गर्नको साथै बीमा व्याग, चिठ्ठी पत्र लगायत हुलाक कार्यालयका कागजपत्र एवं अभिलेखसमेत व्यवस्थित तवरबाट राख्ने लगायतका व्यवस्थापन पक्षमा प्रभावकारी सुधारहरु गरी सोको जानकारी आयोगलाई गराउन सूचना तथा सञ्चार मन्त्रालयलाई लेखिएको ।

विदेशी विनिमय ऐन, २०१९ अन्तर्गतको कसूर सम्बन्धमा मिति २०५२।८।८ मा हङ्गकङ्ग डिस्प्याचका लागि तयार पारिएको मेल व्याग नं १३७ भित्र रहेका ५ थान रजिष्ट्रिहरुबाट ठूलो परिमाणमा विदेशी मुद्रा बरामद हुन आएको सम्बन्धमा राजस्व अनुसन्धान बिभागबाट अनुसन्धान तथा छानवीन हुनु पर्नेमा भएको नदेखिएकोले अर्थ मन्त्रालय मार्फत् राजस्व अनुसन्धान बिभागको ध्यानाकृष्ट गराइएको ।

१०. सिग्मा रिसोर्सेज ट्रेडलिंकका रघु शाहले पुरानो कम्प्यूटरमा नयां लेवल लगाई रा.स.स.मा सप्लाई गरी पचासौ लाख भ्रष्टाचार गरेको भन्नेसमेत विषयमा अनुसन्धान हुंदा यसमा राष्ट्रिय समाचार समितिले मिति २०५२।५।१३ को गोरखापत्रमा कम्प्यूटर र सोसम्बन्धी उपकरणहरुको सप्लाईको बोलपत्र सूचना प्रकाशित गरेकोमा म्याद भित्र सिग्मा रिसोर्सेज ट्रेड लिंकसमेत १३ वटा बोलपत्र पेश हुन आएकोमा १३ वटा सील्ड टेण्डरहरुलाई यथावत राखी १५ दिनको म्याद दिएर पुनः टेण्डर आव्हान गर्ने सञ्चालक बोर्डको २०५२।८।१२ को निर्णयानुसार पुनः बोलपत्र आव्हान हुंदा पहिले पेश गरी सकेका सिग्मा रिसोर्सेज ट्रेड लिंकको समेत ३ वटा बोलपत्र पेश हुन आएको ।

तत्कालीन राष्ट्रिय कम्प्यूटर केन्द्रका प्राविधिकबाट बोलपत्रहरुको मूल्यांकन गराउंदा पहिलो र दोश्रो नम्बरमा पर्ने फर्महरुको बोलपत्रसाथ आवश्यक कागजात समावेश नभएको र पेशसमेत गर्न नसकेको हुंदा तेश्रो स्थानमा हुने सिग्मा रिसोर्सेजको ५३,८९,६२८।१० को C.I.F. KTM को बोलपत्र स्वीकृत गरेको । शुरुको बोलपत्रमा समूह A को लागि सिग्मा रिसोर्सेज ट्रेडलिंकले दोश्रो पटक पेश गरेको भन्दा रु. ५,१७,८००।- कम कबोल भएको बोलपत्र पेश गरेको थियो । दोश्रो पटक पुनः बोलपत्र पेश गर्ने मौका पाउंदा सोही समूहको लागि बढी रकमको हुने गरी पेश गरेको बोलपत्रबाट रा.स.स.लाई रु. ५,१७,८००।- को थप भार पर्न गएकोले त्यस्तो त्रुटीपूर्ण निर्णय गर्ने तत्कालीन सञ्चालक बोर्डका निम्नानुसारका पदाधिकारी एवं कर्मचारीलाई निम्न अनुसारको कारवाइको लागि लेखिएको :-

१) अर्थ विशेषज्ञको रुपमा रा.स.स. बोर्डको बैठकमा भाग लिने अर्थ व्यवस्थापक जयशंकर महतो नियम विपरितको उपरोक्त कार्यमा सहभागी भएको देखिंदा निजउपर रा.स.स. कर्मचारी सेवा शर्त विनियम बमोजिम विभागीय कारवाई गर्न रा.स.स. संचालक समितिलाई लेखिएको ।

२) संचालक समितिका तत्कालीन सदस्य जयशम्सेर राणाले आयोगसमक्ष पेश गरेको स्पष्टीकरणमा उपरोक्त कार्य सदाशयतापूर्वक गरिएको भन्ने आधार खुलाउन नसकेकोले यस्ता सदस्यको अभिलेख राख्न मं. प. सचिवालयलाई लेखिएको ।

३) रा.स.स.को अध्यक्ष एवं सदस्य जस्तो जिम्मेवारीपूर्ण पदमा रहेर आयोगको स्पष्टीकरण पेश गर्ने सम्बन्धी पत्र बुझी स्पष्टीकरण पेश नगर्ने तत्कालीन अध्यक्ष माथवरसिंह बस्नेत एवं सदस्य प्रदीपमान श्रेष्ठको गैहजिम्मेवारीपूर्ण कार्यको अभिलेख राख्न र यस्ता व्यक्तिलाई श्री ५ को सरकारले जिम्मेवारीपूर्ण पदमा मनोनयन वा नियुक्त गर्न सजग रहन श्री ५ को सरकार मं.प. सचिवालय र सञ्चार मन्त्रालयलाई सुझाव पठाइएको ।

४) रा.स.स.संचालक समितिका सदस्यहरु बैकुण्ठ प्रधान र नारायणबहादुर बस्नेतको नाममा जारी भएको म्याद बेपत्ते तामेल भई आएकोले यस्ता बेपत्ते व्यक्तिहरुलाई रा.स.स.को संचालक समितिको सदस्य जस्तो जिम्मेवारीपूर्ण पदमा नियुक्ति गरेको देखिएकोले सो तर्फ श्री ५ को सरकारको ध्यानाकर्षण गराइएको ।

५) तत्कालीन महाप्रवन्धक मुकुन्द पराजुलीको मृत्यु भै सकेकोले निजको हकमा केही गर्न नपरेको ।

११. राष्ट्रिय बाणिज्य बैङ्क मुख्य शाखाका व्यवस्थापक एवं कर्मचारीहरुले विदेशी कम्पनीसंग मिलोमतो गरी प्रतितपत्रको भुक्तानी गरी सुप्रिम फेशन प्रा.लि.लाई नोक्सानी पुऱ्याएको भन्ने विषयमा अनुसन्धान हुंदा प्रतितपत्र कागजात बमोजिमको भुक्तानी पठाउन स्वीकृत भइसकेपछि सो निर्णय विपरित भुक्तानी पठाउनु पर्दा पुनः निर्णय गराउनु पर्नेमा सो नगरेको, रीतपूर्वक प्रतितपत्र संशोधन नगरेको र आफ्नो ग्राहक सुप्रिम फेशन प्रा.लि.को अधिकारिक सहमति बेगर निर्यातकर्ता Cardison Interlining Speciality Co. को एकतर्फी अनुरोधको आधारमा भुक्तानी पठाएको र यसरी निर्यात कर्तालाई भुक्तानी पठाएको रकम सुप्रिम फेशन प्रा.लि.ले भुक्तानी नगरेकोले सो कम्पनीलाई कालो सूचीमा राखेको देखिंदा राष्ट्रिय वाणिज्य बैङ्कको कर्मचारी नियमावली, २०५० बमोजिम एल.सी. इन्चार्ज कृष्णबहादुर पन्त तथा एकाउण्टेण्ट लक्ष्मणकृष्ण ताम्राकारलाई विभागीय कारवाही गर्न लेखिएको ।

१२. सार्विक नेपाल पुनर्वास कम्पनी (हाल ग्रामीण आवास कम्पनी)बाट नवलपरासी जिल्लाको कावासोतीमा जग्गा वितरण गरी वसोबास गराउने क्रममा कावासोती गा.वि.स. वडा नं. ५ (घ) स्थित कि.नं. ३ को ज.वि. १-१४-२-० र कि.नं. ३६ को ज.वि. ०-१५-६-० समेत गरी जम्मा ज.वि. २-९-८-० पराजित पुन मगर र दिलवहादुर तामाङ्को छोडपत्रको आधारमा टेकवहादुर गुरुङ्को नाममा फील्डवुक कायम गराई कार्यालयमा योजना प्रमुख नरहेको अवस्थामा कम्पनीका कर्मचारीहरु मुख्य प्रशासकीय सहायक टीकाप्रसाद भट्ट र लेखा अधिकृत प्रद्युम्नवहादुर प्रधानले मिति २०३६।११।८ र ऐ. २६ मा अनियमित किसिमवाट मालपोत कार्यालय, नवलपरासीको नाममा सिफारीश पठाई टेकवहादुर गुरुङ्को नाममा अवैध ढंगले जग्गा धनी प्रमाण पुर्जा वनाएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा जिल्ला प्रशासन कार्यालय, अंचलाधीशको कार्यालय तथा विशेष प्रहरी बिभागसमेतवाट छानवीन भई नेपाल पुनर्वास कम्पनीको योजना कार्यालयवाट छानवीन नटुंगेसम्म विक्री वितरण, नामसारी र कित्ताकाट नगर्नू भनी मालपोत कार्यालय नवलपरासीलाई २०४५।१।५ मा उपरोक्त कि.नं. २ को कित्ता जग्गा रोक्का राख्न अनुरोध भए बमोजिम रोक्का रहेको देखियो ।

उक्त विवादित जग्गालाई ओहदा नपुगी गैर कानूनी सिफारीश गरी कम्पनीको नामको जग्गा व्यक्ति विशेषको नाममा जग्गा धनी प्रमाणपुर्जा वनाउन सहयोग पुऱ्याउने गामीण आवास कम्पनीका मुख्य प्रशासकीय सहायक टीकाप्रसाद भट्ट र लेखा अधिकृत प्रद्युम्नवहादुर प्रधानलाई बिभागीय कारवाहीको लागि पेश गरिएको फायल गायव गरी बिभागीय कारवाहीको सट्टा अधिकृत तहमा बढुवा गर्ने नायव प्रवन्धक नारायणभक्त पौडेल र वरिष्ठ प्रवन्धक हरिभक्त ढकाललाई पनि कारवाही भइरहेको व्यहोरा ग्रामीण आवास कम्पनी लिमिटेडको मिति २०५५।२।५ को पत्रवाट देखिन आयो ।

कि.नं. ३६ को हकमा वादी टेकवहादुर गुरुङ्ग ले विपक्षी रोमवहादुर धिमिरेको नाममा जग्गा खिचोला गरेकोले चलन चलाई पाउं भनी जिल्ला अदालत नवलपरासीमा फिराद गरेकोमा मिति २०५१।५।२१ मा अदालतवाट टेकवहादुर गुरुङ्गको पक्षमा चलन पूर्जि दिएको देखिन्छ ।

जग्गा फुकुवाको सिफारीस पाउं भनी टेकवहादुर गुरुङ्गले दिएको निवेदनमा ग्रामिण आवास कम्पनीले फुकुवा गरी नदिएकोउपर टेकवहादुर गुरुङ्गको निवेदनमा पुनरावेदन अदालतले कम्पनीसंग कैफियत प्रतिवेदन माग गरेकोमा ग्रामीण आवास कम्पनीले जग्गा वितरण नै नगरेको व्यहोरासमेत खुलाई जो भएको व्यहोराको प्रतिवेदन पेश गरेकोमा अदालतवाट कानून बमोजिम गर्नु भन्ने आदेश भएको, तर निवेदकको माग बमोजिमको जग्गा फुकुवा हुन सकेको देखिएन । अदालतले दर्ता पुर्जाको आधारमा चलन पुर्जी दिएको विषयलाई र पुनरावेदन अदालतवाट कानून बमोजिम गर्नु भन्ने आदेश भएकोलाई प्रमुख मालपोत अधिकृत लक्ष्मीप्रसाद ज्ञवालीले गलत व्याख्या गरी रोक्का राख्ने कम्पनीसंग फुकुवा गर्नेवारे सोधपूछ नै नगरी रोक्का रहेको उपरोक्त दुवै कित्ताका जग्गाहरु २०५४।३।९ मा फुकुवा गरी पवित्रा पौडेल र रामप्रसाद शर्माको नाममा नामसारीसमेत गरेको देखिन आयो ।

मिति २०५२।३।५ मा अदालतले दर्ता प्रमाणको आधारमा चलन पुर्जी दिएको भए ता पनि पुनरावेदन अदालत, वुटवलको मिति २०५३।९।२६ को उपरोक्त आदेशले कम्पनीको मिति २०४५।१।१५ को रोक्का राख्ने निर्णय कायमै रहेकोमा प्रमुख मालपोत अधिकृतले २०५५।३।९ मा पुनरावेदन अदालतको निर्णयलाई समेत उछिनेर जग्गा फुकुवा गरी कम्पनीको जग्गा संरक्षण गर्नु सट्टा पवित्रा पौडेल र रामप्रसाद शर्माको नाममा जग्गा नामसारी गरी दिएको काम कारवाही कानूनसम्मत देखिन नआएकोले तत्कालीन प्रमुख मालपोत अधिकृत, हाल भूमिसुधार अधिकारी, रुपन्देहीका लक्ष्मीप्रसाद ज्ञवालीलाई बिभागीय कारवाही गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखिएको ।

१३. नेपाल चिया विकास निगम लि.का अध्यक्ष रामकुमार थापा र डाइरेक्टर चन्द्रवहादुर कार्कीको सहायतावाट बर्ने चिया कमानका प्रवन्धक शिवप्रसाद आचार्यले हरीयो चिया पत्तिबाट जर्ती निकाल्ने भनी हरीयो चिया निजी वगानलाई सप्लाई गरी भ्रष्टाचार गरेको भन्नेसमेत विषयमा अनुसन्धान हुंदा निम्नानुसार गरिएको :-

बर्ने चिया कमानमा धेरै पहिले देखि पत्ती प्रोसेसिङ्ग गर्ने कारखाना बनाउन शुरु गरे पनि काम सम्पन्न नभएकोले अन्यत्र प्रोसेसिङ्ग गर्न पठाउने र हरीयो पत्ती नै पनि विक्री गर्ने गरेको देखियो । २०५२र २०५३ मा सार्वजनिक सूचना प्रकाशित नगरी कारखानाहरुलाई सम्पर्क गरी हरियो चिया पत्ती विक्री गरेको र २०५४ मा स्थानीय पत्र पत्रिकामा सूचना प्रकाशित गरी हरीयो पत्ती विक्री गरेको देखियो । मिति २०५३।३।१४ मा बुट्टावारी टी प्रोसेसिङ्ग प्रा.ली. र राज टी इस्टेट प्रा.लि.संग सम्झौता गर्दा सम्झौताको दफा ४ मा वर्षात्को समयमा एड्हेसिभ ५ प्रतिशतसम्म कट्टा गरीने छ भनी टाइप गरिएकोमा ५ प्रतिशत पछि " देखि ७ प्रतिशत " र दफा ७ मा यो सम्झौता भएको ७ दिनभित्र भन्ने ठाउंमा सम्झौता पछि " भै पत्ती प्राप्त " भन्ने शव्दहरु हातले थपी सम्झौता गरेको र निगमको सञ्चालक समितिको मिति २०५३।१२।७ को वैठकले हरीयो चिया पत्ती विक्री गर्न गठन गरेको उपसमितिले सो सम्झौतालाई २०५३।३।१५ मा समर्थन गरे अनुसार बर्ने चिया कमानबाट बुट्टावारी टी प्रोसेसिङ्ग लाई ५,१७,०७१ के.जी. हरीयो चिया पत्ती पठाएको र सो वगानले ५,२८,२१६ के.जी. अर्थात् ११,१४५ के.जी. बढी बुझेको देखाई आर्द्रता बापत ६९५९ के.जी., रफ कट्टा ४८,०८४ के.जी. र एकमुष्ट कट्टा १०९८१ के.जी. गरी जम्मा ६७,०२४ (१२.६८%) कट्टा गरी ४,६१,१९२ खूद प्राप्त गरेको भन्ने हिसाब देखाएको र राज टी इस्टेटलाई ४०६,५३६ के.जी. हरीयो चिया पत्ती पठाएकोमा सो वगानले ४०९,१३८ के.जी. अर्थात् २६०२ के.जी. बढी बुझेको देखाई आर्द्रता वापत २८२२४ (६.८७ %) कट्टा गरी ३,८०,९०४ के.जी. खुद प्राप्त गरेको भन्ने हिसाव देखाइएको पाइयो । यस सम्बन्धमा निम्नानुसार गरिएको :-

(अ) खरीद कर्ताले जे जति चिया पत्ती प्राप्त गऱ्यो भनेको छ, त्यसैलाई मान्ने गरेकोले बर्ने चिया कमानमा गरेको पत्तीको तौललाई आफैले नमानेको र त्यसलाई विश्वसनीय वनाउने प्रयास गरेको नदेखिएवाट र सम्झौताको शर्त अनुसार आर्द्रता वापत र रफ पत्ती बापतको कटी तत्कालै निस्कृय गरेकोवाट बर्ने चिया कमानका तत्कालीन प्रवन्धक शिवप्रसाद आचार्यले लापरवाही गरेको देखिंदा निजलाई सचेत गराइएको ।

(आ) हरीयो चिया पत्ती विक्री गर्ने सम्झौता गर्दा संझौतामा रहने सम्पूर्ण शर्तहरु पहिले नै निश्चित नगरी संझौतामा सही गर्ने समयसम्म पनि हेरफेर गरेको देखिएकोले आइन्दा सम्झौताका शर्तहरु यथासम्भव पहिल्यै निश्चित गरी खरीद विक्रीको कार्य शुरु गर्न नेपाल चिया विकास निगमलाई लेखिएको ।

(इ) चिया प्याक गर्ने टीनको वट्टा खरीद गर्दा २५००० गोटा इलाम टी क्याडी टीनको वट्टाको लागि ३५ दिने टेण्डर आह्वान गर्दा प्रति वट्टा ईश्वर निर्माण सेवाले रु. ५३।३३, टेक्नोमेक इण्डियाले रु ५६।-, ओम्नी विजिनेश कर्पोरेट इन्टरनेशनलले रु. ५६।९५ र क्रय कन्सल्टेण्ट एण्ड मार्केटिङ्गले रु. ५७।६० को दर हालेकोमा प्राप्त टेण्डरमा विश्वसनीयताको अभाव, अनुपयुक्त दर रेट, हूवहू नमूनाको टीनको वट्टाको अभाव आदि कारण जनाई प्राप्त टेण्डर रद्द गरी वट्टा खरीदको लागि नयां प्रक्रिया शुरु गर्ने भनी २०५३।६।१३ मा कार्यकारी अध्यक्ष रामकुमार थापाले निर्णय गरेको र २०५३।६।२५ मा टेक्नोमिक इण्डियावाट प्रति वट्टा रु. ५२।- र ओम्नी विजिनेश कर्पोरेट इन्टरनेशनलबाट रु ५३।- मा बट्टा दिने पत्र दिई टेक्नोमिक इण्डियासंग रु ५२।- मा १२,५०० टीनको वट्टा लिने राय लिई विक्री महाशाखा प्रमुख वावुराम पौडेलले पेश गरी कार्यकारी अध्यक्षबाट मिति २०५३।६।२५ मै निर्णय गरेको देखियो । एक पटकको टेण्डर रद्द गरेपछि सोही निर्णय अनुसार वट्टा खरीदका लागि फेरी टेण्डर गर्नु पर्नेमा सोझै खरीद गरेको उपयुक्त देखिएन । त्यसैले त्यसरी उपयुक्त आधारमा वा कारण विना नै सोझै खरीद गर्न राय दिने विक्री महाशाखा प्रमुख बाबुराम पौडेल तथा स्वीकृत गर्ने तत्कालीन कार्यकारी अध्यक्ष रामकुमार थापालाई सचेत गराउन नेपाल चिया विकास निगममा लेखिएको ।

१४. सहकारी संस्था लि. महावीर नगरको ऋण असूलीको लागि रोक्का राखिएको सिरहा जिल्ला नैनपुर गा.वि.स. वडा नं. ९(क) को कि.नं. २३२ को तेतरी हजामनीको नाउंको जग्गा रामऔतार ठाकुरको नाउंमा राजीनामा पास गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान हुंदा जीतलाल ठाकुर, निजकी आमा दानावती हजामनी र दाइ हिरण्य ठाकुरले सहकारी संस्था, महावीरनगरबाट ऋण लिएको र कर्जा चुक्ता नगरेको देखिंदा ऋण लिंदा धितो राखेको जग्गामध्ये अयोध्यानगर गा.वि.स.वार्ड नं. ४ को कि.नं. १०८ को दानावती हजामनीको नाउंमा दर्ता भएको जग्गाको विषयमा कुनै विवाद नभएको सो जग्गा सहकारी संस्थाले रोक्का गर्न कुनै कारवाही गरेको देखिएन । हनुमान नगर वार्ड नं. १ को कि.नं. ५७,५८,५९ को जग्गा रोक्का राखिदिन सहकारी संस्थाले २०४९।१२।२१ मा जिल्ला सहकारी कार्यालयलाई अनुरोध गरे बमोजिम मालपोत कार्यालय, सिरहाले २०५०।२।८ मा जिल्ला सहकारी कार्यालयलाई लेखेको पत्रमा उल्लेखित व्यक्तिहरुको नामको जग्गाहरु श्रेस्ता भिडान गर्दा नमिलेको हुंदा रोक्का नराखिएको भन्ने लेखिएको र सो जानकारी पाएको करीव अढाई वर्षपछि २०५२।७।१४ मा मात्र सहकारी संस्थाको सञ्चालक समितिले संस्थाका पूर्व अध्यक्ष नीरालाल ठाकुरले आफ्नु संस्थाको अध्यक्ष भएको बेलामा संस्थाको रकम हिनामिना गरेको साथै निजले संस्थावाट अध्यावधिक रुपमा ऋण लिएकोमा धितो वापत राखेको धितो चेक गर्दा फेला नपरेको, संस्थाको ऋण डुब्ने संभावना भएकोले निजको श्रीमती तेतरी हजामनीको नाउंमा दर्ता रहेको जग्गा नयनपुर गा.वि.स. वार्ड न. ९ (क) क्षेत्रफल ०-३-१३-० कि.नं. २३२ को बुझिएको उक्त जग्गा रोक्का गराई संस्थाको रकम असूलीतर्फ आवश्यक कारवाईको लागि लेखी पठाउने भनी निर्णय गरेको देखियो । तेतरी हजामनीको नाममा लिएको जग्गा रोक्का गर्न सहकारी संस्थाले २०५२।७।१४ मा पत्र लेखेकोमा सो जग्गा रोक्का छैन भनी मालपोत कार्यालयका ख. राजेन्द्र प्रसाद भट्टराईले मिति २०५३।१०।२९मा प्रमाणित गरी तेतरी हजामनीको नाउंबाट रामऔतार ठाकुरको नाममा राजिनामाको लिखत पारित भएको र सो सम्बन्धमा निजले आफ्नो बयानमा उक्त लिखतमा कि.नं. १३१ लेखिएको थियो भनेकोमा शुरुमा ५३५ को अंक लेखिएको देखिन आयो । निजले रोक्का लगत भिडाउंदा हेर्नु पर्ने जग्गा धनी प्रमाणपुर्जा आफूले नहेरेको स्वीकार गरेको र जीरालाल ठाकुरसमेतले धितो राखेको जग्गा निजकै नाममा कायम देखियो । तर सहकारी संस्थाले धितो रहेको जग्गा अन्य कानूनी प्रक्रियावाट असूल गर्ने कारवाही शुरु गरेको देखिएन । यसमा तेतरी हजामनीको नाउंको जग्गा प्राप्त हुन आएपछि ऋणीहरुलाई र जग्गा धनीलाई कुनै जानकारी नदिइकनै जग्गा रोक्का गराएकोबाट ऋणीहरुले राखेको धितो बमोजिम विद्यमान कानूनी प्रक्रियावाट सहकारी संस्थाले ऋण असूल गर्न सक्ने नै भएकोले सोही बमोजिम गर्न सहकारी संस्था, महावीरनगरलाई लेखिएको र रोक्का रहेको जग्गा रोक्का छैन भनी लेख्ने मालपोत कार्यालय सिरहाका खरीदार राजेन्द्रप्रसाद भट्टराईलाई बिभागीय कारवाही गर्न मालपोत बिभागमा लेखिएको ।

१५. नेपाल इण्डोस्वेज बैङ्कबाट नारायण मानन्धरको नाममा बस खरीदको लागि ऋण प्रवाह भएकोमा ऋण रकम चुक्ता गरेपछि निजको नाममा वस नामसारी गर्न सिफारीश भएपछि सोही वस गौतम मानन्धरको नाममा नामसारी गर्न सिफारीश गरी सो वैङ्कका रीस्क व्यवस्थापन महाशाखा प्रमुखले अनुचित कार्य गरेको भन्ने विषयमा अनुसन्धान हुंदा अनुचित काम गर्ने भनिएको महाशाखा प्रमुखको यसमा कुनै संलग्नता देखिन आएन । तथापि नारायण मानन्धरको नाममा वस नामसारी गर्ने पत्र २०५०।८।१६ मा वरीष्ठ प्रवन्धक किशोर महर्जनले बैङ्को तर्फबाट दिइसकेपछि निजको लिखित मन्जुरी विना सोही वस गौतम मानन्धरको नाममा नामसारी गर्ने पत्र मिति २०५१।६।१३ मा दिने प्रवन्धक विवेक ढुंगानाको कार्य अत्यन्तै लापरवाहीपूर्ण देखिन आएकोले निजलाई सचेत गराउन नेपाल इण्डोस्वेज बैङ्कलाई लेखी सोको जानकारी निज हाल कार्यरत रहेको बैङ्क अफ काठमाडौंलाई पनि दिइएको तथा एकाको सम्पत्ति अर्कोको नाममा नामसारी गर्ने पत्र लेख्दा कानूनको रीत पुऱ्याएर मात्र लेख्ने गर्न नेपाल इण्डोस्वेज बैङ्कलाई लेखिएको ।

१६. शाही नेपाल वायुसेवा निगमका क्याप्टेन कुलबहादुर लिम्बुले तत्कालीन का.मु. निर्देशकको हैसियतले विदेशमा काज भ्रमण गर्दा सस्तो होटलमा बसी महंगो होटलको बील पेश गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा निज क्याप्टेन कुलबहादुर लिम्बुले न्यूयोर्क होटल, सिंगापुरमा बसेको भनी १३१३।१५ सिंगापुर डलरको बील पेश गरी भुक्तानी लिएकोमा उक्त होटलबाट निज क्याप्टेनले ३३४।८५ सिंगापुर डलर मात्र तिरेको भनी बीलको प्रतिलिपी नै पठाएको हुंदा बढी भुक्तानी लिएको देखिएको ९७८।३० सिंगापुर डलर एवं डेन्भोरा, कोलोराडोको Stapleton Plaza Hotel and Fitness Centre को समराइज्ड बिलमा Room charge भनी आफ्नै हातले थपी भुक्तानी लिएको ६४४ अमेरिकी डलर र अमेरिकाकै Red Lions Hotel and Inns को निजले पेश गरेको ४३७४ यू.एस.डलरको बीलमा होटलको सम्पर्क ठेगाना तथा फो.नं. उल्लेख नभएको र निगमसमेत कतैबाट पनि सो बीलको आधिकारिक पुष्टी नभएको हुंदा यी तीनवटै बीलको लिन खान पाउने भन्दा पटक पटक बढी भुक्तानी लिएको जम्मा रु. २,८३,१७५।६६ पैसा निजबाट असूलउपर गर्न र निजलाई विभागीय कारवाई गर्न शाही नेपाल वायुसेवा निगमलाई लेखिएको । साथै नक्कली बीललाई मान्यता दिई भुक्तानी दिने निगमका कर्मचारी कल्याणदेव भट्टराई, रवीन प्रधान, दामोदर खत्री, तेजप्रसाद गौचन र क्यानुराज तुलाधरसमेत लाई सचेत गराउनका साथै सबै तहका पदाधिकारी तथा कर्मचारी विदेश वा स्वदेश भ्रमण गर्दा तह, स्थान र मुलुक अनुसार पाउने रकम निर्धारण गरी दैनिक भ्रमण भत्ता भुक्तानी दिने व्यवस्था मिलाउन निगमको संचालक समितिलाई लेखिएको ।

१७. सम्बन्धित विमान निर्माता कम्पनीले यात्रु भरी उडान गर्न दिने अनुमती दिएमा मात्र यात्रु राखी उडान गर्न पाउने ICAO को नियमानुसार Russaion Civil Aviation Authority ले यात्रु राखी उडान गर्न अनुमती नदिएको रसियन हेलिकप्टर MI-17 लाई २०५३।६।७ मा यात्रु उडान भर्न नदिने भनी तत्कालीन हवाइ विभागबाट निर्णय गरेको १ हप्ता पछि पुनः २०५३।६।१३ मा आर्थिक प्रलोभनमा परी यात्रु उडान अनुमती दिएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा १ हप्ता अगाडि गरेको निर्णयलाई विना आधार र कारण पुनः २०५३।६।१३ मा उल्टाई रसियन हेलिकोप्टरलाई यात्रु उडान गर्ने अनुमती दिने गरी भएको निर्णय औचित्यपूर्ण नभएकोले सो निर्णय गर्ने हवाई विभागका महानिर्देशक वीरेन्द्र देउजालाई सचेत गराउनका साथै श्री ५ को सरकार मन्त्रीपरिषदलाई देहायको सुझाव पठाइएको :-

(क) MI-17 जहाज यात्रु उडानको निमित्त उपयुक्त नभएकोले हाल यात्रु उडान भर्ने कार्य बन्द भएको भन्ने देखिए ता पनि आइन्दा यस्तो कार्य दोहरिन नदिने व्यवस्था गर्ने,
(ख) यात्रु वाहक विमान ल्याउंदा यात्रुको सुरक्षाको दृष्टिकोणले उपयुक्त विमान ल्याउने नीति लिने, र
(ग) ICAO सम्बन्धी नेपालले हस्ताक्षर गरेको सन्धी सम्झौता अनिवार्य रुपले लागू गराउने र सो सन्धीको पालना नगर्ने कम्पनीलाई आवश्यक कार्वाहीको व्यवस्था गर्ने ।

१८. जिल्ला जन स्वास्थ्य कार्यालय, सिरहाका तत्कालीन प्रमुख (हाल सगरमाथा अंचल अस्पतालका मे.सु.) डा. मुरली प्रसाद सिंहसमेत ले पियन पदपूर्ति गर्दा रकम लिई अनियमित तवरबाट भर्ना छनौट गरेको भन्ने विषयमा अनुसन्धान हुंदा यसमा जिल्ला जन स्वास्थ्य कार्यालय, सिरहाले ३६ जना पियनहरु पदपूर्तिका लागि विज्ञापन नं. २।०५२।५३ द्वारा माग गरेको विज्ञापनमा परीक्षाका लागि सम्मिलित उमेदवारहरुको अन्तरवार्ताका लागि डा. मुरलीप्रसाद सिंह, सि.अ.हे.व. रमेश प्रसाद सिंह तथा जिल्ला प्रशासन कार्यालयका शा.अ. दुर्गामणी सापकोटासमेत को अन्तरवार्ता बोर्ड गठन गरिएकोमा अन्तरवार्ता सम्पन्न भए पश्चात् डा. मुरलीप्रसाद सिंह तथा सि.अ.हे.व. रमेशप्रसाद सिंहले आफूले एकपटक दिई सकेको अंकलाई पुनः सच्याई अंक थप घट गरी उत्तीर्ण हुने उमेदवारलाई अनुत्तीर्ण र अनुत्तीर्ण हुनेलाई उत्तीर्ण गराएको देखिन आयो ।

निज डा. मुरलीप्रसाद सिंह तथा सि.अ.हे.व. रमेश प्रसाद सिंहले अन्तरवार्तामा दिएको अंक तालिका विधी विज्ञान प्रयोगशालामा परीक्षणका लागि पठाइएकोमा सो प्रयोगशालाबाट निजहरुले पहिला दिएको अंक र पछि सच्याइएको अंक तथा अक्षर थपघट गरेको साथै अक्षर तथा अंक थपघट गर्दाको मसी र पहिले लेखाईको मसीसमेत फरक भएको व्यहोरा उल्लेख भई आएकोले यसमा निजहरुले अन्तरवार्ताकै क्रममा अंक थपघट गरेको नभई अन्तरवार्ता सम्पन्न भए पश्चात् नतिजा प्रकाशन गर्ने अवस्थामा बदनियतका साथ अंक थपघट गरी उत्तीर्णलाई अनुत्तीर्ण र अनुत्तीर्णलाई उत्तीर्ण गराइएको देखियो । नतीजा प्रकाशन गर्दा न्यूनतम कूल अंक ८२ प्राप्त गर्ने उमेदवार उत्तीर्ण हुने भए अनुसार शुरुमा प्राप्त गरेको अंकको आधारमा उत्तीर्ण हुने विनोद कुमार झा ९१, राजिन्द्र राय ८६, सदानन्द झा ८७, र भगवान दत्त यादव ८३ अंक प्राप्त गरी उत्तीर्ण भएकोमा निजहरुलाई पहिला दिइएको अंक घटाई क्रमशः ८१, ७६, ६७ र ७३ बनाई अनुत्तीर्ण गराएको र पहिला दिएको अंकबाट अनुत्तीर्ण हुने देवकुमार यादव ५१, हरिनाथ मण्डल ८१, प्रमोद कुमार यादव ८१, रामकेशव यादव ७०, रामजीवन यादव ४९, महेन्द्र साह ५२, लीलेश्वर यादव ७६ र ज्ञानकुमार यादवले ६५

अंक प्राप्त गरेकोमा पछि अंक थप गरी क्रमशः ८९, ८३, ८६, ८५, ८६, ८२, ८६, र ८५ बनाई उत्तीर्ण गराएको स्पष्ट देखिन आयो । पहिले लेखिएको अंक अक्षरको मसी र केरिएका अंक अक्षर सबैको मसी फरक फरक भएपछि तत्काल स्पष्ट गर्न केरिएको भए त्यस पछिका अंक अक्षर सबैको मसी क्रमशः समान हुनु पर्ने थियो । यस वाहेक अनुत्तीर्ण भएकालाई उत्तीर्ण गराउन दुई जनाले लगभग त्यही बाह्र जनाको अंक अक्षर सच्याउनु र दिइएको नम्बर पनि दुवै जनाबाट लगभग समान हुनुबाट पनि निजहरुको बदनियत प्रष्ट भएको छ । तसर्थ डा. मुरलीप्रसाद सिंह र सि.अ.हे.व. रमेशप्रसाद सिंहले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम अनुचित कार्य गरेको हुंदा निजहरुलाई नेपाल स्वास्थ्य सेवा ऐन, २०५४ को दफा ६७ अनुसार आफ्नो सेवा र पद अनुसारको आचरण पालना नगरेकोले सोही ऐनको दफा ७२ (क) देहाय २ बमोजिम कारवाई हुन र बदनियतपूर्वक भएको उक्त दूषित कार्यको परिणाम कायम रहन नसक्ने हुंदा शुरुमा प्राप्त गरेको अंकको आधारमा अनुत्तीर्ण भई पछि अंक थप गरी उत्तीर्ण गराएको रोल नं. क्रमशः १७९ देवकुमार यादव, १८६ हरिनाथ मण्डल, ३२० प्रमोद कुमार यादव, ३२४ रामकेवल यादव ३९०, रामजीवन यादव ४२७ महेन्द्र साह ६९८ लीलेश्वर यादव र ३०४ ज्ञान कुमार यादवको नियुक्ति बदर गरी उक्त आठ स्थानका लागि अंक घटाई अनुत्तीर्ण गराइएका रोल नं. क्रमशः २९२ विनोद कुमार झा, ३८० राजिन्द्र राय, ६७१ सदानन्द झा तथा २२३ का भगवानदत्त यादव लगायतका अन्तरवार्तामा उच्चतम अंक प्राप्त गर्ने अन्य उमेदवारहरुलाई कानून बमोजिम नियुक्त गर्न स्वास्थ्य मन्त्रालयलाई लेखिएको ।

१९. राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकूका प्रमुख डा. धनमान बज्राचार्य समेतले औषधी तथा उपकरण खरीदमा भ्रष्टाचार गर्नुका साथै सन् १९८३।८४ देखि प्रयोग गर्ने म्याद समाप्त भई सकेका केमिकल मेडिया तथा डिस्पोजेवल सिरिन्जहरु प्रयोगमा ल्याउने गरेको भन्ने सम्बन्धमा प्रारम्भिक छानवीनको क्रममा उक्त प्रयोगशालामा स्थलगत निरीक्षण गर्दा प्रयोगशालाका सबै शाखाहरुमा सन् १९८३।८४ देखि प्रयोग गर्ने म्याद समाप्त भई सकेका औषधी, केमिकल, तथा डिस्पोजेवल सिरिन्जहरु प्रयोगमा ल्याएको देखिएकोले त्यस्ता सामानहरु तत्काल झिकी पुनः प्रयोगमा ल्याउन नसक्ने गरी नष्ट गर्ने आवश्यक कारवाई गर्न तथा निम्नानुसार समेत गर्न गराउन लेखिएको :-

(क) उपरोक्त कार्यमा कार्यालय प्रमुखको हैसियतले समयमै नियन्त्रण गर्नेतर्फ कुनै कदम नचाली आफ्नो पदको प्रकृति अनुसार पालना गर्नु पर्ने पदीय कर्तव्य पालना गरेको नदेखिएकोले तत्कालीन निर्देशक डा. धनमान बज्राचार्यलाई सचेत गराउन सम्बन्धित मन्त्रालयमा लेखिएको ।

(ख) यस्ता म्याद समाप्त भई सकेका औषधी एवं केमिकलहरु प्रयोगमा ल्याउन नदिनेतर्फ बेला बेलामा सुपरीवेक्षण एवं समुचित व्यवस्था गर्नको लागि स्वास्थ्य मन्त्रालय एवं स्वास्थ्य सेवा विभागको ध्यानाकर्षण गराइएको ।

(ग) उक्त प्रयोगशालामा प्रयोग गर्ने म्याद समाप्त भई सकेका केमिकल, मेडिया तथा डिस्पोजेवल सिरिन्जहरु प्रयोगमा ल्याउने गरेको भन्ने सम्बन्धमा छानवीन गर्न स्वास्थ्य मन्त्रालयको २०५४।७।२० को सचिवस्तरीय निर्णयानुसार गठित डा. सरला मल्लसमेत को छानवीन कमिटीले मन्त्रालयसमक्ष पेश गरेको प्रतिवेदनमा नेपालको सन्दर्भमा छिटै उपलब्ध नहुने र बढी महंगोसमेत पर्ने भएकोले स्ट्रिक्ट क्वालिटी कन्ट्रोल गरी प्रयोगमा ल्याउन हुन्छ भन्ने उल्लेख गरी प्रयोग गर्न हुन्छ भन्ने धारणा प्रस्तुत गर्ने छानवीन समितिका पदाधिकारीहरु डा. सरला मल्ल, कृष्णमुरारी आचार्य तथा नवीनप्रसाद श्रेष्ठसमेत का अधिकारीहरुको ध्यानाकर्षण गराउन स्वास्थ्य मन्त्रालयमा लेखिएको ।

२०. तत्कालीन कृषिमन्त्री पद्मसुन्दर लावतीले घरको टेलिफोन खर्च रु. ६ लाख ५० हजार नेपाल कृषि अनुसन्धान परिषद्बाट जवरजस्ती भुक्तानी गर्न लगाएर अख्तियारको दुरुपयोग गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा मन्त्रीपरिषद्को पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०४९ ले प्रधानमन्त्री, परराष्ट्र मन्त्री, गृह मन्त्री र अर्थ मन्त्री वाहेक अन्य पदाधिकारीहरुको लागि अन्तरराष्ट्रिय टेलिफोन सम्पर्क राख्दा लागेको शुल्कको भुक्तानीको सुविधाको व्यवस्था भएको नदेखिएको कारणले तत्कालीन कृषिमन्त्री पदमसुन्दर लावतीको टेलिफोन महसूल सरकारी कोषबाट भुक्तानी गर्न नसकी *कृषिमन्त्रीबाट विभिन्न मितिमा सरकारी कामको सन्दर्भमा विदेशमा गरिएको टेलिफोनको भुक्तानी समर्थन श्री ५ को सरकार मन्त्रीपरिषद्बाट हुन* भनी प्रस्ताव पेश गरिंदा मन्त्रीपरिषद् सचिवालयबाट अर्थ मन्त्रालयसंग राय माग गरिएको देखिएको र अर्थ मन्त्रालयबाट मन्त्रीपरिषद्ले यस सम्बन्धमा नीतिगत निर्णय नगरेको हुंदा केही गर्न नसकिने भनी राय उपलब्ध गराएको सन्दर्भमा प्रचलित नियम कानून विपरित कृषिमन्त्री पदमसुन्दर लावतीको टेलिफोन नं.

५३६५६४ बाट गरेको टेलिफोन महसूल रु. २,१३,५३०।७० नेपाल कृषि अनुसन्धान परिषद्बाट नेपाल दूर संचार संस्थानलाई भुक्तानी गरेको देखिंदा निम्नानुसार गरिएको :-

(क) कानून बमोजिम अन्तरराष्ट्रिय संचार सुविधा नपाएको कृषिमन्त्रीको निवासको टेलिफोनबाट विदेशमा गरिएको ट्रंककलको महसूल रु. २,१३,५३०।७० सरकारी निकायबाट भुक्तानी गरिएको सो रकम सरकारी कामको सिलसिलामा भएको खर्च हो भन्ने आधार प्रमाण प्रस्तुत हुन नआएकोले गैर कानूनी रुपमा भुक्तानी भएको उक्त रकम सरकारी बांकी सरह तत्कालीन कृषिमन्त्री पदमसुन्दर लावतीबाट कानून बमोजिम असूलउपर गर्न मन्त्रीपरिषद् सचिवालयमार्फत् कृषि मन्त्रालयलाई लेखिएको ।

(ख) श्री ५ को सरकार, मन्त्रीपरिषद्बाट निर्णय गराई कृषि मन्त्रीले प्रयोग गरेको विदेशी ट्रंककल महसूल मन्त्रालयस्तरबाट भुक्तानी गराउने प्रयास असफल भएपछि आफ्नो मन्त्रालयसम्बद्ध संस्थान परिषद्बाट भुक्तानी गराउने तत्कालीन कृषि सचिव दानबहादुर शाहीलाई सचेत गराउन लेखिएको ।

मन्त्रालयको निर्देशन मान्नु पर्ने अन्य सन्दर्भको कानूनलाई महसूल भुक्तानी दिने सन्दर्भमा व्याख्या गरी मन्त्रालय स्तरबाट निर्णय भएको भन्दा बढी रकम भुक्तानी दिनू भन्ने अनियमित आदेश दिने नेपाल कृषि अनुसन्धान परिषद्का निमित्त कार्यकारी निर्देशक उपेन्द्र मिश्रलाई सचेत गराउन लेखिएको ।

(ग) अन्तरराष्ट्रिय संचार सुविधा नपाउने वा पाएकाहरुको हकमा सरकारी काम वाहेक अन्य काममा विदेशमा गरेको टेलिफोन महसूल मन्त्रालय, विभाग वा मातहत संस्थान, परिषद् कोहीबाट पनि भुक्तानी हुन नपाउने व्यवस्थाको लागि सबै मन्त्रालयहरुको ध्यानाकर्षण गराउन मुख्य सचिवमार्फत् लेखिएको ।

२१. जिल्ला पशु सेवा कार्यालय, धनुषाको क्वार्टरको छाना र प्रयोगशाला मर्मत कार्यको ठेक्काको बील जिल्ला आवास तथा शहरी विकास कार्यालयबाट नबनाई अन्यत्रबाट बनाई भुक्तानी भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा निम्नानुसार गरिएको :-

(क) उक्त मर्मत कार्यको लगत इष्टिमेट रेखदेख र बील बनाउने सम्बन्धी प्रारम्भिक कार्यसमेत जिल्ला आवास तथा शहरी विकास कार्यालयवाट भएको तर काम छिटो गरिनदिएको भनी जिल्ला सिंचाई कार्यालयका ओ.सी. श्यामसुन्दर ठाकुरलाई बील बनाउनका लागि खटाई पठाउन मिति २०५४।७।११ मा पत्र लेखी निज मार्फत बील बनाई २०५४।७।१२ मा सो कार्यको बील मध्यमाञ्चल क्षेत्रीय पशु सेवा निर्देशनालयमा पठाएको र तत्पश्चात् रकम प्राप्त गरी २०५४।८।२९ मा ठेकेदारहरुलाई भुक्तानी दिएको देखियो । आर्थिक प्रशासन सम्बन्धी नियमहरु, २०४२ को नियम २२ को उपनियम १४ मा भएको व्यवस्थाको प्रतिकूल जिल्ला सिंचाई कार्यालयका प्राविधिकवाट जिल्ला पशु सेवा कार्यालय, धनुषाका पशु चिकित्सक डा.रामाशीष रायले काम गराएको देखिदा निजलाई सचेत गराउन कृषि मन्त्रालयलाई लेखिएको ।

(ख) सो मर्मत कार्यको सम्बन्धमा २०५४।६।२ को पत्रबाट बरोवर रेखदेख गर्ने र क्वालिटी कन्ट्रोल गर्नसमेत नसकिने भनेर जिल्ला पशु सेवा कार्यालयलाई रेखदेख र क्वालिटी कन्ट्रोल आफै गर्न लेखी आफ्नो प्राविधिक जिम्मेवारी पन्छाएको र ओ.सी. घनश्याम मिश्रलाई रेखदेख गर्न पठाइराखेको, क्वाटरको छाना मर्मत काम सम्पन्न भयो भनी जिल्ला पशु सेवा कार्यालयले २०५४।६।१३ मा लेखेपछि त्यसमा कुनै प्रतिक्रिया नजनाई बसेको र प्रयोगशाला मर्मत तथा रंग रोगन कार्यको काम सम्पन्न भयो भनी लेखेपछि मात्र २०५४।७।५ मा निरीक्षण गरी मर्मत कार्य पूरा भइनसकेको भनेको देखियो । तर कसले कुन कामको निरीक्षण गरेको भन्ने पनि प्राप्त फाइलवाट प्रष्ट हुन आएन । ओ.सी. अच्युतप्रसाद खतिवडालाई ओ.सी. घनश्याम मिश्रले प्रस्तुत गरेको वीलमा चेक गरी प्रतिवेदन पेश गर्न खटाएपछि निजलाई पनि मौखिक आदेश दिई काम गर्न रोकी आर्थिक प्रशासन सम्बन्धी नियमहरु, २०४२ को नियम २२ को उपनियम (१४) मा भएको व्यवस्थाको प्रतिकूल आफ्नो जिम्मेवारी पन्छाएको र सरकारी काम मौखिक आदेश दिई रोकेको देखिंदा जिल्ला आवास तथा शहरी विकास कार्यालयका का.मु.सि.डि.ई. जगदीश साहुलाई सचेत गराउन आवास तथा भौतिक योजना मन्त्रालयलाई लेखिएको ।

(ग) निजामती सेवाको इन्जिनियरीङ्ग सेवामा विशेषज्ञता अनुसार बिभिन्न समूह उपसमूह गठन भई भवन सम्बन्धी कामको लागि इन्जीनियरीङ्ग सेवाको सिभिल समूहमा बिल्डीङ्ग एण्ड आर्किटेक्ट उपसमूह रहेको र आर्थिक प्रशासन सम्बन्धी नियमहरु, २०४२ को नियम २२ को उप-नियम (१४) मा "जिल्ला स्तरीय निर्माण सुधार कामको लागत अनुमान तयार गर्ने, जांच गर्ने तथा स्वीकृत ड्रइङ्ग, डिजाइन, तथा स्पेसिफिकेशन बमोजिम गुणस्तरयुक्त काम भए नभएको सुपरीवेक्षण गरी जांचबूझ गर्ने जिम्मेवारी सम्बन्धित भवन, आवास तथा शहरी विकास शाखाको हुनेछ । तर निर्माण सुधार काम गर्ने गराउने कार्यलयमा नै सम्बन्धित प्राविधिक विशेषज्ञ भएमा निजवाटै सो काम गराउन बाधा पुगेको मानिने छैन" भनी व्यवस्था गरेको देखिंदा सो अनुसार काम गर्न आवास तथा भौतिक योजना मन्त्रालय, जलश्रोत मन्त्रालय र निर्माण तथा यातायात मन्त्रालयसमेतको ध्यानाकर्षण गराईएको ।

२२. रौतहट जिल्ला पुरेन्वा गा.वि.स. वडा नं. ४ स्थित कि.नं. ३१८ क्षेत्रफल ज.वि. १-५-१०-० जग्गा साविक मोहीले कमाउन नसक्ने व्यहोरा जनाई २०२४ मा पुरेन्वा गा.वि.स.मा निवेदन दिए अनुरुप २०३९।१२।२३ मा भूमिसुधार कार्यालय, रौतहतबाट उक्त जग्गाको मोही लगत कट्टा हुने गरी निर्णय भएकोमा २०५५।१।३ मा जग्गा धनी गोविन्द प्रसाद उपाध्यायको छोराको निवेदनबाट सो निर्णय कार्यान्वयन भएको । तत्पश्चात् साविक मोहीका भाइले सोही कार्यालयमा दाजुको जोत कट्टा हुँदैमा आफ्नो नाम अनुसूचीमा कट्टा हुनु नपर्ने भनी निवेदन दिएको भरमा का.मु. भूमिसुधार अधिकारी महेन्द्र नारायण रजकले २०५५।१।३ को निर्णयबाट अनुसूची लगत कट्टा गर्ने गरी आफैले कार्यान्वयन गरेको निर्णयलाई असर पर्ने पक्ष (जग्गाधनी) समेत नबुझी बदर गर्ने निर्णय गरेको कार्य अनुचित भएको भनी यस आयोगमा जग्गा धनीको हकवाला छोरा रमेशचन्द्र नेपालले दिएको उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा यसमा समान पदाधिकारीले गरेको मिति २०३९।१२।२३ को निर्णय मिति २०५५।१।३ मा स्वयम्ले कार्यान्वयन गरेपछि सोही निर्णय बदर वा संशोधन गर्न वा सुधार गर्न कुनै कानूनले अख्तियारी दिएको नदेखिएको र दिएकै खण्डमा पनि असर पर्ने व्यक्तिलाई नबुझी भूमिसुधार कार्यालय, रौतहटका पु.भु.सु.अ. महेन्द्रनारायण रजकले २०५५।१।१० मा गरेको निर्णय कानूनसंगत नभएकोले कानून बमोजिम अनुचित कार्य गरेकै देखिंदा निज महेन्द्रनारायण रजकउपर आवश्यक बिभागीय कारवाही गर्न भूमिसुधार मन्त्रालयमा लेखिएको ।

२३. स्वास्थ्य सेवा विभागले आ.व. २०५२।५३ मा औषधी, उपकरण खरीदका लागि एपेक्स (इण्डिया) एसोशिएट्स कम्पनीसंग सम्झौता गरी सामान सप्लाई भएकोमा भन्सार महसूल कम्पनीबाटै भुक्तानी गरी सोधभर्ना हुनु पर्नेमा निर्देशक डा. के.वि. सिंह कार्की, लेखा नियन्त्रक शिवबहादुर रायमाझीसमेत को मिलोमतोमा उक्त भन्सार महसूल रु. ३९,८४,३४१।- विभागबाटै अग्रिम भुक्तानी गराएको र आ.व. २०५२।५३ मा विभिन्न जिल्लाहरुमा औषधी एवं अन्य सामानहरु ढुवानी गर्दा तौल बढाएको, सम्बन्धित जिल्लाको सामान बुझेको प्रमाणित हस्तान्तरण फाराम विना भुक्तानी दिएको भन्नेसमेत विषयमा अनुसन्धान हुंदा देहाय बमोजिम गरिएको :-

१) स्वास्थ्य सेवा विभागले आ.व. २०५२।५३ मा औषधी, उपकरण आदि खरीदका लागि एपेक्स (इण्डिया) एसोशिएट्स कम्पनीसंग सम्झौता गरेको भन्ने सम्बन्धमा उक्त आ.व.मा सामान खरीद नगरी आ.व. २०५१।५२ मा एपेक्स (इण्डिया) एसोशिएट्ससंग सामान खरीदका लागि सम्झौता गरेको देखिन आयो । यसरी सामान सप्लाईका लागि जारी भएको टेण्डर डकुमेण्टको टर्म एण्ड कण्डिशनको २.४.२ तथा सामान सप्लाईको लागि भएको सम्झौता पत्रको दफा नं. ११ मा व्यवस्था भए अनुरुप सप्लायर्स एपेक्स (इण्डिया) एसोशियट्सले सामान आयात गर्दा नेपालमा लाग्ने भन्सार तथा बिक्री कर महसूल आफै तिरी सामानहरु भन्सार कार्यालयबाट छुटाई निर्धारित स्टोरहरुमा बुझाई सकेपछि उक्त भन्सार तथा बिक्रीकर वापतका रकम सोधभर्ना माग गर्नु पर्नेमा सामानहरु प्राप्त नहुँदै सम्झौता विपरित सप्लायर्सको हित हुने गरी अग्रीम पेश्की दिनका लागि वीरगन्ज भन्सार कार्यालयको नाउंमा रु. ३० लाख पेश्की दिनका लागि टिप्पणी उठाउने जनस्वास्थ्य अधिकृत राजकुमार पोखरेल, पेश्की दिन मिल्ने भनी राय दिने लेखा अधिकृत न्हुच्छेबहादुर महर्जन (हाल महालेखा नियन्त्रकको कार्यालय) र सोको सिफारिशकर्ता निर्देशक डा. बेनुबहादुर कार्की र टिप्पणी सदर गर्ने महा निर्देशक डा. कल्याणराज पाण्डेसमेत लाई भविष्यमा यसप्रकारको काम कारवाई पुनः दोहोरिन नदिने तर्फ ध्यानाकर्षण गराइएको ।

२) विभिन्न जिल्लाहरुमा जीवन जल, बिरामी भर्ना र डिस्चार्ज रजिष्टर, प्रचार सामाग्री आदि सामानहरु ढुवानीका लागि फस्ट टाइम एक्सप्रेस प्रा.लि.संग सम्झौता गरी सम्झौता बमोजिम ढुवानी भाडा भुक्तानी गर्दा आफ्नो पदको प्रकृति अनुसार पालना गर्नु पर्ने पदीय दायित्व पालना नगरी ढुवानीकर्ता ठेकेदारलाई फाइदा पुऱ्याउने मनसायले स्टोर किपरहरु नयांवर्ण राई, गोपाल श्रेष्ठ, बवर गुरुङ्गले सामानको वास्तविक तौल भन्दा बढी

तौल प्रमाणित गरिदिएको देखिन आएकोमा स्टोरकिपर नयांवर्ण राईले हाल अवकाश पाइसकेको हुंदा निजको हकमा स्वास्थ्य मन्त्रालयले अभिलेख राख्ने र स्टोरकिपर गोपाल श्रेष्ठ तथा बवर गुरुङलाई सामान्य विभागीय कारवाई गर्न र ठेकेदारलाई भुक्तानी दिंदा सामान बुझाएको प्रमाण स्वरुप हस्तान्तरण फाराममा सामान बुझ्ने कर्मचारीको दस्तखत तथा कार्यालयको छापसमेत नहुंदा नहुंदै भाडा भुक्तानी दिन सिफारीश गरी भुक्तानी आदेश र भुक्तानी भएको देखिंदा सिफारीशकर्ता जनस्वास्थ्य अधिकृत मित्रप्रसाद मास्के, हे.अ. अशोक श्रेष्ठ, भुक्तानी आदेशकर्ता निर्देशक डा. बेनुबहादुर कार्की र भुक्तानी खर्च लेख्ने लेखा अधिकृतद्वय न्हुच्छेबहादुर महर्जन (हाल महालेखा नियन्त्रकको कार्यालय) र रत्नबहादुर नेपाली (हाल संसदीय व्यवस्था मन्त्रालय) लाई भविष्यमा यसप्रकारका गलत काम कारवाई पुनः दोहोरिन नदिनेतर्फ सम्बन्धित अख्तियारवालाले सचेत गराउने र तौल बढाएर ढुवानी भाडा भुक्तानी लिने फष्ट टाईम एक्सप्रेस प्रा.लि. बाट बेरुजु कायम भएको रकम असूलउपर गरी आगामी दिनहरुमा उक्त कम्पनीसंग कारोवार गर्दा सतर्कता अपनाउनका लागि स्वास्थ्य मन्त्रालयलाई लेखिएको ।

३) बीरगन्ज भन्सार कार्यालयको नाउंमा थप रु. १० लाख पेश्की पठाउने सिफारीश र निर्णय गर्ने तथा भुक्तानीका लागि आदेश दिने डा.के.वि. सिंह कार्की हाल सेवा निवृत्त भइसकेकोले निजको हकमा निजले आफ्नो पदीय कर्तव्य पालना गर्दा जिम्मेवारीपूर्वक कार्य गरेको देखिन नआएकोले यसमा निजलाई पुनः जिम्मेवारीपूर्ण कार्य नदिने तर्फ सतर्कता अपनाउनका लागि स्वास्थ्य मन्त्रालयलाई लेखिएको ।

४) एपेक्स (इण्डिया) एसोशिएट्सले सप्लाई गरेको हस्पिटल फर्निचर, इक्वीपमेण्ट आदि सामानहरुको भन्सार महसूल बुझाउन चलानी पत्रसाथ वीरगन्ज भन्सार कार्यालयको नाउमा रु. १०,००,०००।- को ड्राफ्ट नेपाल रोड लाइन्समार्फत् पठाउंदा सो कम्पनीले उक्त चलानी पत्र वीरगन्ज भन्सार कार्यालयमा नबुझाई ड्राफ्ट मात्र भन्सार काउण्टरमा बुझाई भन्सार महसूल चुक्ता गरी बांकी रहन गएको रु. ७६०९४।२४ नगद बुझी लिई स्वास्थ्य सेवा विभागमा फिर्ता नबुझाएको हुंदा उक्त रकम सो कम्पनीबाट वार्षिक १० प्रतिशत व्याजसमेत असूलउपर गर्ने गरी स्वास्थ्य मन्त्रालयबाट मिति २०५५।३।२ मा भएको निर्णय बमोजिम असूलउपर गराउने र आगामी दिनहरुमा उक्त कम्पनीसंग कारोवार गर्दा सतर्कता अपनाउनका लागि स्वास्थ्य मन्त्रालयमा लेखी पठाउने ।

५) HMG/JICA-P.H.C. Project को सामानहरुका लागि लाग्ने १ प्रतिशत भंसार महसूलवापत स्वा.से.वि.बाट चलानी पत्र साथ रु. ३,००,०००।- को ड्राफ्ट स्काईल्याण्ड ट्रान्सपोर्ट कं. (नेपाल) प्रा.लि.मार्फत् पठाइएकोमा उक्त कम्पनीले चलानी पत्र वीरगन्ज भन्सार कार्यालयमा नबुझाई उक्त ड्राफ्टबाट अन्य व्यापारी संस्था (जितु कन्सर्न) को सामानको भन्सार तिर्ने कार्यमा प्रयोग गरेको देखिन आएको र उक्त कम्पनीले पछि नगद रकम रु. २,३९,८८६।२९ बाट उल्लेखित HMG/JICA/PHC प्रोजेक्टको सामानको भन्सार महसूल तिरेको देखिन आएको र बांकी रु. ६०,११३।७१ विभागमा फिर्तासमेत नगरी आफैले राखेको पाइएकोले यसमा स्काईल्याण्ड ट्रान्सपोर्ट कं.संग वार्षिक १० प्रतिशत व्याजसहित उक्त रकम असूलउपर गर्नुका साथै आगामी दिनहरुमा उक्त पार्टीसंग कारोवार गर्दा सतर्क रहन स्वास्थ्य मन्त्रालयलाई लेखिएको ।

६) स्वास्थ्य सेवा विभागबाट ठेक्का सम्झौता गरी हवाई मार्गबाट ढुवानी भई जाने सामानहरुको हकमा जिल्लामा सामान पुगेको हस्तान्तरण फाराम लगायतका आधिकारिक कागज प्रमाण प्राप्त भएपछि यकीन गरेर मात्र भुक्तानी दिने व्यवस्था मिलाउने सुझाव स्वास्थ्य मन्त्रालयमार्फत् पठाइएको ।

७) स्वास्थ्य सेवा विभागले नेपाल राष्ट्र बैंकबाट ड्राफ्ट खिची पत्रसहित वीरगन्ज भन्सार कार्यालयमा पठाएकोमा सो पत्र कार्यालयमा नबुझाई उक्त ड्राफ्टबाट व्यापारीको सामानसमेत छुटाउन भन्सार कार्यालयको काउण्टरमा नगदको रुपमा ड्राफ्ट प्रयोग गरी बांकी रकम समेत व्यापारीले बुझी लिएको देखिएकोले यसमा गैर सरकारी व्यक्तिमार्फत् ड्राफ्ट पठाउने कार्य नगर्न स्वास्थ्य मन्त्रालयमार्फत् लेखिएको ।

८) स्वा.से.वि.को पत्र साथ वीरगन्ज भन्सार कार्यालयमा पठाइएका नेपाल राष्ट्र बैंकका ड्राफ्टहरु सम्बन्धित चलानी पत्र लुकाई भन्सार कार्यालयमा ड्राफ्टलाई नगदको रुपमा प्रयोग गरी व्यापारीको सामान छुटाउने कार्य भएको देखिएकोले भविष्यमा नेपाल राष्ट्र बैंकबाट खिचिएको सरकारी कार्यालयहरुको ड्राफ्ट नगदको रुपमा व्यापारिक सामान छुटाउने कार्यमा प्रयोग गर्न नदिन भन्सार कार्यालयहरुलाई परिपत्र गर्न अर्थ मन्त्रालय मार्फत् सुझाव पठाइएको ।

घ) प्रचलित कानून वा अन्य विषयमा सुधार गर्न दिइएका सुझाव वा ध्यानाकर्षणको विवरण :-

१. उच्च माध्यमिक शिक्षा परिषद्का तत्कालीन प्रशासन प्रमुख रामबहादुर गौतमले अनियमित तवरबाट भक्तपुर ईंटा टायल कारखाना लि.मा कार्यरत सह निर्देशक ढालबहादुर खड्का तथा ना.सु. कृष्णभक्त क्षेत्रीलाई परिषदमा सरुवा गरेको, निज गौतम जनक शिक्षा सामाग्री केन्द्रबाट स्वेच्छिक अवकाश लिई पुनः परिषद्को उप सचिव पदमा नियुक्ति पाई २०५२।२।२३ को निर्णय अनुसार सह सचिव पदमा बढुवासमेत भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा निज रामबहादुर गौतम जनक शिक्षा सामाग्री केन्द्रबाट परिषद्को उप सचिव पदमा काजमा आई मिति २०४९।९।१२ मा परिषद्मा स्थायी नियुक्ति भई मिति २०५२।२।२३ मा सह सचिव पदमा बढुवा भएको देखिएकोले प्रस्तुत विषयमा परिषद्को कर्मचारी सेवा शर्त सम्बन्धी विनियम, २०४९ को नियम ११.१५ अनुरुप विनियमसंगत नै देखिन आएको ।

भक्तपुर ईंटा टायल कारखाना लि.बाट परिषद्मा सरुवा भई आएका सह निर्देशक ढालबहादुर खड्का तथा ना.सु. बिष्णुभक्त क्षेत्रीको सरुवा सम्बन्धमा निजहरुलाई परिषद्को मिति २०५२।१।१८ र ऐ २१ को आन्तरिक निर्णय अनुसार अध्यक्षबाट टिप्पणी सदर भई सरुवा गरेको जानकारी प्राप्त भई सरुवासम्बन्धी कागजात माग गर्दा उक्त कागजात परिषद्मा नरहेको जवाफ प्राप्त हुन आएको हुंदा निजहरुको सरुवा कार्य नियमित अनियमित के हो भन्ने सम्बन्धमा परिषद्को आन्तरिक व्यवस्थापन सम्बन्धी विषय भए ता पनि सरुवा गरिलिने जस्तो महत्वपूर्ण कागजातसमेत परिषद्मा नभएको भन्ने गैरजिम्मेवारीपूर्ण जवाफ प्राप्त हुन आएकोले यस प्रकारका काम कारवाई भविष्यमा पुनः दोहरिन नदिन तथा सरुवा गरिलिने अधिकारी रामबहादुर गौतमसमेत परिषद्बाट अवकाश भई सकेको हुंदा प्रस्तुत विषयमा जो जे गर्नु पर्ने कार्य परिषद्बाटै गर्न गराउन उच्च माध्यमिक शिक्षा परिषद्को ध्यानाकर्षण गराइएको ।

२. शाही औषधी लिमिटेडका कर्मचारीहरुले डाक्टरलाई वितरण गर्ने भनी लिने स्याम्पल औषधीहरु औषधी पसलमा बिक्री गर्ने गरेको, लिमिटेडको स्वीकृति नलिई केमिकल्स ल्याबोरेटरी खोली कार्यरत रहेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा शाही औषधी लिमिटेडका कर्मचारीले डाक्टरलाई वितरण गर्ने भनी लिने औषधीहरु औषधी पसलमा बिक्री गरेको भन्ने सम्बन्धमा काठमाडौं, ललितपुर, नेपालगञ्ज, धनगढी आदि स्थानमा यदाकदा डाक्टर स्याम्पल लेखिएको ठाउंमा केरमेट गरी औषधीको मूल्य राखी सीधासाधा अनपढ व्यक्तिलाई बिक्री गर्ने गरेको अनुसन्धानको क्रममा देखिए ता पनि वितरण भएकै बखत पक्राउ गरी प्रमाणस्वरुप पेश गर्न सकिने स्थिति नरहेको । साथै छाउनीमा एफ.डी.सी. ल्याब खोली लिमिटेडका कर्मचारीले काम गरेको भन्ने सम्बन्धमा शाही औषधी लिमिटेडमा कार्यरत कर्मचारीद्वयले संयुक्त रुपमा आ-आफ्ना श्रीमतीका नाममा त्यस्तो ल्याब खोली संचालन गरेको र त्यसमा लिमिटेडका एक कर्मचारी पार्ट टाइममा कार्यरत रहेको देखिएकोले यी भ्रष्टाचारजन्य कार्य नै भएको भन्ने नदेखिएको ।

तर यस विषयमा निम्नानुसार व्यवस्थापकीय सुधार गरी नियन्त्रण अनुगमनको व्यवस्था अवलम्बन गर्नुपर्ने देखिएकोले उद्योग मन्त्रालयलाई तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउन सुझाव पठाई शाही औषधी लिमिटेडलाई जानकारी दिइएको :-

(क) लिमिटेडबाट उत्पादित औषधीको बजारमा प्रतिस्पर्धा गरी चिकित्सकहरुलाई बिक्री वितरण गर्न आवश्यक हुने कुरामा कुनै विवाद देखिदैन । तथापि यसको सही र उद्देश्यात्मक प्रयोगका लागि निम्न व्यवस्थाको अवलम्बन गर्ने :-

- औषधीको बजार निरीक्षण गरी कुन एरियामा चिकित्सकको संख्या कति छ, औषधी पसल कति छन्, लिमिटेडको कारोवार (Turn Over) कति हुन सक्छ, बजार विस्तारको सम्भावना के छ, उत्पादित औषधीले कति मात्रामा प्रतिस्पर्धा गर्नु पर्ने हो र अन्य प्रतिस्पर्धामा रहेका कम्पनीको बजार नीतिसमेत अध्ययन गरी तथ्यांक राख्ने र सोही अनुरुप बिक्री प्रवर्द्धनको एउटा निश्चित नीति बनाउने ।
- कुनै औषधी जुन समयमा प्रवर्द्धन गर्नु पर्ने हो, सोही समयमा त्यस्तो औषधीको स्याम्पल वितरण गर्ने व्यवस्था मिलाउने ।
- बिक्री वितरणमा पठाइने औषधी र स्याम्पल औषधीको प्याकेजिङ्ग, लेभलिङ्ग एवं कन्टेनर भिन्नाभिन्नै स्वरुपको सर्वसाधारणले छुट्याउन सक्ने गरी पठाउने ।

- बिक्री प्रतिनिधिहरुले भिजिट गरेको र स्याम्पल वितरण गरेको दैनिक डायरी दुरुस्त राखी सोको आवधिक प्रतिवेदन पेश गर्न लगाउने व्यवस्था मिलाउने ।
- बिक्री प्रतिनिधिहरुको कार्य अवलोकन, निरीक्षण गरी राम्रो बिक्री प्रवर्द्धन गराउन मद्दत पुऱ्याउनेलाई समुचित पुरस्कारको व्यवस्था मिलाउने ।

(ख) लिमिटेडका कर्मचारीहरुले लिमिटेडको नियमित सेवाको अतिरिक्त प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहायक व्यवस्था गर्न दिने सम्बन्धमा के कस्तो शर्त वा आधारमा दिने हो, कर्मचारी सेवा शर्त विनियमावलीमा निश्चित व्यवस्था स्पष्ट गरी पूर्व स्वीकृति लिएर मात्र अन्यत्र काम गर्ने व्यवस्था मिलाउने ।

३. श्री इण्डष्ट्रीज प्रा.लि. विराटनगरको नाममा रहेको विराटनगर जूट मिल्सको शेयर तत्कालीन अवस्थामा रु. ५०/- मा पनि नबिकेकोमा श्री ५ को सरकारले रु. १६०/- का दरले खरीद गर्दा ५०।६० लाख घोटाला गरेको र मिल्सको नियमावलीसमेत मिची मिल्सका अध्यक्षले कर्मचारीको बढुवा गरेको भन्ने विषयमा अनुसन्धान हुंदा मिल्सको शेयरको ठूलो हिस्सा ओगट्ने शेयर होल्डरले संचालक नियुक्ति गर्न पाउने अधिकार बिक्री गर्दा आफ्नो लगानीको प्रतिफल पाएमा मात्र बिक्री गर्ने, वर्षौं पहिले प्रति शेयर १६०/- मा लगानी गरेको र समयान्तरमा हुने मुद्राको अवमूल्यनले वास्तविक मूल्यको तुलना गर्ने हुंदा सस्तो दाममा बिक्री नगर्ने र मिल्सको संचालनमा सक्रीयता पनि नदेखाउने वाध्यात्मक परिस्थितिस्वरुप उक्त शेयरहरु खरीद गर्नु परेको, यसै क्रममा श्री ५ को सरकारले आफ्नो लगानी असुरक्षित हुदै गएको र यस्तो लगानीले आफ्नो मिल्समा करीब १२ प्रतिशत मात्र हिस्सा भएको कारणले अन्य व्यक्ति त्यसमा पनि मुख्यतः विदेशी व्यक्तिलाई मात्र फाइदा पुग्न गएको, मिल्सलाई बिक्री गर्न वा लिक्विडेशनमा पठाउन न्यूनतम मूल्यमा बिक्री गर्नु पर्ने र सोको अधिकांश हिस्सा पनि अन्य व्यक्तिलाई जाने र संचालकमा आफ्नो प्रतिनिधित्व ज्यादै अल्पमतमा रहेकोले श्री इण्डष्ट्रीजको ३४.०७ प्रतिशत शेयर सहित ३ जना संचालक नियुक्ति गर्ने अधिकार खरीद गरी संचालक समितिमा आफ्नो बहुमत कायम गराई अनुकूलसहित मिल्स संचालक समितिका अध्यक्षसमेत ले वार्ता गरी सहमतिमा पुगेको आधारमा उद्योग मन्त्रालयले धितो पत्र विनिमय बजार लि.बाट उक्त शेयर खरीद बिक्रीको सहमति लिई मन्त्रालयका सचिवले विधिवत् प्रस्ताव तयार गरी मन्त्रिपरिषद्को निर्णयानुसार नियमानुसार कमिशन तथा करसमेत असूलउपर गरी कारोवार भएको हुंदा उक्त शेयर खरीदमा भ्रष्टाचार भएको देखिएन ।

विराटनगर जूट मिल्सको नियमावलीसमेत मिची मिल्सका अध्यक्षले कर्मचारीहरुको बढुवा गरेको भन्ने सम्बन्धमा विराटनगर जूट मिल्स लि., कर्मचारी नियमावली, २०४८ को परिच्छेद २(५) मा जूट मिल्सका कर्मचारीको बढुवासम्बन्धी व्यवस्थामा प्रमुख व्यवस्थापकबाट गठित ३ सदस्यीय समितिले कार्य क्षमता, ज्येष्ठता, शैक्षिक योग्यता, विशेष अंक जस्ता आधारमा सिफारीश गरी बढुवा गर्नु पर्नेमा कर्मचारीको बढुवा गर्दा कर्मचारीले प्राप्त गरेको अंक कहीं कतै पनि उल्लेख नगरेको र कार्य क्षमता फाराम नभरी केवल ११२ जना कर्मचारीलाई विभिन्न तहबाट माथिल्लो तहमा बढुवा गर्न सिफारीश गरेको आधारमा बढुवा गरेको देखिन्छ । तर कर्मचारी बढुवा गर्ने कार्यमा भ्रष्टाचार भए गरेको भन्ने कुरा कहीं कतैबाट पनि खुल्न आएको नदेखिएकोले निम्नानुसार श्री ५ को सरकार उद्योग मन्त्रालयको ध्यानाकर्षण गराइएको :-

(क) श्री इण्डष्ट्रीज प्रा.लि. विराटनगरको नाममा रहेको विराटनगर जूट मिल्सको शेयर श्री ५ को सरकारले खरीद गर्दा प्रतिशेयर कतिमा खरीद बिक्री हुने भनी उल्लेख नभएको र शेयरको मूल्यांकन गरेको आधार पनि कहीं कतै उल्लेख नगरी अंकित मूल्य रु. १६०/- दरको शेयर रु. २६०।५५ मा खरीद गरेको, शेयर खरीद बिक्रीको कार्य खुल्ला र प्रतिस्पर्धात्मक तवरबाट भएको नदेखिएको, करिव रु. १६ करोड ६९ लाख श्री ५ को सरकारको ऋण लगानी गरेको र रुग्ण अवस्थामा रहेको उद्योगको शेयर खरीद गर्दा शेयरको वर्तमान मूल्य मूल्यांकन गर्ने कुनै आधार अपनाइएको नपाइंदा यस्तो करोडौंको दायित्व रहेको रुग्ण उद्योगको शेयर श्री ५ को सरकारले खरीद गर्नु नै पर्ने भए सबै शेयर होल्डरहरुबीच प्रतिस्पर्धा गराई सबैलाई समान अवसर दिई शेयरको वास्तविक बजार मूल्यको आधारमा मात्र अब उप्रान्त खरीद गर्नेतर्फ श्री ५ को सरकारको ध्यानाकर्षण गराइएको ।

(ख) विराटनगर जूट मिल्सले श्री ५ को सरकारबाट आ.व. २०५१।५२ देखि हालसम्म रु. १६ करोड ६९ लाख ऋण लगानी स्वरुप निकासा प्राप्त गरी आम्दानी जनाएको तर ऋण लगानी वापतको रकम निकासा प्रकृयामा भने एकरुपता नभएको, कहिले काठमाडौंस्थित कार्यालयमा र कहिले विराटनगरस्थित केन्द्रीय कार्यालयमा निकासा हुने गरेको देखियो । काठमाडौं कार्यालयमा पनि म.ले.नि.का. वा उद्योग मन्त्रालयमार्फत् प्राप्त रकममा केही रकम त्यहीं राखी अन्य बैंकमार्फत् ट्रान्सफर गर्ने गरेको पाइएको हुंदा निकासा प्रकृयामा एकरुपता देखिएन । अतः श्री ५ को सरकारले रकम निकासा दिंदा निकासा प्रकृयामा एकरुपता कायम गरी महालेखा नियन्त्रक कार्यालयले उद्योग मन्त्रालय मार्फत् मात्र निकासा गरिनु नियन्त्रण एवं लेखाको दृष्टिले उपयुक्त हुने हुंदा सो अनुसार गर्न र जूट

मिल्सको लेखा परीक्षणको सम्बन्धमा आ.व. २०४८।४९ सम्मको लेखा परीक्षण भएको भए पनि अन्तिम परीक्षण भई नसकेको र तदुपरान्त लेखा परीक्षण नै नभएकोले समयमा नै लेखा परीक्षण गर्न गराउन लेखिएको ।

(ग) बिराटनगर जूट मिल्स लि., कर्मचारी नियमावली, २०४८ को परिच्छेद २(५) मा जूट मिल्सका कर्मचारीको बढुवा सम्बन्धी व्यवस्थामा प्रमुख व्यवस्थापकबाट गठित ३ सदस्यीय समितिले कार्यक्षमता, ज्येष्ठता, शैक्षिक योग्यता, विशेष अंक जस्ता आधारमा सिफारिश गरी बढुवा गर्नु पर्ने प्रावधान रहेको र सोही नियमावलीको अनुसूची २ ले कार्य क्षमताको प्रतिवेदनको ढांचा पनि निर्धारण गरेको देखिन्छ । तर प्राप्त फाइल कागजात हेर्दा बढुवा सिफारीशको कार्यमा कर्मचारीले प्राप्त गरेको अंक कहीं कतै पनि उल्लेख नभएको र कार्य क्षमता फाराम पनि नभरी कर्मचारी बढुवा गरेको देखिंदा आयन्दा नियमावलीको पालना गर्न मिल्सको व्यवस्थापनलाई उद्योग मन्त्रालयमार्फत् लेखिएको ।

(घ) उद्योगहरुलाई निजीकरण गर्दै लैजाने श्री ५ को सरकारको नीति रही तद्अनुरुप कार्य पनि भई रहेकोमा श्री ५ को सरकारको न्यूनतम शेयर भएको बिराटनगर जूट मिल्स (जो बर्खौंदेखि रुग्ण अवस्थामा रहेकोछ) जस्तो उद्योगमा श्री ५ को सरकारको करोडौंको शेयर ऋण लगानी हुनु र सो उद्योगको शेयर खरीद गरी श्री ५ को सरकारको स्वामित्व बृद्धि गर्ने जस्ता कृयाकलाप हुनुबाट नीतिगत रुपमा यी कार्यहरु परस्परमा बिरोधाभासपूर्ण देखिंदा सोसमेत मा श्री ५ को सरकारको ध्यानाकर्षण गराइएको ।

४. नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशकले विद्युत चोरी गर्ने कम्पनीहरुसंग मिलेमतो गरी अत्यन्त न्यून रकम धरौटी लिई पुनः लाइन जोडिदिएको भन्ने विषयमा अनुसन्धान हुंदा कार्यकारी निर्देशकले यथार्थ क्षतिपूर्तिको रकम यकीन नहुँदैको स्थितिमा तोकिएको रकम धरौटी लिई लाइन जोड्न सक्ने प्रावधान रहेको र सोही अनुरुप धरौटी लिई लाइन जोड्ने र वास्तविक क्षतिपूर्तिको मूल्यांकन गर्ने कार्य १ महिना भित्र पूरा गर्ने आदेशसमेत गरेकोले तदनुरुप क्षतीपूर्ति रकम मूल्यांकन हुंदा अशोक स्टीलबाट रु. ३,६३,३९,५०१।- तथा जगदम्बा स्टीलबाट रु. ४२,८७,२५४।२० पै. असूलउपर हुनु पर्ने भई सोही अनुरुप असूल गर्ने निर्णय भएकोमा उक्त कम्पनीहरुले सो रकम दाखिला नगरी सर्वोच्च अदालतमा रीट निवेदन दिएको देखियो ।

नेपाल विद्युत प्राधिकरण, विद्युत चुहावट नियन्त्रण विनियमावली, २०५० को विनियम ३७ तथा ४० अनुसार तोकिएको क्षतीपूर्ति रकम जम्मा गरेको ग्राहकले चाहेमा मात्र विद्युत लाइन जोड्न सकिने भएकोले उल्लेखित रकम जम्मा नगरेका उक्त कम्पनीहरु विद्युत सेवाको उपभोग गर्नबाट स्वतः बञ्चित रहनु पर्नेमा नेपाल विद्युत प्राधिकरणको संचालक समितिले मिति २०५५।१।१९ मा विभिन्न कारण देखाई हाललाई सो उद्योगको विद्युत लाइन नकाट्ने भनी गरेको निर्णयलाई कानूनसम्मत भन्न मिल्ने देखिएन । तसर्थ बढीमा २ हप्ताको समय दिई सो उद्यागहरुलाई तोकिएको क्षतीपूर्ति रकम जम्मा गर्न लगाउने अन्यथा सो उद्योगहरुको विद्युत लाइन तुरुन्त काट्नु पर्ने कानूनी व्यवस्थाको पूर्णतः पालना गर्न र साथै यस प्रकारको गल्ती दोहरिन नदिई सचेत रहन समेत नेपाल विद्युत प्राधिकरण, संचालक समितिलाई लेखिएको ।

५. नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय, थापाथलीबाट आफ्नो कम्पाउण्डभित्र तार बार लगाउन टेण्डर माग गरेकोमा तखाछें कन्स्ट्रक्शनले जम्मा रु. ५,७९,०००।- र नारायणलाल एण्ड ब्रदर्शले रु. ६,०७,२००।- सकार गरेकोमा तखाछें कन्स्ट्रक्शनलाई सो काम नदिई बढी बोल कबोल गर्ने नारायणलाल एण्ड ब्रदर्शको टेण्डर स्वीकृत गरी नेपाल राष्ट्र बैंकलाई गैरकानूनी नोक्सानी र व्यक्तिलाई गैरकानूनी फाइदा दिलाउने काम भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय, थापाथलीको कम्पाउण्डमा कांडे तार बार लगाउन उक्त बैंकले मिति २०५५।१।१ गतेको गोरखापत्रमा सूचना प्रकाशित गरी सील्ड टेण्डर आह्वान गर्दा म्याद भित्र जम्मा ६ वटा कम्पनीको टेण्डर प्राप्त भएको । प्राप्त टेण्डरमध्ये वेडा बाबा कन्स्ट्रक्शन, ज्ञानेश्वरले रु. ३,९९,६७०।- , बाघ भैरव मेटल वर्क्स किर्तीपुरले रु. ७,७५,०२०।-, मुनाश्री कन्स्ट्रक्शनले रु. १०,६३,३००।-, तखाछें कन्स्ट्रक्शन नयां बानेश्वरले रु. ५,७९,०००।- नारायणलाल एण्ड ब्रदर्श ललितपुरले रु. ६,०७,२००।- र दुगाम निर्माण सेवाले रु. ६,५०,४००।- मूल्य अंकित गरी टेण्डर हालेको देखिन्छ । टेण्डरदाताहरुमध्ये सबैभन्दा घटी दररेट कबोल गर्ने वेडा बाबा कन्स्ट्रक्शनले भरेको टेण्डर फाराममा दररेट भूलबाट भरिएको हुंदा काम गर्न नसक्ने व्यहोरा उल्लेख गरी धरौटी बापत राखेको रकम फिर्ता पाउं भन्ने व्यहोराको जानकारी उक्त फर्मले नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय, थापाथलीलाई दिएपछि दोश्रो घटी अंक कबोल गर्ने तखाछें कन्स्ट्रक्शनले भरेको टेण्डर फाराममा अंक अक्षर केरमेट गरिएको हुंदा उक्त टेण्डर स्वीकृत गर्न मिल्छ मिल्दैन र पहिलो घटी अंक कबोल गर्ने टेण्डरदाता बेडा बाबा कन्स्ट्रक्शनले राखेको धरौटी रकम फिर्ता दिन मिल्छ मिल्दैन भनी नेपाल राष्ट्र बैंक, कानून विभागसंग राय माग हुंदा कानून विभागबाट टेण्डर फाराममा उल्लेखित शर्त दररेट अंक अक्षरमा लेख्नुको साथै जम्मा रकमसमेत प्रष्ट उल्लेख गर्नु पर्ने, केरमेट भएको र पूरा नलेखेको टेण्डरलाई मान्यता दिइने छैन भन्ने प्रावधान रहेको हुंदा दोश्रो घटी रकम कबोल गर्ने तखाछें कन्स्ट्रक्शनलाई कानूनतः टेण्डर अवार्ड गर्न नमिल्ने र काम गर्न नसक्ने जानकारी गराउने वेडा बाबा कन्स्ट्रक्शनलाई टेण्डर अवार्ड गर्न नसकिने

आधार वा परिस्थितिको सृजना हुनुमा बैंकको उत्तरदायित्वको विषय नभई फर्म स्वयंको कारणबाट हुन गएकोले धरौटी रकम जफत गर्ने व्यहोरा उल्लेख गरिएको राय प्राप्त भै तेश्रो घटी अंक बोल कबोल गर्ने नारायणलाल एण्ड ब्रदर्शको टेण्डर स्वीकृत गर्ने निर्णय गरेको पाइएको ।

तार बार लगाउने यस कार्यको लागि भएको टेण्डरमा भरिएको विवरणमा सामान्य अंक अक्षर केरमेट गरी टेण्डर दाताको सहीछाप गरेको फारामलाई मान्यता नदिएको कारणबाट नेपाल राष्ट्र बैंकलाई हानी नोक्सानी पुग्न गएको देखिएकोले निम्न अनुसारको सुझाव पठाइएको :-

टेण्डर फाराम उपलब्ध गराउंदाकै बखतमा राखेका शर्तहरुलाई स्वीकार गरेर मात्र फाराम भरी बुझाउने दायित्व सम्बन्धित फर्म, पार्टीको नै हुने हुंदा यस अनुरुप टेण्डरका शर्तहरु पालना गर्नु पर्नेमा सो नगरेको टेण्डर फारामलाई मान्यता नदिने गरी नेपाल राष्ट्र बैंकबाट भएको निर्णयलाई अनुचित मान्न नमिल्ने । तथापि प्रष्ट रुपमा बुझिने गरी भएको केरमेट र केरमेट भएको ठाउंमा दस्तखत तथा छापसमेत भएकोलाई अमान्य हुने गरी नेपाल राष्ट्र बैंकले राखेको शर्तलाई उपयुक्त मान्न नसकिने हुंदा अब आइन्दा मुलुकी ऐन कागज जांचको महलको ४ नं. बमोजिम रीत अंग पुगेकोलाई मान्यता दिनु पर्ने गरी टेण्डरका शर्तहरु राख्न नेपाल राष्ट्र बैंकलाई सुझाव पठाएको ।

६. साझा स्वास्थ्य सेवा सहकारी संस्थालाई सुनियोजित ढंगले कङ्गाल बनाउने भूमिकामा तत्कालीन अध्यक्षसमेत ले जिल्ला कृषि विकास कार्यालय, सल्यान र दार्चुलाका आफ्ना मतियारहरुबाट दुई नक्कली प्रतिनिधि खडा गरी संस्थाबाट रु. २,७५,०१०।३० को औषधी बिक्री गरेको बहाना बनाई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा औषधी दिने काममा संलग्न साझा स्वास्थ्य सेवाका कर्मचारीहरुले जिल्ला कृषि विकास कार्यालय, सल्यान र दार्चुलामा नक्कली पत्रहरुलाई सरकारी पत्र भनी विश्वास गरी तथा पत्र लिई आउने व्यक्तिलाई कर्मचारी भन्ठानी औषधी पठाएकोमा रकम पठाउन पत्र लेखेपछि उनाउ व्यक्तिले औषधी लिई गएको थाहा हुनासाथ तत्कालै जिल्ला प्रहरी कार्यालय, काठमाडौंमार्फत् साझा स्वास्थ्य सेवाले कारवाई चलाएको र औषधी लिन आउने मानिस खोजी गर्नु हाल संभव नदेखिंदा साझा स्वास्थ्य सेवाले सरकारी कार्यालयलाई अब आइन्दा औषधी बिक्री गर्दा सकेसम्म उधारोमा बिक्री नगर्ने, उधारोमा दिनु पर्ने अवस्था परे सम्बन्धित विभागसमेत को सिफारीशमा र औषधी लिन आउने कर्मचारीको परिचय निश्चय गरेर मात्र दिने व्यवस्था मिलाउन र सो संस्थाले यस विषयमा प्रहरीमा शुरु गरेको कारवाई सक्रीयतासाथ अघि बढाउन लेखिएको ।

७. नेपाल आयल निगम लिमिटेडको इनलैण्ड ट्रान्जिट बीमा सम्बन्धी कारवाई र निर्णय अनियमित भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा बीमा सम्बन्धी कार्य सील्ड कोटेशनबाट गराउने सम्बन्धमा विनियममा कुनै कुरा उल्लेख नभएको अवस्थामा संचालक समितिको निर्णयसमेत नगराई *गत वर्ष पनि माग गरिएको प्रचलन अनुसार* भनी कार्यकारी निर्देशकको मौखिक निर्देशन अनुसार कोटेशन माग गरिएको देखियो । आर्थिक वर्ष २०५४।५५ सम्म राष्ट्रिय बीमा संस्थानबाट यस्तो बीमा गराई आएकोमा आ.व. २०५५।५६ मा सिलबन्दी कोटेशन प्राप्त गरी नेशनल इन्स्योरेन्स कम्पनी लि.बाट बीमा गराएको, सिल्ड कोटेशन खोल्दा मुचुल्का तयार गर्नु पर्नेमा सो नगरेकोले नेशनल इन्स्योरेन्स कम्पनी लि.को कोटेशन सिलबन्दी प्राप्त भएको भन्ने कुराको यकीन गर्न नसकिएको, बीमा सम्बन्धी कार्य सिल्ड कोटेशनबाट गराउने सम्बन्धमा विनियममा कुनै कुरा उल्लेख नभएको अवस्थामा व्यवस्थापनले कोटेशन माग गर्न नमिल्ने, कोटेशन माग गर्नु पर्ने नै भएमा पनि संचालक समितिको निर्णय हुनु पर्नेमा संचालक समितिको निर्णय विना व्यवस्थापनले कोटेशन माग गरी अधिकार नभएको कार्य गरेको देखिन्छ । *गत वर्ष पनि माग गरिएको प्रचलन अनुसार कोटेशन माग गरिएको* भन्नु उपयुक्त देखिएन । तसर्थ यस्तो कार्य गर्न आदेश दिने कार्यकारी निर्देशक युवराज शर्मालाई आयन्दा यस्तो नगर्न ध्यानाकर्षण गराइएको ।

सील्ड कोटेशन खोल्दा मुचुल्का तयार गर्नु पर्ने हुन्छ । मुचुल्कामा कोटेशन दिने कम्पनीको नाम, ठेगाना, कोटेशन अंक सीलबन्दी भए नभएको विवरण, कुनै कैफियत भए सोसमेत उल्लेख गरी सील्ड कोटेशन खोल्दा उपस्थित कोटेशनदाता वा निजको प्रतिनिधि, कार्यालयका अन्य प्रतिनिधिको दस्तखत भएको हुनु पर्ने, सील्ड कोटेशन खोल्ने काम सम्बन्धित विभागको प्रमुखको रोहवरमा गर्नु पर्ने, निजको दस्तखत मुचुल्काको शीरमा भएको हुनु पर्ने जस्ता वाध्यात्मक रुपले अपनाउनु पर्ने कार्यविधिको पालना नगर्ने का.मु. निर्देशक बच्चुकुमार काफ्ले र प्रवन्धक जयराज आचार्यलाई ध्यानाकर्षण गराइएको ।

भविष्यमा यस्तो कार्य दोहरिन नदिन उक्त आयल निगमबाट गर्नु पर्ने बीमासम्बन्धी कार्यको लागि निगमको संचालक समितिलाई निम्न सुझावहरु पठाइएको :-

क) आर्थिक प्रशासन विनियमावली, २०५२ को विनियम ३.११.१ र ३.११.२ मा उल्लेखित "समितिले तोके बमोजिम बीमा गराउनु पर्ने" भन्नाले के भन्न खोजिएको हो सो स्पष्ट हुने गरी विनियममा उल्लेख हुनु पर्ने ।

ख) सिलबन्दी बोलपत्र वा कोटेशन आह्वान गरी बीमा गराउनु पर्ने अवस्थामा अपनाउनु पर्ने प्रकृया विनियममा उल्लेख नभएकोले यी कुराको विनियममा व्यवस्था हुनु पर्ने ।

यसै विषयमा स्वदेशी बीमा कम्पनीहरुलाई प्राथमिकता दिनु पर्ने, नपर्नेतर्फ अर्थ मन्त्रालयसंग छलफल गरी निष्कर्षमा पुग्न आपूर्ति मन्त्रालयलाई लेखिएको ।

८. राष्ट्रिय वाणिज्य बैंकको मेनेजर एवं अध्यक्षसमेत ऋणीसंग मिली बीस लाख भन्दा बढी रुपैया व्याज तिर्न नपर्ने निर्णय गराएर पैसा खाई भ्रष्टाचार गरी बैंक डुवाउने काम गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा व्याज मिन्हाको सम्बन्धमा वाणिज्य बैंक ऐन, २०३१ को दफा ६ मा स्पष्ट उल्लेख नभएको तर नेपाल राष्ट्र बैंकबाट "राष्ट्रिय वाणिज्य बैंकको संचालक समितिले आफ्नो कर्जाको सांवा व्याज कसरी उपर गर्ने र के कति मिनाहा दिन मिल्ने, आफैले औचित्यको आधारमा निर्णय गर्न सक्ने" भन्ने र अर्थ मन्त्रालयबाट "पुराना र समस्याग्रस्त कर्जाहरुको समस्या समाधान गर्न सबै प्रकारका व्याजका अतिरिक्त सांवा रकममा पनि कर्जाको प्रकृति हेरी केही रकम मिनाहा दिन सक्ने" भन्ने व्यहोराको पत्र प्राप्त भएकोले उक्त बैंकको संचालक समितिबाट भएको व्याज मिनाहा अनियमित भन्न मिल्ने देखिएन । तर राष्ट्रिय वाणिज्य बैंकबाट हुने व्याज मिनाहाको स्पष्ट आधार कतै उल्लेख नभएको, कुन कुन पदाधिकारी वा समितिले कति रकम व्याज मिन्हा गर्न सक्छ भन्ने कुरा पनि कतै उल्लेख नभएको अवस्थामा व्याज मिनाहामा धांधली हुन सक्ने र व्याज मिनाहा नै हुनु पर्ने सर्वसाधारण व्यक्तिको व्याज मिनाहा नभई पहुंचको आधारमा मात्र व्याज मिनाहा हुने अवस्था रहेकोले यस्तो स्थितिलाई निरुत्साहित गर्न तथा कर्जा सुरक्षण वापत धितो लिने गरेको भए तापनि कर्जा असूलीको लागि धितो राखिएको सम्पत्ति लिलाम गर्दा विभिन्न समस्याहरु श्रृजना हुने गरेको र धितोबाट कर्जा असूली हुन नसकेको हुंदा उचित व्यवस्थापनको लागि निम्न सुझाव अर्थ मन्त्रालयमार्फत् संचालक समितिलाई पठाइएको :-

(क) कर्जा सुरक्षण वापत लिइने धितोमा ऋणी वा धितो दिनेको एकलौटी हक भए नभएको, धितो लिलामी हुन सक्ने नसक्ने तर्फ शुरुमै आवश्यक छानवीन गर्ने र धितोमा हकवाला भए निजहरुसहित को मन्जुरनामा लिई सुरक्षित धितो लिने व्यवस्था गर्ने ।

(ख) के कस्तो व्याज कुन कुन अवस्थामा कुन पदाधिकारी वा निकायबाट के कुन आधारमा मिनाहा दिन सकिने हो सोको निश्चित आधार (Criteria) निर्धारण गरी सर्वसाधारण व्यक्तिले समेत जानकारी पाउने गरी ऐन नियममा समावेश गर्ने ।

९. सांखु - मूलपानी सडकमा दूर संचार संस्थानले खनेको ट्रेन्चमा सडक विभागको सानो गौचरण साइट कार्यालयबाट सडक मर्मत गर्दा रकम हिनामिना भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा निम्नानुसार गरिएको :-

सडक खन्न स्वीकृति प्राप्त गर्दा सडक यथास्थितिमा मर्मत सम्भार गर्न लाग्ने रकम धरौटी खातामा जम्मा गरी सोही रकमबाट नियमित र व्यवस्थित ढंगबाट खर्च गर्ने प्रकृया अपनाउन आवश्यक नियमहरु बनाई स्वीकृत गराउनेतर्फ कारवाई गर्ने भन्ने २०४९।११।३ को निर्णय आजसम्म कार्यान्वयन भएको नदेखिंदा त्यसतर्फ निर्माण तथा यातायात मन्त्रालयको ध्यानाकर्षण गराइएको ।

नेपाल दूर संचार संस्थानले इन्द्रायणी एक्सचेन्ज अन्तर्गत सो सडक खनेको मर्मतका लागि एकमुष्ट रु. ३३,६०,९२२।- धरौटी वापत जम्मा गरेको देखिन्छ । यसरी लागत अनुमान करीव रु. ३३ लाख भनी सकेकोमा टुक्रा टुक्रा गरेर कोटेशनबाट काम गराएको नियमानुकूल मान्न सकिएन । अब आइन्दा टेण्डरबाट गराउनु पर्ने कार्य अत्यावश्यक कारण वा परिस्थितिमा मात्र, टुक्रा टुक्रा पारी कोटेशनबाट गराउनु परेको औचित्यपूर्ण कारणसमेत खुलाई आर्थिक प्रशासन सम्बन्धी नियमहरु, २०४२ को नियम २२ (१ग) बमोजिम विभागीय सैद्धान्तिक स्वीकृति लिएर मात्र गर्ने गराउनेतर्फ श्री ५ को सरकारको मातहतका सबै विभाग, कार्यालयहरुलाई जानकारी गराउन श्री ५ को सरकार, मन्त्रीपरिषद् सचिवालयलाई लेखिएको ।

ढल निकास, खानेपानी, विद्युत र टेलिफोन आदि काममा सडक खन्ने र सडक मर्मत गर्ने कार्य सम्बन्धित कार्यालयहरुले परस्परमा समन्वयात्मक सरसल्लाहको आधारमा सम्पन्न गर्ने गरेमा कम खर्चिलो एवं सुविधाजनक हुने देखिंदा तद्नुकूल हुन मन्त्रिपरिषद् सचिवालयमार्फत् श्री ५ को सरकारलाई सुझाव पठाइएको ।

१०. हिमाल सिमेन्ट कम्पनी संचालक समितिका अध्यक्ष हेमराज कोइरालाले भ्रमणमा जांदा संचालक समितिको निर्णय विपरित बढी सुविधा लिएको भन्ने विषयमा अनुसन्धान हुंदा निजले विभिन्न मितिमा भ्रमणमा जांदा वीरगन्जको सूरज होटलमा तिरेको भनी भुक्तानी लिएको बीलका सम्बन्धमा बुझ्दा उक्त बीलहरु नक्कली देखिएको हुंदा विभिन्न मितिमा पेश गरी भुक्तानी लिएको रकम रु. ४५,६८०।- नियमित मान्न नसकिने भएकोले कम्पनीको बांकी सरह निजबाट असूलउपर गर्न हिमाल सिमेन्ट कम्पनीलाई लेखिएको । यसरी सार्वजनिक पद धारण गरेको व्यक्तिले नक्कली बील पेश गरी भुक्तानी लिएकोले आइन्दा निजलाई सार्वजनिक जवाफदेहीको पदमा नियुक्त गर्दा यस घटनाको उचित मूल्याङ्कन गर्न

श्री ५ को सरकार, मन्त्रिपरिषद्लाई ध्यानाकर्षण गराई हिमाल सिमेन्ट कम्पनीको संचालक समितिलाई दैनिक भ्रमण भत्तासम्बन्धी नियममा आवश्यक संशोधन गर्न सुझाव पठाइएको ।

११. राष्ट्रिय वाणिज्य बैङ्क, मुख्य शाखा कार्यालय, विशालवजारबाट न्यू सपिङ्ग सेन्टरको नाममा ७०/८० लाख अमेरिकी डलरको एल.सी. खोलिएकोमा सम्बन्धित पार्टीबाट रु १० लाख खाई सो सम्बन्धी फाइल गायव गरिएको र कर्जाको करीब ६ करोड असूल हुन नसकेको तथा विदेशी मुद्रा अपचलन र बैङ्कमा आर्थिक हिनामिनासमेत भएको भन्ने विषयमा अनुसन्धान हुंदा राष्ट्रिय वाणिज्य बैङ्कको आयात प्रतीतपत्र सेक्सनमा फाइल बुझाउने प्रचलन नभएको र आउट स्ट्यान्डीङ्ग विवरणको आधारमा मात्र बरबुझारथ हुने गरेकोमा लेखा अधिकृत निर्मला बस्नेतले सेक्सन इन्चार्ज कृष्णबहादुर पन्तलाई फाइल एक एक गरी बुझाएको र सो समय ११७ वटा फाइल फेला नपरेकोले बैङ्कमा केन्द्रीय कार्यालयले नै टोली वनाई खोजतलास गर्दा सो मध्ये ११ वटा बाहेक अरु फाइल फेला परेकोबाट फाइल एक एक गरी बरबुझारथ हुने नगरेको स्थितिमा कसको जिम्मामा रहेको फाइल कुन समयमा हरायो भन्ने निश्चित गर्ने कुनै आधार हाल देखिएन ।

कर्जा चुक्ता हुन वांकी रहेका र फाइल फेला परेका तर रकम असूल हुन नसकेका अरु आउट स्ट्याण्डिङ्ग एल.सी. धेरै हुन सक्ने संभावना भएको र यसैलाई औल्याएर आ.व. २०५२।५३ को प्रारम्भिक लेखा परीक्षण प्रतिवेदनमा "प्रतितपत्रको कारोवारमा लापरवाही र मिलोमतोको कारण मु.शा. काठमाडौंको कारोवारबाट बैङ्कको आर्थिक क्षति भएको सांवा मात्र रु ८४७ लाख" भन्ने उल्लेख गरेको देखिन्छ । यस्तो लापरवाही र मिलेमतो रहेछ भन्ने कुरा लेजरका पाना च्यात्ने, फाइलमा रहेका कागज झिक्ने, गायव गर्ने, र फाइलै पनि गायव गर्ने गरेकोबाट पनि देखिन्छ भने बैङ्कले आयात प्रतितपत्र सेक्सनको व्यवस्थापन राम्ररी गर्न नसकेको र सो सेक्सनमा रहेका कर्मचारीमध्ये केही बैङ्कको हीत प्रतिकूल काम गर्ने प्रकृतिका छन् भन्ने पनि देखिन्छ । यस्ता कर्मचारीलाई बैङ्क आफैले पहिचान गरी हटाउन नसके बैङ्कलाई पछि पनि पटक पटक धोका हुन सक्ने देखिएकोले यस विषयमा निम्नानुसार गर्न सम्बद्ध निकायहरुलाई लेखिएको :-

(क) न्यू. सपिङ्ग इन्टरप्राइजेजको एल.सी.नं ०३०।११०६ र ३०।११८७ लगायत ११ वटा प्रतीतपत्र सम्बन्धी फाइल फेला परेको नदेखिएकोले फाइल पुनः खोजी गरी फाइल पत्ता नलागेमा बैंकको हीत प्रतिकूल फाइल गायब गर्ने काममा संलग्न कर्मचारी पहिचान गरी कारवाही गर्न र त्यसमा भ्रष्टाचार देखिएमा यस आयोगमा र विदेशी मुद्रा अपचलन देखिएमा राजस्व अनुसन्धान बिभागमा कानूनी कारवाहीको लागि पठाउन राष्ट्रिय वाणिज्य बैङ्कको सञ्चालक समितिसमेत लाई लेखिएको ।

(ख) नायव मुख्य अधिकृत दीव्यध्वज कार्कीले लेखा अधिकृत निर्मला वस्न्यातलाई आयात प्रतीतपत्र शाखाको चार्ज बुझाउंदाको विवरण पेश हुन आएकोमा सोमा २०२५।२६ साल देखिका प्रतीतपत्रहरु पनि आउटस्ट्याण्डिङ्गमा रहेको देखिएकोले पुराना प्रतीतपत्रको सम्बन्धमा एक वर्षभित्र छानवीन गरी रकम असूल गर्न र अपचलन र भ्रष्टाचार भएको देखिएमा कानून बमोजिम कारवाही शुरु गर्न लेखिएको ।

(ग) आयात प्रतीतपत्रसम्बन्ध मा तात्कालिक एवं दीर्घकालीन सुधारको कार्यक्रम लागू गरी ३/३ महिनामा अनुगमन गर्ने व्यवस्था गर्न लेखिएको ।

१२. नेपाल राष्ट्र बैङ्कमा बिभिन्न किसिमको भ्रष्टाचार र अनियमितता भएको भन्ने विषयमा "राष्ट्र बैङ्कमा लखनउ लूट" शीर्षकमा दृष्टि साप्ताहिकमा प्रकाशित समाचार उजूरी सरह दर्ता भई सोउपर अनुसन्धान हुंदा यसमा बैङ्कमा भएको गाडी २०५३ सालमा लिलाम गरी कार्यालयको दैनिक कार्य सञ्चालनको लागि आवश्यक पर्ने भनी मित्सुविसी लेन्सर कार ३ गोटा र कार्यालयको काममा आवश्यक भनी टाटा पिकअप २ गोटा नेपाल राष्ट्र बैङ्क, खर्च प्रणालीको परिच्छेद ३ को प्रकरण ६ अनुसार गभर्नरको अख्तियारी प्रयोग गरी स्थानीय एजेन्टहरुसंग एक एक वटा कोटेशन लिई खरीद गरेको देखियो । यसरी खरीद गर्दा सो गाडीहरु नै किन खरीद गर्नु पऱ्यो भन्ने औचित्य खुलाई सो खर्च प्रणालीको परिच्छेद ३ को प्रकरण ५ बमोजिम खरीद गर्नु पर्नेमा कुनै कारण नखुलाई तत्काल काम नगर्दा संकट वा काममा व्यवधान पर्ने देखिएमा मात्र आधार लिनु पर्ने सो खर्च प्रणालीको परिच्छेद ३ को प्रकरण ५ को प्रयोग गरी खरीद गरेको उपयुक्त देखिएन । गाडी लिलाम गरिएवाट तत्काल सवारीको व्यवस्था गर्न भनी संकटको अवस्थामा प्रयोग हुने कानून प्रयोग गर्नु परेको कारण देखाइएको भए ता पनि गाडी लिलाम गर्ने प्रकृयासंगै खरीद सम्बन्धी बोलपत्रको प्रकृया सुरुवात गर्न सकिने हुंदा उल्लेखित कारण मनासिव भन्न सकिने स्थिति पनि देखिएन । यसर्थ भविष्यमा यस्ता खरीद सम्बन्धी प्रक्रिया समयमै शुरु गर्ने र खर्च प्रणालीको परिच्छेद ३ को प्रकरण ६ लाई तत्काल काम नगर्दा संकट वा काममा व्यवधान पर्ने देखिएको अवस्थामा मात्र प्रयोग गर्न नेपाल राष्ट्र बैङ्कको सञ्चालक समितिलाई सुझाव पठाइएको ।

यस अतिरिक्त पियन, ड्राइभर, स्वीपर, रेकर्डकिपर जस्ता पदमा नियुक्तिको काम सामान्य रुपमा नै गर्न सकिनेलाई खास काम भन्न नमिल्ने भएकोले खास कामको लागि प्रयोग हुने नियुक्ति सम्बन्धी कानून प्रयोग गरी करारमा नियुक्ति

गरेको पनि उपयुक्त देखिएन । यसैले सो पदहरुमा स्थायी नियुक्ति दिने प्रक्रिया ३ महिना भित्र शुरु गर्नसमेत नेपाल राष्ट्र बैङ्कको सञ्चालक समितिलाई सुझाव पठाइएको ।

१३. जिल्ला विकास समिति, काभ्रेपलान्चोकका तत्कालीन का.मु. स्थानीय विकास अधिकारी गायत्रीराज पाण्डेले आ.व. २०५३।५४ र २०५४।५५ मा श्री ५ को सरकारवाट ग्रामीण विकास तथा स्वावलम्बन कार्यक्रमको लागि प्राप्त अनुदान रकमवाट नेपाल राष्ट्र बैङ्कद्वारा निष्कासित ट्रेजरी वील र वचत पत्रहरु अनियमित तवरले खरीद गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा का.मु. स्थानीय विकास अधिकारी गायत्रीराज पाण्डेले श्री ५ को सरकार, स्थानीय विकास मन्त्रालयवाट अनुदान प्राप्त ग्रामीण विकास तथा स्वावलम्बन कार्यक्रम शीर्षक अन्तर्गत खर्च गर्न तोकिएको रकम सम्बन्धित काममा प्रयोग हुन नसकी त्यसै रहेको भन्ने आधारमा सो ट्रेजरी वील र वचतपत्र पटक पटक खरीद गरी आर्जित ब्याजवाट जिल्ला विकास समितिको भौतिक सुधार गर्ने हेतुले आफूखुसी अनुदानको रकम ब्याज आर्जन गर्न भनी लगानी गरी प्रयोजन बिपरितको कार्य गरेको देखियो । निजको सो कार्यलाई कानून अनुकूल भन्न सकिने नभए पनि संस्थालाई गैरकानूनी हानी वा आफू वा अरु कसैलाई गैरकानूनी लाभ पुऱ्याउने नीयत रहेको देखिएन । यो कार्य कोही कसैलाई कुनै क्षती वा पीडा परेको कार्यसमेत नहुंदा अनुचित कार्य भन्न नमिले ता पनि सरकारी आर्थिक नीति तथा कार्यक्रम विपरित आफूखुसी रकम लगानी गर्ने निजको कार्य मनासिव भन्न सकिने नदेखिंदा जो जे गर्नु पर्ने आवश्यक कारवाही गर्न र यसरी श्री ५ को सरकारवाट उपलव्ध गराएको ग्रामीण विकास तथा स्वावलम्बन कार्यक्रमको वजेटबाट यस प्रकारको लगानी गर्न नपाउने व्यवस्था गर्न स्थानीय विकास मन्त्रालयलाई लेखिएको ।

१४. वन विज्ञान अध्ययन संस्थान, पोखराका उप-प्राध्यापक (तत्कालीन क्याम्पस प्रमुख) ऋदिशकुमार पोखरेलले बनसम्बन्धी अध्ययन कार्यको लागि एक जापानी संस्थाबाट अमेरिकी डलर ५० हजार वन विज्ञान अध्ययन संस्थानमाफत् प्राप्त गरी क्याम्पस प्रमुखको हैसियतले आफ्नो व्यक्तिगत नामवाट खाता खोली अनियमित तरिकाबाट परियोजना सञ्चालन गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा निजले जापानी संस्थाबाट अमेरिकी डलर ५० हजार वनसम्बन्धी अध्ययन गर्न वन विज्ञान अध्ययन संस्थानमार्फत् प्राप्त गरेको नदेखिएकोले व्यक्तिगत नामवाट खाता खोलेकोसमेत देखिन आएन । तर International Food Policy Research Instirute (IFPRI) को टीम लीडरले व्यक्तिगत रुपमा उक्त संस्थाको लागि सूचना तथा तथ्यांक संकलन गर्ने कार्यका लागि निज पोखरेललाई अमेरिकी डलर १३ हजार दिएको देखिएको, सो कार्य गरे वापत पेशागत विकासका लागि वन विज्ञान अध्ययन संस्थानलाई ओभरहेड वापत रु. १६,७२०।- (आम्दानी भएको रकमको १० प्रतिशत) बुझाएकोसमेत आम्दानी रसीदवाट देखिंदा यसमा कुनै हानी नोक्सानी नभई वन विज्ञान अध्ययन संस्थानलाई केही रकम आम्दानी नै भएको देखियो ।

प्रस्तुत विवादमा निज उपप्राध्यापक ऋदिशकुमार पोखरेलले त्रिभुवन विश्व विद्यालयबाहिर आंशिक समयको रोजगारी वा सेवा गर्न आवश्यक स्वीकृति नलिएको, तर पूर्व स्वीकृतिका लागि मिति २०५४।१।१२ मा शिक्षाध्यक्षसमक्ष आवेदन दिएकोमा समयमा नै पूर्व स्वीकृती प्रदान गरेको नदेखिंदा पूर्व स्वीकृती दिने वा नदिने निर्णय तुरुन्त गर्ने गराउनेतर्फ त्रिभुवन विश्वविद्यालयलाई तथा स्वीकृती लिएर मात्र यस्तो वाहिरको काम गर्न उप-प्राध्यापक ऋदिश कुमार पोखरेललाई ध्यानाकर्षण गराइएको ।

१५. तत्कालीन हवाई बिभागका सि.डि.ई. मुकुन्दप्रसाद भण्डारीसमेत ले हवाई बिभाग अन्तर्गत सल्ले, रुकुम विमानस्थलमा ढल निर्माण गर्ने कार्यको लागि आर्थिक ऐन, नियम अनुसार बोलपत्र नलिएको, टिपेक्स लगाई सच्याइएको हरिभक्त कन्स्ट्रक्सनको बोलपत्रलाई स्वीकृत गरेको भन्नेसमेत विषयमा अनुसन्धान हुंदा उक्त कार्यको लागि पर्न आएका ३ थान बोलपत्र मध्ये १ थानमा संलग्न विडवण्ड कम भएको, अर्को १ बोलपत्रमा Bill of Quantities समावेश नहुनुका साथै अन्य योजनाको बोलपत्र भन्ने देखिएपछि पुनः बोलपत्र माग गर्ने वा बांकी रहेको १ बोलपत्र एक तहमाथिको अधिकृतको सहमति लिई स्वीकृत गर्नु पर्नेमा सो भए गरेको नदेखिएकोले आइन्दा त्यस्तो गल्ती दोहरिन नदिन बोलपत्र स्वीकृत गर्ने हवाई बिभागका तत्कालीन सुपरिण्टेण्डेण्ट इन्जिनीयर उपेन्द्र धिताल तथा मुख्य लेखा अधिकृत भगिराज इङ्गनामको ध्यानाकर्षण गराई सोको विभागीय अभिलेख राख्न लेखिएको ।

१६. कृषि चून उद्योग लिमिटेडका वरिष्ठ प्रशासकीय अधिकृतले वांकी नै नभएको घर विदा बांकी देखाई सोको रकम लिएको, उद्योगको तर्फवाट मि. जेम्सको विदाईमा होटल ब्लू स्टारमा रु ७,७२९।२० खर्च भएकोमा रु १०,२००।- को नक्कली वील पेश गरी उद्योगवाट भुक्तानीसमेत लिएको तथा अधिकृत तह ६ र सहायक तह ४ को परीक्षामा अनियमित गरी उत्तर पुस्तिका नै साटी अनियमित कार्य गरेको भन्नेसमेत विषयमा अनुसन्धान हुंदा विनियोजित वजेट भन्दा बढी खर्च गरेको र भट्टी निर्माण गर्दा आर्थिक विनियमावली अनुसारको प्रकृया अवलम्बन नगरेको भए ता पनि रकम हीनामिना नै भएको हो भन्ने आधार देखिन नआएको र अधिकृत तह-६ र सहायक तह-४ को पदपूर्ति गरिंदा निष्पक्षता

कायम गर्न अपनाउनु पर्ने प्रक्रिया अवलम्बन नगरी उत्तर पुस्तिकाहरु साटिएको हो भन्ने समेत स्पट नदेखिएको हुंदा निम्न आधार र विषयमा कृषि चून उद्योग लि.को ध्यानाकर्षण गराई कृषि मन्त्रालयलाई निम्नानुसारको आवश्यक निर्देशनको प्रकृया अवलम्बन गर्न लेखिएको :-

(क) विनियोजित वजेट खर्च गर्दा कृषि चून उद्योगले आफ्नो आर्थिक विनियमावली अवलम्बन गरी मात्र खर्च गर्ने ।
(ख) कृषि चून उद्योगमा रिक्त पदपूर्ति गर्दा निष्पक्षता कायम गर्न पदपूर्ति सम्बन्धि निर्देशिका तयार गरी लागू गर्ने ।
(ग) भट्टी निर्माण गराउंदा आर्थिक विनियम अनुसार लागत अनुमान तयार गर्ने, सो लागत अनुमानको आधारमा अमानत वा ठेक्का कुन प्रकृया वाट निर्माण गर्ने भन्ने निर्णय गरी तदनुसार निर्धारित ड्राइङ्ग र डिजाइन तथा स्पेशिफिकेशन बमोजिम निर्माण गरी वास्तविक कामको जांच पास गराई कार्य सम्पन्न प्रतिवेदन लिनु पर्ने प्रकृया अवलम्बन भएको नदेखिएकोले अव आइन्दा कृषि चून उद्योगमा जुनसुकै निर्माण कार्य गर्दा यस्ता प्रकृया अनिवार्य रुपमा अवलम्बन गर्ने ।

१७. साल्ट ट्रेडिङ्ग कर्पोरेशनले सुर्खेतदेखि जुम्ला र मुगुमा नून ढुवानी गर्दा गराउंदा अनियमितता भएको भन्ने विषयमा अनुसन्धान हुंदा यसमा साल्ट ट्रेडिङ्ग कर्पोरेशनको विनियम विपरित र बोलपत्रमा उल्लेखित न्यूनतम दरमा बढाई ढुवानी गरे गराएको भन्ने व्यहोरा खम्बीर हुन आएन । तर ढुवानी कार्य गर्दा गराउंदा बोलपत्र माग गर्नु पर्ने लगायत बोलपत्र आव्हान हुंदाका अवस्थादेखि स्वीकृत, अस्वीकृत गर्दासम्म अपनाउनु पर्ने प्रक्रिया र आधार तथा वार्ताद्वारा एवं अमानतमा काम गराउन सकिने अवस्था आदिका बारेमा विनियममा केही पनि खुलेको नदेखिएको सन्दर्भमा, सरकारी शेयरसमेत रहेको यस्तो संस्थाको काम कारवाही निर्धारित कार्यविधि अनुसार पारदर्शी तरीकाले हुन, गराउन जरुरी हुनाले उपयुक्त कुराहरु स्पष्ट खुलाई विनियममा आवश्यक संशोधन गर्ने सुझाव आपूर्ति मन्त्रालयमार्फत् साल्ट ट्रेडिङ्ग कर्पोरेशनलाई दिइएको ।

ङ) आयोगबाटै फछ्यौंट भएको तथा अन्य विविध निर्णयको विवरण

१. आठौं दक्षिण एशियाली खेलकुद १९९७ को सहयोगार्थ सञ्चालित लोट्टो चिठ्ठा कार्यक्रम सम्बन्धमा गृह मन्त्रालयले चन्दा संकलन गर्ने स्वीकृति दिएकोमा चन्दा ऐन, २०३० अनुसारको कानूनी दायित्वहरु पूरा नगरेको भन्ने विषयमा अनुसन्धान हुंदा साफ गेम्सको कार्यकारिणी समितिका तत्कालीन पदाधिकारीहरुले चन्दा ऐन, २०३० को परिधीभित्र रही चन्दा संकलन गर्नु पर्नेमा सो विपरित चन्दा संकलन गर्ने प्रस्ताव आव्हान गरेको, चन्दा संकलनको कार्य ठेक्कामा दिने कानूनी व्यवस्था नभएकोमा ठेक्कामा दिएको एवं ८ करोडको अनुमति लिएर १३ करोडमा ठेक्का लगाउने अधिकार कानूनतः नभएको र त्यस्तो अधिकार भएकै भए पनि ठेक्का दिनु पर्दा रीतपूर्वकको टेण्डर आह्वान हुनु पर्नेमा त्यस्तो नभई हचुवाको भरमा गोरखापत्र र दि राइजिङ नेपालमा सूचना गरी प्रस्ताव आव्हान गरेको र नेपाल रिक्रिएसन सेन्टर प्रा.लि.बाट चन्दा ऐन, २०३० विपरित दर तोकी चन्दा संकलन गर्ने र चन्दादाताहरुवाट संकलन भएको रकमलाई पुनः चन्दादाताहरुमै चिठ्ठा प्रक्रियाद्वारा वितरण गर्ने मिति २०५३।१०।९ को प्रस्ताव नं ३ लाई चिठ्ठा ऐन विपरित अनुमोदन गरी कार्यक्रम सञ्चालन गर्ने स्वीकृती दिई अनुगमन रेखदेख, निरीक्षण, नियन्त्रण समेत नगरेको स्पष्ट हुन आयो ।

त्यस्तै, सरकार परिवर्तन पश्चात्का साफ गेम्स कार्यकारीणी समितिका पदाधिकारीहरुले पनि चन्दा ऐन, २०३० विपरित लोट्टो चन्दा कार्यक्रम गैरकानूनी तरीकाले सञ्चालन भइरहेकोमा वन्द गराउनका लागि कुनै काम कारवाई गरेको नदेखिएको र महान्यायाधिवक्ताको कार्यालयको कानूनी राय अनुसार उक्त कार्यक्रमलाई निरन्तरता दिन चिठ्ठा ऐन अनुसारको प्रकृया पूरा गर्नु पर्ने भन्ने हुंदा पनि उक्त मन्त्रालयवाट न त चिठ्ठा ऐन अन्तर्गतको प्रकृया पूरा गर्नेतर्फ न त कार्यक्रम बन्द गर्ने तर्फ नै पहल गरेको हुंदा उक्त कार्यक्रमलाई गैरकानूनी तरिकाले निरन्तरता दिइरहेको तथ्य स्पष्ट हुन आयो ।

नेपाल रिक्रियसन सेन्टरले युवा, खेलकूद तथा संस्कृती मन्त्रालयसंग गरेको सम्झौता अनुसार १७ ड्र सम्म खेलाइएको लोट्टो कार्यक्रमबाट उठेको रकममा साफ गोम्सलाई बुझाउनु पर्ने रकम रु .१,६४,६०,३५३।- मध्ये रु.७२,५९,८५६।५० मात्र बुझाएको र कार्यक्रम बन्द भएको एक वर्ष वितिसक्दा पनि रु ९२,००,४९६।५० नबुझाएको हुंदा सो रकम कानून बमोजिम असूलउपर गर्नु पर्नेसमेत देखिन आएकोले गृह मन्त्रालयको स्वीकृति विपरित चन्दा ऐनसमेत को उल्लंघन गरी भएको सम्पूर्ण कारवाईउपर छानवीन गरी आवश्यक कानूनी कारवाही गर्न गृह मन्त्रालयलाई लेखिएको ।

२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदको बहुवा तथा पदपूर्ति समितिले मिति २०५३।७।१ मा विभिन्न पदहरुको विज्ञापन गरी लिखित परीक्षा लिएकोमा परीक्षाको नतिजा प्रकाशन स्थगित नगरी पुनः सोही पदहरु पूर्तिका लागि मिति २०५४।१।१९ को गोरखापत्रमा विज्ञापन प्रकाशित गरेकोले सो विज्ञापन रद्द गर्नु पर्ने भन्नेसमेत विषयमा अनुसन्धान हुंदा मिति २०५३।७।१ र २०५४।१।२९ को गोरखापत्रमा प्रकाशित विज्ञापनका पदहरुको बहुवा तथा पदपूर्ति समितिले गरेको सिफारीशहरु मिति २०५४।८।३० मा गठित छानवीन समितिले दिएको प्रतिवेदनको आधारमा मिति २०५४।१०।१२ को ५२ औं बैठकद्वारा बदर भइसकेको तथा मिति २०५४।१।३१ को गोरखापत्रमा प्रकाशित अन्तवार्ता कार्यक्रमहरुको एकै दिनमा २७ वटा पदको अन्तर्वार्ता सञ्चालन गरेको भन्ने सम्बन्धमा सो पदहरु पनि २०५४।१।२९ मा प्रकाशित विज्ञापन संग नै सम्बन्धित पदहरु हुंदा सोसमेत रद्द भई परिषद स्वयंले सुधारको प्रक्रिया अपनाइसकेको देखिन आयो ।

सोही परिषद्को प्रकाशन महाशाखाका तत्कालीन निर्देशक कृष्णप्रसाद रिजालले मिति २०५३।८।१२ देखि २०५३।१२।१२ सम्म सट्टा विदाबाट कट्टा हुने गरी विदा स्वीकृत गरी पाउन निवेदन दिएकोमा पाकेको अन्य विदाबाट कट्टा गर्ने गरी विदा स्वीकृत भएको, तर २०५३ सालको हाजिरी किताबमा भने पुरानो काम गरेको सट्टा विदाबाट कट्टा हुने गरी विदा स्वीकृत भनी जनाएको देखिन आएकोले मिति २०५३।८।२ देखि मिति २०५३।१२।१२ सम्मको विदा नियमित गर्न शिक्षा मन्त्रालयलाई लेखिएको ।

३. राष्ट्रिय बीमा संस्थानमा सुविधाको दुरुपयोग गरी संस्थानबाट अवकास प्राप्त गर्नु अगाडि सामूहिक जीवन बीमाको रकम लिन लागेको भन्ने विषयमा अनुसन्धान हुंदा राष्ट्रिय बीमा संस्थानको सञ्चालक समितिको १२३ औं बैठकले २० वर्षे सावधिक जीवन बीमा लागू गर्ने निर्णय गरेको र राष्ट्रिय बीमा संस्थान, कर्मचारी नियमावली, २०५४ को नियम १२३ मा संस्थानका कर्मचारीहरुले सञ्चालक समितिले तोकेको व्यवस्था बमोजिम बीमा तथा अन्य सुविधा पाउने स्पष्ट प्रावधान भएकोले सार्वजनिक संस्थानले कानून बमोजिम निर्णय गरी बीमाको शर्त मुताबिक कर्मचारीलाई दिएको रकममा अख्तियारको दुरुपयोग भएको मान्न सकिने नदेखिएको ।

४. कृषि मन्त्रालय अन्तरगत प्रथम श्रेणीका कृषि विज्ञ सुरेशकुमार वर्माले श्री ५ को सरकारबाट अध्ययन बिदा स्वीकृत गराई गैर सरकारी संस्था S.A.P. मा कार्य गरेको भन्ने विषयमा अनुसन्धान हुंदा निज सुरेशकुमार बर्माले २०५३।२।१ देखि २०५४।१२।३० सम्म श्री ५ को सरकारबाट अध्ययन बिदा स्वीकृत गराई त्रिभुवन विश्वविद्यालय अन्तर्गत Dr. B.N. Prasad को Supervision मा Effect of Some plant growth regulator on Junar (citrus Sinemd) विषयमा पी.एच.डी. गर्न लागेको थेसिससम्म बुझाउन बांकी रहेको देखिन आएको र यस अवधिमा निजले दोहोरो तलब लिएको नदेखिएको ।

५. साविक वानेश्वर महादेवस्थान गाउं विकास समिति वडा.नं. १० को कित्ता नम्बर १०१ को जग्गा नयां नापी हुंदा कित्ता काट भई कायम हुन आएको कित्ता नम्बर २६३ को जग्गा रोपनी १-११-२-२ को जग्गा धनी लुमडी भद्रकाली र मोहीमा फूलबारी बगैचा जनिएको गुठी जग्गा अनियमित किसिमबाट रैतान नम्बरी गरी रमेशबहादुर मालाकार समेत ५ जनाको नाममा दर्ता गरेको भन्ने विषयमा अनुसन्धान हुंदा गुठी संस्थान ऐन, २०३३ को दफा २५ (३) र विनियमावली, २०४९ को विनियम ११(३) बमोजिम गुठी प्रशासकको मिति २०५३।६।१३ को निर्णयले मूल्यांकन समितिबाट तोकिएको प्रति रोपनी ३,००,०००।- (तीन लाख) का दरले हुने रु ५१,७९,६८९।- (एकाउन्न लाख उनासी हजार छ सय उनान्नब्बे) गुठी संस्थानको नाममा दाखिला गराई २०५४।५।२९ मा रैतान नम्बरीमा जग्गा धनी दर्ता प्रमाणपुर्जा दिएकोमा सो निर्णयउपर विपक्षी नन्दकिशोर सापकोटाले २०५४।१०।१७ मा सर्वोच्च अदालतमा उत्प्रेषणको रीट दायर गरेको हुंदा सर्वोच्च अदालतमा विचाराधीन रहेको मुद्दामा तहांबाटै अन्तिम कारवाहीको टुंगो लाग्ने ।

६. उदयपुर जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी जयनारायण नेपाल तथा डि एस.पी. रामकुमार खनालले जिल्लाको शान्ती सुरक्षा, महंगी र भ्रष्टाचारको नियन्त्रण एवं नागरिकताको सुलभ वितरणको नाममा हैकमवादी शैलीबाट विभिन्न कार्यालयहरुलाई भ्रष्टाचारमुखी बनाएको भन्नेसमेत विषयमा अनुसन्धान हुंदा सम्बन्धित पदाधिकारी

प्र.जि.अ. जयनारायण नेपाल तथा डि.एस.पी. राम कुमार खनालले शान्ती, सुरक्षा, महंगी र भ्रष्टाचारको नियन्त्रण एवं नागरिकताको सुलभ वितरणको नाममा उपरोक्त अनुचित काम कारबाही गरेको भन्ने व्यहोरा गृह मन्त्रालयको प्रतिक्रियाबाट समेत देखिन आएको हुंदा निजहरुको व्यक्तिगत रेकर्डमा यस्तो अनुचित काम कारवाहीको अभिलेख राख्न गृह मन्त्रालयलाई लेखिएको ।

७. मध्य पश्चिमान्चल सडक कार्यालय नं. ४ छिन्यु सुर्खेतबाट उनाउ व्यक्ति ठेकेदार दलवीर कार्की बनी जिल्ला विकास समितिको कार्यालय, मुगुको लेटर प्याडमा अन्य २० जना ठेकेदारहरुको कीर्ते सिफारीश पत्र बनाई, सभापति बख्त बहादुर शाहीको कीर्ते दस्तखत गरी सडक एकाई कार्यालय छिन्यु सुर्खेतको नं. ६१७२६ को चेकबाट मिति २०५२।१।२५ मा ठेकेदार दलवीर कार्की समेत २१ जना ठेकेदारहरुले आ.ब. २०४८।४९ मा मुगु जिल्लामा संचालन भएको घोरेटो, गोरेटो बाटोको निर्माण ठेक्कामा धरौटी स्वरुप राखेको रकम रु. १६९४९४।७७ झिकी लगेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा मुगु जिल्ला, नाथपु गा.वि.स. वडा नं. ५ जडेपानी बस्ने अन्दाजी वर्ष ३३ को ऐनबहादुर शाहीले जिल्ला विकास समितिको कार्यालय, मुगुको तत्काल प्रचलनमा नरहेको लेटर प्याडमा जिल्ला विकास समितिको सभापति बख्तबहादुर शाहीले सिफारीश गरेको भनी "धरौटी फिर्ता दिने सिफारीशसम्बन्धमा" विषय राखी पेटबोलीको व्यहोरा टाइप गरी कलमले थपेको, "श्री म.प.डि.स.का नं. ४ छिन्यु सुर्खेत" भन्ने व्यहोराको सम्बोधित हस्ताक्षर र ठेकेदार दलवीर कार्कीको नाममा २० जना ठेकेदारहरुले दिएको भनिएको मञ्जुरीनामाको हस्ताक्षर, ल्याप्चे सहीछाप तथा दलवीर कार्कीको नामबाट डिभिजन प्रमुखलाई धरौटी रकम फिर्ता पाउं भन्नेबारे लेखिएको निवेदनको हस्ताक्षरसमेत कीर्ते गरी कागजातहरु तयार पारी सट्टे व्यहोरा भए गरेको जस्तो मिलाई प्रतित पर्ने हिसावसंग सरकारी कर्मचारीलाई झुक्याई रकम रु. १,६९,४९४।७७ झिकेको प्रत्यक्ष देखिएकोले निज ऐनबहादुर शाहीलाई भ्र.नि.ऐन, २०१७ को दफा ८ अनुसार आफूलाई गैर कानूनी लाभ पुऱ्याई भ्रष्टाचार गरेकोले हदैसम्मको सजाय माग दावी तथा दफा २९ अनुसार विगो असूलउपर गराउने कारवाई गर्न जिल्ला अदालत, सुर्खेतमा भ्रष्टाचारमा अभियोग पत्र दायर गर्न विशेष प्रहरी विभागमा र मुलुकी ऐन, किर्ते कागजको महल अनुसार सरकारी छाप दस्तखत लेटरप्याड कीर्ते गरेतर्फ सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ अनुसार मुद्दा चलाउन जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा पठाइएको ।

८. कृषि विकास बैङ्कका कर्मचारीहरुले हरिसिद्धि ईटा टायल कारखानालाई विना उचित धितो ऋण प्रवाह गरेको र एकीकृत लगानी गर्दा अनियमित गरी भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान हुंदा निम्नानुसार देखिएको :-

(क) डेवो कम्पनीको गाडी खरीद सम्बन्धमा बैङ्कको नियम अनुसारनै खरीद भएको,

(ख) एस्कर्ट मोटर साइकल सप्लाइकर्ता नेपाल ट्रेडिङ्ग कन्सर्नसंग सिंचाई सामाग्री सप्लाईको कार्य बैंङ्ग नियमानुसार नै भएको,

(ग) जीतबहादुर लक्ष्मीबहादुर समूहलाई कृषि बिकास बैङ्ग, बैङ्गिङ्ग कार्यालय, रत्नपार्क कार्यालयमा राखिएको धितो र ओभर ड्राफ्ट लगानी गरेको तथा अधिकांश उद्योगलाई लगानी गरेको सांवा व्याज चुक्ता भएको र केही उद्योगमा लगानी भएकोमा किस्ता बुझ्काई नवीकरण गरेको,

(घ) कृषि विकास बैङ्गद्वारा व्यवस्थित कोष व्यवस्थापन कम्पनीले खरीद गरेको जग्गा कम्पनीको नियमानुसार नै खरीद भएको देखिएको,

यसमा नेपाल औद्योगिक विकास निगम लिड बैङ्ग भएकोले ऋण चुक्ता गर्नुपर्ने समय आश्विन २०५८ सम्ममा हरिसिद्धी ईंटा टायल कारखाना लि.लाई सहभागी बैङ्गहरुवाट प्रवाहित भएको कर्जा (व्याजसहित) असूली तालिका तयार गरी निगमले असूल गर्न र सो असूली गर्ने कार्यको अनुगमन उद्योग मन्त्रालयले गर्न लेखिएको ।

९. राष्ट्रिय वाणिज्य बैङ्गका बिभागीय प्रमुख कृष्ण बहादुर तामाङ्ग र ललितपुर चापागाउंकी माया तामाङ्गले ग्रामीण विकास समिति भन्ने संगठन खोल्न लगाई १५ जना स्थानीय महिलाहरुलाई राष्ट्रिय वाणिज्य बैङ्ग, मङ्गलवजार शाखाबाट ऋण लिन लगाई रकम आफूले खाई भ्रष्टाचार गरेको भन्नेसम्बन्धमा अनुसन्धान हुंदा राष्ट्रिय वाणिज्य बैक्तको गरीवसंग बैक्तीङ कार्यक्रम अन्तर्गत ग्रामीण विकास समिति, चापागाउंमार्फत् समूह गठन गरी ऊनी धागो कताईलाई २०४९ सालको वैशाख/ जेष्ठमा ऋण प्रवाह भएको देखियो । ऋणीहरुले ऋणको रकम नपाएको भन्ने सम्बन्धमा सो समितिको सचिव माया तामाङ्गले समूहका सदस्यको हातमा रकम नदिई ऊन किनी ऊनी धागो कात्न मात्र दिएको, ऊन किन्ने बेच्ने र उधारो कारोवारको काम समूहका कुनै पनि सदस्यलाई पूरा जानकारी नदिई आफैले मात्र गर्ने गरेको देखिन आयो । ऊनी धागो किन्ने केही व्यक्तिको जानकारी कृष्णवहादुर तामाङ्गले पनि दिएको र माया तामाङ्गले तिनीहरुलाई पनि ऊन बेच्दा रकम असूल हुन नसकेको देखिन आयो । को कोसंग के कति लिनु दिनु छ भन्ने विषयमा कुनै पनि जानकारी माया तामाङ्गले नदिएकोले हाल आएर करकापमा परी २०५१।३।२७ को कागज गरेको भने पनि निजले बताएका व्यक्तिसंग

रकम असूल गर्न बांकी नै हो भन्ने कारोवारको प्रमाण पनि माया तामाङले पेश गर्न नसकेको सन्दर्भमा सो २०५१।३।२७को कागज बैङ्कमा नै बसी गरेको र त्यसमा यथार्थ कुरा लेखिएको हो भन्ने देखिन आउंछ । राष्ट्रिय वाणिज्य बैङ्कको पत्रबाट मुख्य अधिकृत कृष्ण बहादुर तामाङले विभागीय प्रमुखको हैसियतले गरेको लेखापढी बाहेक यस काममा अन्य संलग्नता नभएको भने पनि कार्यक्रम सञ्चालनको क्रममा निज सक्रीय रुपमा संलग्न भएको देखिन्छ, तर यसमा ऋण रकम ऋणीलाई नदिई निजले खाएको भन्ने नदेखिंदा कानून बमोजिम गर्न राष्ट्रिय वाणिज्य बैङ्कलाई लेखिएको ।

१०. नेपाल विद्युत प्राधिकरण, ग्रामीण विद्युतीकरण निर्देशनालय अन्तरगत साना जलविद्युत बिभागबाट सम्झौता अनुसार गुणस्तरको सामान उपलब्ध नगराई समयमा लाइन जडानको कार्य पूरा हुन नसकेकोमा बदनियतपूर्वक लाईन जडान गर्ने ठेकेदारको परफरमेन्स बण्ड जफत गरेको भन्नेसम्बन्धमा अनुसन्धान हुंदा स्थलगत निरीक्षण समेतबाट सामानको तौल र गुणस्तरमा विवाद नदेखिएको र ठेक्का सम्झौता अनुसार ठेकेदारले नै पूरा गर्नु पर्ने बिभिन्न कामहरु जस्तै विस्तृत नक्सा तयार गर्ने, काटिनु पर्ने रुखको सूची र संकेत तयार गरी पेश गर्ने, चेक सर्भे गर्ने आदि कामहरु नगरी ट्रान्सफर्मर जडान नहुँदै ट्रान्सफर्मरलाई संचालन गर्न आवश्यक पर्ने बुसिंग आयल उपलब्ध नगराएको भन्ने र २०५१।२।१८ देखि नै बिभिन्न सामान स्टोर दाखिला भएको अभिलेख हुंदा हुँदै २०५३ आषाढमा मात्र सामान दाखिला गरेको भन्ने जस्ता निरर्थक आरोपहरु लगाउँदै ठेकेदारले आफूले पूरा गर्नु पर्ने सबै दायित्व नै पूरा नगरी प्राधिकरणमाथि दोष थोपरेर अनावश्यक ढीलाई गरिरहेको र यस सम्बन्धमा प्राधिकरणबाट पटक पटक सचेत गराउंदा पनि कार्य पूरा गर्न अग्रसर नभई परफरमेन्स बण्डको अवधि नघाउन मात्र ठेकेदार उद्यत रहेको स्थितिमा सो परफमेन्स बण्ड जफत गर्ने निर्णय बदनियतपूर्ण भएको भन्न सकिने स्थिति रहेको नदेखिएको ।

११. ग्रामीण आवास कम्पनीका अध्यक्षले बिभिन्न उपकरण तथा मेशिनरी मर्मत र लिलाम गर्दा भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान हुंदा यसमा मन्त्रालयस्तरबाट समेत छानवीन भएको र सो प्रतिवेदनसमेत बाट नियमानुसारको प्रकृया पूरा गरेर नै मर्मत, लिलाम गरेको पाइएको तथा घडेरी बितरणमा पनि खुल्ला प्रतिस्पर्धा हुंदा सकार हुन नसकेका केही प्लटहरु पहिलो दरखास्तवालालाई पहिलो प्राथमिकताकै आधारमा केही मूल्य बढाई बिक्री गरेकोसमेत हुंदा कम्पनीलाई हानी नोक्सानी पुग्न गएको देखिन आएन । सर्लाही एप्रोच रोडको निर्माण २०४९ सालमा भएको र हाल स्थलगत निरीक्षण हुंदा माटो खन्ने मात्र कार्य गरी बनाइएको सो ड्रेनको नापीमा गहीराई केही कम भएको देखिए तापनि २०५० सालमा वाग्मती सिंचाई योजनाको गेट फुटी सो इलाका नै जलमग्न भएको तथ्यको आधारमा ढलान वा सोलिंग केही नगरिएको सो ड्रेनको गहीराई शुरुमा नापी भए अनुरुप थिएन होला भनी अनुमानको भरमा कसूर स्थापित गरी कारवाई अगाडी बढाउनु न्यायोचित नदेखिएको ।

१२. विराटनगर विमानस्थल अन्तरगत स्ट्रीट लाइट मर्मत, बारुणयन्त्र भवन देखि धावनमार्गसम्मको पीच सडक निर्माण र कर्मचारी आवास गृह निर्माणमा भ्रष्टाचार भएको भन्नेसम्बन्धमा अनुसन्धान हुंदा भद्रपुर र विराटनगर विमानस्थलको नयां निर्माण र मर्मत सुधारका बिभिन्न कार्यहरुमध्ये विराटनगर विमानस्थलमा निर्माण गरिएको कर्मचारी आवास भवनको छत चर्किएको स्पष्ट देखिएको र गाह्रोमा समेत Settlement Cracks देखिएकोमा पुनः स्थलगत निरीक्षण हुंदा उक्त आवास भवनमा देखिएको Settlement Cracks का सम्बन्धमा हाल थप Settlement भएको नदेखिएको र ठेकेदारकै खर्चमा मर्मत कार्यसमेत भइसकेको सो भवन हाल आवास योग्य नै भएको भन्ने प्राविधिक प्रतिवेदन प्राप्त हुन आएको ।

१३. कोहलपुर नगर विकास समितिबाट विभिन्न निर्माण कार्यहरुसमेत गर्दा भ्रष्टाचार भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा हालको बसपार्कमा भौतिक संरचना निर्माण गर्नु परेकोले अस्थायी बसपार्क निर्माण गरी सोमा अस्थायी टिकट काउण्टर भवन निर्माण गरिएकोमा पछि सो भवन प्रयोगमा नआएकोले भत्काई सोवाट प्राप्त निर्माण सामाग्रीले क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय, कोहलपुर, बांकेको गाडी इन्ट्री पोष्ट निर्माण गरिएको तथा समितिको स्वामित्वमा रहेको चौराहाको ४० मी. x ४० मी. क्षेत्रफलको जग्गा सार्वजनिक सूचनाद्वारा बोलपत्र आह्वान गरी सबैभन्दा बढी अंक कबोल गर्ने कुमार ट्रेडिङ्ग, कोहलपुरको बोलपत्र स्वीकृत गरेको समेत देखिन आयो । त्यसै गरी सपिङ्ग कम्प्लेक्स भवनको छेउ छेउमा टप ढलानमा ८ से.मि. र अन्य भागहरुमा ढलानको मोटाई सरदर १०.४ से.मि. पाइएको पनि आवश्यक नाप अनुरुप नै भएको देखिएको ।

१४. नेपाल विद्युत प्राधिकरण, सातौ विद्युत आयोजनाका निर्देशकसमेतले स्टील स्ट्राण्ड वायर सप्लाई गर्ने सबै भन्दा घटीवालाको टेण्डर स्वीकृत नगरी दोश्रो घटीवालासंग मिलेमतो गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा सबै भन्दा घटी कबोल गर्ने राम सरुप इण्डष्ट्रियल कर्पोरेशनले बोलपत्र साथ User's Certificate पेश नगरेको र बोलपत्र साथ पेश

भएका कागजातहरुमा दस्तखत र फर्मको छाप समेत नभएकोले Non responsive ठहर गरी Responsive बोलपत्रहरुमध्ये बोलपत्रका शर्तहरु, एसियाली विकास बैंकवाट प्रवाहित ऋण अन्तरगत खरीद प्रकृयामा अपनाउनु पर्ने निर्देशिका र बोलपत्र मूल्यांकन सम्बन्धी सोही बैंकको हैण्डवुकले निर्धारित शर्तहरुसमेतको अधीनमा रही कटारिया वायर्स लि., इण्डियाको बोलपत्र स्वीकृत गरेको कार्य मनासिव नै देखिएकाे ।

१५. नेपाल पारवहन तथा गोदाम व्यवस्था कं.लि.ले श्री ५ को सरकार विकास समितिको कर्मचारी अजयकुमार काफ्लेलाई नियम विपरित आफ्नो संस्थानमा सरुवा गरी हाल आठौं तहमा बढुवासमेत गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा विकास समितिको कर्मचारीलाई संस्थानमा सरुवा गरेको सम्बन्धमा लोक सेवा आयोगको सामान्य सिद्धान्त, २०४३ तथा लोक सेवा आयोगको प.सं. ४ सा.वि.(से.रा) ५ (१६५१) ०३८।२ मिति २०४६।८।१ को परिपत्र अनुरुप सरुवा कार्य नियमित मान्न नसकिए ता पनि यस विषयमा २०५१ सालमा सम्मानित सर्वोच्च अदालतसमक्ष रीट दायर भएकोमा तत्सम्बन्धमा हकदैयाको अभावमा प्रस्तुत रीटनिवेदन खारेज हुने ठहर्छ भन्ने मिति २०५१।२।१ मा फैसलासमेत भइसकेको ।

१६. मनकामना प्रा.वि. (हाल मा.वि.) वोर्डिङ्ग स्कूल, नन्दिपुर, पोखराका प्रवन्ध निर्देशक तथा प्रिन्सिपल नन्दवहादुर पुन समेतले शैक्षीक वर्ष २०४८।४९ को आय व्यय विवरण पेश हुंदा विद्यालयको ९-५-३-१ जग्गा नदेखाएको विषयमा प्रमुख जिल्ला अधिकारीसमेत ले मिलेमतो गरी कारवाई नगरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा विद्यालयको जग्गा लुकाई हिनामिना गरेको भन्ने विषयमा जिल्ला प्रशासन कार्यालय, कास्कीमा उजूरी परेकोले तत्कालीन प्रमुख जिल्ला अधिकारीले रकम लिनु खानु गरेको भन्ने कुराको कतैबाट पुष्टी हुन नसकेको र विवादित जग्गा विद्यालयको नाममा नै रजिष्ट्रेशन पारित भइसकेको देखिएको ।

१७. प्राथमिक विद्यालय पौष्टिक आहार परियोजनाका नि. निर्देशक र लेखा अधिकृतसमेतको मिलेमतोमा आ.व. २०५३।५४ मा सुर्खेत, दैलेखमा पौष्टिक आहार ढुवानी गरे वापतको भुक्तानी माग गर्दा एकमुष्ट भुक्तानी नदिई नियम विपरित रकम टुक्रा गरी ३ वटा चेक काटी त्यसमध्ये रु. ५६,७५४।- वरावरको रकम आफूले नै लिएको र भुक्तानीका लागि एकाउण्ट पेयी चेक माग गर्दा समेत बियरर चेक दिने गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा दरवार निर्माण सेवाका प्रोप्राइटरले "आफूले ढुवानी गरे वापत पाउनु पर्ने सम्पूर्ण रकम एकाउण्ट पेयी चेक नं. ६४२५८५१ बाट रु १,१२,०७६।६८, चेक नं. ६४२५८५२ बाट रु.१,५१,७४४।५० र चेक नं. ६४२५८५३ बाट रु. ५६,७५४।- को भुक्तानी पाइसकेको, प्रस्तुत उजूरी आफूवाट नपरेको र उजूरी गर्नु पर्ने अवस्थासमेत नरहेको" भनी आयोगसमक्ष लिखित कागज गरेको ।

१८. पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य सेवा निर्देशनालय, धनकुटाले पियन पदपूर्तिको लागि विज्ञापन गरेकोमा उक्त निर्देशनालयका डा. के. एन. ठाकुरले प्रति उम्मेदवार २०/३० हजार रकम लिई नियुक्ति गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा उक्त निर्देशनालयमा पियन पदपूर्तिका लागि प्रकाशित गरेको विज्ञापन स्थगित गरिएकोले पदपूर्ति नै भएको नदेखिएको ।

१९. राष्ट्रिय अनुसन्धान बिभागका निरीक्षकले विदेश पठाई दिन भनी रकम लिएकोमा निजले विदेश पनि नपठाएको र पैसा पनि फिर्ता नदिई अन्यायमा पारेको भन्ने विषयमा अनुसन्धान हुंदा प्रस्तुत मुद्दाको विषय दुनियांवादी देवानी मुद्दा भएको र भ्रष्टाचारजन्य कुरासंग सम्बन्धित रहेको देखिन नआई अख्तियार दुरुपयोग भए गरेको भनी प्रमाणित हुन सक्नेसमेत नदेखिएको ।

२०. बिभिन्न सहकारी संस्थाहरुले सहकारिताको भावना विपरित कार्यक्षेत्र भन्दा वाहिरका व्यक्तिलाई संस्थाको सदस्य वनाएको, एकै परिवारका व्यक्तिहरु अध्यक्ष सदस्य रहेको, शेयर विक्री खुल्ला नगरेको, मूल्य निर्धारण नगरेको, संस्थाका नाममा अचल सम्पत्ति नराखी व्यक्तिका नाममा राख्ने गरेको, संस्थाको साइनवोर्ड नराखेको, सदस्यहरुको नामावली नराखेको, कोटेशनबाट काम लिई अरुवाट काम गराई बीचमा कमिशन खाने गरेको, सञ्चालक समिति एवं साधारण सभाको वैठक नवसाएको भन्नेसमेत विषयमा अनुसन्धान हुंदा उल्लेखित सवै अनियमितताहरु सवै सहकारी संस्थाहरुमा रहे भएको नभई केही संस्थाहरुमा अनियमितता भएको देखिन आयो । सोमा आवश्यक सुधार गर्न प्रचलित कानून बमोजिम सहकारी बिभाग एवं सम्बन्धित जिल्ला सहकारी कार्यालयहरुले आवश्यक सुझाव दिने एवं लेखापढी गर्ने गरिआएको समेत देखिएको र सहकारी ऐन, २०४८ र सहकारी संस्थाहरुको विनियमहरुसमेत बमोजिमका काम कुराहरु सहकारी संस्थाहरुवाट भए गरेका छन् छैनन् भन्ने सम्बन्धमा समय समयमा निरीक्षण गरी नभए नगरेको देखिएमा गर्न लगाउने गरी सहकारी बिभाग एवं मातहत कार्यालयहरुसमेतवाट कारवाही भइरहेको देखिएकोले आयोगबाट केही गर्नु परेन ।

२१. नेपाल कोल लि. को नेपाल बैंक लि., काठमाडौंमा रहेको चल्ती खाता नं. १०१-२९०१५-८ बाट मिति २०५४।११।२४ गतेका दिन दुईवटा चेकबाट जम्मा रु. ९६,४९०।४६ अनधिकृत रुपले निकाली खाए मासेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा नेपाल कोल लि.का अध्यक्षले यस विषयमा आवश्यक कारवाईको लागि विशेष प्रहरी बिभागलाई लेखी उक्त बिभागवाट अनुसन्धान कारवाही हुंदा चेकमा भएका दस्तखतसम्बन्धी खाता सञ्चालन गर्ने नायव महाप्रवन्धक पारसमणीभक्त प्रधान र सहायक शिवप्रसाद खनाल समेतको दस्तखत जांच हुंदा मिल्न भिड्न नआई निजहरुउपर भ्रष्टाचारको कारवाई शुरु गर्न सवूद नपुग्ने देखी कसले कीर्ते दस्तखत गरी झिकेको हो खुल्न आएमा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ बमोजिम कीर्तेतर्फको कारवाई गर्न सक्कलै मिसिल कागजातसमेत जिल्ला प्रहरी कार्यालय काठमाडौंमा पठाएको कार्य मनासिव नै देखिएको । यसमा रकम झिक्न काटिएका चेकहरु, दस्तखत नमूना कार्ड, चेक प्राप्तिको लागि लेखेको पत्रसमेतका सक्कल प्रमाण कागजात जिल्ला प्रहरी कार्यालय, काठमाडौंबाट समेत यस आयोगमा प्राप्त हुन नसकेको हुंदा ती सक्कल कागजात यथाशीघ्र पत्ता लगाई विशेष प्रहरी बिभागवाट लेखिए बमोजिम कीर्तेतर्फको कारवाही चलाउन प्राप्त सक्कल फाइल जिल्ला प्रहरी कार्यालय, काठमाडौंमा नै पठाइएको ।

२२. हुलाक सेवा बिभागले हुलाक सम्बन्धी वृत्तचित्र निर्माण गराउन टेण्डर गरेकोमा घटीवाला टेण्डर स्वीकृत नगरी बढी रकम कबोल गर्नेको टेण्डर स्वीकृत गरेको भन्ने विषयमा अनुसन्धान हुंदा आ.व. २०५३।५४ मा हुलाक सेवा बिभागलाई हुलाक सुदृढीकरण आयोजना अन्तरगत वृत्तचित्र निर्माणको लागि रु. ३ लाख वजेट विनियोजन भएको र हुलाकसम्बन्धी वृत्त चित्र निर्माण गर्ने यो पहिलो पटकको कार्यक्रम भएकोले बिभागले यो काम हुलाक प्रशिक्षण केन्द्रका मुख्य प्रशिक्षकको संयोजकत्वमा गर्ने गरी कार्यटोली गठन गरेको र उक्त रकम पनि हुलाक प्रशिक्षण केन्द्रलाई नै निकासा दिई पठाएको देखिन्छ । यसमा सवैभन्दा घटीवाला प्रस्ताव स्वीकृत गर्ने अख्तियारी मुख्य प्रशिक्षकलाई नै रहे ता पनि बढीवालाको स्वीकृत गर्नु पर्ने अवस्था दर्शाई एकतह माथि स्वीकृतीको लागि पेश हुंदा सवैभन्दा घटीवालाको प्रस्ताव बिभिन्न कारणहरुले गर्दा स्वीकृत गर्न नमिल्ने भई बढीवालाको प्रस्ताव स्वीकृत गरेको, यो कार्य हुलाकलाई चिनाउने पहिलो प्रयासको रुपमा हुन लागेको र वास्तविक जानकारी दिन हुलाक सम्बन्धी सम्पूर्ण क्षेत्र समावेश भएको वृत्तचित्र निर्माण गरिनु नै मुख्य उद्देश्य रहेकोले सो अभीष्ट प्राप्तिको लागि छुट्टै मूल्यांकन टोलीको सिफारीश बमोजिम अर्को निर्णय लिएको कार्य वदनियतपूर्ण नदेखिएको ।

२३. त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल कार्यालयले विना टेण्डर लिमोजिन सर्भिस (भाडाको सवारी) सञ्चालन गर्न विगत ३ वर्षदेखि टेण्डर आव्हान गरेवाट रु १५ लाख ५ हजार ५ सय १५ रुपैया राजस्व आम्दानी गरिएकोमा हाल विना टेण्डर सञ्चालन गरेवाट वार्षिक रु ८ लाख राजस्व हिनामिना भएको भन्नेसमेत विषयमा अनुसन्धान हुंदा विमानस्थलमा आउने यात्रुहरुको सुविधालाई दृष्टिगत गरी श्री ५ को सरकार (मन्त्रीस्तरीय) निर्णयसमेतवाट परिष्कृत र परिमार्जित तवरले सुधार गर्नेतर्फ अग्रसरता देखाइएको कार्यलाई अन्यथा भन्न नमिल्ने र प्रतिवर्ष रु. ८ लाख राजस्व घाटा पार्ने कार्य भए नभएको सम्बन्धमा विचार गर्दा २०४९ साल पौष ६ गते देखि २०५२ साल पौष ५ गते सम्ममा अर्थात् ३ वर्षको ठेक्का अङ्क रु. १५,१५,११५।- राजस्व उठेको देखिएको छ भने सो पछिको व्यवस्थावाट २०५२ साल पौषदेखि २०५५ साल आषाढ मसान्त सम्मको अढाई वर्षमा रु. ९,३३,३११।१० राजस्व उठेको देखिन्छ । यसबाट निश्चित दूरीको भाडा उठाउन पाउने व्यवस्था गरिएको पछिल्लो अढाई वर्षको उठ्ती रकमलाई आकर्षक नै मान्नु पर्ने देखिन्छ । एयरपोर्टबाट शहरतर्फ यात्रु लान ल्याउन ठेक्का वन्दोवस्त गर्न पटक पटक सूचना प्रकाशित गरी पर्न आएका टेण्डरहरुलाई श्री ५ को सरकारमा पेश गरी त्यसमा भएको निर्णयको आधारमा ठेक्का पट्टा भए गरेको हुंदा यस कार्यबाट कोही कसैले गैरकानूनी लाभ हासिल गरेको भन्ने स्थिति नदेखिएको ।

२४. विगत १४।१५ वर्ष देखी शरणार्थीको रुपमा सीतापाईला गा.वि.स.को अनुमतिले काठमाडौं, सीतापाईला वडा नं .२ को कि.नं. ३५३ पर्ती जग्गामा छाप्रो खडा गरी दीपवहादुर अधिकारीले बसोबास गरिआएकोमा पूर्वतर्फको संधियार कि.नं. १०३७ को जग्गाधनीले आफनो अख्तियारभित्र नरहेको पर्ती जग्गासमेत आफनो नाममा दर्ता गर्न लागेको भन्ने सम्वन्धमा अनुसन्धान हुंदा जग्गाको श्रेस्ता तथा नक्साको क्षेत्रफलमा फरक परेमा वास्तविक क्षेत्रफल नै कायम हुने विद्यमान कानूनी व्यवस्थाको परिधिभित्र रही मालपोत कार्यालयले ऐनको अधिकार प्रयोग गरी गरेको निर्णयवाट अख्तियारको दुरुपयोग भएको भन्ने नदेखिएको ।

२५. सुनसरी जिल्ला चिमडी गा.वि.स.- ४, कि.नं. १ को ११७ विगाहा सरकारी जग्गा २०२८ सालमा पारित भएको भन्ने काल्पनिक लिखत खडा गरी जग्गा दर्ता गराउने काम भएको भन्ने विषयमा अनुसन्धान हुंदा यस सम्बन्धमा सर्वोच्च अदालतमा रीट निवेदन परी निर्णय भइसकेको हुंदा मालपोत कार्यालय, सुनसरीले मालपोत ऐन तथा मन्त्रीपरिषद्वाट

स्वीकृत जग्गा दर्ता निर्देशिका, २०५४ को परिधिभित्र रही प्रमाणबाट देखिन आए अनुरुप निर्णय गर्नु पर्ने हुंदा मालपोत कार्यालय, सुनसरीलाई सर्वोच्च अदालतबाट भएको परमादेशको आदेशानुसार जो जे गर्नु पर्छ कानून बमोजिम गर्न लेखिएको ।

२६.. नेपाल खाद्य संस्थान तथा मालपोत कार्यालय, बारा मिली संस्थानबाट रोक्का रहेको जग्गा पारित गराएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा रोक्का रहेको जग्गा फुकुवा भई बिक्री भएको हुंदा सोको रजिष्ट्रशन वदर गरी लिलाम बढाबढवाट धितो असूल गरी पाउन माग दावी गरेको उजूरी भएकोले यस्तो काम कारवाही आयोगको क्षेत्राधिकार भित्रको नभएको ।

२७. सर्भे नापी हुंदाका अवस्थामा वगर भनी नापी भएको जग्गा र खोलाको डिलसमेत परेको जग्गालाई मोही र जग्गाधनी हूं भनी व्यक्ती खडा गरी लिने खाने नीयतबाट तत्कालीन भूमिसुधार मन्त्रीसमेत ले भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा जग्गा धनी रामकेशर वोगटी र मोही कृष्णवहादुर मगरलाई जग्गा छुट्याएको निर्णय उपर चित्त नबुझी मोहीले मन्त्रीसमक्ष दिएको निवेदनमा " श्री सचिवजी, तु.आ.का. गरिदिने " भनी भएको तोक आदेशले पूर्व निर्णयमा फेरवदल गर्न दवाव दिएको भन्न सकिने अवस्था नभएको र जग्गाधनी र मोही मिली दर्ता गर्न नहुने जग्गा दर्ता गराएको भन्ने सम्बन्धमा भूमिसुधार अधिकारीबाट छुट्याएको कित्ता जग्गा अन्य व्यक्तिबाटै हक हस्तान्तरण भई जग्गा धनी र मोही कायम भएको देखिएको ।

२८. मालपोत कार्यालय, झापाका तत्कालीन मालपोत अधिकृतले निवेदकको काल्छी सौतेनी आमासमेत ले अंशवण्डा गरी पाउनु पर्ने निवेदकका पिताको नाममा रहेको अचल सम्पत्तिलाई अरु हकवाला भए नभएको केही नबुझी एकलौटी नामसारी दर्ता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा लोग्नेको नामको जग्गा निजको मृत्युपछि निजका हकवाला अंशियारहरुमा मालपोत कार्यालयवाट नियमानुसार नामसारी हुनुले मात्र अंशियारको हक नजाने र उजूरवालाहरुले सो नामसारी वदरतर्फ सम्बन्धित अदालतमा फिराद पत्रसमेत दायर गरेको हुंदा केही गरिरहन नपरेको ।

२९. बर्दिया पाताभारा गा.वि.स.वार्ड नं ७ कि.नं. १९६ क्षेत्रफल ६२-११-०-० विगाहा जग्गा हदवन्दीमा परेकोलाई छानवीन नगरी नदी उकास भनी भ्रष्टाचार गरी दर्ता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा सुलोचना शाहसमेत को नाममा दर्ता भएको उल्लेखित जग्गाको अतिरिक्त २४-३-१५-० विगाहा जग्गासमेत मालपोत कार्यालयले दर्ता गरी भूमिसुधार कार्यालयलाई जानकारी दिएको र सो कार्यालयले निजहरुका नाममा दर्ता भएको सम्पूर्ण जग्गा रोक्का राखी हदबन्दीमा छानवीन गरिरहेको देखिंदा छानवीनबाट अख्तियारको दुरुपयोग भएको देखिन आएमा सोही बखत अनुसन्धान गरिने जानकारी उक्त भूमिसुधार कार्यालयलाई दिइएको ।

३०. बीरगन्ज नगर पालिकाका वडा अध्यक्षहरु तथा तत्कालीन सांसदसमेत मिली चुङ्गीकरमा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा चुंङ्गीकर रकम दैनिक बैङ्क दाखिला गरेको नदेखिएको र आ.व. २०५१।५२ को ठेक्का बन्दोवस्त अन्तरगत चुंङ्गीकरका ठेकेदार केदारमान सिंहलाई रु ३३,२०,१४८।- र सवारी करका ठेकेदार भगवान मिश्रलाई रु २,५०,०००।- समेत जम्मा रु. ३५,७०,१४८।- मिनाहा दिने नगरपालिका बोर्डबाट निर्णय भएकोसमेत देखियो । ठेकेदारसंग भएको सम्झौता अनुसार ठेक्का अवधिमा कुनै विषम परिस्थिति उत्पन्न भई कर असूलीमा वाधा पर्न गएमा दुवै पक्षबीच समझदारी कायम गरी कबूलियत अत्य गर्न सकिने हुंदा ठेक्कासम्म अन्त गर्न मिल्नेमा मिनाहा दिन सकिने देखिंदैन । यसमा स्थानीय विकास मन्त्रालयले सो मिनाहा सम्बन्धमा पर्याप्त र उचित कारणहरुको पुनरावलोकन गर्न बीरगन्ज नगर पालिकालाई लेखेकोमा हालसम्म पुनरावलोकन नभएकोले पुनरावलोकन गराई मिनाहा दिन मिल्ने, नमिल्ने हेरी नमिल्ने भए कानून बमोजिम गर्न स्थानीय विकास मन्त्रालयलाई लेखिएको ।

३१. चितवन जिल्ला कुमरोज गा.वि.स. वडा.नं. १४ कि.नं. ५७, ७८ को ४-२-०-० विगाहा ऐलानी हाक्तिसार जग्गालाई चूडाबहादुर बोगटीको नाममा दर्ता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा हाल आवादीमा जग्गा दर्ता गर्ने अधिकार मालपोत कार्यालयकै भएको भन्ने सर्वोच्च अदालतको परमादेशको आदेशलाई आधार लिई सो जग्गा दर्ता भएको देखिएको ।

३२. सिरहा जिल्ला, इनरुवा गा.वि.स.का अध्यक्षसमेत ले आफ्नो गाउं आफै वनाउं कार्यक्रम अन्तरगत निकासा भएको रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा निज अध्यक्षसमेत बिभिन्न व्यक्तिलाई दिएको पेश्की रकममा आन्तरिक लेखा परीक्षण प्रतिवेदनबाट बेरुजु औल्याइएकोले उक्त बेरुजु रकमको वांकी कामको

मूल्यांकन गरी असूल गर्नु पर्ने बांकी रकम आर्थिक ऐन तथा नियम बमोजिम असूलउपर गरी आयोगलाई जानकारी दिन जिल्ला विकास समिति, सिरहालाई लेखिएको ।

३३. कोहलपुर नगर विकास समितिमा बिभिन्न आर्थिक अनियमितताहरु भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा हाजीर नै नभएको पियनको तलव खाएको भनिएको रु. ९६२५।- समितिमा दाखिला भएको र दिन नहुने तलब पेश्की रु. १,५१,०००।- मध्ये रु. ८२,०००।- फछ्यौंट भइसकेको देखिएकोले अनियमित तवरले लिएको पेश्की तुरुन्तै असूलउपर गरी आयोगलाई जानकारी दिन जिल्ला प्रशासन कार्यालय, वांकेलाई लेखिएको ।

३४. कैलाली जिल्ला, पथरैया गा.वि.स. वार्ड नं ६ मा रहेको कि.नं. २ को ३-१३-१९-०, कि.नं. ९६ को ०-१२-८-० र कि.नं. ९७ को २-३-८-० समेत जम्मा ६-९-१५-० विगाहा जग्गा कमैयालाई बसोबास गराउन खरीद गर्दा भ्रष्टाचार भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा जग्गा धनी प्रमाण पुर्जाको आधारमा सो क्षेत्रफल ठीकै भएको तर वास्तविक जग्गाको ट्रायल चेक हुंदा १-८-०-० विगाहा जग्गा कम भएको देखिएकोले यसरी जग्गा खरीद गर्दा वास्तविक क्षेत्रफल यकीन गरी जांची बुझी खरीद हुनु पर्नेमा ट्रायल चेकसम्म पनि पहिले नै नगरी श्रेस्ताको आधारमा मात्र जग्गा खरीद गरेको देखिन आएकोले श्री ५ को सरकारलाई १-८-०-० विगाहा जग्गाको हानी नोक्सानी पुगे पुऱ्याएको हुंदा जिम्मेवार कर्मचारीहरुलाई आवश्यक कारवाई गरी सोको जानकारी आयोगमा पठाउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखिएको ।

३५. नेशनल ट्रेडिङ्ग लिमिटेड अन्तर्गत वोण्डेड वेयर हाउस एण्ड ड्यूटी फ्री शपको लागि विदेशवाट विदेशी मुद्रामा विभिन्न प्रकारका मालसामान झिकाउंदा एल.सी. काण्ड भएको, विदेशी मुद्राको अपचलन भएको, राजस्व छली चुहावट भएको, ड्यूटी फ्री शपमा खटी जाने र खटाउने कर्मचारीले लाखौं रुपैया कमाएको, नेशनल ट्रेडिङ्ग लिमिटेडका सञ्चालकहरुलाई आउन जान भ्रमण तथा दैनिक भत्ता र होटलमा वसी सुखसयल गर्न विशेष रकमको व्यवस्था गरेको, आयात मालसामान खरीद कोषवाट अध्यक्षसहित महाप्रवन्धक र सञ्चालकहरु व्यक्तिगत सफर सपाटा मोजमस्ती गर्न सिंगापुर पुगेको भन्नेसमेत विषयमा अनुसन्धान हुंदा यसमा नेशनल ट्रेडिङ्ग लिमिटेड, वोण्डेड वेयर हाउस एण्ड ड्यूटी फ्री शपको लागि माल सामान झिकाउंदा जे जति विदेशी रुपैयां खर्च भएको हो, त्यही अनुपातमा मालसामान बिक्रीबाट विदेशी मुद्रा आर्जन भएको देखियो भने उक्त सामान नेपालस्थित कूटनैतिक नियोगका सदस्यहरुको लागि र वाहिरबाट नेपाल आउने र नेपालबाट वाहिर जाने विदेशी नागरिकहरुको लागि विदेशी मुद्रामा विक्री गर्ने भए ता पनि नेपाली नागरिकलाई पनि विदेश भ्रमण गरेको प्रमाणित राहदानी देखाएमा विदेशी मुद्रामा झिटी-गुण्टाले पाउने परिणामको रक्सी चुरोट विक्री गर्दै आएको, कर मुक्त सामान विक्री गर्ने कक्षहरुमा कार्यवोझ अनुरुप आवश्यकता अनुसार कर्मचारी खटाउने व्यवस्था भएको तथा सञ्चालक समितिका सदस्यहरुलाई आर्थिक सुविधा आर्थिक प्रशासन नियमावली, २०४७ बमोजिम नै दिएको देखिएको र आयात मालसामान खरीद कोषको छुट्टै व्यवस्था भएको नदेखिएको ।

३६. अनौपचारिक शिक्षा एकाई, सानो ठिमीवाट बिभिन्न पुस्तकहरु महिला साक्षरता ५५,००० थान, घर आंगन ५५,००० थान, गाउं वेसी भाग एक १३,००० थान र भाग दुई १३००० थान छपाई गर्न इष्टिमेट मागेकोमा जनक शिक्षा सामग्री केन्द्रले रु ३८,९५,०१०।-, साझा प्रकाशनले रु. ३१,९९,४२०।- र सहकारी प्रेस, सुविधानगरले रु २९,७२,५८९।- को दररेट पेश गरेकोमा एकाई प्रमुखले सोही एकाईका भू.पू. लेखापालको नाउंमा दर्ता भएको छपाई गर्ने मेशीन औजार नभएको कमला देवी अफसेट प्रेस, बानेश्वरसंग रु. ५५,००,०००।- मा अनौपचारिक शिक्षा एकाईको कार्य जनक शिक्षा सामग्री केन्द्रलाई मात्र दिइने भन्ने मन्त्री स्तरीय निर्णय विपरित सम्झौता गरेको भन्ने विषयमा अनुसन्धान हुंदा उक्त पुस्तकहरु छपाईका लागि दररेट माग गर्दा जनक शिक्षा सामग्री केन्द्र लि.को जम्मा रु ३८,८५,०१०।-, साझा प्रकाशन, पुल्चोकको जम्मा रु. ३१,९९,४२०।- र काश्रेली प्रिन्टर्स एण्ड जनरलको जम्मा रु. ३०,८०,०००।- को दररेट प्राप्त हुन आएकोमा सवभन्दा कम दररेट पेश गर्ने काश्रेली प्रिन्टर्स एण्ड जनरलसंग पुस्तक छपाई गर्ने ठेक्का सम्झौता भएको एवं सुविधानगर सहकारी प्रेसको दररेट नै प्राप्त नभएकोले यसमा छपाई मेशिन एवं औजार नै नभएको प्रेसलाई छपाई गर्न दिएको भन्ने जिकिर निराधार देखिन आयो । अनौपचारिक शिक्षा एकाईको काम जनक शिक्षा सामग्री केन्द्रलाई मात्र दिने भनी मन्त्रीस्तरीय निर्णय भएको भन्ने सम्बन्धमा सो निर्णय मन्त्रीस्तरीय नभई मिति २०५३।४।३१ को सचिवस्तरीय निर्णय भएको भए ता पनि जनक शिक्षा सामाग्री केन्द्रको दररेट साझा प्रकाशन तथा काश्रेली प्रिन्टर्सको दररेट भन्दा बढी भएकोले न्यूनतम दररेट भएको काश्रेली प्रिन्टर्ससंग पुस्तक छपाउने गरी भएको सम्झौता आर्थिक प्रशासनसम्बन्धी नियमहरु, २०४२ को परिच्छेद ५ को नियम १९ को उप-नियम (२) (ङ) बमोजिम कानूनसम्मत नै देखिएको ।

३७. हेटौडा सिमेन्ट उद्योग लिमिटेडको टेण्डर सूचना नं २८।०५०।०५१ अन्तरगत भएको तारजालीको काममा स्पेसिफिकेशनमा उल्लेख भए भन्दा ठूलो मेस साइज पाइएको र सो तारजाली उद्योगले नै उपलब्ध गराएको साथै उक्त जाली बुन्दा श्री ५ को सरकारद्वारा स्वीकृत नर्म्समा उल्लेख भए भन्दा २९.३८ % तार कम खर्च गरी बुनेको पाइएको सन्दर्भमा तारजाली बुनी सकेपछि स्टकमा राखिने तारजालीको हकमा पुनः स्टोर दाखिला गर्ने, जिन्सी खाता राख्ने र खर्च गर्दा माग फाराम स्वीकृत गराउने समेतको प्रावधान त्यस उद्योगमा रहेको नदेखिएको र कुनै पनि सामान कार्यालय हाताबाहिर लानुपर्दा आधिकारिक व्यक्तिको दस्तखत भएको गेटपासवाट मात्र लान सक्ने व्यवस्था भए ता पनि सो गेटपासहरु जिन्सी शाखाले जिन्सी खातासंग भिडाउने गरेको नदेखिएकोले सो सम्बन्धमा आवश्यक व्यवस्था मिलाउन उद्योग मन्त्रालयलाई लेखिएको ।

३८. प्रतितपत्र जांचबूझ आयोगको प्रतिवेदन, २०५३ मा उल्लेखित विषयहरुमा यस आयोगवाट अनुसन्धान शुरु गरी प्रतिवेदनमा छानवीन हुन नसकेको भनी उल्लेख गरिएका फाइलको सम्बन्धमा नेपाल बैंक लि.को प्रतितपत्र नम्बर ५७।१९५१ को सक्कल फाइल यस आयोगमा प्राप्त भएको र राष्ट्रिय वाणिज्य बैंङ्का प्रतितपत्र नम्बर २७।६१०५, २९।३१९९, २९।३२०३, ३०।७५९, ३०।८३१, ३०।२८८९ र ३०।२६४२ गरी जम्मा सातवटा फाइलहरु फेला नपरेको देखिन आयो । प्रतितपत्र जांचबूझ आयोगले फेला नपारेका सात फाइलमध्ये २८।५५९५ र ३०।२३२७ का फाइल फेला परेको, तर प्रतितपत्र नं. २८।५५९५ को फाइल भने फेला परेको भए पनि कर्जा असूल भएको देखिएन । फाइल फेला नपरेका मध्ये २७।६१०५ र ३०।८३१ को कर्जा बांकी देखिन आए । अरु नभेटिएका पांचवटा प्रतितपत्रको कर्जा चुक्ता भएको पाइयो । यस सम्बन्धमा फेला नपरेका फाइलहरु पुनः खोजी गरी फाइल पत्ता नलागेमा बैंकको हीत विपरित फाइल गायब गर्ने काममा संलग्न कर्मचारी पहिचान गरी कारवाही गर्न र त्यसमा भ्रष्टाचार देखिएमा कारवाहीको लागि यस आयोगमा र विदेशी मुद्रा अपचलन देखिएमा राजस्व अनुसन्धान बिभागमा कानूनी कारवाहीको लागि लेखिपठाउन तथा फेला परेका फाइलका सम्बन्धमा पनि सोही बमोजिम निश्चय गरी कारवाहीको लागि लेख्न राष्ट्रिय वाणिज्य बैंकलाई लेखिएको ।

३९. पर्वत जिल्लाको प्रमुख जिल्ला अधिकारीले मोदी खोला जलविद्युत आयोजनाको लागि ७५/८० हजार प्रति रोपनी भन्दा बढी नजाने जग्गालाई प्रति रोपनी ६ लाखसम्म दिने गरी जग्गा धनीहरुबाट १५ देखि २५ % सम्म कमिशन लिई भ्रष्टाचार गरेको भन्ने बिषयमा अनुसन्धान हुंदा यसमा जग्गाको अवस्थिति (Location), सडक, बजार एवं चलन चल्तिको मूल्यसमेत को आधारमा मुआव्जा निर्धारण समितिले निर्धारण गरेको मूल्य मनासिब नै देखिएको र सडकसंग जोडिएको जग्गाका सम्बन्धमा जम्माको कूल क्षेत्रफलमा फरक परेको नदेखिएको तथा सम्बन्धित जग्गाधनीहरुले नै मुआव्जा बुझिलिएकोसमेत देखिंदा भ्रष्टाचार गरे भएको भन्ने पुष्ट्याई हुने तथ्य केही पनि देखिन नआएको ।

ञ) अनुसन्धान कार्य जारी रहेका उजूरी निवेदनहरुको विवरण :-

प्रारम्भिक अनुसन्धानबाट उजूरी निवेदनमा उल्लेखित विषयहरुमा तथ्ययुक्त आधार नभएको भन्न नसकिने अवस्था भएकोले बिस्तृत अनुसन्धान गर्नको निमित्त अनुसन्धान अधिकृत नियुक्त भई अनुसन्धान कार्य जारी रहेका विषयहरु निम्न प्रकरणहरुमा उल्लेख गरिएका छन् । संख्यागत रुपमा एउटै विषयमा अनुसन्धान अधिकृत नियुक्त भएकोमा पनि धेरै उजूरी निवेदनहरु समावेश भएको हुन सक्ने हुंदा कूल अनुसन्धान अधिकृत नियुक्त भएको उजूरी संख्या र निम्न उल्लेखित विषयगत संख्यामा पृथकता देखिने गरेको छ ।

१) केन्द्रीय खाद्य अनुसन्धानशालामा दरबन्दी नै नभएको पद देखाइएको, मोवाइल भ्यान खरीद र ग्राइण्डर मेशीन खरीदमा भ्रष्टाचार गरेको भन्नेसमेत विषयमा अनुसन्धान भइरहेको ।

२) जिल्ला मोरङ्ग, हसन्दह गा.वि.स.वा.नं. ७ बस्ने ऐ गा.वि.स.का अध्यक्षले सो गा.वि.स. वाड नं. ४ र ६ को बीचमा पर्ने काठे पुल निर्माणको लागि जिल्ला वन आपूर्ति समितिबाट काठ लगेकोमा उक्त काठ हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३) जिल्ला वन कार्यालय रसुवाका जिल्ला वन अधिकृतले वन विज्ञान अध्ययन संस्थान, पोखराबाट बी.एस्सी. फरेष्ट्री पास गरेको नक्कली प्रमाण पत्र पेश गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४) नेपाल दूर संचार संस्थान, क्षेत्रीय कार्यालय, काठमाडौंका तत्कालीन क्षेत्रीय प्रबन्धक समेतको मिलेमतोमा गणबहालमा २-५६७८८ र २-५६७९० नं. को टेलिफोन ओ.वाई.टी. अन्तरगत अनियमित तरिकाले जडान गरी उक्त नम्बरबाट ट्रंककल गरी संस्थानलाई रु. ९६ लाख घाटा भएको भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

५) सर्लाही जिल्ला सुन्दरपुर गा.वि.स. चुअड्वा अन्तर्गत पर्ने श्री ५ को सरकारको ऐलानी पर्ती जग्गा तत्कालीन प्रधान पंच समेतको संलग्नताबाट विभिन्न व्यक्तिको नाममा दर्ता भई जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६) रघुपति जूट मिल्स लि. विराटनगरलाई निजीकरण गर्दा निजीकरण एकाईबाट वास्तविक मूल्यांकन नै नगरी घटी मूल्य लिई अनियमित तरिकाले निजीकरण गरेको भन्नेसमेत विषयमा अनुसन्धान भइरहेको ।

७) भू.पू. पर्यटन तथा नागरिक उड्डयन मन्त्रीले नेता र पार्टीलाई झुक्याएर वन मन्त्रालय अन्तर्गतको सी.डि. नम्बर भएको लैण्डक्रुजर गाडी आफ्नै मन्त्रालयका सल्लाहकारको नाममा ६५ हजारमा लिलाम गर्न लगाएको भन्नेसमेत विषयमा अनुसन्धान भइरहेको ।

८) नेपाल खाद्य संस्थानले संस्थानमा प्रशासकीय नियम विपरित विना टेण्डर चामल खरीद गरेको, चामल खरीद गर्दा पूरै भुक्तानी भए पनि हालसम्म सो रकम बराबरको चामल प्राप्त नभएको, चामलमा हुने ओसिलोपनाको प्रतिशत निर्धारण गर्दा हचुवाको भरमा गर्ने गरेको भन्नेसमेत विषयमा अनुसन्धान भइरहेको ।

९) प्राथमिक विद्यालय, वलरा लक्ष्मीपुर सर्लाहीका प्रधानाध्यापकले उक्त विद्यालय भवन निर्माणको क्रममा छाना छाउन भनेर विद्यालयको खाताबाट रु. ५०,०००।- झिकी लिएको, तर विद्यालयको छाना हाल जिल्ला विकास समितिबाट १६० थान जस्ता पाता अनुदानमा प्राप्त गरी छाएकोले रु. ५० हजार भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१०) भृकुटी मण्डप कार्यालयका प्रमुख र लेखापालसमेत ले रत्नपार्कका खुला पसलहरु, भृकुटी मण्डप क्षेत्रभित्र राखिएका खुल्ला पसलहरु र स्थायी स्टल भवन, प्रदर्शनी हलबाट प्राप्त हुने लाखौं आम्दानी हिनामिना गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

११) जिल्ला वन कार्यालय, झापाका जिल्ला वन अधिकृतसमेत ले काठ तस्करहरुसंग को मिलेमतोमा विभिन्न काठ डिपोका राम्रारास्रा गोलिया काठ छानी निकासी गराई लाखौं लाख भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१२) निवेदक पशुपति श्रेष्ठका आमाको नाममा दर्ता भएको मोरङ्ग झोरा हाट वडा नं. ३ को विभिन्न कित्ता र विराटनगर नगर पालिका वा.नं. ५ को कि.नं. ९३३ को जग्गा आयकर अदालत, रानीपोखरीको किर्ते फैसलाले बदर गरी उमादेवी भण्डारीले आफ्नो नाममा दर्ता गराउन लागेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१३) झापा जिल्ला अनारमनी गा.वि.स. स्थित देवीस्थान निजी गुठीलाई राजगुठीमा परिणत गराई मोही नामसारीसमेत गरी अनियमित तरिकाले खरीद बिक्री गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१४) राष्ट्रिय वाणिज्य बैंक, मैतीदेवी शाखाबाट रु. १५ लाख जेथा धितो राखी ऋण लिएकोमा ललितपुर क्षेत्रभित्रको ६ रोपनी २ आना क्षेत्रफल जग्गा रु. २९,९५५।- मा लिलाम गरी बैंकका कर्मचारीहरुले मिलेमतो गरी भ्रष्टाचार गरी बैंकलाई हानी नोक्सानी पुऱ्याएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१५) का.जि. तत्कालीन कोटेश्वर गा.पं. वडा नं. ३(क), कि.नं. ४५३ क्षेत्रफल ४-३-० को जग्गा धितो राखी २०४४ साल आश्विनमा मैतीदेवी शाखा कार्यालयबाट रु. ९ लाख कर्जा लिएको र सो जग्गाको हालको प्रचलित मूल्य रु. २० लाख भन्दा बढी पर्नेमा सो जग्गा राष्ट्रिय वाणिज्य बैंक, मैतीदेवी शाखामा रु. ६ लाख ५० हजारमा लिलाम सकार गर्न मुना श्रेष्ठले रकम जम्मा पनि गरेकोमा बैंकका कर्मचारीले रु. ५१ हजारमा बिक्री गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१६) जिल्ला वन कार्यालय, कैलाली अन्तरगत वन जंगलका काठ जर्नाका सम्बन्धमा अनियमित एवं भ्रष्टाचारजन्य कार्य भएको भन्ने सम्बन्धमा काठ दाउराको सक्कल छोडपुर्जी, इन्ट्री रजिष्टरहरु र सोसम्बन्धमा विभिन्न पदाधिकारीले दिएको प्रतिवेदन एवं काठ चलानी पूर्जीहरुसमेत झिकाई अनुसन्धान भइरहेको ।

१७) रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) ले वरिष्ठ सम्वाददाता तह ७ मा बढुवा गर्दा अनियमित तरिकाले का.स.मू. फारामका पानाहरु साटफेर गरी कम शैक्षिक योग्यता र नोकरी अवधी भएका व्यक्तिहरुलाई बढुवा गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१८) विभिन्न स्थानका गुठी जग्गा आय र कर अदालत ट्रिव्यूनलबाट फैसला भएको भनी फैसला पुर्जी खडा गरी केही जग्गा दर्ता गरेको र अरु जग्गा दर्ता गर्न कारवाई गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा फैसलामा उल्लेख गरिनु भएका न्यायाधीश आय र कर अदालतमा कार्यरत नै नभएको देखिएकोले थप अनुसन्धान भइरहेको ।

१९) राष्ट्रिय बीमा संस्थानमा एक्च्युअरी नियुक्ति र पूर्व बीमाको सम्बन्धमा विभिन्न आर्थिक अनियमितता हुने गरेको भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

२०) पशुपति सोप इण्डष्ट्रीजले स्थापनाकाल देखि नै विभिन्न किसिमले राजस्व छली श्री ५ को सरकारलाई हानी नोक्सानी पुऱ्याई रहेको भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

२१) मोही दर्ता भएको का.जि. चपली भद्रकाली वडा नं. ९(ग) कि.नं. ७४ को घर नभएको जग्गामा घर छ भनी मालपोत कार्यालयका कर्मचारी समेतको मिलेमतोबाट मिति २०३६।७।२८ मा शम्भुप्रसाद अर्याललाई लिखत पारित गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२२) तारागाउं विकास समितिमा विभिन्न किसिमका अनियमितता एवं भ्रष्टाचार भएको भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

२३) सम्झना फाइनान्स कं.लि. को रु. १०० दरको ९०,००० कित्ता शेयर सर्वसाधारणमा निष्काशन गर्दा सो फाइनान्स कम्पनीको आर्थिक स्थिति, प्रतिष्ठा, साख विचार नगरी राष्ट्रिय वाणिज्य बैंकले प्रत्याभूति दिई अख्तियार दुरुपयोग गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२४) पर्वत जिल्ला, फलाम खानी गा.वि.स.- ५ बस्ने लालकाजी सुनारले दुबई र पाकिस्तान हुँदै १५ किलो सुन ल्याएको तथा निजले सुन ल्याउँदैछ र अध्यागमनमा आएपछि सो सुन लिन अर्को मानिस आउँदैछ भन्ने जानकारी पाकिस्तानको भन्सार कार्यालयले दिंदा पनि प्रमुख भन्सार अधिकृतले सुनसहित मौकामै अभियुक्तलाई पक्राउ नगरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२५) मिति २०५१।९।९ को आर.ए. ४१० को उडानबाट १० किलो सुन र १५० किलो चांदी बेवारिसे अवस्थामा आएकोमा सो उडानबाट आउँदै नआएका व्यक्तिको नामबाट छुटाई सरकारी हुने सुन चांदी बांडी खाएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२६) आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाका का.मु. निर्देशनसमेतले नियम अनुसार राख्नु पर्ने श्रेस्ता नराखेको, सम्झौता उल्लंघन गरी सोझै भुक्तानी गरेको, आंधीबाट क्षतिग्रस्त विद्यालय मर्मत गर्न प्राप्त अनुदानबाट जस्तापाता खरीद गर्दा भ्रष्टाचार गरेको, परियोजनामा स्थायी कर्मचारी राख्ने नीति विपरित करारमा कर्मचारी नियुक्ती गरेको, जापानी अनुदान कोषबाट परियोजनाको दोश्रो चरणको तयारीको लागि प्राप्त अ.ड. १६,१३,७५० बाट परामर्शदाता नियुक्त गर्दा बढी भुक्तानी दिने अवस्था सृजना गरेको भन्नेसमेत विषयमा अनुसन्धान भइरहेको ।

२७) मत्स्य विकास अधिकृतले अमेरिकी पिसकोर स्वयं सेवकलाई पूर्व सेवाकालीन तालीम संचालन गर्दा कम राजस्व लिई भ्रष्टाचार गरेको, मत्स्य विज्ञान सम्बन्धी पुस्तक खरीद गर्दा सबै किताव प्राप्त नहुँदै पूरै रकम भुक्तानी दिएको र धरौटी समेत फुकुवा गरेको, तथा पोखरी खन्न कृषकहरुलाई डोजर उपलव्ध गराए वापत प्रति घण्टाको रु. ५०/- का दरले राजस्व लिने निर्णय विपरित रकम असूल नगरेको भन्नेसमेत विषयमा अनुसन्धान भइरहेको ।

२८) हिमालयन बैंक, नेपाल एस.बी.आई. बैंक, नेपाल इण्डोस्वेज बैंक, नेपाल बंगलादेश बैंक, नेपाल बैंक लि., नेपाल अरब बैंक र राष्ट्रिय वाणिज्य बैंक (मुख्य शाखा बानेश्वर, भोटाहिटी शाखा) समेतमा आयात एल.सी. खोली खोल्न लगाई ८० वटा फर्मले बैंकका कर्मचारीसंग मिली भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२९) राष्ट्रिय वाणिज्य बैंक, बानेश्वर शाखाबाट भारतीय नागरिक कृष्णानाथ गायकवाडलाई एल.सी. कारोवार गर्न लगाई एल.सी. खोल्ने पार्टीबाट भुक्तानी नआउँदै एल.सी.को रकम भुक्तानी गरी बैंकलाई नोक्सानी पारेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३०) स्वास्थ्य सेवा विभाग अन्तर्गत आपूर्ति व्यवस्था महाशाखा, टेकूबाट आ.व. २०५०।५१ र २०५१।५२ मा अधिराज्यभर औषधी तथा सामान ढुवानी गर्न कन्टैक्ट कुरियर्स सेवासंग सम्झौता गरी ढुवानी गराउंदा आपूर्ति व्यवस्था महाशाखाका प्रमुख समेतको मिलेमतोमा व्यापक भ्रष्टाचार भएको भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

३१) स्वास्थ्य सेवा विभाग अन्तर्गत कुष्ठरोग नियन्त्रण आयोजनाका निर्देशकले उक्त आयोजनाको नाउंमा दातृ राष्ट्रहरुबाट प्राप्त हुने सहयोग रकम आफ्नो व्यक्तिगत खातामा जम्मा गरी हिनामिना गरेको भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

३२) धादिङ्ग जिल्लाका विभिन्न गा.वि.स.हरुको जग्गाहरुको नापी शाखा धादिङ्गमा रहेको फील्डबूक र नक्सा सच्याउने, क्षेत्रफल बढाउने, कीर्ते फील्डबूक तयार गर्ने, श्री ५ को सरकारको नाममा दर्ता भई जग्गा धनी दर्ता श्रेस्ता र ज.ध.प्रमाण पुर्जासमेत बनेका सरकारी स्वामित्वको जग्गालाई रकम लिनु खानु गरी गैरकानूनी दर्ता गर्नेसमेत गरी भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान हुंदा सल्यानटार गा.वि.स. वडा नं. ८ (घ) र ९(ग) को सरकारी जग्गा दर्ता गर्ने प्रयास गरेकोमा सह लेखापाल तोमप्रसाद भट्टराई, प्रा.वि.शिक्षक हरिगोपाल अधिकारी, पियन हरिबहादुर हमाल र लेखन्दास नारायण श्रेष्ठउपर छुट्टा छुट्टै दुई थान मुद्दा दायर गरी बांकी जग्गाको सम्बन्धमा अनुसन्धान भइरहेको ।

३३) स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखा टेकुबाट वीर अस्पतालका लागि Gastrointestinal Fibrescope खरीद गर्दा महाशाखाका प्रमुख लेखा नियन्त्रक र वीर अस्पताल ग्याष्ट्रोइन्टेरोलोजी शाखाका प्रमुखसमेत को मिलेमतोमा भ्रष्टाचार भएको भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

३४) जनक शिक्षा सामाग्री केन्द्र लि.ले आ.व. २०५२।५३ मा स्टिचिङ्ग तथा कटिङ्ग मेशीन खरीद गरेकोमा स्पेशिफिकेशन अनुसार नभएको भन्ने थाहा हुंदा हुंदै जिन्सी खातामा आम्दानी बांधी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

३५) समाज विकास छात्रावास, बिजेश्वरीको नाउंमा दर्ता हुनु पर्ने का.जि. का.म.न.पा. वडा नं. १५ स्थित किल्ला नं. ४६ को ३-७-०-० जग्गा मालपोत कार्यालयले नेपाल समाज कल्याण संघ, समाज विकास छात्रावासको नाउंमा दर्ता गरेको, छात्रावास स्थापनाकालदेखि वार्षिक रु. १०,०००।- श्री ५ को सरकारद्वारा अनुदान रकम प्राप्त हुंदै आएकोमा २०४५।१०।११ मा प्रतापराम लोहारको अध्यक्षतामा गठित संचालक समितिको तर्फबाट प्रेम कुमार विश्वकर्माले बुझिलिएको ३० वण्डल जस्तापाता समेतका सामानहरु बरबुझारथ नगरेको भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

३६) डिभिजन सडक कार्यालय, काठमाडौंका डिभिजन प्रमुखले २०५४ आषाढदेखि २०५४ आश्विन १५ सम्ममा कृत्रिम डोर हाजिरी खडा गरी रु. १० लाख भ्रष्टाचार गरेको, सवारी इन्धनमा रु. ३० लाखको खर्च देखाई रु. १० लाखको भ्रष्टाचार गरेको, प्याच वर्कमा बढी निर्माण सामाग्री सप्लाई गरेको देखाई रु. २० लाख भ्रष्टाचार गरेको, न्यून गुणस्तरको निर्माण कार्य गराएको, बोलपत्र नं. ११०५४।५५ मा प्रतिस्पर्धा हुन नदिई करिब रु. ३० लाख श्री ५ को सरकारलाई घाटा गराएको भन्ने समेत विषयमा अनुसन्धान भइरहेको ।

३७) नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशकले विद्युत चोरी गर्ने कम्पनीहरुसंग मिलेमतो गरी वास्तविक हानी नोक्सानी भन्दा धेरै कम रकम मात्र धरौटी लिई प्राधिकरणको विनियम विपरित पुनः विद्युत लाइन जोडिदिएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३८) स्वास्थ्य सेवा विभागबाट विभिन्न स्वास्थ्य उपकरण, मेशीनरी र एक्स-रे आदि खरीद गर्दा रीत नपुगेको र न्यूनतम पनि नभएको कम्पनीहरुसंग खरीद गर्ने ठेक्का सम्झौता गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३९) नेपाल औद्योगिक विकास निगमका महाप्रवन्धकले कम्प्यूटर सफ्टवेयर डिजाइन गर्न परामर्शदाता नियुक्त गर्दा प्राविधिक मूल्यांकनबाट सक्षम ठहऱ्याई आर्थिक प्रस्ताव खोल्न लगाई सकेपछि न्यूनतम कबोल गर्ने कम्पनीलाई ठेक्का नदिई प्राविधिक क्षमताको प्रश्न पुनः उठाएर लाखौंको नोक्सानी पर्ने गरी अर्को कम्पनीलाई ठेक्का दिएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४०) शाही नेपाल वायुसेवा निगमबाट सस्तो र धेरै सीट क्षमता पनि भएको युगोस्लाभियाको एभियोजेनेक्स कम्पनीको विमान बोइङ्ग-७२७ फर्काइ सोही कम्पनीबाट अत्यधिक महंगो र थोरै सीट क्षमता मात्र भएको बोइङ्ग-७३७ भाडामा लिएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४१) शाही नेपाल वायुसेवा निगममा अन्तरराष्ट्रिय उडानको टिकट कुनै आधार विना जथाभावी निःशुल्क बांडेर निगमलाई करोडौंको नोक्सानी पुग्न गएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४२) डिभिजन सडक कार्यालय, लहानका डिभिजन प्रमुखले विभिन्न सडकहरु निर्माणको काममा हुंदै नभएको कामको भुक्तानी दिएको र अस्तित्वमै नरहेको कम्पनीहरुको नाममा नक्कली बीलहरु पेश गरेको भन्नेसमेत विषयमा अनुसन्धान भइरहेको ।

४३) भद्रपुर नगरपालिकालाई UNHCR को शरणार्थी समन्वय एकाई, झापाबाट दमकल मर्मत गर्न प्राप्त सहयोग रकम नगरकोषमा दाखिला नै नगरी माली खाएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४४) निर्माण तथा यातायात मन्त्रीले सडक र विद्युत लाइन जडानको सिलसिलामा योजनाको लागि सिमेन्ट खरीदको क्रममा श्री ५ को सरकारलाई मात्र प्राप्त अधिकार प्रयोग गरी प्रतिस्पर्धाको लागि कम समय निर्धारण गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४५) राष्ट्रिय वाणिज्य बैंक, पोखरामा धितो ज्यादै कम राखी बढी कर्जा लगानी गर्ने गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४६) राष्ट्रिय वाणिज्य बैंक, नेपालगन्जमा गणेश मोडर्न दाल मीलका प्रो. शान्तीकुमार अग्रवालले सडेको खाद्यान्न धितो राखी कर्जा लिई सांवा व्याजसमेत नबुझाई झुक्याई हिंडेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४७) माल्ट स्प्रीट आयात गर्दा भन्सार विभागका महानिर्देशक, सम्बन्धित भन्सार कार्यालयका हाकिम र कर्मचारीहरुले अनुचित मिलेमतो गरी लाखौं रुपैया घूस लिनु दिनु गरी वर्षौं देखि कम भन्सार महसूल लगाई सरकारको करोडौं राजस्व नोक्सानी गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४८) गुठी संस्थानका प्रशासकसमेत ले खुल्दै गरेको फाइनान्स कम्पनीमा गुठी संस्थानको पैसा राखी लाखौं रुपैया कमिशन हात पारेको र जनकपुरस्थित जानकी मन्दिरको महन्त नियुक्त गर्न आफैले समिति गठन गरेकोमा समितिको सिफारीश पर्खने धैर्यसमेत नगरी पुजारीबाट मोटो रकम लिई महन्त नियुक्त गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४९) देवीलाल नेउपाने विपक्षी नन्दराम नेउपाने भएको म्यान्मारको नागरिकले दोहरो नागरिकता लिएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५०) नेपाल कृषि अनुसन्धान परिषद्मा भएको अनियमितता तथा भ्रष्टाचार बारेमा आवश्यक तहकिकात लगायतका कारवाई गरी कसुरदारहरुलाई हदैसम्म सजाय गरी पाउं भनी दायर भएको उजुरी सम्बन्धमा अनुसन्धान भइरहेको ।

५१) प्रचलित आर्थिक प्रशासन सम्बन्धी नियमहरु विपरित जिल्ला विकास समिति, सिरहाद्वारा निर्मित सपिङ्ग कम्प्लेक्सको पसल भाडामा दिएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५२) झूठो विवरण पेश गर्ने भारतीय नागरिक सुरजकुमार थापालाई बांके जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारीले नागरिकता दिएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५३) जिल्ला प्रशासन कार्यालय, बांकेका प्रशासकीय अधिकृतले लक्ष्मणपुर गा.वि.स. वार्ड नं. ५ को भारतीय नागरिक राम सिंह ठाकुरलाई नागरिकता दिएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५४) जिल्ला विकास समिति, दोलखामा रहेको डोजर टिपर मर्मतको फर्जी बील बनाई व्यक्तिगत लाभ पुऱ्याई जिल्लाको विकासमा बाधा पुऱ्याएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५५) स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक, अनुसन्धान अधिकृत र सहायक अध्ययन निर्देशकसमेत ले क्षछम् बाट प्राप्त ऋण २० लाख रुपैयाको नक्कली बील भरपाई बनाई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

५६) विशेष प्रहरी विभागको अ.स.ई. पद स्थायीबाट पूर्ति गर्ने क्रममा विभागका प्रमुखसमेत ले उम्मेदवारबाट रकम लिनु खानु गरी उत्तर पुस्तिकामा दिएको अंक केर मेट गरी अनुत्तीर्णलाई उत्तीर्ण गराएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५७) तत्कालीन भूमिसुधार अधिकारी, काठमाडौंले मृगेन्द्र सम्शेर र निजका परिवारहरुको नाममा रहेको जग्गाको हदबन्दी सम्बन्धी निर्णय गर्दा दलालहरुसंग मिली अनुचित किसिमबाट आर्थिक प्रलोभनमा परी श्री ५ को सरकारलाई ठूलो रकम हानी नोक्सानी पुऱ्याएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५८) गृह मन्त्रालयका सचिव र सह सचिव समेतले रु. २५,०००।- अमेरिकी डलर घुस खाई मुस्ताङ्ग, कागवेनी गा.वि.स. वार्ड नं. ८ का तिर धोर्जे गुरुङ्गका बच्चा क्रमशः ३ र ६ वर्षका चेङ्गा गुरुङ्ग र धिकी गुरुङ्गलाई अमेरिकाका माइकेल विलियम डुरी तथा श्रीमती डुरीलाई अनियमित किसिमबाट धर्मपुत्री बनाउन दिएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५९) भक्तपुर जिल्ला भ.पु.न.पा. वार्ड नं. ३ दत्तात्रेयस्थित जंगम मठको पाटी कानून विपरित रकम कबोल गर्ने व्यक्तिलाई दिएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६०) जिल्ला शिक्षा कार्यालय, कैलालीका तत्कालीन जिल्ला शिक्षा अधिकारीसमेत ले २०५२।५३ मा ५१ जना प्राथमिक विद्यालय शिक्षक पदको विज्ञापनमा प्रति उम्मेदवार रु. २० हजारका दरले रकम लिई अनियमित तवरबाट शिक्षक छनौट गरेको भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

६१) नेपाल खाद्य संस्थानले भेडा, च्याङ्ग्रा खरीद बिक्रीको सम्बन्धमा सरदर २५ के.जी. तौल भन्दा बढी नभएका भेंडा च्याङ्ग्रा लिने गरी ठेक्का सम्झौता गरेकोमा विगत वर्षको औसत तौललाई ३०.०१ के.जी. सरदर तौल कायम गर्ने गरी बुझिलिएको, लिने दिने फरक परेमा के कस्तो गर्ने भन्ने सम्झौतामा उल्लेख नगरेको अवस्थामा बढी रकम खर्च हुन सक्छ भन्ने कुरामा दृष्टी नपुऱ्याई बजेट रकम छुट्याइने गरेको र खाद्य संस्थानले खाद्यान्न ढुवानी हवाई सेवामार्फत् गर्दा बढी दरमा ढुवानी गर्न ठेक्का दिएको भन्ने समेत विषयका सम्बन्धमा भेंडा च्याङ्ग्रा खरीद बिक्रीमा अनियमित भएको नदेखिएको र हवाई साधनबाट बढी दरमा खाद्यान्न ढुवानी गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६२) आ.व. २०५३।५४ मा धुलिखेल नगर पालिकाबाट चुङ्गिकर अनुगमन समिति र ठेकेदारबीच मिलेमतो गरी बोलकबोल भन्दा रु. २६ लाख ७९ हजार कम असूली गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६३) नेपाल कृषि अनुसन्धान परिषद्, खुमलटारमा निम्न स्तर प्रा.-एल.टी.(१) पदको विज्ञापन गरी परीक्षाको नतीजासमेत प्रकाशन गरेपछि उक्त नतीजामा उत्तीर्ण भएका ठकाई महतोले अध्ययनै नगरी कक्षा ८ पास गरेको कीर्ते प्रमाण पत्र पेश गरी प्रतियोगितामा सफल भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६४) नेपाल कृषि अनुसन्धान परिषद्, पदपूर्ति उपसमिति, ललितपुर, खुमलटारबाट आ.व. २०५३।५४ मा प्रकाशित विज्ञापन नं. ८ पद एल.टी.- १ को पदमा फोदी महतो सफल भएकोमा तपेश्वर यादवले निजको सर्टिफिकेट कीर्ते भनी विशेष सूत्रबाट थाहा पाइएकोले उक्त सर्टिफिकेट सम्बन्धी कागज झिकाई जांचबुझ गरी निजको नियुक्ति नदिएको भए रोक्का र दिएको भए बदर गरि पाउं भनी दिएको निवेदनका सम्बन्धमा अनुसन्धान कार्य जारी रहेको ।

६५) धनुषा जिल्ला वसविही गा.वि.स. का अध्यक्षसमेत ले २०५३ सालको गा.वि.स. बजेटबाट नागरिक असहाय भत्ता वितरण गर्दा बैंकबाट थोरै रकम झिकी बील भौचर र भरपाईबाट बढी रकम खर्च गरेको, खानेपानीतर्फ पाईप जडान र खाल्डो पुर्ने कार्यमा खर्च देखाइए तापनि वास्तविक कार्य केही नभएको र एकै महिनामा दोहोरो भुक्तानी भएको भन्ने कुरा लेखा परीक्षणबाट पनि देखिएको सम्बन्धमा अनुसन्धान भइरहेको ।

६६) दि टिम्बर कर्पोरेशन अफ नेपालका महाप्रवन्धकले काठ उठाउने टेण्डर स्वीकृतिमा अनियमितता गरी करोडौं सम्पत्ति आर्जन गरेको भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

६७) जिल्ला प्रशासन कार्यालय, कास्कीका प्रमुख जिल्ला अधिकारीले गैर कानूनी रुपमा हङ्गकङ्ग जन्म स्थान राखी नेपाली नागरिकताको प्रमाण पत्र दिएको भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

६८) कृषि आयोजना सेवा केन्द्रका कार्यकारी निर्देशकसमेत ले केन्द्रका कर्मचारीलाई मासिक तलव प्राप्त हुन नसक्ने आर्थिक अवस्था रहेकोमा आफूखुसी मासिक रु. ९०,८००।- रुपैयांसम्म पारिश्रमिक निर्धारण गरी केन्द्रमा दक्ष कर्मचारी छंदाछैं बाहिरका व्यक्तिलाई नियुक्त गरेको, विभिन्न आयोजनामा भिन्दा भिन्दै पद राखी मासिक तलव भत्ताको अतिरिक्त आर्थिक लाभ लिने गरेको, काल्पनिक शिर्षक राखी आयोजनामा अनियमित खर्च गर्ने गरेको, अनियमित रुपमा कायम मुकायम दिइएको, योग्यता नभएको व्यक्तिलाई संचालक समितिको सचिवमा नियुक्त गरेको भन्नेसमेत विषयमा अनुसन्धान भइरहको ।

६९) महिला शीप विकास परियोजना, ललितपुरका तत्कालीन निर्देशकले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भइसके पश्चात् पनि कर्मचारी स्थायी भर्ना गरी अख्तियारको दुरुपयोग गरेको भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

७०) परिवार नियोजन संघलाई विदेशी दातृ संघ एवं संस्थाबाट वार्षिक रुपमा प्राप्त हुँदै आएको अनुदान एवं सहयोग रकमको संघका तत्कालीन केन्द्रीय पदाधिकारीहरुद्वारा दुरुस्त हिसाव नराखी अनियमित कार्य गरेको, "Vision २०००" नामक प्रोजेक्टका लागि Medical तथा Surgical सामान खरीदमा आर्थिक ऐन नियमको पालना नगरेको, सरकारी निकायबाट लेखा परीक्षण नगराइएको, भवन निर्माणमा अनियमित गरेको, संघको केन्द्रीय कार्यालयमा मोटर साइकल, कन्टेनर, गाडीहरु लिलाम गर्दा अनियमित गरी सरकारी रकम हानी नोक्सानी गरी भ्रष्टाचार गरेको भन्नेसमेत विषयमा अनुसन्धान भइरहेको ।

७१) त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल आधुनिकीकरण आयोजनाको राडार जडान सम्बन्धी कार्यमा श्री ५ को सरकार र इटोचु होडा कन्सोर्टियम, जापानबीच भएको संझौता अनुसार मूल्यवान Spare Parts supply गरी नसकेको अवस्थामा सम्झौता अनुसार सम्पूर्ण Spare parts बुझाउनु पर्ने र पांच वर्षसम्म ठेकेदारको तर्फबाट मर्मत सम्भार गरी दिनु पर्ने कुराको ग्यारेन्टी नलिई आयोजना सम्पन्नको Final Certificate दिई रकमसमेत भुक्तानी गरेको भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

७२) आपूर्ति मन्त्रालयका तत्कालीन मन्त्री र सचिवसमेत ले ग्यांस एवं पेट्रोलियम पदार्थमा व्यापारीबाट करोडौं रुपैया खाई मट्टितेल, डिजेल, पेट्रोल र ग्यांसको मूल्य बृद्धि गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

७३) काठमाडौं जिल्ला मनमैजु गा.वि.स.मा रहेको नन्दिकेश्वर गुठीको ५३-३-० जग्गा गैर कानूनी तवरबाट न्हुच्छेरत्न महर्जनसमेत को नाममा कायम गरेको हुंदा उक्त जग्गा दर्ता बदर गर्नका लागि आवश्यक प्रक्रिया पूरा गरी कार्यान्वयन गर्न विशेष प्रहरी विभागबाट गुठी संस्थानमा पठाएकोमा गुठी संस्थानबाट उक्त निर्णय कार्यान्वयन नगरेको भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

७४) नेपाल बाल संगठन केन्द्रीय कार्यालयका पदाधिकारीहरुले धर्मपुत्र लिनेदिने कार्यको सिफारीश गर्दा, बाल बालिकालाई छात्रवृत्ति प्रदान गर्दा र अक्षय कोष संचालन गर्दासमेत अनियमित गरेको भन्ने सम्बन्धमा अनुसन्धान भैरहेको ।

७५) कृषि सामाग्री संस्थानद्वारा मलको अभाव देखाई टेण्डर नै नगरी वार्ताद्वारा २०००० मे.टन यूरिया मल खरीद गर्दा Balmer Lawrel and Co. Ltd. को प्रति मे.टन २४० यू.एस. डलरको दरमा आपूर्ति गर्ने गरी पेश गरेको प्रस्तावलाई वास्ता नगरी भारतको अर्को कम्पनी MMTC Limited को २४७ यू.एस.डलर प्रति मे. टनको दरमा आपूर्ति गर्ने प्रस्ताव स्वीकृत गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

७६) नक्साल भगवती मन्दीर कम्पाउण्डसंग रहेको बुर्जा घर हाल आएर गोपिनी पाण्डे र अशोक पाण्डेका नाममा दर्ता गरिएकोमा उक्त बुर्जाघरको गुठी लगत भद्रकालीमा रहेको देखिएको हुंदा गैर कानूनी तवरबाट गुठी जग्गा व्यक्तिका नाममा दर्ता गरी भ्रष्टाचार गरेको र असन अन्नपूर्ण गुठीको गॉगबुंमा रहेको २ रोपनी जग्गामा घर नभएकोलाई गुठियारमध्येका मचाभाई महर्जनको मिलेमतोमा गुठी संस्थान ऐनमा उल्लेख भए विपरित घर धनी भएको व्यहोरा बनाई पूर्व गुठी तैनाथी जग्गालाई व्यक्तिका नाममा दर्ता गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

७७) राजस्व अनुसन्धान विभागको जाहेरीले प्रकाश कुमार टिब्रेवालासमेत भएको सरकारी छाप दस्तखत कीर्ते मुद्दा र प्रहरी प्रतिवेदनबाट शुरु भएको अमर टण्डनसमेत भएको दोहरो पासपोर्ट लिएको मुद्दामा अभियुक्तहरुसंग रकम लिनु खानु गरी महान्यायाधिवक्ताले मुद्दा नचल्ने निर्णय गरेको भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

७८) मालपोत कार्यालय, बर्दियाका तत्कालीन मालपोत अधिकृतले हदबन्दीमा रहेको जग्गालाई हदबन्दी छानवीन नै नगरी दर्ता गरेको, बेअंशियारको नाममा राजस्व मार्न अंशवण्डाको लिखत गरी दिएको, दर्ता नै नहुने जग्गासमेत लिनु खानु गरी दर्ता गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७९) काठमाडौं महानगरपालिकाका कार्यकारी अधिकृतले अख्तियारको दुरुपयोग गरी कर्मचारी भर्ना गरेको, आर्थिक सहायता बांडेको भन्नेसमेत विषयमा अनुसन्धान भइरहेको ।

८०) काठमाडौं महानगरपालिकाका प्रमुखले चुंगिकर ठेक्कामा दिन नपाउने श्री ५ को सरकारको निर्देशन विपरित ठेक्कामा काम गराएको, अनियमित नियुक्ति दिई भ्रष्टाचार गरेको भन्नेसमेत विषयमा अनुसन्धान भइरहेको ।

८१) भारतीय व्यक्तिले पर्सा जिल्ला प्रशासन कार्यालयबाट नेपाली नागरिकताको प्रमाण पत्र लिई सार्वजनिक जग्गा दर्ता गराएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

८२) कैलाश बद्रिनाथ सदावर्त गुठीका गुठीयारहरुले वेहिसाबबाट गुठीको जग्गा हिनामिना गरेको भन्ने बारे अनुसन्धान हुंदा सो गुठीका गुठीयार समय समयमा परिवर्तन हुने, वि.सं. १९०५ को लिखतबाट राजगुठी र निजी गुठी भनी छुट्याउने क्षेत्राधिकार गुठी संस्थानको भएको र उक्त सदावर्त गुठी निजी नामले संचालक समिति बनी, विधान बनाई संचालन भई आएको र १९०५ वि.सं. को लालमोहरले निर्धारण गरेको शर्तमा कायम भएको गुठी जग्गाको संरक्षण गर्न गराउन गुठी संस्थान केन्द्रीय कार्यालयलाई लेखी प्रस्तुत उजुरी निवेदन मुल्तवीमा राखिएको ।

८३) धरहरा पश्चिमको कि.नं. ५२ को टहरासहितको जग्गा सम्बन्धी विवादका विषयमा काठमाडौं जिल्ला अदालतमा निर्णय बदर, फैसला बदर सम्बन्धी मुद्दा चलिरहेको, फैसलाको अन्तिम किनारा नलागेसम्म खड्ग निशाना बमोजिम बसोबास, व्यापार गरिरहेका मुसलमानहरुलाई नछुनू नचलाउनू भनी पुनरावेदन अदालत, पाटनबाट मिति २०५४।८।११ मा आदेश भएको देखिंदा नरेन्द्रविक्रम राणाबाट लिखत गरी लिने भेषराज न्यौपाने, सावित्री तिमिल्सीनाको नामको जग्गा समेतका सम्बन्धमा काठमाडौं जिल्ला अदालतमा चलेको मुद्दाको अन्तिम किनारा भएको जानकारी प्राप्त हुन आएपछि कानून बमोजिम कारवाई गर्ने गरी निवेदन मुल्तवीमा राखिएको ।

८४) हीरादेवी कंसाकारसमेतले मेरो हक भोगको सावित्र का.जि. स्वयम्भू पंचायत वडा नं. ६ कि.नं. ११ र हाल का.म.न.पा. वडा नं. १५ स्थित स्वयम्भू ध्याङ्ग गुठीको कि.नं. ११ को क्षेत्रफल १-५-१ को घरजग्गामा गुठी तहसिल कार्यालय, काठमाडौंले रामबहादुर लामालाई मोही कायम गर्ने गरी गरेको निर्णय बदर गरी मोहीको हक कायम गरी कर्मचारीउपर समेत कारवाई गरी पाउं भनी आयोगसमक्ष दिएको उजूरीमा अनुसन्धान हुंदा गुठी तहसिल कार्यालयको निर्णयउपर चित्त नबुझी हक वेहकमा हीरादेवी कंसाकारसमेत ले मिति ०५४।९।११ मा काठमाडौं जिल्ला अदालतमा फिराद पत्र दायर गरेको देखिंदा हक वेहक सम्बन्धमा अदालतमा विचाराधीन रहेको विषयमा आयोगबाट तत्काल निर्णय लिन नमिल्ने भई अदालतबाट फैसला निर्णय भएपछि मात्र अख्तियारको दुरुपयोग भए नभएतर्फ छानवीन गर्नु पर्ने देखिएकोले हाललाई सो उजुरी निवेदन मुल्तवीमा राखिएको ।

३. आ.व. २०५५।५६को कार्य प्रगतिको सारसंक्षेप

प्रारम्भिक छानवीनको क्रममा :

क) आयोगबाटै फछ्यौंट भएको उजूरी	संख्या : १३७
ख) विशेष प्रहरी विभागमा कारवाईको लागि प्रेषित उजूरी	संख्या : ४१
ग) जिल्ला प्रशासन कार्यालयहरुमा कारवाईको लागि प्रेषित उजूरी	संख्या : २५०
घ) अन्य निकायहरुमा आवश्यक कारवाईको लागि प्रेषित उजूरी	संख्या : ३१४
ङ) आयोगबाट प्रारम्भिक छानवीन भइरहेको उजूरी	संख्या : ३३८
	जम्मा : १०८०
च) प्रचलित ऐन, कानून वा अन्य विषयमा आवश्यक संशोधन वा परिमार्जन वा नयां व्यवस्था गर्न प्रेषित सुझाव वा ध्यानाकर्षणको	संख्या : १८

छ) विभागीय कारवाई गर्न लेखिएका पदाधिकारीहरुको विवरण :

क्र.सं.	पदाधिकारीको विवरण	संकेत नं.
१	सिंहदरबार वैद्यखानाका डा. श्याममणी अधिकारी	प्रारम्भिक छानविनको क्रममा विभागीय वा अन्य कारवाई गर्न लेखिएको विवरणको क्रम संख्या ३

ज) सचेत वा सतर्क रहन लेखिएका पदाधिकारीहरुको विवरण :

क्र.सं.	पदाधिकारीको विवरण	संकेत नं.
१)	जिल्ला प्रशासन कार्यालय, नुवाकोटका प्र.जि.अ. देवनारायण यादव समेत जवान -४	प्रारम्भिक छानविनको क्रममा विभागीय वा अन्य कारवाई गर्न लेखिएको विवरणको नं. १
२)	कुमार उमाप्रसाद मुवारक मेमोरियल अस्पताल लहान, जनकपुर अंचल अस्पताल, उदयपुर जिल्ला अस्पताल तथासगरमाथा अंचल अस्पतालका सम्बद्ध चिकित्सकहरु	ऐ नं. २
३)	सिंहदरबार वैद्यखानाका लेखा अधिकृत दिनेशकुमार चेम्जोङ्गसमेत जवान- २	ऐ नं. ४

विस्तृत अनुसन्धान तहकिकातको क्रममा :

क) आयोगबाटै केही गरिरहन नपर्ने गरी फछ्यौंट भएका उजुरी संख्या : ३९

ख) पुनरावेदन अदालतसमक्ष मुद्दा दायर गरिएको विवरण :

मुद्दा दायरको विवरणको नं.	मुद्दाको संक्षिप्त व्यहोरा
१	शाही नेपाल वायुसेवा निगमका पदाधिकारीहरुले गैर कानूनी रुपमा अमेरिकी चेज एयर कम्पनीसंग विमान भाडामा लिने सम्झौता गरी विमान आई नपुगदै पेश्की भुक्तानी गरी भ्रष्टाचार गरेको ।
२	उदयपुर सिमेन्ट उद्योगमा सिमेन्ट बोराहरु पर्याप्त संख्यामा मौज्दात हुंदा हुंदै कृत्रिम अभावको स्थिति देखाई विना प्रतिस्पर्धा महंगो दर रेटमा १५ लाख जूट वोरा खरीद भ्रष्टाचार गरेको ।
३	जनकपुर चुरोट कारखानामा सूर्ति खरदि गर्दा टेण्डरमा उल्लेखित प्राइस प्यालिडिटी डेट नघाई कोटेशनमा सूर्ति खरीद गरी भ्रष्टाचार गरेको ।
४	दुग्ध विकास संस्थान अन्तर्गत पशुपतिनगर चीज कारखानाको क्षमता बृद्धि गर्ने सिलसिलामा चीज भ्याट खरीद गर्दा स्पेशिफिकेशन विपरितको पुरानो र प्रयोगमा ल्याउन नमिल्ने उपकरण खरीद गरी भ्रष्टाचार गरेको ।
५	कोहलपुर नगर विकास समितिमा प्रचलित नियम विपरित टेण्डरमा गर्नु पर्ने निर्माण कार्यलाई कोटेशनमा गराउने गैर कानूनी निर्णय गरी आफ्ना मानिसलाई कोटेशनको काम दिई भ्रष्टाचार गरेको ।
६	कोहलपुर नगर विकास समितिबाट भएको सी १ - सी १३ सडक र ढल निर्माणमा हुंदै नभएको कामलाई भएको भनी गैर कानूनी भुक्तानी गरी भ्रष्टाचार गरेको ।
७	कोहलपुर नगर विकास समितिबाट भएको ए १ - ए १० सडक र ढल निर्माणको कार्यमा हुंदै नभएको कामलाई भएको भनी गैर कानूनी भुक्तानी गरी भ्रष्टाचार गरेको ।
८	शाही नेपाल वायुसेवा निगमको भियना, अष्ट्रिया स्थित ट्राभल एजेन्टले निगमको टिकट बिक्री गरे वापत बुझाउनु पर्ने रकम नबुझाई नक्कली बैंक भौचरहरु पेश गरी गराई भ्रष्टाचार गरेको ।
९	धादिङ्ग जिल्ला सल्यानटार गा.वि.स. को वडा नं. ८(घ) को कि.नं.२ को सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गरी भ्रष्टाचार गरेको ।
१०	धादिङ्ग जिल्ला सल्यानटार गा.वि.स. को वडा नं. ९(ग) को कि.नं.१२ को सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गरी भ्रष्टाचार गरेको ।

ग) आयोग वा आयोगबाट सौंपिएको अख्तियारी बमोजिम आयोगको तर्फबाट पुनरावेदन अदालतसमक्ष पेश गरिएको मुद्दामा भएको फैसला उपर चित्त नबुझी सर्वोच्च अदालतसमक्ष पुनरावेदन गरिएको मुद्दा थान : ९

घ) प्रचलित ऐन कानून वा अन्य विषयहरुमा आवश्यक संशोधन, परिमार्जन वा नयां व्यवस्था गर्न दिइएका सुझाव तथा ध्यानाकर्षणहरुको संख्या : १७

ङ) विभागीय कारवाई गर्न लेखिएका पदाधिकारीहरुको विवरण :

क्र.सं.	पदाधिकारीको विवरण	संकेत नं.
१	शाही नेपाल वायुसेवा निगमका क्षेत्रीय निर्देशक गौतमदास श्रेष्ठसमेत जवान-३	मुद्दा दायर शीर्षकको नं. ८
२	स्वास्थ्य सेवा विभागका निर्देशक डा. के.वी. सिंह कार्कीसमेत जवान-४	विभागीय कारवाई गर्न लेखिएको विवरणको नं. २
३	जुद्धोदय मा.वि.का शिक्षक भरतप्रसाद घिमिरेसमेत जवान-३	ऐ नं. ४
४	जिल्ला वन कार्यालय, नवलपरासीका का.मु.नियन्त्रक कन्हैयाराज श्रेष्ठसमेत जवान-४	ऐ नं. ६
५	आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, श्रोत केन्द्र सवलीकरणका एकाई प्रमुख शोभितराम विष्टसमेत जवान-२	ऐ नं. ८
६	राष्ट्रिय समाचार समितिका अर्थ व्यवस्थापक जयशङ्कर महतो	ऐ.नं. १०
७	राष्ट्रिय वाणिज्य बैंकका एल.सी. इन्चार्ज कृष्णबहादुर पन्तसमेत जवान-२	ऐ.नं. ११
८	मालपोत कार्यालय, रुपन्देहीका मालपोत अधिकृत लक्ष्मीप्रसाद ज्ञवाली	ऐ.नं. १२
९	मालपोत कार्यालय, सिरहाका खरिदार राजेन्द्र प्रसाद भट्टराई	ऐ.नं. १४
१०	शाही नेपाल वायुसेवा निगमका क्याप्टेन कुलबहादुर लिम्बु	ऐ.नं. १६
११	जिल्ला जनस्वास्थ्य कार्यालय, सिरहाका मे.अ. डा. मुरलीप्रसाद सिंहसमेत जवान-२	ऐ.नं. १८
१२	भूमिसुधार कार्यालय, रौतहटका का.मु.भू.सु.अ. महेन्द्रनारायण रजक	ऐ.नं. २२

च) अभिलेख राख्न लेखिएका पदाधिकारीको विवरण :

क्र.सं.	पदाधिकारीको विवरण	संकेत नं.
१	राष्ट्रिय समाचार समितिका अध्यक्ष माथवरसिंह बस्नेतसमेत जवान-३	विभागीय कारवाई गर्न लेखिएको विवरणको नं. १०
२	हिमाल सिमेन्ट कम्पनीका अध्यक्ष हेमराज कोइराला	सुझाव,ध्यानाकर्षणको नं. १०
३	तत्कालीन हवाई विभागका सु.इ. उपेन्द्र धितालसमेत जवान-२	ऐ नं. १५
४	जिल्ला प्रशासन कार्यालय, उदयपुरका प्र.जि.अ. जयनारायण नेपालसमेत जवान-२	विविध निर्णयको नं. ६
५	स्वास्थ्य सेवा विभागका प्रमुख डा. के. बी. सिंह कार्कीसमेत जवान-२	विभागीय कारबाईको नं.२३

छ) सचेत वा सतर्क रहन लेखिएका पदाधिकारीहरुको विवरण :

क्र.सं.	पदाधिकारीको विवरण	संकेत नं.
१	तत्कालीन हवाई विभागका महानिर्देशक नगेन्द्रप्रसाद घिमिरेसमेत जवान-२	मुद्दा दायरको नं. १
२	उदयपुर सिमेन्ट उद्योगका सञ्चालक रामानन्द मिश्रसमेत जवान-३	ऐ नं. २
३	जनकपुर चुरोट कारखानाका अध्यक्ष भोलानाथ चालिसेसमेत जवान-५	ऐ नं. ३
४	दुग्ध विकास संस्थानका आर्थिक प्रवन्धक नारायणबहादुर श्रेष्ठसमेत जवान-३	ऐ.नं. ४
५	श्री ३ चन्द्र मा.वि. कलैयाका प्रधानाध्यापक रामदास सुवेदी	विभागीय कारवाईको लागि लेखिएको विवरणको नं. १
६	दुग्ध विकास संस्थानका वरीष्ठ अधिकृत पन्नादास श्रेष्ठ	ऐ नं. ३
७	पद्मकन्या क्याम्पस परीक्षा केन्द्रका केन्द्राध्यक्ष श्रीमती चिरीकशोभा ताम्राकारसमेत जवान-५	ऐ.नं. ४
८	नेशनल ट्रेडिङ्ग लिमिटेडका का.मु.महाप्रवन्धक तीर्थनारायण मालीसमेत जवान-६	ऐ नं. ५
९	परीक्षा नियन्त्रण कार्यालयका परीक्षा नियन्त्रक चन्द्रबहादुर खड्कासमेत जवान-३	ऐ नं. ७
१०	मध्यमान्चल क्षेत्रीय हुलाक निर्देशनालयका खरीदार भीमप्रसाद दाहालसमेत जवान-२	ऐ.नं. ९
११	नेपाल चिया विकास निगमका कार्यकारी अध्यक्ष रामकुमार थापासमेत जवान-३	ऐ.नं. १३

१२ नेपाल इण्डोस्वेज बैंकका तत्कालीन प्रवन्धक विवेक ढुंगाना ऐ.नं. १५
१३ शाही नेपाल वायुसेवा निगमका तत्कालीन महाप्रवन्धक कल्याणदेव भट्टराईसमेत जवान-५ ऐ.नं. १६
१४ तत्कालीन हवाई विभागका महाप्रवन्धक वीरेन्द्रबहादुर देउजा ऐ.नं. १७
१५ राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका तत्कालीन निर्देशक डा.धनमान बज्राचार्य ऐ.नं. १९
१६ कृषि मन्त्रालयका तत्कालीन सचिव दानबहादुर शाहीसमेत जवान-२ ऐ.नं. २०
१७ जिल्ला पशु सेवा कार्यालय, धनुषाका पशु चिकित्सक डा. रामाशीष रायसमेत जवान-२ ऐ.नं. २१
१८ स्वास्थ्य सेवा विभागका निर्देशक डा. बेनुबहादुर कार्कीसमेत जवान-७ ऐ नं. २३
ज) अनुसन्धान अधिकृत तोकिई अनुसन्धान जारी रहेको विषयगत उजूरी संख्या : ८४

कार्यगत समस्याको पहिचान तथा निराकरणका उपायहरुको विवरण

सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार वा अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अनुसन्धान तहकिकात गर्ने कार्य अत्यन्त जटिल प्रकृतिको हुने भएकोले वस्तुनिष्ठ तथा प्रामाणिक आरोपको अभावमा आयोगको कार्य सम्पादन पनि सहज नहुने तथ्य स्पष्ट छ । यस प्रयोजनको निमित्त आयोगलाई कानूनी रुपमा सशक्त तथा भौतिक संसाधनबाट सुसम्पन्न समेत गरिनु अनिवार्य छ । यसै सन्दर्भमा आयोगले सामना गर्नु परेका कमी कमजोरी तथा समस्याहरुको विवरण तथा तिनको निराकरणका उपायहरुको विवेचना गत वार्षिक प्रतिवेदनमा तालिकाबद्ध रुपमा प्रस्तुत गरिएको थियो ।

विगतमा प्रस्तावित समस्या समाधानका उपायहरुको अवलम्बनतर्फ यस आर्थिक वर्षको समयावधीमा के कस्ता उपलब्धी हासिल भए त भनी विवेचना गर्नु पर्दा देखिने वस्तुस्थितिको समयसापेक्ष चित्रण निश्चय पनि उत्साहप्रद छैन । आयोगले आफ्नो प्रतिवेदनहरुमा नियमित रुपमा कार्य सम्पादनमा उत्पन्न बाधा अवरोध एवं समस्याहरुको विवरणका साथै तिनको निराकरणका उपायहरुको बारेमा पनि उल्लेख गर्दै आएको छ । तथापि त्यस्ता समस्याहरुको समाधानको लागि विभिन्न निकायहरुबाट अपेक्षित सहयोगमा अभिवृद्धि भएको कुनै सन्तोषप्रद जानकारी आयोगले प्राप्त गर्न सकेको छैन । आयोगले विभागीय वा अन्य आवश्यक कारवाई गर्न सिफारीश गरेको विषय तथा विद्यमान ऐन, कानून वा परिपाटीमा आवश्यक सुधार, परिमार्जन वा संशोधन गर्न दिएका सुझाव तथा ध्यानाकर्षण गरिएका विषयहरुमा सम्म पनि सम्बन्धित निकायहरुबाट सकारात्मक भूमिकाको निर्वाह हुन नसकेको तथ्य यसै प्रतिवेदनमा समाविष्ट तालिका ३ को सामान्य अवलोकनबाटै स्पष्ट हुन्छ । अपेक्षित सुधारको अभावमा आयोगले सशक्त तथा सक्षम रुपमा कार्य सम्पादन गर्न नसक्ने तथ्य स्पष्ट नै छ । यसै सन्दर्भमा आयोगले के कस्ता विषयहरुमा के कस्तो सहयोगको किन अपेक्षा राखेको हो भन्ने विषयमा संक्षिप्त विवेचना हुनु पनि सान्दर्भिक नै भएकोले मूलतः निम्न तीन प्रकरणहरुमा यसलाई प्रस्तुत गरिएको छ :

१. आयोगबाट गत आ.ब. को अवधिमा माग गरिएका विभिन्न व्यवस्था तथा सरसुविधाको विवरण र सोको पुष्ट्याई :

भ्रष्टाचार निवारण सम्बन्धी विद्यमान ऐन, कानूनमा समयानुकूल परिमार्जन तथा संशोधन गरी आयोगलाई कानूनी रुपमा सक्षम र सुदृढ बनाउन आवश्यक भएकोले प्रमुख रुपमा निम्न प्रावधानहरु समावेश भएको ऐन तर्जुमा हुनु पर्ने देखिन्छ :

क) अख्तियार विशेष अदालतको गठन :

भ्रष्टाचार जस्तो श्वेतग्रीवी र बौद्धिक र शक्ति सम्पन्न जमातबाट हुने अपराधमा अन्य फौजदारी अपराध पुष्टी गर्ने जस्तो दृष्यात्मक प्रमाण उपलब्ध हुदैन । कतिपय अवस्थामा परिवन्दात्मक प्रमाणले अपराधको कुनै हिस्सा प्रमाणित हुन्छ भने अपराधको अर्को हिस्सा तथ्यवाट पुष्टी हुन्छ । यस किसिमले श्रृङ्खलाबद्ध तथ्यगत प्रमाण र परिवन्दात्मक प्रमाणका कडी जोडेर समुच्चा अपराध र त्यसमा चरणवद्ध रुपमा संलग्न अपराधीहरुको पुष्टी हुन सक्छ । यी मुद्दाहरु बुझ्न बिभिन्न प्राविधिक र विषयगत जानकारी राख्ने व्यक्तिको सहयोग र विषयगत जानकारी लिएर मात्र संभव हुन्छ । यसको अध्ययनको लागि स्वभाविक रुपले समय पनि त्यतिकै खर्चिनु पर्ने हुन्छ । सामान्य अदालतमा त्यस्ता प्राविधिक र विषयगत जानकारी राख्ने व्यक्ति बोलाई जानकारी लिएर प्रशस्त समय खर्चेर च्याम्वर अध्ययन गर्ने परिपाटी र समय हुदैन । यसो गर्न सामान्य अदालतलाई संभव पनि हुदैन । यी सब कमी कमजोरी हटाई आयोगबाट संकलित प्रमाणमा कमी रहन गएको प्रमाण स्वयं संकलन गरी परिक्षण गर्ने वा पुनः आयोगमा पठाउने गर्न पनि यस्ता मुद्दामा त्यतिकै जरुरत पर्दछ । यस्ता श्वेतग्रीवी अपराधमा विषयगत विशिष्टता भएका इन्साफ दिने न्यायकर्ता भएमा मुद्दालाई अझ बढी बुझी न्याय निरोपण भएमा न्यायलाई ठीक ठाउंमा पार्न सघाउ पुग्न सक्छ ।

तसर्थ यस्तो अपराधमा फैसला गर्नुपर्दा घटित कार्यको समय परिवेश, सान्दर्भिक प्रमाण र परिवन्दको आधारमा पनि प्रमाण ग्रहण नगरेमा न्याय सम्पादनको कार्य सहज हुन सक्दैन । यसै परिप्रेक्ष्यमा भ्रष्टाचार सम्बन्धी मुद्दाहरुमा विशिष्टता प्राप्त अदालतले निर्णय गर्ने व्यवस्था हुन सकेमा न्याय प्रणाली पनि विवादमुक्त रहने र एकै प्रकृतिको मुद्दामा एउटै अख्तियार विशेष अदालतबाट हुने फैसलाहरुले पनि एकरुपता पाउने र आयोगले पनि आफ्ना कमी कमजोरीमा सुधार गर्ने अवसर प्राप्त गर्न सक्ने परिदृश्यमा अख्तियार विशेष अदालतको गठनको प्रस्ताव गरिएको हो ।

ख) केही प्रमाणको भार अभियुक्तमा रहने व्यवस्था :

सार्वजनिक पद धारण गर्ने व्यक्तिले कानून भंग गरी गरेको कार्य र त्यसवाट श्री ५ को सरकारलाई वा सार्वजनिक सम्पत्तिमा पुग्न गएको क्षतिको आधारमा सप्रमाण आयोगले मुद्दा दायर गर्छ, जसको प्रमाण स्वयं आयोगले पुऱ्याउनु पर्छ । तर यस्तो कार्य गर्दा अभियुक्तको वदनियत भएको वा निजले जानी जानी यस्तो अपराधपूर्ण कार्य गरेको हो वा यति रकम लिनु दिनु गरी कानून भंग गरेर नोक्सानी पुऱ्याईएको हो भनी प्रमाण पुऱ्याउन लगभग संभव हुदैन । यस्तोमा आयोगले सार्वजनिक पद धारण गरेको व्यक्तिले कानून भंग गरेको र सो कार्यले सार्वजनिक सम्पत्तिमा पुग्न गएको क्षतिको प्रमाण पुऱ्याएपछि लिनुखानु भएको थिएन, असल नियत थियो भनी प्रमाण पुऱ्याउने भार स्वयं अभियुक्तमाथि रहनु यस्तो श्वेतग्रीवी अपराधमा ठहरमा पुग्न सहायक सिद्ध हुन सक्छ ।

ग) संविधानको धारा ९८ (१) को प्रतिवन्धात्मक वाक्यांश प्रष्ट पारी कानूनी व्यवस्था गर्नु पर्ने :

संविधानको धारा ९८ (१) को प्रतिवन्धात्मक वाक्यांशले संविधानद्वारा छुट्टै व्यवस्था गरिएको पदाधिकारीको सम्बन्धमा आयोगले कारवाई नगर्ने प्रावधानको असंवैधानिक अर्थ लगाई सर्वोच्च अदालत लगायतका पुनरावेदन र जिल्ला अदालतका न्यायाधीशहरु तथा बिभिन्न संवैधानिक अंगका पदाधिकारीहरुले गरेको भ्रष्टाचारको अपराधमा अनुसन्धान र तहकिकात लगायत तोकिएको अदालतमा मुद्दा दायर गर्न आयोग सक्षम नभएको व्याख्या गर्न खोजिएको देखिन आएको छ । तर आयोगको अनुसन्धानको क्षेत्रका रुपमा अनुचित कार्य र भ्रष्टाचार दुवै छुट्टा छुट्टै अवस्थाका कार्यको अनुसन्धान र तहकिकात रहेको प्रष्ट छ । संविधानको धारा८७ (७), ~~९७(४)~~, ९७(३) को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (ख), ९९ (२) को प्रतिवन्धात्मक वाक्यांश को खण्ड (ख), १०१(४) को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (ख) र धारा १०३ (३) को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (ख) मा त्यस्ता पदाधिकारीको कार्य क्षमताको अभाव वा खराव आचरण भएको वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको आधारमा त्यस्तो व्यक्तिको अनुचित कार्यमा प्रतिनिधि सभाको सम्पूण सदस्य संख्याको दुई तिहाई बहुमतले पारित गरेको प्रस्ताव श्री ५ वाट स्वीकृत गरी वक्सेमा पदमुक्त हुने प्रावधानसम्म छ । तर प्रधानमन्त्री लगायत अन्य सार्वजनिक पद धारण गर्ने व्यक्तिले गरेको भ्रष्टाचारमा हुने दण्ड र सजायको व्यवस्था विद्यमान छ भने त्यस्ता संवैधानिक पदाधिकारीको हकमा भने संविधानमा अन्यत्र व्यवस्था नभएकोले लो अपराधमा संलग्न त्यस्ता संवैधानिक पदाधिकारीबाट हुने भ्रष्टाचारउपर पनि अनुसन्धान र तहकिकात गर्न संविधानको धारा ९८(१) अनुसार यस आयोगको अधिकार क्षेत्रभित्रै रहेको प्रष्ट छ । धारा ९८(१) को प्रतिवन्धातमक वाक्यांशको खण्ड (क) को प्रावधानले त्यस्ता पदाधिकारीले गरेको अनुचित कार्यमाथिको कारवाईसम्म प्रतिनिधि सभाबाट भई दुई तिहाई वहुमतको निर्णयले पदमुक्त हुने प्रावधान रहेकोले यसबाट भ्रष्टाचारको अपराधमा हुने दण्ड जरीवाना र विगो भर्न भराउनबाट उन्मुक्ति पाएको भनी अर्थ गर्न मिल्ने होइन । यसैले भ्रष्टाचार माथिको अनुसन्धान र तहकिकातको उक्त संवैधानिक प्रावधानलाई कानूनले प्रष्ट पारी आयोगलाई ती पदाधिकारीमाथि पनि कारवाई गर्न समक्ष वनाउनु पर्ने देखिन्छ ।

घ) सम्पत्ती विवरण सम्वन्धी व्यवस्था :

विद्यमान परिस्थितिमा कतिपय सार्वजनिक पद धारण गर्ने व्यक्तिहरु आफ्नो सम्पत्ती विवरण प्रकट गर्न कानूनत: वाध्य छैनन् । जव कि भ्रष्टाचार गरे नगरेको तथ्य लाक्षणिक रुपमा निजको रहन, सहन, जीवनयापनको स्तरले र प्रष्ट रुपमा निजको चल अचल सम्पत्तिले नै देखाउंदछ । तसर्थ कुनै पनि सार्वजनिक पद धारण गरेको व्यक्तिले पदमा प्रवेश गर्दा आफ्नसंग भएको सम्पत्तिको विवरण पेश गर्नु पर्ने र त्यसपछि पनि त्यस्तो विवरणलाई आवधिक रुपमा अद्यावधिक गर्न र पदावधीको अन्त्यमा पनि पुन: आफ्नो सम्पत्ति विवरण पेश गर्न लगाउने व्यवस्था हुन सकेमा भ्रष्टाचारको नियन्त्रणतर्फ यो एक महत्किलो कदम हुन सक्ने वारेमा दुईमत हुन सक्दैन । प्रत्येक पटकवार विवरणलाई अघिल्लो सम्पत्ति

विवरणसंग तुलना गर्दा बढी देखिने सम्पत्तिको कानूनी स्रोत त्यस्तो पदाधिकारीले खुलाउन नसकेमा त्यस्तो अतिरिक्त सम्पत्ति भ्रष्टाचार गरी आर्जन गरेको मान्ने र मुद्दा चलाई सो सम्पत्ति जफत गर्ने कानूनी प्रावधान हुनु आवश्यक छ ।

ङ) सम्पती रोक्का राख्ने व्यवस्था :

कतिपय अवस्थामा कुनै सार्वजनिक पदधारण गरेको व्यहोरा प्रारम्भिक रुपमा पुष्टी भइ सके ता पनि स्पष्ट प्रमाण भने प्राप्त भई नसकेको स्थितिमा वा त्यस्तो भ्रष्टाचार गर्ने व्यक्ति आफ्नो सम्पत्तिसहित अन्यत्र पलायन हुन सक्ने देखिएमा त्यस्तो स्थिति उत्पन्न हुन नदिन त्यस्तो व्यक्तिको चल अचल सम्पत्ति कानूनतः रोक्का राख्न सकिने व्यवस्था हुनु वाञ्छनीय देखिन्छ । यस्तोमा त्यसरी आरोपित व्यक्तिको वा परिवारको नाममा स्वदेश वा विदेशमा रहेको बैङ्क खाताको विवरणसमेत आयोगले माग गर्न पाउने र आवश्यकता अनुसार त्यस्तो खाता सञ्चालनमा रोक लगाउन सकिने व्यवस्थासमेत हुनु आवश्यक छ ।

च) करार प्रकृयामा सुधार सम्बन्धी व्यवस्था :

सामान्यतः आयोगमा पर्ने उजूरीको मुख्य विवाद विन्दु नै सम्झौता अनुसार काम गर्नु पर्ने दायित्व एउटा पक्षले पूरा नगरेको र त्यसलाई नियन्त्रण गर्नु पर्ने कानूनी दायित्व भएको सार्वजनिक पद धारण गरेको व्यक्तिले अख्तियारको दुरुपयोग गरी पहिलो पक्षलाई सहूलियत दिएको भन्ने नै हुन्छ । यस्तोमा करार सम्बन्धी विवादको निपटाराको कार्य फौज्दारी प्रकृतिको नभई देवानी प्रकृतिको आपसी लेनदेनको विषय मात्र हो भन्ने नजीर स्थापित हुनु वाञ्छनीय हुँदैन । खासगरी विदेशी पक्षसमेत सम्वद्ध भएको करारमा विवाद उत्पन्न हुंदा अनुसन्धान कार्य सम्पन्न गर्न प्रशस्तै कानूनी बाधा, अडचनहरु विद्यमान छन् । तसर्थ विदेशी पक्षसंग करार गर्नु पर्दा अनिवार्य रुपमा नेपाली एजेन्ट तोकिनुपर्ने र त्यस्तो एजेन्टमार्फत् आयोगले पुऱ्याउने प्रकृया (म्याद तामेली, बयान आदिमा पुऱ्याउनु पर्ने कार्यविधि) विदेशी पक्षलाई पूर्णतः स्वीकार्य हुनुपर्ने तथा त्यस करार बमोजिम हुने कार्यमा अख्तियारको दुरुपयोग भएको पाइएमा एजेन्ट र विदेशी पक्ष दुवैलाई नेपालको तोकिएको अदालतमै मुद्दा चलाइने प्रावधान रहेको ऐन तर्जुमा गरी करार सम्बन्धी ऐन नियममा पनि तदनकूल संशोधन हुनु पर्ने देखिन्छ ।

छ) विविध :

अख्तियार दुरुपयोग सम्बन्धी अनुसन्धान तहकिकातको क्रममा कार्यगत रुपमा देखिने केही समस्याहरुको निराकरण पनि कानूनी रुपमा हुनु वाञ्छनीय देखिन आएको छ । यसै सन्दर्भमा आन्तरिक रुपमा आयोगले आफ्नो कार्य व्यवस्थित गर्न यसै आ.व.मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०५५ तर्जुमा गरी लागूसमेत गरिसकेको छ । तथापि ऐनमा नै आवश्यक व्यवस्था हुनुपर्ने केही मुख्य कुराहरुमा निम्न विषयहरु पनि पर्दछन् :

- विदेशी व्यक्ति वा संघ, संस्थालाई म्याद तामेल गर्ने प्रष्ट कानूनी व्यवस्था,जसवाट अपराधमा संलग्न दुवै पक्षलाई अनुसन्धान र सजायमा संलग्न गराउन सकियोस् । अन्यथा धेरै मुद्दा विदेशी पक्षलाई समेट्न नसक्दा असफल हुन पुगेको छ ।

- विदेशी कम्पनीको तर्फबाट निजको नेपाली प्रतिनिधिले करार गर्ने भएमा त्यस्तो नेपाली पक्ष पनि पूर्ण रुपमा जिम्मेवार हुनु पर्ने व्यवस्था,

- तथ्ययुक्त सूचना प्राप्त गर्न आवश्यक संख्यामा सुराकी नियुक्त गरी त्यस्तो सुराकीको पारिश्रमिक र सुविधा आयोगले नै तोक्ने अधिकारपूर्ण व्यवस्था,

- विभिन्न विषयमा ख्याति प्राप्त विशेषज्ञलाई खास मुद्दाको लागि काममा लगाउन सकिने र त्यस्तो विशेषज्ञलाई दिइने पारिश्रमिक र अन्य सुविधा आयोगले नै तोक्न पाउने अधिकारपूर्ण व्यवस्था,

- प्रारम्भिक छानवीनबाट कुनै काम कारवाई रोक्नु पर्ने देखिएमा त्यस्तो विवादित निर्णय वा निर्माण लगायतको कुनै काम कुनै निश्चित अवधिको लागि स्थगित राख्न आयोगले आदेश दिन पाउने व्यवस्था,

- श्री ५ को सरकारको विभिन्न निकाय वा संघ संस्थाले कानून बमोजिम आन्तरिक रुपमा गर्नु पर्ने निरीक्षण, अनुगमन आदि नगरेको कारणले कुनै सार्वजनिक सम्पत्तिको हानी नोक्सानी हुन गएमा वा भ्रष्टाचारजन्य काम कारवाई हुन गएमा त्यस्तो निकाय वा संघ, संस्थाको जिम्मेवार कर्मचारीलाई पनि सजाय गर्न सकिने व्यवस्था, आदि ।

उल्लेखित कानूनी व्यवस्थाको अतिरिक्त श्री ५ को सरकार तथा अन्य निकायहरुबाट समेत यस आयोगलाई निम्न विविध व्यवस्थाहरु गरिदिनु पर्ने देखिन्छ, जसको परिणामस्वरुप आयोगको प्रभावकारिता तथा सक्षमतामा सार्थक अभिबृद्धि हुनेछ :

अ) आयोगको भौतिक अवस्थामा सुधार हुनुपर्ने र पूर्वाधारहरुको विकासमा बृद्धि गर्न आवश्यक पर्ने कार्यहरु । (जस्तै : मौजूदा दरवन्दीको आधारमा पनि पर्याप्त नभएको आयोगको भवनलाई विस्तार गर्ने, अनुसन्धान तहकिकातको कार्यमा स्तरीयता ल्याउन आवश्यक उपकरण र संयन्त्रहरु उपलब्ध हुनु पर्ने, प्रस्तावित केन्द्र वाहेकका जिल्लामा रहने कार्यालयहरुको संरचना तयार गरी आवश्यक संसाधनले सुसज्जित गर्नुपर्ने आदि ।)

आ) आयोगको जनशक्तिको क्षमता तथा स्तर बृद्धि गर्न आवश्यक पर्ने कार्यहरु । (जस्तै : स्वदेशी तथा विदेशी तालीम दिने, बृत्ति विकासका समुचित अवसरहरु उपलब्ध गराउने, विशेष कार्यमा खटिने कर्मचारीलाई आवश्यक खर्च जुटाउन विशेष कोष खडा गरी आयोगले नै खर्च गर्ने आदि ।)

यसरी तालीम प्राप्त र दक्ष भइसकेको जनशक्तिलाई आयोगले कुनै प्रतिफल प्राप्त नगर्दै सरुवा गरिदिने र आयोगमा कार्यरत कर्मचारी पनि सरुवा भएर गइसकेपछि आफूले कारवाईको सिफारीश गरेकै पदाधिकारीको मातहतमा गई काम गर्नुपर्ने स्थिति आउने त्रासमा निष्पक्ष भई कार्य सम्पादन गर्न नसक्ने भइरहेकोले यस्तो स्थितिमा आवश्यक सुधार ल्याउन आयोगकै आफ्नो छुट्टै समूहीकृत सेवा र समूहको व्यवस्था हुनु अपरिहार्य देखिन्छ । यस्तो व्यवस्था भइनसकेसम्म को लागि आयोगमा कार्यरत कर्मचारीलाई आयोगको सहमति बेगर सरुवा नगर्ने परिपाटीसमेत बसाल्नु पर्ने देखिन्छ ।

इ) आयोगले आगामी वर्षको लागि आवश्यक बजेट व्यवस्था हुन प्रस्ताव पठाउंदा प्रस्तावित बजेटको पुष्ट्याईसमेत प्रचलित प्रकृया अनुरुपनै पठाउने गरिएको छ । यसरी प्रस्तावित बजेटमा कुनै छलफल नै नगरी अनावश्यक रुपमा कटौती गरिदिंदा आयोगको कतिपय महत्वपूर्ण कार्य सम्पादनमा प्रत्यक्ष रुपमा नकारात्मक असर पर्नजान्छ । उदाहरणार्थ आयोगको क्षेत्राधिकार र विद्यमान जनशक्तिमा सन्तुलन ल्याउन आयोगको केन्द्र वाहिर कार्यालयहरु स्थापना गर्ने विषयमा श्री ५ को सरकारको सैद्धान्तिक सहमति भई आवश्यक संख्यामा दरवन्दी स्वीकृत भएको समेत २ वर्ष व्यतीत भइसकेको छ । तर चालू आ.व.मा जस्तै आगामी आ.व.मा पनि यस प्रयोजनको निमित्त माग भएको बजेट नै स्वीकृत नहुंदा त्यस्ता कार्यालय स्थापना गर्ने कार्य आगामी आ.व.मा पनि सम्पन्न हुन नसक्ने स्थिति उत्पन्न भएको छ । दरवन्दी स्वीकृत भई लोक सेवा आयोगवाट तदनुसार कर्मचारी सिफारीशसमेत भइसकेको स्थितिमा यस्तो अन्यौलको स्थिति सिर्जना हुनु निश्चय पनि वाञ्छनीय होइन । तसर्थ आयोगले माग गरेको बजेट रकममा अत्यन्त महत्वपूर्ण र काबू वाहिरको परिस्थिति परेमा बाहेक कटौती गर्न नपाइने र कटौती गर्नै परेमा पनि प्रतिनिधि सभा, राज्य व्यवस्था समितिको रोहमा आयोगकोसमेत प्रतिनिधित्व गरी छलफल गरेर मात्र कटौती गर्ने व्यवस्था हुनु अत्यन्त आवश्यक छ ।

प्रस्तुत सन्दर्भमा उठाइएका कतिपय विषयहरुको बारेमा विगत वार्षिक प्रतिवेदनहरुमा पनि सविस्तार उल्लेख भएको थियो । तथापि कार्यगत रुपमा यी समस्याहरु यथावत् नै रहेको तथ्य पटक पटक आयोगको वार्षिक प्रतिवेदनहरुमा पुनर्भुद्रण भइरहनु निश्चय पनि सन्तोषप्रद छैन । यस सम्बन्धमा आवश्यक पहल यस आयोगबाट भइसकेको हुंदा शीघ्रातिशीघ्र कार्यान्वयन गर्नेतिर सम्बन्धित निकायहरु अग्रसर हुनेछन् भन्ने अपेक्षा यस आयोगले राखेको छ ।

२. आयोगले अनुसन्धानबाट फेला पारेका तथ्यहरुको आधारमा अख्तियार दुरुपयोग हुने गरेको ठाउं, प्रकृति र निदानका सम्बन्धमा श्री ५ को सरकारको तर्फबाट भए गरेको कार्यको समग्र रुपमा विश्लेषण :

यस आयोगको स्थापना कालदेखि हालसम्म आयोगले गरेको अख्तियार दुरुपयोग सम्बन्धी काम कारवाईबाट देखिन आएको तथ्यको आधारमा बिभिन्न निकायमा प्रेषित सुझाव वा ध्यानाकर्षण, बिभागीय कारवाईको सिफारीश तथा सचेत वा सतर्क रहन लेखिएका पदाधिकारीको संख्यागत विवरण र त्यसमा हालसम्म सम्बन्धित निकायहरुबाट कारवाई गरिएको भनी प्राप्त हुन आएको जानकारीको विश्लेषण तालीका ३ मा प्रस्तुत गरिएको छ । जस अनुसार हाल सम्म आयोगले ९३ वटा बिभिन्न विषयमा सुझाव तथा ध्यानाकर्षण हुन लेखिएकोमा कूल २८ वटाको कार्यान्वयन भएको, जम्मा १३० जना बिभिन्न पदाधिकारीलाई बिभागीय कारवाई हुन सिफारीश गरिएकोमा ३८ जनालाई मात्र कारवाई भएको र कूल १५३ जना बिभिन्न पदाधिकारीलाई सचेत गराउन देखिएकोमा ७२ जनालाई मात्र सचेत गराइएको देखिन्छ ।

तालिका ३.

आयोगबाट प्रेषित ध्यानाकर्षण, सुझाव तथा कारबाईको सिफारीशहरुको कार्यान्वयनको स्थिति

सम्बन्धित निकाय	सुझाव तथा ध्यानाकर्षणको संख्या				विभागीय कारबाईको सिफारीश				सचेत वा सतर्क गराइएको			
	गत आ.व. सम्मको	यस आ.व. को	जम्मा	कार्यान्वयन को जानकारी प्राप्त	गत आ.व. सम्मको	यस आ.व. को	जम्मा	कार्यान्वयन को जानकारी प्राप्त	गत आ.व. सम्मको	यस आ.व. को	जम्मा	कार्यान्वय नको जानकारी प्राप्त
१.अर्थ मन्त्रालय	१	४	५	१	२१	२	२३	३	१	१	२	१
२.आपूर्ति मन्त्रालय		२	२			१	१	१	१६	१३	२९	१६
३.आवास तथा भौतिक योजना मन्त्रालय		१	१						१	२	३	
४.उद्योग मन्त्रालय	१०	५	१५	७	४		४	३	१५	४	१९	१५
५.कृषि मन्त्रालय	१	५	६		५		५		१०	७	१७	९
६.गृह मन्त्रालय	२	४	६		११		११	३	१	१	२	
७.जलस्रोत मन्त्रालय	८	१	९	३	५		५		५		५	४
८.निर्माण तथा यातायात मन्त्रालय	३	१	४	१								
९.पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	२	२	४	१	८	४	१२	६		८	८	
१०.परराष्ट्र मन्त्रालय	१		१						२		२	२
११.भूमिसुधार तथा व्यवस्था मन्त्रालय	२		२	१	११	४	१५	४	३		३	
१२.मन्त्री परिषद् सचिवालय	२	१	३	१					१		१	
१३.महिला तथा समाज कल्याण मन्त्रालय	१		१						१		१	१
१४.वन तथा भू- संरक्षण मन्त्रालय	८		८	५	१४	४	१८	८	५		५	५
१५.शिक्षा मन्त्रालय	२	३	५	१	३	६	९	२	७	९	१६	
१६.सामान्य प्रशासन मन्त्रालय		१										
१७.संसदीय व्यवस्था	१		१									

मन्त्रालय												
१८.सूचना तथा सञ्चार मन्त्रालय	१	४	५		२	१	३	२	१५	२	१७	१२
१९.स्थानीय विकास मन्त्रालय	३	३	६	१	८		८	२	४	२	६	३
२०.स्वास्थ्य मन्त्रालय	८	१	९	६	१२	४	१६	४	६	११	१७	४
कूल जम्मा	५६	३८	९३	२८	१०४	२६	१३०	३८	९३	६०	१५३	७२

हालसम्म उद्योग मन्त्रालय र अन्तरगतका निकायमा सबै भन्दा बढी सुझाव तथा ध्यानाकर्षण प्रस्ताव पठाइएकोमा (१५ थान) कूल ७ वटा विषयको मात्र (४६.६%) कार्यान्वयन भएको देखिन्छ । आपूर्ति मन्त्रालय, आवास तथा भौतिक योजना मन्त्रालय, कृषि मन्त्रालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, महिला तथा समाज कल्याण मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय, संसदीय व्यवस्था मन्त्रालय र सूचना तथा संचार मन्त्रालय र अन्तरगतमा प्रेषित कुनै पनि सुझाव र ध्यानाकर्षण हाल सम्म कार्यान्वयन भएको देखिएन । समानुपातिक रुपमा स्वास्थ्य मन्त्रालय र बन तथा भू-संरक्षण मन्त्रालयबाट सबै भन्दा बढी क्रमशः ६७% र ६३% सुझाव र ध्यानाकर्षणको कार्यान्वयन भएको देखिन्छ ।

विभागीय कारवाईको सिफारीसको सम्बन्धमा सबैभन्दा बढी अर्थ मन्त्रालय र अन्तरगत २३ जवान पदाधिकारीको सिफारीश भएकोमा जम्मा ३ जवानउपर मात्र कारवाई भएको देखिन्छ । आयोगको सिफारीश कार्यान्वयन नै नगरेका निकायहरुमा कृषि मन्त्रालय र जलश्रोत मन्त्रालयहरु पर्दछन् । समानुपातिक रुपमा आपूर्ति मन्त्रालयले शत प्रतिशत र उद्योग मन्त्रालयले ७५% तथा पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले ५०% आयोगको सिफारीश कार्यान्वयन गरेको देखिन्छ ।

यसै गरी सचेत वा सतर्क गराउन लेखिएकोमा सबैभन्दा बढी उद्योग मन्त्रालयमा २९ जवानको सिफारीश गरिएकोमा १५ जवान उपर (५२%) कारवाई भएको देखिन्छ । आवास तथा भौतिक योजना मन्त्रालय, गृह मन्त्रालय, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, मन्त्रीपरिषद सचिवालय र शिक्षा मन्त्रालयबाट हाल सम्म आयोगको कुनै पनि सिफारीशको कार्यान्वयन भएको देखिदैन । बन तथा भू-संरक्षण मन्त्रालय, महिला तथा समाज कल्याण मन्त्रालय र परराष्ट्र मन्त्रालयले शत प्रतिशत र स्थानीय विकास मन्त्रालयले ५०% र आपूर्ति मन्त्रालयले ५५% सिफारीशको कार्यान्वयन गरेको प्राप्त जानकारीहरुबाट देखिन्छ ।

यसरी उपरोक्त तालीका ३ को विश्लेषणबाट आयोगको सिफारीशको कार्यान्वयनको स्थिति सन्तोषप्रद देखिन आएको छैन । यसमा सम्बन्धित मन्त्रालय र अन्तरगतका निकायहरुले आयोगको सिफारीशको कार्यान्वयनमा सक्रीयता ल्याउने हो भने स्वच्छ प्रशासनिक संयन्त्रको स्थापनामा महत्वपूर्ण योगदान हुने र कारवाईमा पर्नु पर्ने पदाधिकारीले पदोन्नती वा अन्य अवसरहरु पाउनबाट वञ्चित हुने न्यायपूर्ण परिपाटी बसाल्न सकिने देखिन्छ ।

३. अख्तियार दुरुपयोगमा सुधार गर्न आगामी दिनहरुमा आयोगले चाल्ने कदम/कार्यक्रमहरु :

अख्तियार दुरुपयोग बिरुद्धको काम कारबाईमा सक्रीयता ल्याउन र मुलुकमा व्याप्त भ्रष्टाचारको नियन्त्रण र निवारणको दिशामा नतीजामूलक उपलब्धी हासिल गर्न आगामी दिनहरुमा आयोग निम्न कार्यहरु गर्ने गराउनेतर्फ क्रियाशील रहने छ :

(क) आयोगबाट प्रस्तावित मस्यौदा ऐनलाई विधेयकको रुपमा संसदमा पेश गराई लागू गराउने ।

(ख) आयोगको भौतिक आवश्यकताहरुको पहिचान गरी तत्सम्बन्धी आवश्यक व्यवस्था गर्ने, गराउने ।

(ग) आयोगको जनशक्तिको दक्षतामा अभिबृद्धि गर्न आवश्यक तालीम, अध्ययन आदिका अवसरहरुको खोजी गरी कार्यान्वयन गर्ने गराउने ।

(घ) आयोगको आफ्नै समूहीकृत जनशक्तिको व्यवस्था गर्न योजना तर्जुमा गर्ने ।

(ङ) प्रत्यायोजित अधिकार बमोजिम प्रेषित उजूरी निवेदनहरुको अनुसन्धानमा प्रभावकारिता ल्याउन आवश्यक उपायहरुको पहिचान गरी कार्यान्वयन गर्ने गराउने ।

(च) आयोगबाट प्रेषित विविध विषयका ध्यानाकर्षण, सुझाव तथा बिभागीय वा अन्य कारबाइको सक्रीय कार्यान्वयनका निमित्त आवश्यक पर्ने प्रभावकारी अनुगमन तथा मूल्यांकनको व्यवस्था गर्ने ।

(छ) अख्तियार दुरुपयोगको अपराधलाई प्रभावकारी रुपमा नियन्त्रण र निवारण गर्नमा आवश्यक समस्याहरुको पहिचान तथा त्यस्ता समस्याहरुको निराकरणका उपायहरुको खोजी गरी अल्पकालीन तथा दीर्घकालीन रुपमा गरिनु पर्ने कार्यक्रमहरु तर्जुमा गरी सोको कार्यान्वयनको लागि आवश्यक प्रस्तावहरु सम्बन्धित निकायहरुसमक्ष पठाउने ।

(ज) आयोगको आन्तरिक संगठनमा समयानुकूल परिमार्जन तथा संशोधन गरी बढी नतीजामूलक बनाउने ।

(झ) आयोगको कृयाकलापहरुको बारेमा सर्वसाधारणलाई सुसूचित गर्न आवधिक रुपमा बुलेटीन प्रकाशन गर्ने, आदि ।

उल्लेखित कार्यहरु संसद, श्री ५ को सरकार र सम्बन्धित मन्त्रालय, बिभाग, कार्यालय र निकायको पूर्ण सहयोगबाट मात्र संभव हुने कुरा पुनः दोहोऱ्याइएको छ ।

उपसंहार

यस आयोगव्दारा आ.व. २०५५/५६ को अवधिमा सम्पादन गरेका कामकारबाईहरुको समष्टिगत विवरण तथा विश्लेषण यस प्रतिवेदनका सान्दर्भिक अंश र खण्डहरुमा उल्लेख भइसकेका छन् । यसै सन्दर्भमा अख्तियार दुरुपयोगको कार्यलाई निरुत्साहित गर्न विभिन्न सुधारमूलक कार्यहरु गर्न आवश्यक देखिन आएको छ । यसमध्ये आयोगबाट प्रेषित विभागीय वा अन्य कारबाईको सिफारीश वा विभिन्न विषयमा दिइएका सुझाव तथा ध्यानाकर्षणका विषयहरुको कार्यान्वयनतर्फ सम्बन्धित निकायहरुबाट भइरहेको उदासिनतालाई चिन्ताको रुपमा लिन सकिन्छ ।

विभिन्न सरकारी स्वामित्वका संस्थानहरुमा राजनैतिक नियुक्ति हुने पदहरु पूर्ति गर्दा आफ्ना कार्यकर्ताहरुलाई सरसुविधा दिने मात्र उद्देश्य राखी सम्बन्धित पदको लागि योग्य र सक्षम भए नभएको तथा सम्बन्धित विषयको शैक्षिक र व्यावसायिक ज्ञान भए नभएको भन्ने जस्तो मूलभूत प्रश्न भने गौण रहने गरी नियुक्ति दिने प्रचलन बढेको पाइएको छ । यस्तो पदहरुमा तोकिएको योग्यता र क्षमता भएको व्यक्तिलाई मात्र नियुक्त गर्न आयोगले पटक पटक सम्बन्धित निकायहरुलाई लेखिसकेको पनि छ । यसै आर्थिक वर्षमा पनि आयोगबाट शाही नेपाल वायुसेवा निगम, दुग्ध विकास संस्थान र राष्ट्रिय समाचार समितिमा राजनैतिक नियुक्तिमा संवेदनशील रहनु पर्नेतर्फ सुझावहरु पठाइएका छन् । तर यस्ता सुझावहरुलाई गम्भीरतापूर्वक लिने गरिएको छ भन्न सकिने स्थिति भने देखिएको छैन । त्यस्तै, विगतमा पनि राष्ट्रिय अर्थतन्त्रलाई दृष्टिगत गरी मुलुकलाई अत्यधिक व्ययभार पर्ने गरी संयुक्त राष्ट्र संघको महासभामा भाग लिन बृहत दल पठाउने गरेको उपयुक्त भएन भन्ने व्यहोराको सुझाव आयोगले पठाएकोमा अद्यापि त्यस्तो दलमा सहभागी संख्या घटाउन आयोगले दिएको सुझावको कार्यान्वयन गरिएको छैन । आयोगका सुझावहरुलाई गम्भीरतापूर्वक नलिइएका यी केही दृष्टान्त मात्र हुन् ।

आयोगले अद्यापि सामना गर्नु परिरहेको अर्को समस्याको रुपमा आयोगको बजेट व्यवस्थापनलाई पनि लिन सकिन्छ । नेपाल अधिराज्यको संविधानले संवैधानिक निकायहरुको खर्चको व्ययभार सर्वसञ्चित कोषमाथि रहने व्यवस्था गरेको छ । तदनुसार यस्ता निकायहरुको बजेट विनियोजनउपर संविधानतः संसदमा समेत छलफल गर्नु पर्दैन । यस्तो संवैधानिक व्यवस्था रहेको आयोगको बजेटलाई अर्थ मन्त्रालयबाट अन्य सरकारी विभागहरुको सामान्य बजेट सरह व्यवहार गरी आयोगबाट पर्याप्त पुष्ट्याई दिंदा दिंदै पनि कर्मचारी स्तरबाटै बजेट कटौती गर्ने गरेको पाइन्छ । यस्तो परम्परा संवैधानिक निकायहरुको हीत तथा संविधानको भावनाको समेत प्रतिकूल भएकोले आयोगबाट माग भएको बजेट कटौती गर्नु पर्ने स्थिति उत्पन्न भएमा उच्चस्तरबाटै आयोगसंग छलफल गरी आयोगको बैठकको सहमतिमा मात्र कटौती गर्ने र कदाचित् यस्तो छलफलबाट दुवै पक्ष सन्तुष्ट हुने निस्कर्ष ननिस्किएमा प्रतिनिधी सभा, राज्य व्यवस्था समितिको निर्णयले मात्र आयोगको प्रस्तावित बजेटमा कटौती गर्न सकिने अनिवार्य व्यवस्था लागू गर्न अपरिहार्य भइसकेको छ ।

श्री ५ को सरकारबाट आयोगको क्षेत्रीय कार्यालय स्थापना गर्ने सहमति भई दरबन्दी समेत स्वीकृत र सिफारीश भइसक्दा पनि बजेट विनियोजन नभएकै कारणले दुई वर्ष सम्म पनि त्यस्तो कार्यालय स्थापना गर्ने लक्ष्य प्राप्ति हुन सकेको छैन । यसै कारणले विभिन्न गा.वि.स., नगर पालिका तथा जिल्ला विकास समितिहरुमा कार्यक्रम बिना एकमुष्ठ विनियोजन भएका रकमहरुमा व्यापक भ्रष्टाचार भएका प्रशस्त उजूरीहरु परे ता पनि त्यस्ता उजूरीहरुको आधिक्य र क्षेत्रीय स्तरमा आयोगको कार्यालयको अभावमा सीमित भइरहेको जनशक्तिबाट यस्ता उजूरीमा आयोग स्वयंले स्थानीय स्तरमा कारबाई गर्न सकिरहेको छैन । यस दृष्टान्तबाट पनि आयोगको बजेट विनियोजनमा माथि उल्लेख भए बमोजिमको व्यवस्था तत्काल लागू गर्न अपरिहार्य भएको आवश्यकता बोध हुन्छ ।

आवश्यक आर्थिक स्रोतको अभावमा भ्रष्टाचार नियन्त्रणतर्फ आयोगले तत्काल गर्न सक्ने कतिपय अन्य कार्यहरु पनि सम्पादन गर्न सकिरहेको छैन । यस्तो प्रयोजनको निमित्त आयोगलाई आफ्नै तजविजले खर्च गर्न सक्ने एक विशेष कोषको स्थापना गरिदिने माग आयोगले विगतदेखि नै गर्दै आएको हो । भ्रष्टाचार गर्ने मनसायले उद्यत कुनै सार्वजनिक पदाधिकारीले कसैबाट गैर कानूनी रुपमा रकम माग गरेको जानकारी प्राप्त भएमा गोप्य संकेत अंकित गरेको रकम त्यस्तो पदाधिकारीलाई दिन लगाई तत्काल बरामद गरी पक्राउ गर्न, आयोगबाट अनुसन्धानको क्रममा संकलित नमूनाहरु परीक्षण गर्न, आयोगको तर्फबाट कानून व्यवसायी मुकर्रर गरी अदालतमा बहस, पैरवी एवं प्रतिरक्षा लगायतको कार्य गराउन, तथ्ययुक्त सूचना प्रवाहको निमित्त सुराकीहरु नियुक्त गर्न, विशेषज्ञहरुको राय प्राप्त गर्न र अनुसन्धानको कार्यमा संलग्न व्यक्तिहरुलाई आवश्यकता अनुसारको खर्च उपलब्ध गराउन एवं आवश्यक व्यक्ति पदाधिकारीहरुलाई प्रोत्साहित गर्नसमेत आवश्यक पर्ने खर्च त्यस्तो कोषबाट व्यहोर्न सकिन्छ । तर सो कोषको अभावमा उल्लेखित यस्ता कार्यहरुले मूर्तरुप ग्रहण गर्न नपाई परिकल्पनाको सीमाभित्रै रुमल्लिइरहनु परेको छ । तत्काल कर्मचारी खटाई स्थलगत निरीक्षण गर्न सकेको भए ठोस प्रमाण प्राप्त हुने सम्भावना भएको कतिपय स्थितिमा समेत आयोगले आवश्यक बजेटको अभावमा हात बांधेर बस्नु परेको स्थिति चित्रण गर्नु पर्ने अवस्था आउनु कसैको निमित्त पनि पाच्य हुन सक्दैन ।

भ्रष्टाचार नियन्त्रणको प्रसंगमा तालुक मन्त्रालय, विभाग लगायतका प्रत्येक निकायले आन्तरिक अनुगमन, निरीक्षण र नियन्त्रणको प्रभावकारी व्यवस्थापनको आवश्यकताको पनि खांचो महसूस गरिएको छ । यस सन्दर्भमा प्रशासनिक तथा आर्थिक प्रशासनसम्बन्धी ऐन नियमहरुको पालना गरी नियमित रुपमा कार्यालय निरीक्षण गर्दा पाइएको अनियमितताका कानूनतः कारबाई गर्नुका साथै नीति निर्देशन र कार्यक्रमहरुको सामयिक अनुगमन र तत्सम्बन्धी विद्यमान ऐन कानूनको कडाईका साथ अवलम्बन गर्ने जस्ता कार्यहरु प्रभावकारी रुपमा भएको पाईदैन । यसरी विभिन्न निकायहरुले आन्तरिक रुपमै गर्न सक्ने र कतिपय अवस्थामा गर्नै पर्ने गरी तोकिएका सामान्य कार्यहरु मात्र प्रभावकारी रुपमा गर्ने हो भने पनि भ्रष्टाचारको परिमाणमा उल्लेखनीय ह्रास आउन सक्दछ । तसर्थ सम्बन्धित निकायले नै आन्तरिक रुपमा नियन्त्रण गर्नु पर्ने कार्य गर्दा भ्रष्टाचार भएको पाइएमा त्यस्तो निकायबाट आयोगमा जानकारी पठाउने गरेमा यस्ता गैर कानूनी कार्य गर्ने व्यक्तिहरु समयमै दण्डित हुने थिए । तर यस प्रकारका विद्यमान कानूनी प्रावधान भित्रैका कार्यहरुको कार्यान्वयन समेत औपचारिकतामै सीमित भइदिंदा अन्ततः भ्रष्टाचार तत्वले नै प्रश्रय पाउने निश्चित छ ।

निर्वाचनअघि राजनैतिक दलहरुले जारी गर्ने घोषणा पत्रहरु र चुनावी भाषणहरुमा पनि भ्रष्टाचार नियन्त्रणको विषयले अग्र स्थान राख्ने गरेको पाइन्छ । तर सरकार गठन भई सकेपछि भने आफ्नै घोषणा पत्र अनुकूलको भ्रष्टाचार नियन्त्रण सम्बन्धी सामान्य कार्यक्रम समेत तर्जुमा गरिदैन । भ्रष्टाचार नियन्त्रणमा घोषणा पत्र भन्दा पनि राजनैतिक प्रतिबद्धताको बढी खांचो पर्दछ । यस्तो प्रतिबद्धता प्रकट गर्ने एउटा सामान्य उपायको रुपमा राजनैतिक दल लगायत सार्वजनिक पद धारण गर्ने व्यक्तिहरुले आफ्नो आयव्ययको पारदर्शी लेखाजोखा राख्ने र गैर कानूनी सम्पत्ति आर्जन गर्ने व्यक्तिलाई कारबाई गर्ने गराउने गरेको दृष्टान्तसम्म पनि बिरलै उपलब्ध हुन्छ । तसर्थ राजनैतिक दल तथा सार्वजनिक पद धारण गर्ने व्यक्तिहरुलाई पारदर्शी अभिलेख राख्न लगाउने कानूनी व्यवस्थाको पनि अभाव देखिन्छ । राजनैतिक रुपमा भ्रष्टाचार

नियन्त्रणातर्फ वास्तवमै प्रतिबद्ध रहने हो भने आयोगले आफ्नो व्यावहारिक अनुभवको आधारमा मस्यौदा गरेको विधेयकले शीघ्र ऐनको स्वरुप प्राप्त गर्ने विश्वास गर्न सकिन्छ ।

कुनै पनि लक्षित प्रगति हासिल गर्न आर्थिक, भौतिक र मानवीय संसाधनहरुको पर्याप्त व्यवस्था हुनु अनिवार्य हुन्छ । आर्थिक रुपमा आयोग पराश्रित रहनु परेको त छदैछ, यसबाहेक आयोगसंग पर्याप्त भौतिक सुविधा र आफ्नै जनशक्तिसमेत उपलब्ध छैन । आयोगको भौतिक सरसुविधामा विस्तार गर्नु पर्ने विषय संगसंगै आफ्नै समूहीकृत जनशक्तिको व्यवस्थाको प्रश्नसमेत आयोगले निरन्तर रुपमा वार्षिक प्रतिवेदनमार्फत् सार्वजनिक गर्दै आइरहेको छ । वस्तुतः अन्यत्रबाट सरुवा भई आउने कर्मचारीमा आफूले कारबाईको सिफारीश गरेकै व्यक्तिको मातहतमा गई भोली काम गर्नु पर्ने स्थिति आउने हो कि भन्ने अव्यक्त त्रास संधै रहिरहन्छ । यसबाहेक आयोगमा केही समय काम गरेर अनुभव र दक्षता हासिल गर्दा गर्दैको कर्मचारीलाई आयोगको सहमति बेगर सरुवा गरी नयां कर्मचारी पठाइदिंदा आयोगको कार्यप्रकृति बुझ्नेदेखि को सबै कार्यको पुनरावृत्ति मात्र भइरहने र कर्मचारीमा पूर्ण दक्षता र आयोगको कामको सन्दर्भमा परिपक्वतासमेत आउन नसक्ने स्थिति रहिरहन्छ । यस्तो समस्याको उचित निकास भनेको आयोगको आफ्नै समूहीकृत जनशक्ति मात्र हुन सक्दछ ।

कानून विपरितको तोक आदेश गर्ने र त्यसको कार्यान्वयन गर्ने पदाधिकारीहरुमा एक अर्कामा जवाफदेही पन्छाउने मानसिकता रहेसम्म अख्तियार दुरुपयोग हुने अवस्था रहिरहने हुंदा यस सम्बन्धी बाध्यात्मक कार्यविधी लागू हुन सकेमा जवाफदेही किटान भई यस्तो गैरकानूनी तोक आदेश सम्बन्धी काम कारबाईमा नियन्त्रण हुने र दण्ड प्रकृया पनि सरलीकृत हुने देखिन्छ ।

कार्यक्रम तर्जुमा गर्ने, स्वीकृत गर्ने र सो कार्यक्रम लागू गर्न बजेट बिनियोजन गरी आयोजना स्थापना र कार्यान्वयन गर्ने गराउने श्री ५ को सरकारको तर्फबाट आजसम्म एउटै पनि मुद्दाको सूचना आयोगलाई प्राप्त हुन नसकेको परिप्रेक्ष्यमा पत्रकार जगतबाट आयोगले पाइरहेको तथ्यपूर्ण सूचनाको लागि बुद्धिजीवी पत्रकारहरुको कार्यको आयोग सहाहना गर्दछ ।

यसरी माथि विभिन्न प्रकरण र सन्दर्भमा व्यक्त विभिन्न समस्या, बाधा विरोध र कमजोरीका बाबजूद आयोगले आफ्नो सीमित स्रोत र साधनले यथाशक्य कार्य सम्पादन गर्दै आएको छ र भविष्यमा पनि आफ्नो संवैधानिक दायित्व र कर्तव्यको निर्वाहप्रति सदा सजग र प्रयत्नशील रहिरहने छ ।

●●●

अनुसूचीहरु

अनुसूची – १


श्री ५ महाराजाधिराज
वार्षिक प्रतिवेदन
मन्त्री परिषद
संसद
प्रमुख आयुक्त
मन्त्री परिषद सचिवालय
आयुक्तहरु
सचिव
मन्त्रालयहरु
विभागहरु
महाशाखा १
महाशाखा २
महाशाखा ३
महाशाखा ४
महाशाखा ५
महाशाखा ६
अनुगमन म.शा.
प्रशासन शाखा
राजस्व अनुसन्धान विभाग
विशेष प्रहरी विभाग
प्रमुख जिल्ला अधिकारीहरु
पुनरावेदन सरकारी वकील
प्रहरी प्रधान कार्यालय
राष्ट्रिय अनुसन्धान विभाग
सम्पर्क प्रकृया
सूचना सम्पर्क प्रकृया
कार्य सम्पर्क प्रकृया

अनुसूची - २

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

संगठनात्मक तालिका



अनुसूची ३

आ.व. २०५५।५६ को बजेट व्यवस्था

वार्षिक विनियोजन	खर्च		बांकी			कैफियत
	निकासा	खर्च	निकासामध्ये	निकासा नगरिएको	दुवै	
साधारण : रु. ६५,४८,०००/-	६३,५६,८२२/५७	६३,५६,८२२/५७	-	१,९१,१७७/४३	१,९१,१७७/४३	
अर्थ बजेट :रु. २३,४२,४१६/९०	१९,७२,९७५/७५	१९,७२,९७५/७५	-	३,६९,४४१/१५	३,६९,४४१/१५	
जम्मा : रु. ८८,९०,४१६/९०	८३,२९,७९८/३२	८३,२९,७९८/३२	-	५,६०,६१८/५८	५,६०,६१८/५८	

आ.व. २०५५। ५६ को राजस्वतर्फ आम्दानी

नक्कल निवेदन दस्तुर र टेण्डर फाराम दस्तुर बापतसमेत जम्मा रु. १,४१४/– राजस्व आम्दानी भएको छ ।

आ.व. २०५५। ५६ को धरौटीतर्फ

आ.व. २०५४/५५ को जिम्मेवारी सरेको	रु. १२,८०,९५२/४१ पै.
२०५५ श्रावणदेखि २०५६ आषाढसम्मको जम्मा धरौटी	रु. २३,१९०/- पै.
२०५६ आषाढसम्म फिर्ता भएको धरौटी रकम	रु. ३१,४१३/७० पै.
२०५६ आषाढसम्ममा बांकी धरौटी	रु. १२,७२,७२८/७१ पै.

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

आ.व. २०५५/५६ को आयोगबाटै कारवाई भएको निवेदन लगत, फर्छ्यौट तथा बांकी विवरण

क्र.सं.	मन्त्रालय	गत वर्षको जिम्मेवारी		यस आ.व को उजूरी		जम्मा उजूरी संख्या		फर्छ्यौट		बांकी उजूरी संख्या	
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित
१	अर्थ मन्त्रालय	६५	५	३५	७	१००	१२	७२	११	२८	१
२	आपूर्ति मन्त्रालय	६४	०	२०	०	८४	०	४७	०	३७	०
३	आवास तथा भौतिक योजना मन्त्रालय	३९	०	११	०	५०	०	४७	०	३	०
४	उद्योग मन्त्रालय	३३	३	३८	३	७१	६	४९	५	२२	१
५	कानून तथा न्याय मन्त्रालय	१	०	४	३	५	३	५	१	०	२
६	कृषि मन्त्रालय	२९	१	२६	१	५५	२	४०	२	१५	०
७	गृह मन्त्रालय	६९	१	४९	०	११८	१	८२	१	३६	०
८	जलस्रोत मन्त्रालय	२३	०	३०	०	५३	०	३७	०	१६	०
९	निर्माण तथा यातायात मन्त्रालय	३४	०	३०	१	६४	१	२५	१	३९	०
१०	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	४६	०	२१	०	६७	०	५२	०	१५	०
११	परराष्ट्र मन्त्रालय	०	०	१	०	१	०	०	०	१	०
१२	वन तथा भू-संरक्षण मन्त्रालय	१९	०	४६	९	६५	९	३६	६	२९	३
१३	वाणिज्य मन्त्रालय	५	१	१	२	६	३	२	२	४	१
१४	विज्ञान तथा प्रविधि मन्त्रालय	०	०	०	०	०	०	०	०	०	०
१५	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	६९	०	५५	२	१२४	२	७०	२	५४	०
१६	मन्त्री परिषद् सचिवालय	२	१	०	०	२	१	०	१	२	०
१७	महिला तथा समाज कल्याण मन्त्रालय	८	०	२	०	१०	०	५	०	५	०
१८	युवा, खेलकूद तथा संस्कृति मन्त्रालय	३	२	१	३	४	५	२	३	२	२
१९	रक्षा मन्त्रालय	०	०	१	०	१	०	१	०	०	०
२०	शिक्षा मन्त्रालय	३१	२५	४३	३५	७४	६०	४६	४०	२८	२०
२१	श्रम मन्त्रालय	१३	०	०	०	१३	०	६	०	७	०
२२	संसदीय व्यवस्था मन्त्रालय	०	१	२	०	२	१	१	१	१	०
२३	सामान्य प्रशासन मन्त्रालय	४	०	१३	०	१७	०	१५	०	२	०
२४	सूचना तथा सञ्चार मन्त्रालय	८	०	२३	८	३१	८	२३	७	८	१
२५	स्थानीय विकास मन्त्रालय	३८	१	४५	१	८३	२	५५	२	२८	०
२६	स्वास्थ्य मन्त्रालय	२८	१४	३२	२३	६०	३७	३४	२४	२६	१३
	कूल जम्मा	६३१	५५	५२९	९८	११६०	१५३	७५२	१०९	४०८	४४
		६८६		६२७		१३१३		८६१		४५२	

द्रष्टव्य :-

यसमा उल्लेखित संख्याहरुमा आयोगमा उजुरी निवेदन दर्ता नगरी सीधै सम्बन्धित निकायहरुमा आवश्यक कारवाईको लागि प्रेषित उजुरी थान ~~५३१~~ को संख्या समावेश छैन ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

आयोगको कार्य विभाजन

सम्माननीय प्रमुख आयुक्त मधुसूदनप्रसाद गोर्खालीज्यू	माननीय आयुक्त माधवदत्त भट्टज्यू	माननीय आयुक्त इन्द्रबहादुर शेरचनज्यू	माननीय आयुक्त कृष्णबल्लभ शर्मा काफ्लेज्यू
मन्त्रीपरिषद् सचिवालय	कानून तथा न्याय मन्त्रालय	उद्योग मन्त्रालय	शिक्षा मन्त्रालय
सामान्य प्रशासन मन्त्रालय	संसदीय व्यवस्था मन्त्रालय	विज्ञान तथा प्रविधि मन्त्रालय	श्रम मन्त्रालय
परराष्ट्र मन्त्रालय	संसद सचिवालय	सूचना तथा सञ्चार मन्त्रालय	कृषि मन्त्रालय
जलस्रोत मन्त्रालय	आपूर्ति मन्त्रालय	स्वास्थ्य मन्त्रालय	स्थानीय विकास मन्त्रालय
आवास तथा भौतिक योजना मन्त्रालय	निर्माण तथा यातायात मन्त्रालय	युवा, खेलकूद तथा संस्कृति मन्त्रालय	वन तथा भू-संरक्षण मन्त्रालय
पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	वाणिज्य मन्त्रालय	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	महिला तथा समाज कल्याण मन्त्रालय
रक्षा मन्त्रालय	अर्थ मन्त्रालय	जनसंख्या तथा वातावरण मन्त्रालय	
	गृह मन्त्रालय		

यस आ.व.को उजूरीमा भएको प्रगति



यस आ.व.को जम्मा उजूरी निवेदन



आयोगबाट अख्तियारी सौंपिए बमोजिम विशेष प्रहरी विभाग तथा जिल्ला प्रशासन कार्यालयहरुबाट भएको छानवीन तथा अनुसन्धान तहकिकातको विवरण

क्र. सं.	कार्यालयको नाम	जम्मा उजूरी संख्या			फर्छ्यौट भएको उजूरी संख्या				बांकी उजूरी संख्या
		गत वर्षको जिम्मेवारी	यस आ.व.को उजूरी	जम्मा	सम्बन्धित कार्यालयबाटै तामेली	अन्य निकायमा पठाई तामेली	अदालतमा मुद्दा दायर भएको	जम्मा	
१	विशेष प्रहरी विभाग	३६९	३४८	७१७	११३	१९२	२४	३२९	३८८
	जिल्ला प्रशासन कार्यालयहरु								
२	पाँचथर	४	४	८	१	०	०	१	७
३	इलाम	१३	४	१७	४	०	०	४	१३
४	झापा	२	१७	१९	०	२	०	२	१७
५	भोजपुर	४	२	६	०	१	०	१	५
६	तेह्रथुम	४	२	६	४	०	०	४	२
७	धनकुटा	२०	३	२३	२	०	१	३	२०
८	उदयपुर	७	९	१६	०	२	२	४	१२
९	सिरहा	४३	३	४६	१	१	१	३	४३
१०	सप्तरी	३०	४	३४	२०		१	२१	१३
११	दोलखा	२	३	५	३	०	०	३	२
१२	रामेछाप	२५	१	२६	२	२	०	४	२२
१३	सिन्धुली	३१	६	३७	६	२	०	८	२९
१४	सलाही	१७	०	१७	२	०	०	२	१५
१५	महोत्तरी	३०	७	३७	८	०	०	८	२९
१६	धनुषा	६	२४	३०	१२	९	२	२३	७
१७	सिन्धुपाल्चोक		९	९				०	९
१८	धादिंग	२१		२१	४	८		१२	९
१९	काभ्रेपलान्चोक	४१	१२	५३	१	३	०	४	४९
२०	नुवाकोट	२५	०	२५	४	०	०	४	२१
२१	मकवानपुर	६२	१	६३	१५	१०	४	२९	३४
२२	पर्सा	४३	४	४७	४	०	०	४	४३
२३	रौतहट	५८	३	६१	६	०	०	६	५५
२४	चितवन	१५	५	२०	५	०	२	७	१३
२५	कास्की	३	१	४				०	४
२६	स्याङ्जा	४		४				०	४
२७	गोरखा	०		०				०	०
२८	लमजुंग	९	१	१०	१	०	०	१	९
२९	पर्वत	४	२	६	१	०	०	१	५
३०	गुल्मी	३	२०	२३	६	०	०	६	१७
३१	अर्घाखांची	२	२	४	०	०	१	१	३
३२	पाल्पा			०				०	०
३३	रुपन्देही		५	५				०	५
३४	नवलपरासी	२	५	७	२	०	२	४	३
३५	कपिलवस्तु	५	१	६	०	०	२	२	४
३६	प्यूठान			०				०	०

३७	सल्यान			०				०	०
३८	रोल्पा	६		६				०	६
३९	दांग	३	१	४		०	१	१	३
४०	रुकुम	७	१	८	४	०	०	४	४
४१	बाँके	१५	३	१८	३	३	०	६	१२
४२	बर्दिया	१७	३	२०	८	१	३	१२	८
४३	सुर्खेत	०	४	४	०	०	१	१	३
४४	दैलेख	१०	१	११	१	२	१	४	७
४५	जाजरकोट	४	०	४	०	०	०	०	४
४६	कैलाली	३४	१	३५	२६	२	०	२८	७
४७	डोटी	१०	०	१०	४	०	०	४	६
४८	बझांग	१	०	१	०	०	०	०	१
४९	बाजुरा	१	१	२	०	०	०	०	२
५०	हुम्ला		१२८	१२८	४५	५३		९८	३०
५१	डोल्पा		२	२				०	२
५२	कंचनपुर	८	०	८	१	०	०	१	७
५३	डडेलधुरा	३	३	६	०	०	०	०	६
५४	दार्चुला	५	१	६	०	०	०	०	६
	जम्मा :	१०२८	६५७	१६८५	३१९	२९३	४८	६६०	१०२५

द्रष्टव्य :

आयोगबाट अख्तियारी सौंपिएका ७२वटै जिल्ला प्रशासन कार्यालयहरुबाट २०५६।४।२ सम्म प्राप्त हुने गरी प्रगति विवरण पठाउन लेखिएकोमा यस प्रतिवेदनको मस्यौदा तयार हुंदासम्म प्राप्त विवरण मात्र यसमा समावेश हुन सकेको छ । यथासमय तथ्यांक उपलव्ध गराउनमा जिल्ला प्रशासन कार्यालयहरु भविष्यमा बढी संवेदनशील एवं जिम्मेवार ठहरिनेछन् भन्ने आयोग अपेक्षा राख्दछ ।

विगत ५ वर्षको उजूरी प्रवाहको विश्लेषण

